# गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको विश्लेषण

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय
अन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको
दसौँ पत्र पूरा गर्ने प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधकर्ता
कमला चुदाली
नेपाली केन्द्रीय विभाग
कीर्तिपुर,काठमाडौं

२०६९

# सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको प्रयोजनका लागि **कमला चुदाली**ले **गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको विश्लेषण** नामक शीर्षकमा यो शोधपत्र मेरो निर्देशनमा अत्यन्त परिश्रमपूर्वक तयार पार्नु भएको हो । उहाँको यस शोधकार्यबाट म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभाग त्रि. वि. कीर्तिपुर समक्ष सिफारिस गर्दछु ।

मिति :२०६९-०५-०१

........................

शोध निर्देशक
राजुमान डङ्गोल
उप-प्राध्यापक
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

# स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागका छात्रा **कमला चुदाली**ले स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार पार्नु भएको **गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको विश्लेषण** शीर्षकको शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

| शोध मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| १.प्रा.डा.देवीप्रसाद गौतम<br>(विभागीय प्रमुख) | ...................... |
| २.उ.प्रा.राजुमान डङ्गोल<br>(शोध निर्देशक) | .......................... |
| ३. शेखर कुमार श्रेष्ठ<br>(बाह्य परीक्षक) | ......................... |

मिति : २०६९-०५-०७

# कृतज्ञता ज्ञापन

**गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको विश्लेषण** शीर्षकको प्रस्तुत शोधपत्र मैले त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु उपप्राध्यापक **राजुमान डङ्गोल**ज्यूका निर्देशनमा तयार गरेकी छु । आफ्नो अमूल्य समय दिएर शोधपत्र तयारीका सन्दर्भमा स्नेहपूर्वक परीक्षण, विविध ज्ञानवर्धक सल्लाह, सुझाव, परिमार्जन एवम् निर्देशन दिई महत्त्वपूर्ण सहयोग गर्नु हुने श्रद्धेय गुरुप्रति म सदा ऋणी रहने छु ।

प्रस्तुत शीर्षक स्वीकृत गरी अनुसन्धान तथा शोधपत्र लेख्ने अवसर प्रदान गर्ने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुखप्रति कृतज्ञ छु । शोधपत्र लेख्ने समयमा अमूल्य सहयोग गर्नु हुने रेसुङ्गा बहुमुखी क्याम्पसका गुरुहरू चन्द्रकान्त पन्थी, दीन पन्थी, शशि पन्थी  तथा रानीवासका नारद गौतम एवम् अन्य गुरु वर्गप्रति हार्दिक आभार व्यक्त गर्दछु । सामग्री सङ्कलनका क्रममा आफ्ना अमूल्य पुस्तकहरू उपलब्ध गराउनु हुने गुल्मेली  कविहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । शोधपत्रको तयारीका सिलसिलामा सहयोग गर्ने त्रि. वि. केन्द्रीय पुस्तकालय कीर्तिपुर, किरण पुस्तकालय तम्घास गुल्मी, जिल्ला शिक्षा कार्यालय तम्घास गुल्मी तथा विभिन्न सङ्घ संस्थाहरूप्रति आभार व्यक्त गर्दछु ।

मेरो अध्ययनलाई यस अवस्थामा पुऱ्याउन अथक परिश्रम, लगानी, प्रेरणा प्रदान गर्नु हुने पूज्य बुबा कृष्ण प्रसाद चुदाली र आमा मीनादेवी चुदालीप्रति सदा ऋणी छु । यसका साथै मेरो अध्ययन एवम् शोधपत्र तयारीका बेला सहयोग पुऱ्याउने दाजु जीवलाल चुदाली, ध्रुव चुदाली र भाउजूहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका अतिरिक्त शोधपत्र लेखनका क्तममा सहयोग पुऱ्याउने साथीहरू सुस्मा तिमल्सिना, राधा सापकोटा, भुवन त्रिपाठी र तीर्थ अधिकारीप्रति तथा भाइहरू प्रकाश चुदाली, गौरव चुदाली, उज्ज्वल चुदाली र देवेन्द्र ज्ञवालीप्रति सद्भाव व्यक्त गर्दछु । यस शोधपत्रको साइज मिलाउन सहयोग पुऱ्याउने क्रियटिभ कम्प्युटर सेन्टरप्रति धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा यो शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि त्रि. वि. नेपाली केन्दीय विभाग समक्ष प्रस्तुत गर्दछु ।

शैक्षिक सत्र: २०६५/०६६
क्रमाङ्क : २४७
मिति: २०६९/०५/०७

शोधकर्ता

.............................
कमला चुदाली
नेपाली केन्द्रीय विभाग
किर्तिपुर, २०६९

# सङ्क्षेपीकृत शब्दसूची

| | |
|---|---|
| वि.सं. | - विक्रम संवत् |
| पृ | - पृष्ठ |
| त्रि. वि. | - त्रिभुवन विश्वविद्यालय |
| ने.के.वि. | - नेपाली केन्द्रीय विभाग |
| ने.रा. प्र. प्र. | - नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| प्रा. वि. | - प्राथमिक विद्यालय |
| नि. मा. वि. | - निम्न माध्यमिक विद्यालय |
| मा. वि. | - माध्यमिक विद्यालय |
| जि. शि. का. | - जिल्ला शिक्षा कार्यालय |
| डा. | - डाक्टर |
| कि. मि. | -किलोमिटर |
| ने. क. पा. | -नेपाल कम्युनिस्ट पाटी |
| गा.वि.स. | -गाउँ विकास समिति |
| ............... | -अन्य |

# विषयसूची


| | पृष्ठ सङ्ख्या |
|---|---|
| **पहिलो परिच्छेद- शोध परिचय** | **१-५** |
| १.१ विषय परिचय | १ |
| १.२ समस्या कथन | २ |
| १.३ शोधकार्यको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको समीक्षा | २ |
| १.५ शोधको औचित्य र महत्त्व | ३ |
| १.६ शोधको सीमा | ३ |
| १.७ शोध विधि | ४ |
| १.७.१ सामग्री सङ्कलन विधि | ४ |
| १.७.१.१ क्षेत्रीय अध्ययन पद्धति | ४ |
| १.७.१.२ पुस्तकालयीय अध्ययन पद्धति | ४ |
| १.७.२ विश्लेषण विधि | ४ |
| १.८ शोधपत्र रूपरेखा | ४ |
| **दोस्रो परिच्छेद -नेपाली कविता परम्परा** | **६-२२** |
| २.१ विषय परिचय | ६ |
| २.२ कविताको व्युत्पतिगत परिभाषा | ६ |
| २.३ कविताका संरचक तत्त्वहरू | ७ |
| २.४ नेपाली कविता विधाको काल विभाजन | ९ |
| २.४.१ प्राथमिक काल (वि.सं. १८२६-१९४०) | १४ |
| २.४.१.१ वीर धारा (पूर्वार्ध,१८२६-१८७२) | १४ |
| २.४.१.२ भक्ति धारा (उत्तरार्ध,१८७२-१९४०) | १४ |
| २.४.१.२.(क) सगुण भक्ति धारा | १४ |
| २.४.१.२.(क).१ कृष्ण भक्ति धारा | १५ |
| २.४.१.२.(क).२ राम भक्ति धारा | १५ |
| २.४.१.२.(ख) निगुर्ण भक्ति धारा | १५ |
| २.४.१.३ गुल्मी जिल्लाका प्राथमिककालीन कविहरू | १५ |

२.४.२ माध्यमिक काल (वि. सं. १९४१-१९७४) १६

२.४.२.१ गुल्मी जिल्लाका माध्यमिककालीन कविहरू १७

२.४.३ आधुनिक काल (वि. सं. १९७५-यता ) १७

२.४.३.१ गुल्मी जिल्लाका आधुनिककालीन कविहरू २२

२.५ निष्कर्ष २२

**तेस्रो परिच्छेद-गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय २३-३५**

३.१ विषय परिचय २३

३.२ गुल्मी जिल्लाको परिचय २३

३.३ व्युत्पत्ति २३

३.४ ऐतिहासिक परिचय २४

३.५ भौगोलिक परिचय २५

३.५.१ अवस्थिति २५

३.५.२ सीमाना २५

३.५.३. क्षेत्रफल २६

३.६ सामाजिक जनजीवन २६

३.७ भाषा २६

३.८ रहन-सहन २७

३.९ मुख्य चाडपर्व २८

३.९.१ दसैं २८

३.९.२ तिहार २९

३.९.३ तीज २९

३.१० प्रमुख तीर्थस्थल ३०

३.१०.१ रिडी(रूरूक्षेत्र) ३०

३.१०.२ रेसुङ्गा ३२

३.१०.३ मालिका मन्दिर (कुर्घा) ३३

३.११ शैक्षिक अवस्था ३३

३.१२ साहित्यिक संस्था र पत्रपत्रिका ३४

३.१३ निष्कर्ष ३५

**चौथो परिच्छेद-गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको विश्लेषण ३६-११६**


४.विषय परिचय ३६

४.१ शशिधर स्वामी र उनका कविताकृतिको विश्लेषण ३६

४.२ महाप्रभु लक्ष्मी नारायण र उनका कविताकृतिको विश्लेषण ३७

४.३ यज्ञ शर्मा सूरि कोइराला र उनका कविताकृतिको विश्लेषण ३८

४.४ दधिराज मरासिनी र उनका कविताकृतिको विश्लेषण ३८

४.५ रुक्माङ्गत पन्थी र उनका कविताकृतिको विश्लेषण ४०

४.६ शोभाकर ब्राह्मण ज्ञवाली र उनका कविताकृतिको विश्लेषण ४१

४.७ टेकराज उपाध्याय ज्ञवाली र उनका कविताकृतिको विश्लेषण ४३

४.८ उमानाथ पन्थी र उनका कविताकृतिको विश्लेषण ४३

४.९ भीमकान्त पन्थी र उनका कविताकृतिको विश्लेषण ४४

४.१० नीलाम्बर पन्थी र उनका कविताकृतिको विश्लेषण ४५

४.११ टीकाराम पन्थी र उनका कविताकृतिको विश्लेषण ४७

४.१२ लक्ष्मीकान्त पन्थी र उनका कविताकृतिको विश्लेषण ४८

४.१३ रविलाल शर्मा कँडेल र उनका कविताकृतिको विश्लेषण ४९

४.१४ युवराज शर्मा गौतम र उनका कविताकृतिको विश्लेषण ४९

४.१४.१ अत्रिवंश शतक (खण्डकाव्य,२०५९) ५१

४.१४.२ कालीगण्डकी (खण्डकाव्य,२०६२) ५२

४.१४.३ ऋतुदर्शन (खण्डकाव्य,२०६३) ५३

४.१५ सूर्य बहादुर सेन र उनका कविताकृतिको विश्लेषण ५५

४.१५.१ झोपडीतिर (कविता सङ्ग्रह,२०४५) ५५

४.१५.२ मेरी मुमा (स्मृतिकाव्य, २०४६) ५७

४.१५.३ ईला (प्रबन्धकाव्य, २०४६) ५८

४.१६ लेखनाथ ज्ञवाली र उनका कविताकृतिको विश्लेषण ६०

४.१६.१ दसैंको आशिक (कविता सङ्ग्रह,२०४६/२०६८) ६१

४.१६.२ साथी (स्मृतिकाव्य, २०५३) ६२

४.१६.३ खडेरी (लघुकाव्य, २०५८) ६४

४.१६.४ माटोको गीत (राष्ट्रिय गीत सङ्गालो, २०६३) ६५

४.१६.५ नानी (बालगीत तथा कविता सङ्ग्रह,२०५८) ६६
४.१६.६ अक्षर (गद्य तथा पद्य कविता सङ्ग्रह,२०६८) ६७
४.१७ मुकुन्दहरि ज्ञवाली र उनका कविताकृतिको विश्लेषण ६८
४.१७.१ मेरो देश नेपाल (कविता सङ्ग्रह,२०५४) ६८
४.१८ भेष बहादुर कुँवर र उनका कविताकृतिको विश्लेषण ६९
४.१८.१ बादल (कविता सङ्ग्रह,२०३१) ७०
४.१८.२ घुम्तीहरूका आभास (कविता सङ्ग्रह, २०६६) ७१
४.१९ राम प्रसाद पन्त र उनका कविताकृतिको विश्लेषण ७२
४.१९.१ वेदनाका लहरहरू (शोककाव्य, २०४७) ७३
४.२० ठाकुर शर्मा र उनका कविताकृतिको विश्लेषण ७५
४.२०.१ अन्तर्ध्वनि (कविता सङ्ग्रह,२०५५) ७५
४.२०.२ आस्थाका पाइलाहरू (कविता सङ्ग्रह,२०५९) ७७
४.२०.३ उपासना (कविता सङ्ग्रह,२०६०) ७८
४.२०.४ वसन्तानन्द (चम्पु काव्य,२०६५) ७९
४.२०.५ प्रकृतिमा मान्छे ( मुक्तक सङ्ग्रह, २०६६) ८०
४.२१ नारद गौतम र उनका कविताकृतिको विश्लेषण ८१
४.२१.१ रमा (शोककाव्य,२०५१) ८१
४.२२ गणेश ज्ञवाली र उनका कविताकृतिको विश्लेषण ८३
४.२२.१ माटोको माया( कविता सङ्ग्रह, २०६५) ८४
४.२३ लक्ष्मीनाथ ज्ञवाली र उनका कविताकृतिको विश्लेषण ८५
४.२३.१ समय आफै बोल्छ (कविता सङग्रह,२०६०) ८६
४.२३.२ चील (कविता सङ्ग्रह,२०५४) ८७
४.२४ हिरण्यलाल ज्ञवाली र उनका कविताकृतिको विश्लेषण ८८
४.२४.१ बिसौनी (कविता सङ्ग्रह,२०५४) ८८
४.२५ कृष्ण प्रसाद भण्डारी (मुमुक्ष) र उनका कविताकृतिको विश्लेषण ९०
४.२५.१ सिर्जनाका फूलहरू (कविता सङ्ग्रह, २०५६) ९०
४.२६ प्रदीप ज्ञवाली र उनका कविताकृतिको विश्लेषण ९१
४.२६.१ चिता जलिरहेछ (कविता सङग्रह, २०६५) ९२

| | |
|---|---|
| ४.२६.२ आस्था, ओ मेरी प्रिया (कविता सङग्रह,२०५९) | ९४ |
| ४.२७. रुद्र ज्ञवाली र उनका कविताकृतिको विश्लेषण | ९५ |
| ४.२७.१ सपना फुल्ने रातहरू (गजल सङ्ग्रह,२०६१) | ९५ |
| ४.२६.२ उन्मुक्त आकाश (मुक्तक सङ्ग्रह,२०६६) | ९६ |
| ४.२८ लक्ष्मण रिजाल र उनका कविताकृतिको विश्लेषण | ९७ |
| ४.२८.१ रेसुङ्गा महाकाव्यको विश्लेषण | ९८ |
| ४.२९ राम प्रसाद ज्ञवाली र उनका कविताकृतिको विश्लेषण | १०० |
| ४.२९.१ औँसीका फूलहरू (महाकाव्य, २०५३) | १०२ |
| ४.२९.२ पुतली र भ्रुसिल्किरा (कविता सङ्ग्रह,२०५८) | १०३ |
| ४.२९.३ एकादेशमा (खण्डकाव्य,२०६१) | १०४ |
| ४.२९.४ असुरग्याँस (कविता सङ्ग्रह,२०६२) | १०५ |
| ४.२९.५ शब्दार्थ-सौन्दर्य(कविता सङ्ग्रह,२०६८) | १०६ |
| ४.३० लालमणि भुसाल र उनका कविताकृतिको विश्लेषण | १०८ |
| ४.३०.१ घाँसिनी (कविता सङ्ग्रह) | १०८ |
| ४.३१. काशिनाथ मिश्रित ज्ञवाली र उनका कविताकृतिको विश्लेषण | १०९ |
| ४.३१.१ रक्सी (खण्डकाव्य,२०५१) | १०९ |
| ४.३१.२ दुर्भाग्य (महाकाव्य,२०६४) | ११० |
| ४.३२ जीवित खड्का मगर र उनका कविताकृतिको विश्लेषण | १११ |
| ४.३२.१ अनुभूतिका चर्चाहरू (कविता सङग्रह,२०६०) | १११ |
| ४.३३ बलदेव पन्थी र उनका कविताकृतिको विश्लेषण | ११२ |
| ४.३३.१ संवेदना हराएको सहर (कविता सङ्ग्रह ,२०६०) | ११२ |
| ४.३४ दुर्गा घिमिरे 'घायल' विश्वकर्मा र उनका कविता कृतिको विश्लेषण | ११४ |
| ४.३४.१ विवशतामा कोरिएका शब्दहरू (कविता/गीत सङ्ग्रह,२०६१) | ११४ |
| ४.३ निष्कर्ष | ११५ |
| **पाँचौ परिच्छेद** | **११७-१२२** |
| ५.१ उपसंहार र शोध निष्कर्ष | ११७ |
| ५.२ सन्दर्भ सामग्री सूची | १२१ |

# पहिलो परिच्छेद

# शोध परिचय

## १.१ विषय परिचय

नेपालको ७५ जिल्लामध्ये पश्चिमाञ्चल विकास क्षेत्रमा पर्ने सुपरिचित पहाडी जिल्ला गुल्मी हो । गुल्मी जिल्ला धार्मिक, सांस्कृतिक र ऐतिहासिक दृष्टिबाट परिचित हुँदाहुँदै पनि साहित्यिक दृष्टिले अझ जाज्वल्यमान रहेको छ । यस जिल्लाको कूल क्षेत्रफल १२४५ वर्ग कि. मि. छ । गुल्मी जिल्लाको पूर्व पश्चिम लम्बाई लामो छ भने उत्तरदक्षिण चौडाई कम छ । समग्र कविता विधाको विकासक्रममा प्राथमिक कालीन सन्त सम्प्रदायका शशिधर स्वामी गुल्मीमा जन्मेका थिए । पवित्र तीर्थस्थल रेसुङ्गामा उनले त्यही बसोबास गरी  साहित्य सिर्जना गरे । यसका कारण प्राथमिककालीन (वि.सं.१८२६-१९४०) समयावधिमा सन्त शशिधर स्वामीको प्रमुख भूमिका रह्यो । त्यसैले गुल्मी जिल्लाको कविता लेखनको थालनी पनि उनीबाट नै भएको मानिन्छ ।

गुल्मी जिल्लाको कविता लेखन परम्परा हेर्दा संस्कृतबाट प्रारम्भ भएको पाइन्छ । दधिराम मरासिनी यस जिल्लाका प्रमुख कवि हुन् । उनका समकालीन कविहरूमा रुक्माङ्गत पन्थी **श्री रेसुङ्गा माहात्म्य** (वि.सं.१९८४) र शोभाकर शर्मा ज्ञवालीको **ऐरावती भक्तिमाला** हुन् । दधिराम मरासिनी गुल्मी जिल्लाका प्राथमिक कालबाट कविता लेखन सुरु गरी माध्यमिक कालसम्म पनि कविता लेखनमा निरन्तर योगदान पुऱ्याउने प्रमुख र उल्लेखनीय कविका रूपमा देखिन्छन् । त्यसै गरी रविलाल कँडेलको **श्री रविकृत रामायण** (वि.सं.२०५३ दो.सं.) पनि काव्य विधाको उत्कृष्ट कृति मानिन्छ । यसलाई एकतारे भजन पनि भनिन्छ । भीमकान्त पन्थी, उमानाथ पन्थी, डा. टीका राम पन्थी, लक्ष्मीकान्त पन्थी आदि संस्कृत विधाका  कवि हुन् । यसका साथै लेखनाथ ज्ञवाली, हिरण्यलाल ज्ञवाली, राम प्रसाद ज्ञवाली, भेष बहादुर कुँवर, लक्ष्मण रिजाल, गणेश ज्ञवाली, रुद्र ज्ञवाली, नारद गौतम, प्रदीप ज्ञवाली, राम प्रसाद पन्त, ठाकुर शर्मा, युवराज शर्मा गौतम, सूर्य बहादुर सेन,काशीनाथ मिश्रित, लालमणि भुसाल, मुकुन्दहरि ज्ञवाली, कृष्ण प्रसाद भण्डारी (मुमुक्षु), दुर्गा घिमिरे 'घायल' विश्वकर्मा, लक्ष्मीनाथ ज्ञवाली (सुमेरु), बलदेव पन्थी र जीवित खड्का मगर आदि पनि गुल्मी जिल्लाका कविता विधामा विशेष योगदान पुऱ्याउने कवि हुन् ।

## १.२ समस्याकथन

नेपाली कविता विधाको प्राथमिक कालमा नै गुल्मी जिल्लाका प्रतिभाले सक्रिय स्तरमा योगदान पुऱ्याएको देखिन्छ । त्यसपछि नेपाली कविता विकास परम्पराको माध्यमिक र आधुनिक कालमा पनि गुल्मी जिल्लाका स्रष्टाहरूको उल्लेखनीय भूमिका देखिन्छ । त्यसैले यस शोधपत्रमा गुल्मी जिल्लाका कवि र तिनका कविता काव्यको कृतिको विश्लेषणका लागि निम्न लिखित समस्यामा केन्द्रित रहेको छ :

क) गुल्मी जिल्लाको सामान्य परिचय कस्तो छ ?

ख) गुल्मी जिल्लामा कविता विकास परम्परा कस्तो छ ?

ग) गुल्मी जिल्लाका कविका के कस्ता कविताकृति प्रकाशित छन् ?

## १.३. शोधकार्यको उद्देश्य

गुल्मी जिल्लाको साहित्यिक चिनारीका दृष्टिले हेर्दा कवि र तिनका कविताकृतिको विश्लेषण गर्नु प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य रहेको छ । यसका साथै १.२ को समस्या कथनमा उठाएका समस्याको समाधानका लागि यस शोधपत्र निम्न लिखित उद्देश्य प्राप्तितर्फ उन्मुख रहेको छ ।

क) गुल्मी जिल्लाको सामान्य परिचय दिनु,

ख) गुल्मी जिल्लामा कविता विकास परम्परा खोज्नु,

ग) गुल्मी जिल्लाका कवि र तिनका कविता कृतिको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

गुल्मी जिल्लाको 'हाम्रो पुरुषार्थ' अर्ध-वार्षिक पत्रिकाका कविता कृतिको मात्र विश्लेषण गरिए तापनि हालसम्म गुल्मी जिल्लाको कविताको अध्ययन विश्लेषण भने गरिएको छैन् । त्यसकारण यस शोधकार्यमा गुल्मी जिल्लाका कविता विधाको परम्परालाई समग्र आधुनिक नेपाली कविता परम्परासँग जोडेर अध्ययन गरिएको छ । केही मात्रामा पत्रपत्रिका, पुस्तकहरूमा भेटिएका चर्चा परिचर्चाहरूलाई कालक्रमिक रूपमा प्रस्तुत गरिएको छ :

**क**) गणेश ज्ञवाली, २०३९ **रूपरेखा पत्रिकामा** 'माग्नेको परिवेश भित्र' शीर्षकको कविता मार्फत सहरिया र गाउँले परिवेशको बारेमा देखिएको भिन्नतालाई कविता मार्फत चर्चा गरेका छन् । गाउँको सरल र सहज जीवनलाई शहरमा पाएको र भोगेको कष्टकर जीवन मार्फत विशेष उल्लेख गरेका छन् ।

**ख**) **हाम्रो पुरुषार्थ** अर्धवार्षिक २०३९ पत्रिकामा लुम्बिनी अञ्चलका साहित्य र साहित्यकार विशेषाङ्कमा लुम्बिनी अञ्चलका साहित्यकारहरूको परिचय गराउने क्रममा शशि पन्थीद्वारा गुल्मी जिल्लाका कविहरूको पनि सामान्य चर्चा गरेका छन् ।

**ग**) डा. भुपहरि पौडेल, २०५० व्याकरणका विद्वान **हेमनाथ घिमिरेको सङ्क्षिप्त जीवनी** शीर्षकमा घिमिरेका व्यक्तित्वको चर्चा गर्दै उनका दुई कृति **गुरोरम्यर्थना** र **उपहार पुष्पाञ्जली** नामक लामा कविता सङ्कलन गरेका छन् । त्यस्तै उनले संस्कृतका विद्वान् दधिराम मरासिनी र टीकाराम पन्थीको संस्कृत कविता लेखन परम्परामा महत्त्वपूर्ण योगदान रहेको चर्चा गरेका छन् ।

**घ**) गोपाल पन्थी, २०५८ अप्रकाशित स्नातकोत्तर शोधपत्रमा **हाम्रो पुरुषार्थ** अर्धबार्षिक पत्रिकामा प्रकाशित कविताको चर्चा गरेका छन् । उनले कविता विधाको उठानमा अध्ययन गरे तापनि उनको अध्ययन पत्रिकामा मात्र सीमित छ ।

**ङ**) शशि पन्थी, २०६२, **गुल्मी परिचयमा** 'गुल्मीका केही साहित्यिक प्रतिभाहरू' शीर्षकमा गुल्मीका साहित्यिक प्रतिभाको उल्लेख गर्ने क्रममा कविको सामान्य परिचय प्रस्तुत गरेका छन् ।

**च**) सेन, सुव २०६२ **गुल्मी परिचयमा** 'गुल्मीका केही प्रसिद्ध व्यक्तित्वहरू' नामक शीर्षकबाट गुल्मीमा प्रसिद्ध रहेका व्यक्तिका साथै कवि व्यक्तित्वको समेत चर्चा गरेका छन् ।

**छ**) वि.सं.२०५१ मा विष्णुहरि ज्ञवालीद्वारा, 'नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान' शीर्षकमा स्नातकोत्तर शोधपत्र प्रस्तुत गरेका छन् । यसमा गुल्मी जिल्लाको साहित्यिक योगदान, पृष्ठभूमि र परम्परा अन्तर्गत कविता विधाको चर्चा गरिए तापनि उनको अध्ययन कविता विधामा केन्द्रित नभई समग्र साहित्यमा केन्द्रित छ ।

यसरी विभिन्न व्यक्तिहरूले गुल्मी जिल्लाको साहित्यिक गतिविधि बारे चर्चा गरे पनि कविता विधामा केन्द्रित रही अध्ययन अनुसन्धान गरिएको देखिँदैन ।

## १.५ शोधको औचित्य र महत्त्व

गुल्मी जिल्लाको साहित्यिक विधा अन्तर्गत कविता विधाको परम्परा खोज गरी कवि र कविताकृतिको विस्तृत खोज अनुसन्धान गर्नु यस शोधपत्रको औचित्य रहेको छ । यस शोधपत्रबाट गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको बारेमा जानकारी लिन चाहने जिज्ञासु पाठकहरू लाभान्वित हुन सक्नेछन् ।

## १.६ शोधको सीमा

गुल्मी जिल्लामा जन्मिएर त्यही बसोबास गरेका र पेसागत रूपमा गुल्मी बाहिर रहे पनि साहित्य साधना गरेका कवि व्यक्तित्वको अध्ययन र तिनको योगदानको चर्चा गर्नु यस शोध कार्यको सीमा रहेको छ । साथै नेपाली साहित्यका कविता विधाको काल विभाजनलाई

प्रमुख आधार बनाउँदै गुल्मी जिल्लाका  कविको कविताकृतिको अध्ययन विश्लेषण गर्नु यस शोधकार्यको सीमा हो ।

## १.७ शोध विधि

### १.७.१ सामग्रीको सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा क्षेत्रीय अध्ययन पद्धति मुख्य रूपमा र पुस्तकालयीय अध्ययन पद्धतिलाई सहायक रुपमा अपनाइएको छ । यी दुवै क्षेत्रका स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ ।

#### १.७.१.१ क्षेत्रीय अध्ययन पद्धति

यस शोधपत्रको अध्ययन क्षेत्रीय भएको कारण गुल्मी जिल्लाका विद्वान, प्राध्यापक, शिक्षक र विभिन्न बुद्धिजीवी वर्गको सुझाव, सम्बन्धित कविसँगको भेटवार्ता उनका कृतिको सङ्कलन र अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । यस अध्ययनका सामग्री सङ्कलनको प्रमुख स्रोत  स्थलगत अध्ययन रहेको छ भने भेट गर्न असहज कविसँग फोन सम्पर्कबाट पनि सामग्री सङ्कलन गरिएको छ ।

#### १.७.१.२ पुस्तकालयीय अध्ययन पद्धति

प्रस्तुत शोधपत्रको अनुसन्धानका लागि सामग्री सङ्कलन एवं अध्ययनका सहायक स्रोतका रूपमा पुस्तकालयीय अध्ययन पद्धति प्रयोग गरिएको छ । यस सन्दर्भमा कविता सम्बन्धित विवेचना गरिएका पुस्तक-पुस्तिका, पत्रपत्रिका, शोधपत्र र अन्य आवश्यक सन्दर्भ सामग्री  शब्दकोश  पुस्तकालयीय अध्ययन पद्धतिबाट प्रयोग गरिएको छ ।

### १.७.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधपत्रको निम्ति सङ्कलित सामग्रीको आवश्यकता अनुसार मूल्याङ्कन, वर्णन, अध्ययन, अनुसन्धान र विश्लेषण गर्न वर्णनात्मक तथा विश्लेषणात्मक विधि प्रयोग गरिएको छ ।

## १.८ शोधको रूपरेखा

**गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको विश्लेषण** शीर्षक प्रस्तुत शोधपत्रमा पाँच परिच्छेद र  त्यस अन्तर्गत विभिन्न शीर्षक-उपशीर्षक राखिएको छ । यस अनुसार शोधको रूपरेखा यस प्रकार छ :

१. पहिलो परिच्छेद - शोध परिचय

२. दोस्रो परिच्छेद - नेपाली कविता विकास परम्परा

३. तेस्रो परिच्छेद - गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय

४. चौथो परिच्छेद - गुल्मी जिल्लाका कवि र तिनका कविता कृतिको विश्लेषण

५. पाँचौ परिच्छेद - निष्कर्ष

# दोस्रो परिच्छेद

# नेपाली कविताको परम्परा

## २.१ विषय परिचय

गुल्मी जिल्लाको कविता परम्परालाई आधुनिक नेपाली साहित्यको कविता परम्परासँगै खोज्ने प्रयास गरिएको छ । प्राथमिक कालीन शशिधर स्वामीले प्रारम्भ गरेको साहित्यिक पृष्ठभूमिबाटै गुल्मी जिल्लामा साहित्य मौलाउने मौका मिलेको देखिन्छ । समग्र कविता सिद्धान्तका आधारमा गुल्मी जिल्लाको कविता परम्परालाई हेर्ने प्रयास गरिएको छ ।

## २.२ कविताको व्युत्पतिगत परिभाषा

साहित्यको एउटा प्राचीन विधा कविताका बारेमा पूर्व र पश्चिम दुवैतिर प्रशस्त चर्चा परिचर्चा भएको पाइन्छ । पूर्वीय साहित्यशास्त्रमा काव्य शब्दको प्रयोग साहित्यको पर्यायवाचीका रूपमा गरिएको छ । काव्य शब्दको व्युत्पति कवि शब्दमा 'य'(व्यत्) प्रत्यय लागेर भएको हो । यसले कविद्वारा गरिएको रचना अथवा कविको सृजना अथवा कविद्वारा सम्पन्न कार्य भन्ने अर्थबोध गराउँछ । कविता, कथा, उपन्यास, नाटक, निबन्ध गरी साहित्यका चार विधामध्ये कविता सबैभन्दा पुरानो र जेठो विधा हो ।

संस्कृतको वर्णन गर्नु भन्ने अर्थ जनाउने कवृ(कव्) धातुमा 'ई' प्रत्यय अथवा 'कु' धातुमा अ(अच्) र'ई' प्रत्यय लागेर कवि अनि सोही धातुमा 'य' प्रत्यय लागेर बनेको काव्य शब्द अङ्ग्रेजी poetry वा poem शब्दको नेपाली रुपान्तरण हो ।[१] संस्कृत, प्राकृतिक र अपभ्रंश भाषाहरूको अन्तर्विकासको शृङ्खला छिचोल्दै मोटामोटीमा विक्रमको एघारौं शताब्दीतिर भारत बर्षीय अन्य नव्य आर्य भाषा सरह नेपाली भाषाको उद्‌भव भएको मानिन्छ । यही समयदेखि नै नेपाली भाषामा लोकस्तरका गीत र गाथाहरूका माध्यमबाट नेपाली कविताको मौखिक परम्परा पनि थालिनु स्वाभाविकैं हो । मोहन खनालको 'नेपाली भाषाका एक हजार बर्ष' (वि.सं.२०६८) का अनुसार 'बामु खड्‌काको अभिलेख १११६' फेला परेको छ ।[२] यसबाट नेपाली भाषाको लेखन परम्परा पनि विक्रमको बाह्रौं शताब्दी मै थालिएको अवगत हुन आउँछ । पूर्वीय साहित्यमा काव्यको समानार्थी रूपमा लिएको कविता शब्दको व्युत्पति कवि शब्दमा 'त'(तल) र 'आ'(टाप्) अर्थात कवि+ताबाट भएको हो ।

---

[१] गौतम, लक्ष्मण प्रसाद. २०६६.'समकालीन नेपाली कविता र प्रवृति'.काठमाडौं : पैरवी प्रकाशन पृ.-१ ।

[२] खनाल, मोहन. २०६८. 'नेपाली भाषाका एक हजार बर्ष' काठमाडौं': राइनो प्रकाशन. ।

रचनाकारलाई तथा ताले कविको रचनालाई बुझाउँछ । यस व्युत्पति अनुसार कविताको तात्पर्य कविद्वारा रचना विशेष वा कविको कर्म भन्ने हुन्छ ।[३]

## २.३ कविताको घटक तत्त्वहरू

कुनै पनि साहित्यिक विधा(कविता, नाटक, आख्यान र निबन्ध) का कृतिको निर्माणका लागि निश्चित घटक वा अवयवहरूको मेल हुनु आवश्यक छ । साहित्यका हरेक विधाका कृतिहरू झैं कविता पनि एउटा विशिष्ट संरचना भएकोले यसलाई निर्माण गर्ने आफ्नै विभिन्न अवयवहरू छन् । कवितालाई आकृति प्रदान गर्ने वा कविताको निर्माण गर्ने विभिन्न अवयवहरूलाई नै यसका संरचक घटकहरू भनिन्छ । कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य -महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक यस प्रकार प्रस्तुत गरिन्छ ।[४]

१.शीर्षक

२.संरचना

३.लय विधान

४.भाषाशैली

५.कथन पद्धति

६.भाव विधान

७.बिम्ब विधान

८.व्यञ्जना

**१.शीर्षक**

शीर्षक भनेको कविताकृतिको नामकरण गर्नु हो । कृतिका भाव वा विचारको संकेत वा उद्घाटक समेत शीर्षकीकरणबाट भएको पाइन्छ । शीर्षक विशेष किसिमको भएमा यसले कृतिको आन्तरिक र बाह्य संरचना र भाषाशैलीले वहन गरेको सम्रग विषयवस्तुको केन्द्रीय कथ्यलाई जाहेर गरेको पाइन्छ । यदि उचित शीर्षक चयन नभएमा कृतिमा नै विरोधाभास जन्म हुन्छ ।

**२.संरचना**

---

[३] लुइटेल, खग्रेन्द्र प्रसाद. २०६०. 'कविता सिद्धान्त र नेपाली कविताको परम्परा' काठमाडौं : ने.रा. प्र. प्रति. ।

[४] त्रिपाठी, वासुदेव र अन्य. २०४६.'नेपाली कविता भाग-४'. साझा प्रकाशन. पृ.१७ ।

आन्तरिक र बाह्य गरी संरचना दुई किसिमका हुन्छन् । कविताकृतिको बाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति हो । कविताकृतिमा प्रयोग भएको भाषा र शैलीलाई नियाल्नु बाह्य संरचना भित्र पर्दछ । कविताकृतिको आन्तरिक संरचना चाहिँ त्यस कृतिमा अँगालिएको कथन-पद्धतिका माध्यमबाट थालिन्छ र सीधै कवि कथन, आख्यानीकरण र नाटकीकरणका सूक्ष्म र स्थूल प्रक्रिया पनि कथन पद्धति कै भेद हुन् । आन्तरिक संरचनाले कविताकृतिको भाव र विचारको उठान गर्दछ ।

**३.लय विधान**

कविता विधाको मुख्य विधागत परिचायक स्वरूप तत्त्व लय विधान हो । भाषाशैलीको पङ्क्तिगत र पङ्क्ति पुञ्जगत (श्लोकात्मक वा अनुच्छेदात्मक) उच्चारण श्रवणका क्रममा रम्य लाग्ने साङ्गीतिक ध्वनिगत नै लय विधानको लक्ष्य हो । कविताकृतिमा देखिने गद्य कवितात्मक लय र पद्य कवितामा देखिने मुक्त छन्दको स्थितिलाई लय विधानका आधारमा हेरिन्छ ।

**४.भाषाशैली**

कविताको भाषाशैलीले बढी व्यञ्जकता, लालित्य र लयात्मकता प्राप्त भएको पाइन्छ । भाषा ललित र रागात्मक अनि व्यञ्जक र लयात्मक हुने गरी कविताको सृजना गरिएको देखिन्छ । भाषा अनुसार कविता सरल, सहज र जनसमाजले बुझ्न सक्ने छ वा छैन भन्ने कुरा प्राप्त हुन्छ ।कवितामा विशिष्ठता दिने काम भाषाशैलीले नै गर्दछ ।

**५.कथन पद्धति**

कथन पद्धतिलाई कवितामा दृष्टिविन्दु पनि भनिन्छ । कविता आत्मलाप वा मनोलाप गर्ने भाषिक लयात्मक कथन कला हो । कवितामा कवि आफैं सिधै कुनै कवितात्मक कथन गर्दछ भने त्यो कवि प्रौढोक्ति हो । कवितामा खास गरी प्रथम, द्वितीय र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । कवितामा कवि आफू उपस्थित नभईअरूकै बारेमा वर्णन गर्दछ,, जसमा द्वितीय पुरुषको पनि प्रयोग वा कुराकानी रहदैन भने त्यो तृतीय पुरुष दृष्टिविन्दु हो । कवि आफैं उपस्थित भई भावना प्रस्तुत गर्नु प्रथम पुरुष दृष्टिविन्दु हो र दोस्रो पुरुषको बारेमा कविताको भावना प्रस्तुत गरिएमा द्वितीय पुरुष दृष्टिविन्दु मानिन्छ । खासै गरी कवितामा प्रथम र तृतीय पुरुषको प्रयोग बढी मात्रामा देखिन्छ ।

**६.भाव विधान**

आत्मलापी कविकथानात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको चुरो स्वरूप केन्द्रीय कथ्यचाहिँ कुनै भावविचार नै हुन्छ र

परिणाममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय, रागमय र कलात्मक रुपान्तरण हुनुपर्ने हुन्छ । कविताका मुक्तकदेखि महाकाव्यस्तर सम्मको विस्तार हुनु पनि भाव विधानको प्रमुख आधार मानिन्छ ।

**७.बिम्ब विधान तथा अलङ्करणका प्रविधि**

बिम्बहरू कविताका पनि भाव परिपोषक तथा भाव व्यञ्जक तत्त्व समेत हुन् । कुनै बिम्ब पूरै कवितव्यापी हुने गर्दछन् भने त्यी व्यञ्जनाधर्मी हुन्छन् । कविताकृतिका ठाउँ-ठाउँमा आउने स्थानीय बिम्ब भने कृतिको त्यस अंशकै सौन्दर्य सम्बर्धक हुन्छन् । यसका साथै अलङ्कारले चमत्कृत, सौन्दर्यपूर्ण, आकर्षक र प्रभावशाली तुल्याउने काम गर्दछ । आभूषणले मानिसका सौर्न्दयको अभिव्यक्ति तथा व्यक्तित्वको विकास गरे झैँ काव्यका आभूषण मानिने विभिन्न अलङ्कारहरूले काव्यको शब्द र अर्थका सौन्दर्यको अभिवृद्धि तथा चमत्कृति पैदा गर्छन् ।

**८.व्यञ्जना**

कवितामा शब्द र अर्थ दुवैका कारणले कवितामा कथित अर्थभन्दा अकथित अर्थ सशक्त रूपमा देखिनु व्यञ्जना भएको मानिन्छ । कविताकृतिमा आउने लाक्षणिक र व्यञ्जनागम्य अर्थका रूपमा आउने अर्थलाई प्रतीक विधान पनि भनिन्छ ।

कविताका सङ्घटक तŒवहरू यी भएता पनि यस शोधपत्रमा गुल्मी जिल्लाका कविहरूका बारेमा छोटो चिनारी सहित उनीहरूका काव्यकृतिको सामान्य समिक्षा प्रस्तुत गरिएको छ । यसो गर्दा कविताको सङ्घटक तŒवको आधारमा कविताकृतिका बारेमा विश्लेषण समीक्षात्मक रूपमा गरिएको छ ।

## २.४ नेपाली कविता विधाको काल विभाजन

नेपाली कविताको करिब अढाई सय वर्ष जतिको समयावधि भित्र अनेक प्रवृत्तिगत मोड वा घुम्तीहरू पार गरि सकेको छ । सिङ्गो नेपाली साहित्यको काल विभाजनमा मतमतान्तर देखिए झैँ नेपाली कविताको विकासक्रमको कालविभाजनमा पनि मतभिन्नता पाइन्छ । नेपाली कविताको कालविभाजनमा देखिएका विभिन्न प्रयासहरूलाई यसरी प्रस्तुत गरिन्छ :-

**डा.दयाराम श्रेष्ठ र प्रा. मोहनराज शर्मा**द्वारा लिखित **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०३४) नामक पुस्तकमा कविताको काल विभाजन यसरी गरिएको छ :[५]

१.आदिकाल र वीरगाथाकाल -वि.सं.१८०१-१८७२

२.पूर्व-मध्यकाल र भक्तिकाल -वि.सं.१८७३-१९३९

३.उत्तर-मध्यकाल वा शृङ्गारकाल -वि.सं.१९४०-१९७४

४.प्राक्-आधुनिक काल वा नव्यकाल -वि.सं.१९७५-२००७

५.आधुनिक काल -वि.सं.२००८-यता

**वासुदेव त्रिपाटी र अन्य**द्वारा लिखित **नेपाली कविता भाग-४** (२०४६)मा नेपाली कविताको कालविभाजन यसरी प्रस्तुत गरिएको छ :[६]

१.प्राथमिक काल -वि.सं.१८२६-१९४०

२.माध्यमिक काल -वि.सं.१९४१-१९७४

३.आधुनिक काल -वि.सं.१९७५-यता

क) परिष्कारवादी धारा -वि.सं.१९७५-१९९०

ख) स्वच्छन्दतावादी धारा/प्रगतिवादी धारा -वि.सं.१९९१-२०१६

ग) प्रयोगवादी धारा -वि.सं.२०१७-२०२९

घ) समसामयिक धारा -वि.सं.२०३०-यता

**खगेन्द्र प्रसाद लुइटेंलको नेपाली कविता** (२०५४) तथा **नेपाली कवि र कविता** (२०५४) नामक -पुस्तकहरूमा नेपाली कविताको काल विभाजन निम्न लिखित गरिएको छ :[७]

१.प्राथमिक काल (सुरुदेखि-वि.सं.१९४० सम्म)

क) पूर्वार्ध (सुरुदेखि-वि.सं.१८७१ सम्म): वीरधारा

ख) उत्तरार्ध (वि.सं.१८७२-१९४०): भक्तिधारा

२.माध्यमिककाल (वि.सं.१९४१-१९९१)

क) पूर्वार्ध (वि.सं.१९४१-१९७४) : शृङ्गारिक धारा

ख) उत्तरार्ध (वि.सं.१९७५-१९९१) : शास्त्रीयतावादी/परिष्कारवादी धारा

---

[५] श्रेष्ठ, दयाराम र मोहनराज शर्मा.२०३४ 'नेपाली साहित्यको संक्षिप्त इतिहास'. काठमाडौँ : साझा प्रकाशन पृ.२६ ।

[६] त्रिपाठी, वासुदेव र अन्य. २०४६.'नेपाली कविता भाग-४' काठमाडौँ : साझा प्रकाशन पृ.१०३/११७ ।

[७] लुइटेंल, खगेन्द्र प्रसाद.२०५४.'नेपाली कविता' काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

३.आधुनिक काल (वि.सं.१९९१: यता)

क) स्वच्छन्दतावादी धारा -वि.सं.१९९१-२०१६

ख) प्रयोगवादी धारा-वि.सं.२०१७-२०३५

ग) समसामयिक धारा -वि.सं.२०३६-यता

**मोहनराज शर्मा** र **खगेन्द्र प्रसाद लुइटेंल**द्वारा लिखित **नेपाली कविता आख्यान** (२०५५), **नेपाली गद्य, भाषा साहित्य र इतिहास** (२०५५), **नेपाली कविता, नाटक र इतिहास** (२०५६), **नेपाली काव्य र साहित्य** (२०६०) नामक पुस्तकहरूमा नेपाली कविताको काल विभाजन यसरी प्रस्तुत गरिएको छ :[८]

१.प्राथमिक काल (सुरुदेखि

क) पूर्वाध (सुरुदेखि-१८७१) :वीरधारा

ख) उत्तरार्ध(वि.सं.१८७२-१९४०) : भक्तिधारा

२.माध्यमिक काल(वि.सं.१९४१-१९९१)

क) पूर्वाध (वि.सं.१९४१-१९७४) :शृङ्गारिक धारा

ख) उत्तरार्ध(वि.सं.१९७५-१९९१) :शास्त्रीयतावादी/परिष्कारवादी धारा

३.आधुनिक काल(वि.सं.१९९१-यता)

क) स्वच्छन्दतावादी धारा(वि.सं.१९९१-२०१६)

ख) प्रयोगवादी धारा(वि.सं.२०१७-२०३५)

ग) समसामयिक धारा(वि.सं.२०३६-यता)

**खगेन्द्र प्रसाद लुइटेंल**ले **कविताको संरचनात्मक विश्लेषण** (२०५८) शीर्षक विद्यावारिधि शोधप्रबन्धकमा नेपाली कविताको काल विभाजन सम्बन्धी समयावधि निम्नानुसार प्रस्तुत गरिएको छ :-[९]

१.प्राथमिक काल(सरुदेखि-वि.सं.१९४०)

२.माध्यमिक काल(वि.सं.१९४१-१९९१)

३.आधुनिक काल(वि.सं.१९९१-यता)

**डा.खगेन्द्र प्रसाद लुइटेंलको कविता सिद्धान्त र नेपाली कविताको इतिहास** (२०६०) नामक पुस्तकमा कविताको काल विभाजन यसरी गरिएको छ :[१०]

---

८ लुइटेंल, खगेन्द्र प्रसाद. २०६०.'कविता सिद्धान्त र नेपाली कविता परम्परा'.काठमाडौँ : ने.रा.प्र.प्रति. ।

९ लुइटेल, खगेन्द्र प्रसाद. २०५८.'कविताको संरचनात्मक विश्लेषण'.अप्रकाशित विद्यावारिधि शोधपत्र,त्रि.वि.कीर्तिपुर पृ.२१७ ।

१.प्राथमिककाल (सरुदेखि-१९४०)

क) पूर्वार्ध (सरुदेखि-१८७१) : वीरधार

ख) उत्तरार्ध (वि.सं.१८७२-१९४०): भक्तिधारा

२.माध्यमिक काल (वि.सं.१९४१-१९९१)

क) पूर्वार्ध (१९४१-१९७४) : शृगारिक धारा

ख) उत्तरार्ध (वि.सं.१९७५-१९९१) : शास्त्रीयतावादी/परिष्कारवादी धारा

३.आधुनिक काल (वि.सं.१९९१-यता)

क) स्वच्छन्दतावादी धारा -वि.सं.१९९१-२०१६

ख). प्रयोगवादी धारा -वि.सं.२०१७-२०३५

ग) समसामयिक धारा -वि.सं.२०३६-यता

**डा. लक्ष्मण प्रसाद गौतम**को **समकालीन नेपाली कविताका प्रवृत्ति** (२०६६) नामक पुस्तकमा कविताको काल विभाजन यसरी प्रस्तुत गरिएको छ :[११]

१.प्राथमिक काल - सरुदेखि-१९४०)

क) पहिलो चरण -सरुदेखि-१८७२) :वीरधारा

ख) दास्रो चरण (१८७३-१९४०) :भक्तिधारा

२.माध्यमिक काल (१९४१-१९९०)

क) पहिलो चरण (१९४१-१९७४) :शृङ्गार धारा

ख) दोस्रो चरण (१९७५-१९९०) :परिष्कारवादी धार

३.आधुनिक काल (१९९१-यता)

क) स्वच्छन्दवादी धारा -१९९१ (प्रगतिवादी प्रवृत्ति समेत

ख) प्रयोगवादी धारा -२०१७

ग) समसामयिक धारा -२०३६

अ) पहिलो/प्रारम्भिक मोड -२०३६

आ) दोस्रो परिवर्तित मोड -२०४६

इ) तेस्रो परिवर्तित मोड -२०५२/५३

---

[१०] लुइटेल, खगेन्द्र प्रसाद. २०६०.'कविता सिद्धान्त र नेपाली कविताको इतिहास' काठमाडौँ : ने.रा.प्र.प्रति. पृ.१६७।

[११] गौतम, लक्ष्मण प्रसाद. २०६६.'समकालीन नेपाली कविता र प्रवृत्ति'.. काठमाडौं : पैरवी प्रकाशन पृ.४।

यसरी नेपाली कविताको कालविभाजनमा विभिन्न मतमतान्तर आएको पाइन्छ । त्यी मतमतान्तर आउनका प्रमुख कारण ऐतिहासिक ,कालखण्ड, प्रमुख र प्रतिनिधि स्रष्टा, कृति र पत्रपत्रिका, राजनीतिक घटना लगायत प्रमुख साहित्यिक मोड, प्रवृति र प्रभाव आदि विभिन्न आधार मान्नुले देखिन्छ । यसरी नेपाली कविताको कालविभाजनमा फरक-फरक मत प्रस्तुत भए पनि निचोडमा यसरी प्रस्तुत गर्न सकिन्छ :

**१.प्राथमिक काल -वि.सं.१८२६-वि.सं.१९४०**

क) पूर्वार्ध -वि.सं.१८२६-वि.सं.१८७२ : वीरधारा

ख) उत्तरार्ध -वि.सं.१८७२-वि.सं.१९४० : भक्तिधारा

**२.माध्यमिक काल -वि.सं.१९४१-वि.सं.१९७४**

**३.आधुनिक काल -वि.सं.१९७५-यता**

क) परिष्कारवादी धारा -वि.सं.१९७ -वि.सं.१९९१

ख) स्वच्छन्दतावादी धारा -वि.सं.१९९१-वि.सं.२०१६

ग) प्रयोगवादी धारा -वि.सं.२०१७-वि.सं.२०३०

घ) समसामयिक धारा -वि.सं.२०३६

अ) पहिलो मोड -वि.सं.२०३६

आ) दोस्रो मोड -वि.सं.२०४६

इ) तेस्रो मोड -वि.सं.२०५२/५३

## २.४.१. प्राथमिक काल -वि.सं.१८२६-१९४०

वि.सं.१८००को सरुदेखि नै पृथ्वीनारायण शाहले नेपालको एकीकरण सुरु गरेदेखि मोतीराम भट्टको अभ्युदयपूर्व (१९४०) सम्मको अवधिलाई नेपाली कविताको प्राथमिक काल मानिन्छ । नेपाली कविताको लेखनको थालनी र विस्तार भएको हुँदा यस काललाई कविता लेखनको प्रारम्भिक युग मानिन्छ । यस कालका कवितामा पाइने मुख्य विशेषता वीरताको वर्णन र ईश्वरीय भक्तिको प्रस्तुती हो । **सुवानन्द दास**द्वारा रचित **पृथ्वीनारायण शाह** ( १८३०/३१) कविता नै हालसम्मको प्रथम र प्रारम्भिक मानिएको छ । प्राथमिक काललाई वीरधारा र भक्तिधारा गरी दुई रूपमा लिन सकिन्छ :

### २.४.१.१ पूर्वार्ध -वि.सं.१८२६-वि.सं.१९७२ :वीरधारा

पृथ्वीनारायण शाहले नेपाल एकीकरणको अभियान सरु गरेपछि उनका वीरताको बयानमा लेखिएको र उनको वर्णन गरिएको **सुवानन्द दास**द्वारा रचित **पृथ्वीनारायण शाह** (१८३०/३१) शीर्षकको कविता वीर धाराको मात्र नभएर नेपाली साहित्य कै पहिलो कविताका रूपमा मानिएको छ । यस धाराका अन्य कविहरूमा शक्तिवल्लभ अर्ज्याल, यदुनाथ पोखेल, सुन्दरानन्द बाँडा, राधाबल्लभ, गुमानी पन्त र यदुनाथ पोखेल आदि मुख्य मानिन्छन् । यस चरणका कविताका प्रमुख विशेषताहरूमा तत्कालीन समयका शासक वा राजाको प्रशस्ति गान, वीरताको गाथा, नेपाली राष्ट्रिय गौरव आदि पाइन्छन् ।

### २.४.१.२ उत्तरार्ध-वि.सं.१८७२-वि.सं.१९४० :भक्तिधारा

अङ्ग्रेजसँगको युद्धमा नेपाल पराजित भई वि.सं.१८७२ मा भएको सुगौली सन्धि पश्चात युद्ध र राज्य विस्तार रोकिएकाले वीरधारा अर्थात नेपालीहरूको वीरता सेलाउँदै जान्छ । वीरभावबाट अलग्गिएर भक्तिभावतिर लागेका कविहरूमध्ये केही ईश्वरीय साकार रूपका उपासक र केही ईश्वरीय निराकार रूपका उपासक देखिन्छन् । यसमा पनि सगुण र्निगुण भक्तिधारा गरी दुई उपधाराहरू देखा गर्छन् ।

### २.४.१.२.(क) सगुण भक्तिधारा

ईश्वरीय सगुण वा साकार रूपका उपसना गरेर कविता लेख्ने कविहरूका कवितालाई सगुण भक्तिधारा अन्तर्गत राखिएको पाइन्छ । यस धारामा श्रीकृष्ण र श्रीरामलाई आराध्यदेव मानेर कृष्ण भक्तिधारा र राम भक्तिधाराका कविहरूले ईश्वरको साकार रूपका कविता सिर्जना गरेका छन् । यसलाई पनि कृष्ण भक्तिधारा र राम भक्तिधारा गरी दुई उपधारामा विभाजन गरिएको छ ।

### २.४.१.२.(क) १ कृष्ण भक्तिधारा

श्रद्धेय व्यक्ति कृष्णलाई आधार मानेर त्यहीं विषयमा लेखिएका कविताहरू कृष्ण भक्तिधारामा पर्दछन् । यदुनाथ पोखेल (१८६८तिर) ले सरुमा नै 'कृष्णचरित्र' लेखेर यस धाराको पृष्ठभूमि निर्माण गर्ने काम गरेका छन् । यस धारामा कविता लेख्ने प्रमुख कविहरूमा इन्दिरस, विद्यारण्यकेसरी, वसन्त शर्मा, पतञ्जली गजुर्‍याल आदि मानिन्छन् ।

### २.४.१.२.(क) २ राम भक्तिधारा

कवितामा कविहरूले आस्थाका केन्द्र रामलाई मानी रामभक्तिको कवितात्मक अभिव्यक्ति दिँदा रामभक्ति धाराको उदय भएको पाइन्छ । यी कविहरूले रामायणको

कथावस्तु र विषयवस्तुमा आधारित भएर पनि प्रशस्त मौलिकता पाएका छन् । सङ्ख्यात्मक दृष्टिले यस धारामा धेरै कविहरूको सहभागिता नदेखिए पनि **भानुभक्त**को **रामायण**लाई यस धाराको मात्र नभई प्राथमिक कालकै प्रतिनिधि कृतिका रूपमा मानिन्छ । यस धाराका अन्य कविहरूमा रघुनाथ पोखेल, वैयाकरण नेपाल आदि मुख्य मानिन्छन् । यस धारामा वेदान्त दर्शनको प्रभाव पाइन्छ ।

### २.४..१.२ (ख) निर्गुण भक्तिधारा

ईश्वरको साकार रूपलाई नमानेर निराकार रूपलाई मान्ने जोसमनी सन्त सम्प्रदायका कविहरू निर्गुण भक्तिधारा भित्र पर्दछन् । यिनीहरूका कविताहरूमा ईश्वरीय रूप र मूर्ती पूजाको विरोध पाइन्छ । यस धारामा रहेर कविता लेख्ने कविहरूमा शशिधर स्वामी, ज्ञानदिलदास, अगम दिलदास र अखण्ड दिलदास आदि देखिन्छन् ।यी कविहरू आफ्ना कवितामा कर्मकाण्ड, बलीप्रथा, जातिय विभेद, अत्याचार र दुराचार आदिको तीव्र विरोध गर्दछन् ।

### २.४.१.३. गुल्मी जिल्लाका प्राथमिक कालीन कविहरू

निर्गुण भक्तिधाराका **शशिधर स्वामी** गुल्मी जिल्लाको रेसुङ्गामा देखिएका प्रथम साहित्यिक स्रष्टा हुन् । यस जिल्लाको रेसुङ्गाको घना जङ्गलमा आत्म चिन्तन गर्ने **शशिधर** (१८०४-१९०८)का फाटफुट भजन उपदेश पाइन्छन् । यदपी भाषा र साहित्यको दृष्टिमा ती निम्न कोटिका ठहरिएलान् तर ती सन्त साहित्य परम्परामा महŒवपूर्ण बनेका छन् । हिन्दी साहित्यका कविर जस्तै शशिधर बन्न पुगेका छन्-नेपाली साहित्यमा । सन्त शशिधर जोसमनी सन्त परम्पराका प्रवर्तक थिए ।[१२] यस कालका अन्य कविहरूमा **महाप्रभु लक्ष्मीनारायण, योगकुमार,लीलाम्बर भुसाल यज्ञ शर्मा सूरि** आदि देखा परेको पाइन्छ ।

### २.४.२ माध्यमिक काल-वि.सं.१९४१-१९७४

**मोतीराम भट्ट**को आगमनदेखि **सूक्तिसिन्धु**को प्रकाशन सम्मको समयावधिलाई नै माध्यमिक काल मानिन्छ । यस समयका कविता शृङ्गारिकतामा लेखिएका छन् । नेपाली साहित्यका फाँटमा पहिलेको भन्दा भिन्न र नवीन प्रवृत्ति शृङ्गारिकता लिएर मोतीराम आगमन सँगसँगै नेपाली कविताको पनि माध्यमिक कालको सरु हुन्छ । यसर्थ **मोतीराम भट्ट**लाई माध्यमिक कालका केन्द्रीय प्रतिभा मानिन्छ । यस कालमा मुद्रण र प्रकाशनको पनि

---

[१२] पन्थी, दीन. २०३९.'लुम्बिनी कवि र कविताबारे टिपटाप कुरा'. हाम्रो पुरुषार्थ. तम्घास गुल्मी : किरण पुस्तकालय. ।

विकास भएको पाइन्छ । सङ्घठनात्मक रूपले साहित्यको अभिवृद्धि गर्ने काम भने यसै माध्यमिक कालीन समयमा भएको पाइन्छ । मोतीराम भट्टको नेतुत्वमा काठमाडौँ र भारतको बनारसमा **समस्यापूर्ति कवि मण्डली**का रूपमा मोतीमण्डलीको स्थापना भएको पाइन्छ । यस समयमा पत्रपत्रिकाको प्रकाशन भएको पाइन्छ । **गोरखापत्र** (१९५८) र **सुन्दरी** (१९६३) जस्ता पत्रपत्रिका मार्फत पनि कविता प्रकाशन हुन थालेको पाइन्छ । माध्यमिक कालीन प्रतिभा **मोतीराम भट्ट**द्वारा छपाइएको **भानुभक्तिय रामायण बालकाण्ड** र वि.सं.१९४२ मा त पूरै **भानुभक्तिय रामायण** का साथै **रघुनाथ भट्ट**को **सुन्दरकाण्ड रामायण** डमरु बल्लभद्वारा छपाइएको देखिन्छ । यस कालका नेपाली कविताको प्रवर्तन र विकाक्रममा मोतीराम भट्ट र अन्य कविका शृङ्गारिक रचनाहरूको महत्त्वपूर्ण भूमिका रहेको छ भने यस शृङ्गारिक कविताधाराको अन्तिम समग्रविन्दुका रूपमा **सूक्तिसिन्धु** (१९७४) कवितासङ्ग्रहको शृङ्गारिकता बहुचर्चित रहेको छँदै छ ।

मोतीराम भट्टको केन्द्रीयतामा देखा परेका मोतीमण्डली र समस्यापूर्ति परम्परा एवम् कविता गोष्ठीहरूले कविताको सामूहिक वातावरण प्रारम्भ गरेको पाइन्छ । युवा कवि मोतीराम भट्टमा सहज प्रतिभा र कल्पना शक्ति तथा निखर सौन्दर्यचेत रहेको तर अल्पायुमै उनको निधन भएकाले उनका कविताले भाव र भाषाशैली एवम् शिल्पको परिपाक भने पाउन बाँकी रहेको भेटिन्छ । मूलत : शृङ्गारिक र गौणत : देशभक्ति, ईश्वरभक्ति, नीतिशिक्षा, औपदेशिकता, समाजसुधार, शासकस्तुति र शोक आदिको अभिव्यञ्जना र संस्कृतबाट अनुवाद-रुपान्तरण गर्ने परम्परामा निरन्तरता आदि माध्यमिक कालीन शृङ्गारिक धाराका विशेषता हुन् । यस धारामा रहेर कवितामा कलम चलाउने कविहरू शम्भुप्रसाद ढुङ्गयाल, राजीवलोचन जोशी, कृष्णप्रसाद रेग्मी र शिखरनाथ सुवेदी आदि देखा पर्दछन् ।

### २.४.२.१ गुल्मी जिल्लाका माध्यमिक कालीन कविहरू

माध्यमिक कालीन शृङ्गारिक प्रवृत्तिको प्रभाव गुल्मी जिल्लाका कविहरूमा पनि देखा पर्छन् । गुल्मी जिल्लाका कवि **दधिराम मरासिनी**मा यस कालको प्रभाव पर्नुका साथै शृङ्गारिक किसिमका कविता रचना गर्ने प्रमुख स्रष्टाका रूपमा देखा पर्छन् । यस कालका गुल्मी जिल्लाका अन्य कविहरूमा **रुक्माङ्गत पन्थी, शोभाकर ब्राहमण ज्ञवाली, गोविन्द मरासिनी र टेकराज उपाध्याय** आदि देखा पर्छन् ।

### २.४.३ आधुनिक काल -वि.सं.१९७५-यता

नेपाली साहित्यमा शृङ्गारिक प्रवृत्ति अन्त्य भई बहुचर्चित कृति **सूक्तिसिन्धु** प्रतिबन्धित भएपछि बौद्धिक चेतनाको उदय भएको पाइन्छ । **कविताकल्पद्रुम** (१९६२) मा सङ्कलित **शृङ्गारिक पच्चीसी** र **मानसाकर्षिणी** शीर्षक कविताबाट आफ्नो काव्य यात्रा थालेका **लेखनाथ पौड्याल** आधुनिक कालीन शास्त्रीयवादी धाराका शीर्षस्थ कवि हुन् । यसै कालका स्वच्छन्दतावादी भावधाराका उत्कृष्ट कवि **लक्ष्मीप्रसाद देवकोटा** हुन् । यिनले प्रगीतात्मक संरचनाका अनगिन्ती कविता, गीतका साथै प्रशस्त आख्यानात्मक कविता र केही नाटकीय संरचना युक्त कविता पनि सिर्जना गरेका छन् । नेपाली कविताको प्रवर्तक लेखनाथ पौड्याल मानिए पनि अग्रता प्रदान गर्ने काम देवकोटाबाट भएको पाइन्छ । यस कालमा शास्त्रीयतावादी, स्वच्छन्दतावादी, प्रयोगवादी र समसामयिक भाव धाराका कविताहरू रचना गरिएको देखिन्छ । यस कालका अन्य कविहरूमा सोमनाथ सिग्देल, बालकृष्ण सम, चक्रपाणी चालिसे, कुलचन्द्र, गौतम, धरणीधर कोइराला, गोपाल प्रसाद रिमाल, सिद्धिचरण श्रेष्ठ, मोहन कोइराला र ईश्वरी वल्लभ आदि देखा पर्छन् । आधुनिक नेपाली कवितालाई प्रवृत्तिगत आधारमा परिष्कारवादी, स्वच्छन्दतावादी, प्रगतिवादी र समसामयिक भाव धारामा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :-

क) परिष्कारवादी धारा -वि.सं.१९७५-वि.सं.१९९१

ख) स्वच्छन्दतावादी धारा -वि.सं.१९९१-वि.सं.२०१६

ग) प्रयोगवादी धारा -वि.सं.२०१७-वि.सं.२०३५

घ) समसामयिक धारा -वि.सं.२०३६-यता

## क) परिष्कारवादी धारा -वि.सं.१९७५-१९९१

नेपाली बहुचर्चित शृङ्गारिक कविताको संगालो **सूक्तिसिन्धु** माथि प्रतिबन्ध लागेपछि (१९७५) **लक्ष्मीप्रसाद देवकोटा**को आगमनपूर्व(१९९१) सम्मको अवधिलाई आधुनिक नेपाली कविताको परिष्कारवादी धारा मानिन्छ । यसलाई आधुनिक नेपाली कविताको उषाकाल वा प्रथम/चरण भन्न सकिन्छ । कवि **लेखनाथ पौड्याल**को अग्रणी भूमिकामा थालिएको परिष्कारवादी धारा वि.सं.१९९० सम्म प्रमुख र त्यस पछि गौण रूपमा देखा पर्छ । शास्त्रीयतावादी(परिष्कारवादी) शब्दको प्रयोग सर्वप्रथम रोमनेली निबन्धकार **अउलस जेलियस**ले अभिजात्य वर्गका पाठकहरूका लागि साहित्य सृजना गर्ने लेखक भन्ने अर्थमा गरेको मानिन्छ । ग्रिसेली-रोमनेली लेखकका रचना, तिनको अनुकरण गरी वा नगरी लेखिएका उत्कृष्ट रचना तथा सबै क्षेत्रका उत्कृष्ट रचना भन्ने अर्थबोध गराउन थालेको शास्त्रीयतावादले उच्च कोटीको प्राचीन र विशिष्ठ अर्थ दिन्छ ।[१३] यस अन्तर्गत कवि धरणीधर काइराला, महानन्द सापकोटा र भवानी जस्ता कविहरूले संञ्चार गरेको सामाजिक-सांस्कृतिक उद्‌बोधको प्रखर राष्ट्रिय चेतनाको अभिव्यक्ति पनि पर्दछ । कवि बालकृष्ण समको प्रवेशपछि यस धाराले पर्याप्त पश्चिमी बौद्धिक र काव्यात्मक मूल्यहरूलाई पनि ग्रहण गरेको छ । यस धाराका अन्य कविहरूमा सोमनाथ सिग्देल, चक्रपाणि चालिसे, कुलचन्द्र गौतम र पूर्णप्रसाद ब्राहमण आदि देखा पर्दछन् ।सामाजिक युगचेतना, सुधारवादी सन्देश, सांस्कृतिक चित्रण, प्रकृतिको वस्तुगत वर्णन, वेदान्त दर्शनको प्रभाव, नीतिपरकता, आध्यात्मिकता, राष्ट्रप्रेम, औपदेशिकता, वर्णनात्मकता, शास्त्रीयता, परिष्कारधर्मी, शिल्पचेतना, शास्त्रीय छन्दको प्रयोग आदि यस अवधिका कवितामा पाइनेद मुख्य विशेषता हुन् ।

## ख) स्वच्छन्दतावादी धारा–वि.सं.१९९१–वि.सं.२०१६

कवि **लक्ष्मीप्रसाद देवकोटा** र **सिद्धिचरण श्रेष्ठ**लाई आधुनिक नेपाली कविताको दोस्रो प्रहर भन्न सकिने स्वच्छन्दतावादी वा रुमानी धाराका सहप्रवर्तक मानिन्छ । सन् १७९८मा प्रकाशित **वर्डस्वर्थ** र **कलरिज**का **लिरिकल व्यालेट्स**को दास्रो संस्करणको भूमिका (१८००) लाई स्वच्छन्दतावादको घोषणापत्रका रूपमा लिइन्छ । वि.सं.१९९१ को **शारदा** पत्रिकाका माध्यमबाट प्रस्फुटित स्वच्छन्दतावादी धाराले नेपाली जनमानिसमा भित्रभित्रै सल्किएको राणा विरोधि अभियान, नेपाल प्रजा परिषदको स्थापना, वि.सं. १९९७ को सहित काण्ड,

---

[१३]लुइटेंल, खगेन्द्र प्रसाद.२०६०. 'कविता सिद्धान्त र नेपाली कविताको इतिहास' ने. रा. प्र.प्रति.काठमाडौं पृ.२०३

वि.सं.२००४ को राजनैतिक घटना, देवकोटाको बनारस प्रवास तथा युगवाणी पत्रिकाको सम्पादन र अनेक राजनैतिक क्रान्तिकारी कविता प्रकाशन जस्ता घटना र गतिविधिबाट अझ विस्तारका साथ अग्रगति लिन्छ । यस धाराका अन्य कविहरू युद्धप्रसाद मिश्र, गोपालप्रसाद रिमाल, माधव घिमिरे, भीमनिधि तिवारी, कुलचन्द्र कोइराला र केदारमान व्यथित आदि उल्लेखनीय मानिन्छन् । वैयक्तिकता, आत्मनिष्ठता, काल्पनिकता, भावुकता, विद्रोहात्मकता, मध्ययुग तर्फको उन्मुखता, प्रकृतिप्रेम, कृत्रिमताबाट मुक्ति र मानवतावादी दृष्टिकोण आदि स्वच्छन्दतावादका प्रमुख विशेषता मानिन्छ ।

आधुनिक नेपाली कविताका यात्राक्रममा परिष्कारवादी र स्वच्छन्दतावादी धारापछि देखा परेको अर्को महत्वपूर्ण स्वच्छन्दता-प्रगतिवादी धारा हो । वि.सं.२००७ क्रान्ति र राष्ट्रिय राजनैतिक परिवर्तन एवम् प्रजातान्त्रिक युगको सूत्रपात सँगै बदलिँदो नेपाली सामाजिक-आर्थिक चेतले अरू तिव्रता प्राप्त गर्‍यो । नेपाली कविताको आगामी यात्राका व्यापक सामाजिक, राजनैतिक एवम् आर्थिक सचेचताका तात्पर्यमा चाहिँ वि.सं.२००४ तिरै देखि पनि सृजनात्मक रूपमा विशेष प्रभावशाली, कलात्मक र प्राप्तिपूर्ण रह्यो । यस परिपेक्षमा राष्ट्रियता, प्रजातान्त्रिक चेतना र सामाजिक-आर्थिक विषमता तथा शोषण उत्पीडनप्रति सचेत वर्गद्वन्द्वका धारणाबाट अभिप्रेरित वि.सं.२००४-वि.सं.२०१६ का अवधिका कवितालाई नवीन सचेतना प्रदान गर्न नेपाली कविताको स्वच्छन्दतावादी-प्रगतिवादी धाराले केन्द्रीय भूमिका खेलेको हुँदा यसलाई प्रगतिवादी युग भन्न सकिन्छ । यसै स्वच्छन्दतावादभित्रै प्रगतिवादी कविता लेखिन थाल्दछन् । स्वच्छन्दतावाद र प्रगतिवाद परस्पर विरोधि भएकाले ती दुवै एकै ठाउँमा आएको नभई स्वच्छन्दतावादी र अन्य कविहरूका कतिपय कवितामा छुट्टै तथा स्वच्छन्द ढङ्गले प्रगतिको कामना गरिएको पाइन्छ ।

### ग) प्रयोगवादी धारा -वि.सं.२०१७-वि.सं.२०३५

वि.सं.२०१७ को **रूपरेखा** पत्रिकामा मोहन कोइरालाको **घाइते युग** कविता प्रकाशित भएपछि कविताको भाव, भाषा र शैली आदिमा नवीन प्रयोग भएको देखिन्छ । यस धाराका थालनी कर्ता **मोहन कोइराला** मानिन्छन् । कविताका सन्दर्भमा प्रथम विश्वयुद्धपछिको सङ्कटग्रस्ट मानसिक अवस्थाबाट उत्पन्न युगीन जटिलता, कुण्ठा, अकर्मण्यता, अस्तव्यस्तता तथा अमूर्त चिन्तनलाई काव्यका माध्यमबाट गरिएको अभिव्यक्तिलाई नै प्रयोगवादी काव्य ठानिन्छ । यस अवधारणालाई टी.एस.एलियट, एज्रा पाउण्ड, वाल्ट हिवटमन र स्टिफेन मलार्मे अघि सरे पछि आख्यानहिन लामा कवितात्मक स्वरूपको निमार्ण

र विकास भएको देखिन्छ । कविताको विषय चयन लामो भाव, भाषा, शैली आदि विभिन्न पक्षमा अत्यन्त नयाँ प्रयोगहरू गर्नु प्रयोगवादी कविहरूको मूल विशेषता हो । प्रयोगवादी कविहरू प्रतीकवादी, बिम्बवादी, विसङ्गतिवादी र अतियथार्थवादी प्रवृतिका अनुयायी हुन्छन् । ईश्वरी वल्लभ, बैरागी काइला, द्वारिका श्रेष्ठ र तुलसी दिवस आदिले यस धारामा कलम चलाएका छन् ।

## घ) समसामयिक धारा-वि.सं.२०३६-यता

वि.सं.२०३० को दशक थालिँदा-नथालिँदै प्रयोगवादी कविताका क्लिष्टता र दुरुहताले सिर्जेको सम्प्रेषण-सङ्कटबाट नेपाली कवितालाई मुक्त तुल्याउने दिशामा युवा नेपाली कविहरू जुर्मुराउन थाले । नेपाली कवितालाई सामान्य पाठकवर्गप्रति सम्प्रेषणशील तुल्याउँदै समसामयिक नेपाली समाज  र जीवनका जल्दाबल्दा सामाजिक, राजनैतिक एवम् आर्थिक तथा सास्कृतिक सन्दर्भका राष्ट्रिय सवालहरूलाई र केही मात्रामा समसामयिक अन्तराष्ट्रिय सन्दर्भलाई पनि कवितामा व्यक्त गर्ने चासो यस धारामा मुख्य रूपमा देखा पर्छ । नेपाली कवितामा समसामयिक धाराको बारेमा पनि फरकफरक महत्व पाइन्छ । समसामयिक धारामा पनि विभिन्न मोडहरू देखा पर्छन् । समकालीन नेपाली कविताका विभिन्न मोडहरूले अध्ययन विश्लेषणबाट वास्तविक निर्णायक मोडहरूका सम्बन्धमा तर्कयुक्त र उपर्युक्त मोडको निर्धारण नभएको देखिन्छ । तसर्थ समकालीन नेपाली कविताका मोडलाई यस प्रकारले देखाउनु बढी सान्दर्भिक, वैज्ञानिक र उपर्युक्त समेत देखिन्छ।[१४]

१.पहिलो मोड  -वि.सं.२०३६

२.दोस्रो मोड   -वि.सं.२०४६

३.तेस्रो मोड    -वि.सं.२०५२/५३

## १.पहिलो मोड-वि.सं.२०३६

यस अवधिको मोड भनेको वि.सं.२०३६ को आन्दोलन जनमत सङ्ग्रहको घोषणा र सडक कविताक्रान्ति आदिको सन्दर्भ नै हो । वि.सं.२०३७ को जनमत सङ्ग्रहको परिणामपछि आन्दोलनको तीव्रता सेलाएर गए झैँ कवितामा पनि उग्र राजनीतिक चेतना सेलाउँदै गयो । त्यसपछिका कवितामा भने सरलता यथावत् रही तत्कालीन शासक व्यवस्थाका शोषण, दमन, उत्पीडन, परतन्त्रता, अनैतिकता, भ्रष्टाचार र अन्याय आदि अनेकौं विकृति र विसङ्गतिको नै यथार्थपरक अभिव्यक्ति पाइन्छ ।

---

[१४] गौतम, लक्ष्मण प्रसाद. २०६६.'समकालीन नेपाली कविताका प्रवृत्ति' काठमाडौं : पैरवी प्रकाशन ।

## २.दोस्रो मोड -वि.सं.२०४६

वि.सं.२०४६ फागुन सातमा **वसन्तको खोजी** शीर्षकको सामुहिक कविता सङ्ग्रह प्रकाशित भयो । अठारजना कविहरूका एक एकवटा कविता भएको यस सङ्ग्रहका कविताहरूले वसन्तरूपी प्रजातन्त्रको खोजी गरेका छन् र ती सबै क्रान्तिधर्मी र विद्रोही पनि छन् । वि.सं.२०४६ चैत्र महिनामा **पग्लेर पनि तिम्रो मुटुबाट** शीर्षकको अर्को सामुहिक कवितासङ्ग्रह प्रकाशित भएको देखिन्छ । यी दुई कवितासङ्ग्रहको मूल उद्देश्य भनेको प्रजातान्त्रिक आन्दोलनलाई अझै उत्साहित तुल्याउनु हो । यस समयका कवितामा देखिएका प्रवृतिहरूमा राजनीतिक परिवेशमा केन्द्रित क्षणिक मूल्यका कविता लेखिनु र अनियन्त्रित आक्रोशपूर्ण कविता लेखिनु पर्दछन् । तत्कालीन पञ्चायती शासक व्यवस्थाप्रतिको असन्तुष्टि, व्यवस्थाप्रतिको विरोध, विद्रोह, आहवान, प्रजातन्त्रको स्वागत, सहिदभाव र मुक्तिको चाहना आदि विषयवस्तुलाई नै केन्द्रीय कथ्य बनाइएको छ ।

## ३.तेस्रो मोड -वि.सं.२०५२/५३

वि.सं.२०५२ को कम्युनिस्ट पाटी (माओवादी) जनयुद्धको थालनीसँगै समकालीन कविताले तेस्रो मोड लिएको हो । राजनीतिक परिवर्तनको समर्थन र पञ्चायती शासन पद्धतिको विरोधमा क्रान्ति र नारा भएका कविता लेख्ने प्रवृतिमा क्रमशः कमी आई एक दुई वर्षसम्म प्रजातन्त्रको स्वागत गरिएका र सहित भावले युक्त भएका कविताहरू लेखिएको देखिन्छ । युगीन राजनीतिक विकृति र विसङ्गतिलाई देखाएर तिनप्रति आलोचनात्मक दृष्टि राखी लेखिएका आलोचनात्मक यथार्थपरक कविता लेखिनु, वि.सं.२०५२/५३देखि सरु भएको जनयुद्ध वा आन्तरिक द्वन्द्व र तज्जन्य परिवेश एवम् परिणतिबाट प्रभावित भएर लेखिएका यथार्थपरक कविताहरू यस मोडका कविताका प्रवृत्तिहरू हुन् । यी कविताहरूले बहुदलीय शासन व्यवस्थाका आडमा नेताहरूद्वारा हुने गरेको भ्रष्टाचार र अन्य अनैतिक कुकृत्यहरूका निन्दा गर्नु, नेताहरूको सुविधा भोगी प्रवृति र राज्यसत्ताको दुरुपयोग, सशस्त्र जनयुद्धको समर्थन र विरोध, युद्धविराम र शान्ति-स्थापनाको चाहना र आग्रह, दोहोरो द्वन्द्वको पीडाबोध आदि यी कविताका केन्द्रीय कथ्य रहेका छन् ।

### २.६.३.१ गुल्मी जिल्लाका आधुनिककालीन कविहरू

गुल्मी जिल्लामा कविता लेखन कार्य प्राथमिक काल देखि सरु भएता पनि नेपाली भाषाका कविता लेखन आधुनिक कालमा मौलाएको पाइन्छ । यस समयका कविहरूमा भीमकान्त पन्थी, उमानाथ पन्थी, डा.टीकाराम पन्थी, लक्ष्मीकान्त पन्थी, लेखनाथ ज्ञवाली, हिरण्यलाल ज्ञवाली, रामप्रसाद ज्ञवाली, भेषबहादुर कुँवर, लक्ष्मण रिजाल, गणेश ज्ञवाली, रूद्र ज्ञवाली, नारद गौतम, प्रदीप ज्ञवाली, रामप्रसाद पन्त, ठाकुर शर्मा, युवराज शर्मा गौतम, सूर्यबहादुर सेन, काशीनाथ ज्ञवाली मिश्रित, लालमणि भूसाल, मुकुन्दहरि ज्ञवाली, कृष्णप्रसाद भण्डारी (मुमुक्षु), दुर्गा घिमिरे 'घायल' विश्वकर्मा, लक्ष्मीनाथ ज्ञवाली (सुमेरू), बलदेव पन्थी र जीवित खड्का मगर आदि रहेको पाइन्छ ।

## २.५ निष्कर्ष

नेपाली कविता परम्परालाई हेर्दा **सुवानन्द दास**द्वारा रचित **पृथ्वीनारायण शाह**( **१८३०/३१**) कविता नै हालसम्मको प्रारम्भिक मानिन्छ । पृथ्वीनारायण शाहले गरेको एकीकरण अभियानसँगै नेपाली कविता लेखन सरु भएको पाइन्छ । वि.स. १८२६- वि.स.१९४० सम्म प्राथमिक काल, वि.स.१९४१-१९७४ सम्म माध्यमिक काल र वि.स.१९७५-यता आधुनिक काल गरी नेपाली कविता विधालाई तीन कालमा विभाजन गरिएको पाइन्छ । प्राथमिक कालीन निगुर्ण भक्तिधाराका स्वामी शशिधरबाट नै गुल्मी जिल्लाको कविता प्रारम्भ भएको पाइन्छ । गुल्मी जिल्लामा कविता लेखन संस्कृत भाषाबाट प्रारम्भ भएको मानिन्छ । हाल आएर नेपाली भाषामा कविता लेखन कार्य विकशित भएको देखिन्छ ।

## तेस्रो परिच्छेद-

# गुल्मी जिल्लाको सङ्क्षिप्त परिचय

## ३.१ विषय परिचय

क्षेत्रीय अध्ययन अर्न्तगत गुल्मी जिल्लाको सङ्क्षिप्त रूपमा परिचय दिने प्रयास गरिएको छ । जस अर्न्तगत गुल्मी जिल्लाको व्युत्पति, ऐतिहासिक र भौगोलिक परिचय, भाषा, चाडपर्व, मुख्य तीर्थस्थल र शैक्षिक अवस्थाको बारेमा सङ्क्षिप्त टिप्पोट गरिएको छ ।

## ३.२ गुल्मी जिल्लाको परिचय

नेपालको ७५ जिल्ला मध्ये गुल्मी एक हो । यो जिल्ला लुम्बिनी अञ्चलका छ वटा जिल्ला मध्ये प्राकृतिक, धार्मिक र सांस्कृतिक दृष्टिले महत्वपूर्ण छ । यस जिल्लाको सदरमुकाम तम्घास हो । नेपालको एकीकरणपूर्व गण्डकी प्रदेशका चौबिसी राज्यमध्ये निकै महत्वपूर्ण मानिने गुल्मी, ईस्मा, धुर्कोट, चन्द्रकोट, अर्घा र खाँचीमध्ये अहिले अर्घाखाँची जिल्लामा समाहित अर्घा र खाँचीलाई छाडेर बाँकी चार राज्यबाट निर्मित जिल्ला हो ।[१५]यस राज्यको स्थापना वि.सं.१४९३ मा संस्थापक राजा वीर शाह र अन्तिम राजा शिवनारायण शाहबाट भएको थियो । गुल्मी राज्य अहिलेको सदरमुकाम तम्घासदेखि १४ कि.मी. पूर्व चारपाला क्षेत्रमा पर्दथ्यो । यो क्षेत्रलाई खास गुल्मी, गुल्मी चारपाला र गुल्मी कोट पनि भनिन्थ्यो । वि.सं.२०१९ को प्रशासनिक विभाजन पछि यस जिल्लाले भौगोलिक परिचय प्राप्त गरेको हो ।[१६]

## ३.३ व्युत्पत्ति

कुनै पनि ठाउँ वा क्षेत्रको नामकरण गर्दा त्यस ठाउँलाई बताउने शब्दको व्युत्पत्ति र त्यसको शाब्दिक अर्थ, लाक्षणिक सम्भाव्य अर्थ, अर्थसापेक्ष वा सार्थकता र रुढिगत प्रचलित अर्थ आदिलाई ध्यानमा राखेर सकभर सार्वभौम अर्थ केलाई नामकरण गर्ने प्रयास गरिएको हुन्छ । गुल्मी जिल्लाको व्युत्पत्तिका बारेमा विद्वानहरूबाट व्यक्त विचारलाई क्रमबद्ध रूपमा तल प्रस्तुत गरिएको छ :

---

[१५] ज्ञवाली, प्रदीप.२०६२. 'सामाजिक तथा प्रजातान्त्रिक आन्दोलनमा गुल्मीको भूमिका'. गुल्मी परिचय. काठमाडौं : गुल्मेली समाज.पृ.१ ।

[१६] कँडेल, डा. नारायण प्रसाद. 'गुल्मी जिल्लाको सङ्क्षिप्त भौगोलिक परिचय' ऐजन. पृ.१४१ ।

क) डा. राजाराम सुवेदीका अनुसार,“वर्तमान नेपालका सशस्त्र सैनिक रहने अड्डालाई लिच्छविकालमा  गुल्म भनिन्थ्यो । त्यसै गरी चौबिसे राज्यमा विशेषत : सैनिक गुल्मीमा रहेको कारण गुल्मी भनिएको हो” ।[१७]

ख) योगी नरहरिनाथका अनुसार,“रेसुङ्गाको रक्षा गर्ने देवताहरूका सेनपति कुमारका तेत्तिस कोटि देवताहरूमध्ये एउटा गण गुल्मले आएर यस क्षेत्रको रक्षा गरेको हुनाले यस जिल्लाको नाम गुल्मी रहेको हो ।”[१८]

ग) नेपाली बृहत् शब्दकोशका अनुसार,“नौवटा हात्ती, नौवटा रथ, सत्ताइसवटा घोडचढी, पैतालिसवटा पैदल सिपाही रहने प्राचीन कालको सैनिक इकाइ गुल्म हो ।”[१९] त्यहीँ गुल्मद्वारा रक्षा गरिएको हुनाले सो क्षेत्रको नाम गुल्मी रहन गएको हो ।

यसरी विभिन्न भनाइ अनुसार गुल्मी चौबिसे राज्यभन्दा ठूलो राज्य भएकाले नै गुल्मी भनिएको हो भने ‘गुल्म’ भन्ने शब्दले वास्तवमा सिङ्गो सैनिकको एउटा निकायलाई सम्बोधन गर्दछ । त्यहीं सैनिक इकाइ रहने क्षेत्रलाई गुल्म क्षेत्र भनियो । कालक्रम अनुसार सो क्षेत्रलाई गुल्म-गुल्म भन्दै जाँदा शब्दको अपभ्रंश भई गुल्मी शब्दको उत्पत्ति भएको अनुमान गर्न सकिन्छ । अहिले यसै नामबाट देशमा प्रचलित रहेको देखिन्छ ।

## ३.४ ऐतिहासिक परिचय

नेपालका ऐतिहासिक सामग्रीहरूको अध्ययन गर्दा लिच्छवीकालीन अभिलेखमा गुल्मीको उल्लेख रहेको पाइएको र कुनै कालमा गुल्मी सिँजा राज्यसँग सम्बद्ध रहेका केही स्रोत पनि फेला परेका छन् भने यी कुरालाई स्पष्ट प्रमाणित गर्ने आधिकारिक स्रोत फेला नपरेकाले उपलब्ध प्रमाणहरूका आधारमा नेपालका चौबिसी राज्यमध्ये स्वतन्त्र अस्तित्व भएको गुल्मी राज्यको स्थापना वि.सं.१४९३ मा भएको पाइएको छ । सुरुमा चारसय घरधुरीबाट धालनी भएको गुल्मी राज्यपछि बढ्दै गई छ हजार धुरीसम्म पुगेको वर्णन पाइन्छ । स्थापना कालमा गुल्मीको पूर्वतर्फ गाह्रौं र पैययुँ, पश्चिममा धुर्कोट, उत्तरमा पुर्कोट र गल्कोट अनि दक्षिणमा अर्घा र खाँची राज्यहरू पर्थे ।[२०] पाल्पाली राजा महादत्तसेन बहादुर शाहका ससुरा थिए । गुल्मी, अर्घाखाँचीका अख्तियारी यिनैले पाएको हुँदा गुल्मीमा सेन

---

१७ ऐजन, पृ.१४२ ।

१८ योगी, नरहरिनाथ. २०५५. ‘राष्ट्रको अनुहार भाषाले देखाउँछ’.तम्घास गुल्मी : हाम्रो पुरुषार्थ .बर्ष-२५, अङ्क-२ बैशाख.पृ-१४ ।

१९ नेपाली बृहत् शब्दकोश, (२०४०) ‘नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान’ काठमाडौं : कमलादी ।

२० ज्ञवाली, हेमराज. २०६२ ‘गुल्मी ऐतिहासिक दृष्टिमा’ गुल्मी परिचय . काठमाडौं : गुल्मेली समाज . पृ-३० ।

राजाहरूको हात बढ्न गएको थियो । शिव शाहकी नातिनी विद्यालक्ष्मी(राजराजेश्वरी)को विवाह रण बहादुर शाहसँग भएपछि रण बहादुर शाहले पाल्पाबाट गुल्मी राज्यलाई स्वतन्त्र पारेका थिए । रण बहादुर शाहको मृत्युपछि पुनः भीमसेन थापाले पाल्पा, गुल्मी, अर्घाखाँची सम्पूर्ण राज्यलाई बृहत् नेपालमा गाभे ।[२१]

वि.सं.२०३७ मा पहिलो पटक सम्पन्न भएको जनमत सङ्ग्रहपछि बनेको संशोधित पञ्चायती व्यवस्थाको अन्तिम संविधान अनुसार ६६ वटा गाउँ पञ्चायतलाई अदलबदल गराई पनः ७९ वटा गाउँ पञ्चायतहरू यस जिल्लामा कायम गरियो ।[२२] वि.सं.२०४६ को जनआन्दोलन पछि वि.सं.२०४७ मा बनेको नेपाल अधिराज्यको संविधान लागू हुँदा पुराना सबै गाउँ पञ्चायतहरूलाई गाउँ विकास समितिमा परिणत गरी सङ्ख्या यथावत कायम गरिएको छ । वि.सं.२०४८ को  पहिलो आमनिर्वाचनको अवसरमा ७९ गा.वि.स.हरूलाई ३ निर्वाचन क्षेत्र र १३ इलकामा विभाजन गरिएको छ ।

## ३.५ भौगोलिक परिचय

लुम्बिनी अञ्चलका छ जिल्ला मध्ये सबैभन्दा बढी गा.वि.स. भएको जिल्ला गुल्मी हो । यस क्षेत्रको अवस्थिती, सिमाना, क्षेत्रफल, सम्पदाहरू र सडकको सामान्य टिप्पणी गरिएकोछ ।

### ३.५.१.अवस्थिति

वर्तमान गुल्मी नेपालको महाभारत शृङ्खला अर्न्तगत पर्ने एउटा पहाडी जिल्ला हो । यसको अक्षांशीय विस्तार २७ ५५' ३३''उत्तरी अक्षांशसम्म तथा देशान्तरीय विस्तार ८३ १०'पूर्वदेखि ८३ ३५'पूर्वी देशान्तरमा अवस्थित छ ।[२३]

### ३.५.२. सीमाना

गुल्मी जिल्लामा अन्य छ जिल्लाको सीमाना जोडिएको देखिन्छ । पूर्वमा स्याङ्जा र पर्वत, पश्चिममा प्यूठान, दक्षिणमा पाल्पा र अर्घाखाँची र उत्तरमा बागलुङ जिल्ला जोडिएको अत्यन्त सुन्दर र रमणीय जिल्ला गुल्मी हो ।

---

[२१] ज्ञवली, विष्णुहरि. २०५१.'नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान'. अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : ने.के.वि.त्रि.वि. ।

[२२] पन्थी, दधिराम. २०६०. 'गुल्मेली लोककथाको अध्ययन'. अप्रकाशित शोधपत्र..कीर्तिपुर : ने.के.वि.त्रि.वि. ।

[२३] गुल्मी शैक्षिक ज्योति, २०६७. 'गुल्मी जिल्लाको संक्षिप्त परिचय' गुल्मी : जिल्ला शिक्षा कार्यालय पृ.३ ।

### ३.५.३ क्षेत्रफल

यस जिल्लाको कुल क्षेत्रफल ११४९ वर्ग कि.मि.(११४९०० हेक्टर) छ । समुद्री सतहबाट ४६५मिटर (रिडी) देखि २६९० मिटर (थाप्लेको लेक) सम्मको उचाइमा गुल्मी जिल्ला रहेको छ । यो जिल्लाको पूर्व पश्चिम लम्बाइ सरदर ४० कि.मी. र उत्तर दक्षिण चौडाइ ३० कि.मी. सम्म फैलिएको छ ।[२४]

## ३.६ सामाजिक जनजीवन

समाजको प्रमुख अङ्ग नै मानव हो । मानव र समाजको एक अर्कामा अपरिहार्य सम्बन्ध रहेको हुन्छ । समाजमा विभिन्न जातजातिको बसोबास भए पनि एक अर्कासँग निकट भएर रहेका हुन्छन् । गुल्मी जिल्लामा ब्राहमण, क्षेत्री, नेवार, ठकुरी, मगर, गुरुङ, दमाई, सार्की, गाइने र कामी आदि विभिन्न जातका मानिसहरू बसोबास गर्ने भएको हुँदा सांस्कृतिक विविधता पाइनु यस जिल्लाको खास विशेषता नै मान्नु पर्दछ ।

राष्ट्रिय जनगणना वि.सं.२०६८ अनुसार नेपालको कुल जनसङ्ख्या मध्ये गुल्मी जिल्लाको जनसङ्ख्या २,८३,५७७ मध्ये महिलाको सङ्ख्या १,६०,७५९ र पुरुषको सङ्ख्या १,२२,८१८ रहेको देखिन्छ । कुल घरधुरी सङ्ख्या ६२,७०४ रहेको यस जिल्लामा प्रतिपरिवार सदस्य सङ्ख्या ४.१८ रहेको छ । जनघनत्व प्रतिवर्ग कि.मी.२४७ र जनसङ्ख्या वृद्धिदर ०.४५ रहेको देखिन्छ ।[२५] धार्मिक दृष्टिकोणबाट हिन्दुधर्म मान्नेहरूको सङ्ख्याको बाहुल्यता भए तापनि बुद्ध, जैन, क्रिस्चियन र इस्लाम धर्ममा आबद्ध हुनेहरूको पनि बसोबास छ । यसरी गुल्मी जिल्लाको सामाजिक जनजीवन हेर्दा जनसङ्ख्याको हिसाबले महिलाको जनसङ्ख्या बढी देखिन्छ भने जातिगत हिसाबले ब्राहमण प्रथम स्थानमा रहेको छ । हिन्दु धर्म मान्नेको जनसङ्ख्या बढी रहे पनि अन्य धर्म पनि आफ्नो ठाउँ अनुसार मानिरहेको पाइन्छ ।

## ३.७. भाषा

गुल्मी जिल्लामा विभिन्न जातजातिको बसोबास भए पनि नेपाली भाषा बोल्नेको सङ्ख्या उच्च रहेको देखिन्छ । विशेषतः नेवारी परिवारमा आफ्नो घरपरिवारमा प्रयोग गरिने भाषा नेवारी भएता पनि उनीहरूको बोलचालको भाषा नेपाली भएको देखिन्छ । नेपाली भाषा नै गुल्मी जिल्लाको लोकप्रिय भाषा हो । गुल्मी जिल्लामा कुल जनसङ्ख्याको ९७%

---

[२४] ऐजन, पृ.३ ।

[२५] नेपाल तथ्याङ्कीय झलक, २०६८. केन्द्रीय तथ्याङ्क विभाग. काठमाडौं : रामशाहपथ. थापाथली ।

जनताले नेपाली भाषाको प्रयोग गर्दछन् । गुल्मी जिल्ला बासी आफ्नै उपभाषीको प्रयोग गर्दछन् । यस जिल्लामा बोलिने भाषा लेख्य रुपमा प्रयोग नगरिएता पनि बोलचालमा निम्नानुसार भिन्नता देखाउन सकिन्छ :-

| **गुल्मेली भाषा** | **लेख्य भाषा** |
|---|---|
| होच | रहेछ |
| हुन्च | हुन्छ |
| खान्चु | खान्छु |
| कौनो | कुन |
| एत्न | यहाँ |
| भो | भयो,हुँदैन |
| कन्नो | पिठयुँ आदि |

वि.सं.२०५८ को जनगणना अनुसार नेपाली भाषा र अन्य भाषा बोल्ने जनजातिहरूको भाषालाई प्रतिशतमा छुट्याएर हेर्दा नेपाली भाषीहरूको सङ्ख्या ९४.७० प्रतिशत, मगराती भाषा ३.३० प्रतिशत, नेवारी भाषा १.०८ प्रतिशत, रहेको छ भने १/२ सङ्ख्यामा जैन र शिख मान्ने व्यक्ति पनि गुल्मी जिल्लाको सदरमुकाममा रहेको भेटिन्छ ।

## ३.८ रहन-सहन

गुल्मी जिल्लामा सोह्र संस्कार मध्ये जातकर्म, नामकर्म, अन्नप्रासन, विवाह, अन्त्येष्टि जस्ता संस्कारहरू यहाँका प्रायः सबै जसो जातिले अद्यावधि गर्दैछन् भने ब्राहमण र क्षेत्री समुदायका कुमारहरूले व्रतवन्ध संस्कार पनि गर्दछन् । त्यस्तै कर्णबोध र केशान्त जस्ता संस्कारहरू पनि विभिन्न जातिले विभिन्न रूपमा गर्दछन् । ब्राहमण र क्षेत्रीका संस्कारमा भन्दा वैश्यका संस्कारमा भिन्नता देखिन्छ शुद्रको संस्कारमा अझ ठूलो भिन्नता देखिन्छ । मगर जातिमा मामा-चेला र फुपू-चेलीका बीच विवाह गर्ने चलन छ । बिरामी पर्दा वैद्यलाई नाडी हेराई उपचार गर्ने, धामी-झाँक्री बकाई भुतप्रेत, बोक्सी, लागो, वाई, भाकल आदि लागेको बहकाउन धुप-धजा, भेटी र मेडो चढाई तान्त्रिक उपचार गर्ने र देवीदेवता भाक्कल गर्ने पुरानो चलन पिछडिएको गाउँ बस्तीमा अझ पनि रही आएको छ ।

गुल्मी जिल्लामा प्रयोग गरिने वस्त्र तथा आभुषणमा लिङ्ग, उमेर र जातजातिको प्रभाव परेको पाइन्छ । यहाँ किसोर-किसोरी तथा युवा-युवतीहरू आधुनिक पहिरनमा सजिए

पनि वृद्ध-वृद्धाहरू परम्परागत भेषभूषा मध्ये दौरा, सुरुवाल, टोपी, भोटो, इस्टकोट वा आस्कोट र पटुकी आदि पुरुषका प्रयोगमा आएका वस्त्र हुन् भने नारी जातिले प्रयोग गर्ने परम्परागत पहिरनमा गुन्यु, चोलो, घलेक, पछ्यौरा र पटुकी आदि पर्दछन् । आधुनिक रुपमा पुरुषले सर्ट, पाइन्ट, हाफ पाइन्ट जस्ता लुगा र महिलाहरूले पनि सर्ट- पाइन्ट, कुर्ता-सुरुवाल, मिड्डी, स्कर्ट र म्याक्सी आदि लगाउने गर्दछन् ।

गुल्मी जिल्लाका मानिसले खानपान रुपमा मुख्य गरी गहुँ, मकै, धान, जौं, फापर, कोदो, सागपात, आलु, केराउ, सिमी र बोडी आदि अनाजहरूको प्रयोग गर्दछन् । गुल्मी जिल्लाका कृषकहरूले पाल्ने पशु चौपायाहरूमा गाई, भैंसी, गोरु, बाख्रा, भेंडा, हाँस, कुखुरा र परेवा आदि प्रमुख छन् ।

## ३.९ मुख्य चाडपर्व

गुल्मी जिल्लामा बहुसङ्ख्यक हिन्दुहरूले परम्परागत धार्मिक र सांस्कृतिक चाडपर्व मनाउने गर्दछन् । यस जिल्लाका प्रमुख चाडपर्वहरूमा दसैं, तिहार, तीज, बैशाखे सक्रान्ति, श्रीपञ्चमी, फागुपूर्णिमा, अक्षय तृतीया, एकादशी, ऋषिपञ्चमी, ऋषिपूर्णिमा, नागपञ्चमी, माघेसक्रान्ति, चैते दसैं, महाशिवरात्रि, गुरुपूर्णिमा, पितृअमावश्य, न्वागी खाने र कुलायन पूजा आदि महत्वपूर्ण चाडपर्व हुन् । यी चाडपर्व मध्ये विशेष रूपले मनाउने चाडपर्व दसैं, तिहार र तीज हुन् ।

### ३.९.१ दसैं

दसैं हिन्दुहरूको मुख्य चाड हो । नेपालमा भव्य रूपले मनाउने यो चाडको गुल्मी जिल्लामा छुट्टै विशेषता छ । दसैंमा विशेष गरी आ-आफ्ना नजिकका मन्दिर र कोटमा पूजा गर्ने, मेडा चढाउने चलन छ । गुल्मीमा फूलपातीको दिनदेखि पूर्णिमा सम्मकोट तथा मन्दिरहरूमा मेला लाग्ने चलन छ । फूलपातिको दिन आ-आफ्ना नजिकका मन्दिर तथा कोटहरूमा फूलपाति भित्र्याइन्छ । अष्टमीका दिन कोट तथा आ-आफ्ना घरघरमा दुर्गा थाप्ने चलन छ । सोही दिन हातहतियारको पूजा गरिन्छ । सोही दिन राती जून अस्ताउनु भन्दा पहिले कोट तथा मन्दिरमा कालरात्रीको पूजा गर्नुको साथै मेडा चढाउने चलन छ । महानवमीको दिन कोटहरूमा भाक्कल, पञ्चवली चढाउने र पूजाआजा गर्ने चलन छ । सो दिन मन्दिरमा घुइँचो लाग्ने गर्दछ । दसैंको दिन रोजगारको सिलसिलामा विदेशिएका गुल्मेली दाजुभाइ र दिदी बहिनीहरू आफ्नो हजुरबाबा-हजुरआमा, बाबा-आमा, दाजु-भाउजू, मामा-माइजू लगायत आफूभन्दा माथिका मान्यजनका हातबाट टीका-जमरा अनि आर्शिवाद थाप्न

घरमा भेला भएका हुन्छन् । आफूभन्दा मान्यजनका हातबाट टीका, जमरा र आर्शीवाद लिने, मिठा-मिठा खानेकुरा खाने, राम्रा कपडा लगाउने दसैंको दिनमा गुल्मी जिल्लाका घर आगन नै रङ्गी-विरङ्गी देखिन्छन् । एकादशीको दिनदेखि पूर्णिमा सम्म गुल्मीका मन्दिरहरूमा सराएँ खेल्ने चलन छ । आ-आफ्नै समाजबाट सराएँ निकाल्ने र कोटमा गएर सराएँ र खरी खेल्ने परम्परा पनि गुल्मीमा यथावत रहेको छ ।

### ३.९.२ तिहार

नेपालमा हिन्दुहरूले विशेष रुपमा मनाउने चाड तिहार दोस्रो मुख्य चाड हो । तिहारमा यमदुत, यमराज र यमुनाको पूजा गरी संघारमा ओखर फोरेर दाजुभाइ तथा दिदीबहिनीको अनिष्टको निवारण एवं चिरायूको कामना गरी गुल्मी जिल्लामा भव्यताका साथ मनाउने गरिन्छ । यस पर्वको अवसरमा गाईं पूजा, लक्ष्मी पूजा अनि दाजु-भाइ र दिदी-बहिनी बीच पूजा गरिन्छ । तिहारमा गुल्मीका घरआँगनमा द्यौसी र भैलोको सङ्गीतमय स्वरले माधुर्यता प्रदान गर्दछ । तिहार पर्व विशेष गरी दाजु-भाइ र दिदी-बहिनी बीच पारस्परिक दृढ सम्बन्ध पुऱ्याउने माध्यमका रुपमा रहेको पर्व हो । लक्ष्मी पूजा गरी सके पछि द्यौसी र भैलो खेल्न सुरु गरिन्छ । यिनीहरूले आफ्ना गाउँघरका आगनमा गई आर्शीवाद दिने र दक्षिण लिने चलन छ । गुल्मीमा गाइने भैंली सम्बन्धी गीत निम्न प्रकार छ :

*हरियो गोबरले लिपेको*
*लक्ष्मी पूजा गरेको*
*हे औंसीको बार*
*गाईं तिहार भैलो ॥*

यसरी गाईं पूजा पछि आफ्ना साथीभाइहरू भेला भई मादल लिएर घर-घरमा गाउँदै हिड्नुको छुट्टै धार्मिक र सांस्कृतिक महत्व रहेको छ ।

### ३.९.३ तीज

गुल्मीमा तीजलाई अत्यन्त रमाइलो चाडका रूपमा लिइन्छ । तीजको अवसरमा विवाहित दिदीबहिनी आफ्नो माइतमा आउने घर परिवार जम्मा भएर मीठा-मीठा दरखाने र नाचगान गर्ने परम्परा छ । यस पर्वमा गुल्मीका महिला प्रतिभाहरू निर्धक्क आफ्ना हृदय खोलेर गीत गाउँछन्, नाच्छन्, वर्षभरीका पीडा र व्यथा, हाँसो र आँसुलाई डाँडाको चौतारीमा बिसाउँछन् । नन्द, आमाजू, सासु-ससुरा, जेठानी, भाउजू, सौता र सौतेनी आमाले गरेका व्यवहारलाई परम्परागत रूपमा गीतका रूपमा पोख्ने माध्यमका साथै हाल आएर श्रीमान् र

श्रीमतीको दमन र देशका चासो सम्बन्धी विषयलाई पनि गीतमा गुञ्जाउने माध्यम बनेको छ तीज पर्व । तीजमा माइतीमा जम्मा भएका दिदी बहिनीहरूले रङ्गी-विरङ्गी पोसाक लगाइ अनि गरगहनाले सजिएर घरआँगन लगायत समाजलाई नै झिलीमिली पारिदिन्छन् । जन्माष्टमीमा श्रीकृष्णको जन्म भएको पौराणिक भनाई सँगै व्रत बस्ने अनि तीजको प्रारम्भ भएको महसुस गर्दछन् भने श्रीपञ्चमीको पूजासँगै तीजको समापन भएको मानिन्छ । तीजमा महिलाहरू व्रत बस्ने, शिव-पार्वतीको पूजा गर्ने, पञ्चमीको दिन सप्तऋषिको पूजा गर्ने र कथा सुन्ने परम्परा हालसम्म गुल्मीमा चलिरहेको पाइन्छ ।

## ३.१० प्रमुख तीर्थस्थल

गुल्मी जिल्ला ऐतिहासिक महत्वका साथै धार्मिक एवं सांस्कृतिक दृष्टिले पनि चर्चित रहेको छ । यस जिल्लाको धार्मिक र अध्यात्मिक महिमा प्राचीन कालदेखि नै रहदै आएको छ । यस जिल्लामा धार्मिक तथा प्राकृतिक महत्व राख्ने मन्दिर तथा आश्चर्य लाग्ने गुफाहरू पनि यहाँ रहेका छन् । भृगुतुङ्गेश्वर महादेव(रिडी), रूरूक्षेत्र(रिडी), रेसुङ्गा, मालिका मन्दिर(कुर्घा), खड्गदेवता(इस्मा), कालिकास्थान(धुर्कोट), तम्घास देवी, चोयगा छत्रदेवी, श्रृङ्गीश्वर तपोभूमि(बलेटक्सार) र लिम्घा बुढीसत्यवती आदि मन्दिर प्रसिद्ध छन् । कोट र दरबारका नामले दरबार देवीस्थान, मुसीकोट, धुर्कोट, पुर्कोट, मानकोट र चन्द्रकोट आदि मुख्य छन् । प्राकृतिक महत्व राख्ने गुल्मीका गुफाहरूमा विचित्र गुफा(धुर्कोट), चन्द्रकोट गुफा, भार्से अर्कुलकोटको गुफा, पुर्कोटको गुफा र रिडीमा पनि विभिन्न गुफा रहेको पाइएता पनि यिनीहरूको संरक्षण र सम्बर्द्धनका लागि कुनै खोजी नभएका कारण यी गुफा विकसित अवस्थामा नपुगेको देखिन्छ ।

विचित्रगुफा (धुर्कोट) को केही मात्रामा भएपनि संरक्षण गर्ने चासो देखिएको छ । यो गुफा विचित्र किसिमको छ । यसभित्र जाँदा कम्तिमा २०० जना मानिस बसी सभा गर्न मिल्ने ठूलो क्षेत्र रहेको छ । भित्तामा रहेका ढुङ्गा सेतो चमक दिने खालको पाइन्छ । ढुङ्गाको बीचबीचमा गाईंको  थुन देखिने आकृति, रावणको जटायुको पखेटा काटिएको आकृति र देवि बाघमाथि बसेको आकृति जस्ता विभिन्न आकृति देख्न सकिने गुफाको छुट्टै विशेषता रहेको छ । गुल्मीमा विभिन्न धार्मिक स्थलहरू रहेपनि मुख्य गरी रिडी, रेसुङ्गा र मालिका मन्दिर(कुर्घा)को बारेमा सङ्क्षिप्त चर्चा गरिएको छ ।

### ३.१०.१ रिडी (रूरूक्षेत्र)

रूरूक्षेत्र गुल्मी जिल्लाको विशिष्ट धार्मिक क्षेत्र हो । गुल्मी, पाल्पा, र स्याङ्जा गरी तीन जिल्लाको मिलनविन्दु रूरूक्षेत्रको सिमाना रूद्रवेणीदेखि लिएर भृगुतुङ्गेश्वर गुफा हुँदै रिडी खोलाको गण्डकीमा हुने सङ्गमस्थल हृषिकेश मन्दिर परिसरदेखि लिएर अर्गेलीसम्मको भुभाग समष्टिमा एक बृहत्तर रूरूक्षेत्र हो । वरिपरि पहाडले घेरिएको यो भू-भाग गुल्मी जिल्लाको सबैभन्दा होचो भू-भागमा रहेको छ । वि.सं.२०१८ को भीषण बाढीले पुरानो बजारको क्षति पुऱ्याए तापनि नवीन घरहरूको निर्माण हुनुबाट रिडी बजारको शोभामा कुनै कमि आएको छैन् ।[२६]

प्राचीन कालमा भृगुवंशीय देवदत्त नामक एकजना ऋषिले वर्षौवर्षसम्म भगवान् विष्णुको ठूलो एवं कठोर तपस्या गरे । उनले तपस्यारत ठाउँ हालको बजार रहेको क्षेत्र नजिक एक गुफा वा कन्दरा थियो । तपस्याको प्रभावबाट स्वर्गको आसन नै डगमगाएको कारण इन्द्रले तपस्या भङ्ग गर्नका लागि कामदेव, मलयवायु, वसन्त ऋतु र गाउने बजाउने गन्धर्वहरूसित प्रम्लोचा नामक गरेकी अप्सरालाई त्यहाँ पठाई देवदत्तको तपस्या भङ्ग गरेका र प्रम्लोचा अनि देवदत्तको संसर्गबाट रूरू(कन्या)को जन्म हुन गएको थियो । त्यी कन्यालाई ऋषि र अप्सरा दुवैले छाडेर गएपछि मृगले दूध खुवाएर हुर्काएको कारण तिनको नाम रूरू(मृग) रहेको थियो । त्यी कन्या 'रूरू'को नामले यस क्षेत्रलाई रूरूक्षेत्र भनिएको तथ्यहरू फेला पर्दछन् ।[२७]

मानिस जन्मदा लिएर आउने तीन ऋण (देवऋण, पितृऋण, ऋषिऋण)लाई हटाईदिने ऋणी भन्ने नाम भएकी नदी पश्चिमतिरबाट आएकी छन् । उत्तर दिशामा हिमालयदेखि शालिग्राम पाइने गण्डकी नदी बगेको छ । रिडी(ऋण) र गण्डकीको संगममा( वेणीमा) स्नान गर्नेहरूको पाप पखालिन्छ र मानिस ऋणबाट मुक्त हुन्छ । यही संगममा ध्यानशील सजनहरूलाई कलियुगमा मोक्ष दिनका लागि भगवान हृषिकेश प्रकट हुनुभएको छ । ऋणिको अपभ्रंश रिडी भयो त्यसैले यो क्षेत्रको नाम रिडी क्षेत्र पर्न गयो । भगवान् विष्णुको गण्ड (गाला) देखि पसिनाको रूपमा बगेर आएको हुनाले यो नदीको नाम गण्डकी पर्न गएको हो अथवा गण्डक नामका ऋषिले तपस्याद्वारा प्रसन्न गरिएको हुनाले यिनको नाम गण्डकी रहेको हो । यिनलाई कृष्ण वर्णकी भएकी हुनाले कृष्ण (काली) गण्डकी

---

[२६] ज्ञवाली, ज्ञानेश्वर. २०६८.' रूरूक्षेत्रको एक झलक' भूमिका'. रिडी गुल्मी : रिडी क्षेत्र महात्म्य पृ-८ ।

[२७] गौतम. युवराज शर्मा. २०६२.'रूरूक्षेत्रको एक महिमा:केही विवेचना' गुल्मी परिचय.काठमाडौं : गुल्मेली समाज पृ. ८६/८७ ।

भन्दछन् । वरहापुराण र स्कन्दपुराण अन्तर्गत हिमवत्खण्ड आदि शास्त्रमा काली गण्डकीको विस्तुत महात्म्य पाइन्छ ।[२८]प्रत्येक वर्ष माघेसक्रान्तिमा यस क्षेत्रमा विशेष मेला लाग्दछ । माघमा रिडी नदीमा स्नान गर्नाले आफूले पुण्य प्राप्त गर्न सकिने जनविश्वास भएको कारण विशेष गरी गुल्मी, पाल्पा र स्याङ्जाबाट मानिसहरूको आगमन बढी पाइन्छ । माघे संक्तान्तिका पाँच दिनसम्म मेला लाग्ने हुनाले देशका विभिन्न क्षेत्रबाट श्रद्धालु भक्तजनहरूको घुँइचो रहने रिडी क्षेत्रमा हृषिकेश मन्दिरको दर्शन गर्न समेत हम्मेहम्मे पर्दछ । माघ लगायत बैशाख संक्तान्ति, चन्द्रग्रहण, सूर्यग्रहण र अन्य समयमा समेत यहाँ स्नान गर्ने र पूजा गर्ने गरिन्छ ।

## ३.१०.२ रेसुङ्गा

**रेसुङ्गा** गुल्मी जिल्लाको एक प्रसिद्ध धार्मिक तीर्थस्थल हो । पौराणिक मान्यता अनुसार सत्य युगमा ऋष्य श्रृङ्गऋषिले यस क्षेत्रमा आई तपस्या गरेको हुनाले यिनै ऋषिको नामबाट यसको नाम रेसुङ्गा रहन गएको हो । विक्तमको १९औं शताब्दीको पूर्वार्द्धमा ( १८३१-१९०६) तिर स्वामी शशिधर रेसुङ्गामा आई यस क्षेत्रको प्राचीन गरिमा एवम् धार्मिक छविलाई पुर्नजीवित तुल्याउनेका साथै 'जोसमनी सन्त परम्परा' चलाएका थिए ।[२९] स्वामी शशिधरको अत्यपछि उनका छोरा लक्ष्मी नारायण मरासिनी रेसुङ्गामा बसी यस क्षेत्रको धार्मिक विकासमा महत्पूर्ण भूमिका पुऱ्याएको पाइन्छ । लक्ष्मी नारायणको आध्यात्मिक चिन्तन र तपस्याबाट जङ्ग बहादुर, रणोद्विप सिंह र ललितजङ्ग जस्ता शासकहरू प्रभावित भएर शिष्य समेत बन्न पुगेका थिए । यिनी पछि यदुकान्त ऋषिको पालामा रेसुङ्गाको आध्यात्मिक विकास भएको पाइन्छ । यसरी शशिधरदेखि यदुकान्त ऋषिसम्म रेसुङ्गाको आश्रममा मठमन्दिर, पूजाआजाको ठूलो महत्व रही विशेष गरेर हालसम्म पनि एकादशीका दिन भव्य रूपमा पूजा गर्ने, मेला लाग्ने र रेसुङ्गाबाठ अन्य ठाउँको दृश्यावलोकन गर्ने उद्देश्यले यहाँ भक्तजनको आगमन हुने परम्परा रही आएको छ ।

रेसुङ्गा धार्मिक दृष्टिले मात्र नभई प्राकृतिक रूपले पनि मनोरम देखिन्छ । रेसुङ्गाको काखमा यस जिल्लाको सदरमुकाम रहेको छ । रेसुङ्गामा विभिन्न जडीबुटी पाइनुका साथै साल, सल्लो, चिलाउने, हर्रो, अमला, बाँज, गुराँस, चाँप र टिमुर आदि विभिन्न किसिमका वनस्पतिहरू पाइन्छन् । बाघ, धालु, चितुवा, स्याल, बाँदर र मृग आदि

---

[२८] ज्ञवाली, ज्ञानेश्वर .२०६८. ऐजन. पृ-१६ ।

[२९] पन्थी, दधिराम. २०६०. 'गुल्मेली लोककथाको अध्ययन' अप्रकाशित शोधपत्र. कीर्तिपुर : ने.के.वि.त्रि.वि. ।

पशु र तित्रा, मैना, सुगा र कालिज आदि जस्ता पक्षीहरू यस क्षेत्रमा पाइन्छन् । यसरी प्राकृतिक दृष्टिले पनि यो ठाउँलाई उत्कृष्ट मान्न सकिन्छ । समुद्री सतहबाट करिब ७६७२ फिट अग्लो रेसुङ्गा चुलीमा पुगेर गुल्मी जिल्ला मात्र नभई नेपालका तराई क्षेत्रका समधर भुभागलाई समेत देख्न सकिने विभिन्न पहाडी भन्ज्याङ्का साथै नदीनाला समेत देख्न सकिने अत्यन्त मनोरम्य ठाउँ बन्न पुगेको छ ।

रेसुङ्गा हाल आएर गौचरनका रूपमा स्थापित भएको पाइन्छ । गुल्मीका गाईवस्तुहरूलाई रेसुङ्गामा लगेर छाड्ने चलन हाल समेत रहेको छ । यहाँ भएका गाईवस्तहरू दिनभर चरिचरणमा जाने र साँझ परिसकेपछि सबै एकै ठाउँमा जम्मा भएर बस्ने गर्दछन् । यसरी रेसुङ्गालाई गाईवस्तुहरूको संरक्षण केन्द्रको रूपमा चिन्न सकिन्छ ।

### ३.१०.३ मालिका मन्दिर (कुर्घा)

गुल्मी जिल्लाको उत्तरी भेगतिर पर्ने मालिका मन्दिरको आफ्नै छुट्टै विशेषता रहेको छ । यस मन्दिरमा शिवले आफ्नी सतीलाई बोकेर हिड्नेक्रममा सतीको बाँया पाखुरा यस स्थलमा खसेको भन्ने पौराणिक भनाइ छ । करिब २०० वर्ष पहिले कुर्घामा मालिका देवीको उत्पत्ति भएको भन्ने भनाइ पाइन्छ । यस ठाउँमा आफूले चिच्याएर वर माग्नु पर्ने परम्परागत भनाइ रहेपनि आफ्नो मनले सम्झेर भाकल गरेमा खाली हात फर्कनु नपर्ने भएकाले यस मन्दिरको आफ्नै विशेषता रहेको छ ।[३०] यस मन्दिरमा दैनिक पूजा हुने र बैकुण्ठ चतुदर्शीमा विशेष मेला लाग्ने गर्दछ । यस मन्दिरमा सोह्र श्राद्धको आरम्भदेखि समाप्तिसम्म, स्वस्थानीको आरम्भदेखि समाप्तिसम्म र एकादशी-औंसी तिथिमा बलि पूजा गरिदैन । यस मन्दिरको माथिपट्टि आश्चर्यजनक ढङ्गले पानीको मूलको उत्पत्ति भएको छ । यस मन्दिरका पूजारीका अनुसार, त्यो मूल कहिलै नसुक्ने, त्यसमा रहेका साना भुरा माछाहरू कहिलै नबढ्ने र कहिलै नघट्नु यस मन्दिरका आश्चर्य लाग्दा विशेषता हुन् । यस ठाउँमा सल्लो, बेल, बाँस, गुराँस, चाँप र जडीबुटीहरू पाइन्छन् । बाघ, भालु, स्याल र बाँदर आदि पशु र काग, ढुकुर, कालिज, तित्रा र अन्य विभिन्न किसिमका पक्षीहरू यस क्षेत्रमा पाइन्छन् । यसलाई पनि संरक्षण गर्न सके रेसुङ्गा जस्तै यो मन्दिर पनि प्रमुख आकर्षकको केन्द्र बन्न सक्ने देखिन्छ ।

## ३.११ शैक्षिक अवस्था

---

[३०] पण्डित, २०६८. अन्तर्वार्ताबाट प्राप्त जानकारी ।

गुल्मी जिल्लाको शैक्षिक परम्पराको अध्ययन गर्दा गुरुकुल परम्परामा पुग्न सकिन्छ । गुल्मीमा शिक्षाको आरम्भ संस्कृत भाषाबाट भएको पाइन्छ । हुनत नेपाली भाषाको स्रोत नै संस्कृत भाषा रहेको कारण यसको प्रभाव गुल्मीमा परेको पाइन्छ । यस जिल्लामा कर्मकाण्ड र व्याकरण-वेदान्त सम्बन्धी शिक्षा औपचारिक तवरले सिकाइन्थ्यो भने सीपमूलक व्यवसायिक शिक्षा अनौपचारिक रूपमा सिकाइन्थ्यो । ऐतिहासिक तथ्य अनुसार जगन्नाथ अर्यालबाट वि.सं.१८३३ मा स्थापना गरिएको दलाने पाठशालालाई यस जिल्लाको पहिलो अनौपचारिक पाठशाला मानिन्छ । यसमा ब्राहमण जातिले संस्कृत कर्मकाण्ड र व्याकरण सम्बन्धी शिक्षा र अन्य जातिले धार्मिक, कानुन, उपदेशात्मक, नीति शिक्षा र व्यवहारिक विषयको शिक्षा लिने चलन थियो । विभिन्न मठ मन्दिर र चउरमा गुरुहरूले शिक्षा दिने चलन रहेको अनि गुरुको सेवा गरेर वा गुरुलाई सामान दिएर शिक्षा आर्जन गर्ने गरेको कुरा हाम्रा पुर्खाका मुखबाट सुनिन्छ ।

वि.सं.१९६८ मा औपचारिक रूपमा गुल्मीको रिडीमा संस्कृत पाठशाला र खिदिममा वि.सं.१९९२ मा हरिहर पाठशाला स्थापना भएपछि यस क्षेत्रको शिक्षामा केही सुधार भएको पाइन्छ । त्यसपछि वि.सं.२००७ को राजनैतिक परिवर्तनपछि गुल्मी जिल्लाको भार्से, तम्घास, रिडी र धुर्कोटमा चारवटा मिडिल स्कुलहरूको स्थापना एकै समयमा भएको देखिन्छ । आधुनिक शिक्षाको प्रारम्भ यिनै विद्यालयको जगबाट भएको पाइन्छ । वि.सं.२०२५ मा गुल्मीको सदरमुकाम तम्घासमा 'गुल्मी इन्टर कलेज' (हालको रेसुङ्गा क्याम्पस) को स्थापना भई उच्च शिक्षाको ढोका खुलेको पाइन्छ । अहिले गुल्मी जिल्लाको शैक्षिक स्थिति मजबुद भएको पाइन्छ तर अझ पनि साक्षरता प्रतिशत सत्प्रतिशत हुन सकिरहेको छैन । जिल्लामा शैक्षिक गुणस्तरमा सुधार ल्याउने उद्देश्यका साथ प्राथमिक तहदेखि स्नातकोत्तर तहसम्मका निजी तथा सरकारी शैक्षिक संस्थाहरू सञ्चालित छन् । यस जिल्लाको साक्षरता दर ७१.५ प्रतिशत छ, जसमध्ये पुरुष ८० प्रतिशत र महिला ६३ प्रतिशत साक्षर रहेका छन् । यसरी हेर्दा जनसङ्ख्याका हिसाबले महिला बढी रहे पनि साक्षरताका हिसाबले महिला पछाडि परेको अवस्था छ । यस जिल्लामा जम्मा विद्यालय हेर्दा ४३७ पूर्व प्राथमिक ( बालविकास केन्द्र) विद्यालय, ५८३ 'प्राथमिक विद्यालय, १७५ निम्न माध्यमिक विद्यालय, १०५ माध्यमिक विद्यालय, ३८ उच्च माध्यमिक विद्यालय, १० क्याम्पस, १ प्राविधिक शिक्षालय र १ गृहिणी विद्यालय सञ्चालित छन् ।[३१]

[३१] गुल्मी शैक्षिक ज्योति, २०६७. 'शैक्षिक अवस्था'. तम्घास गुल्मी : जिल्ला शिक्षा कार्यालय ।

## ३.१२ साहित्यिक संस्था र पत्रपत्रिका

गुल्मी जिल्ला साहित्यिक रूपमा अगाडि देखा पर्दछ । यस क्षेत्रमा वि.सं.२००४ तिर नै 'चक्तरानी पुस्तकालय'(रिडी) श्री ३ जुद्ध शमशसरकी रानीको नाममा स्थापित भएबाट नै साहित्यिक संस्थाले स्थायित्व पाएको देखिन्छ । वि.सं.२००४ मा नै स्थापित 'सार्वजनिक पुस्तकालय' रिडीमा रहेको संस्थाले पनि साहित्यिक रूपमा अग्रसरता प्राप्त गरेको पाइन्छ । त्यसैगरी वि.सं.२०२२ मा स्थापित 'गुल्मी साहित्यिक उत्साह वर्द्धिनी समिती' र 'किरण पुस्तकालय' तम्घास गुल्मी वि.सं.२०२५ मा स्थापित संघसंस्थाबाट साहित्यिक रूपमा गुल्मीलाई उर्जा प्रदान गरेको पाइन्छ । त्यस्तै हालसम्म अन्य साहित्यिक संघसस्थाहरूले साहित्यिक क्षेत्रमा अग्रता  प्रदान गरेको पाइन्छ ।

वि.सं.२०१६ मा प्रकाशित 'गुल्मी समाचार' पत्रिका नै गुल्मी जिल्लाको प्रथम पत्रिका मानिन्छ । वि.सं.२०१६ मा 'शैल-सन्देश' पत्रिकाले पनि साहित्यिक रूपमा गुल्मीलाई अग्रसरता प्रदान गर्न सफल देखिन्छ । 'गण्डकी'(२०१९), 'हिमरश्मि'(२०२०), 'कालीगण्डकी'(२०२०), 'रेसुङ्गा'(२०२२) र 'हाम्रो पुरुषार्थ'(२०३०) आदि पत्रपत्रिका लगायत गुल्मीमा मासिक, पाक्षिक, द्वैमासिक, अर्थ-वार्षिक र वार्षिक गरी हालसम्म ६० वटा भन्दा बढी पत्रपत्रिकाहरू प्रकाशित भएको देखिन्छ ।

## ३.१३ निष्कर्ष

गुल्मी जिल्लालाई शैक्षिक रूपमा अग्र पङ्क्तिमा राख्न सकिन्छ । गुल्मीका विभिन्न साहित्यिक संघ संस्था लगायत सांस्कृतिक एवम् धार्मिक दृष्टिले पनि महत्वपूर्ण मानिन्छ । ११४९ वर्ग कि.मि. क्षेत्रफलमा अवस्थित यस जिल्लालाई अन्य छ जिल्लाले घेरिएको छ ।

# चौथो परिच्छेद

# गुल्मी जिल्लाका कवि र तिनका कविताकृतिको विश्लेषण

४. विषय परिचय

गुल्मी जिल्लाका कविको सामान्य परिचय सहित तिनका कविताकृतिलाई कविताको संरचक तत्वका आधारमा  समग्र विश्लेषण गरिएको छ । यस क्तममा प्राथमिक कालदेखि हालसम्मका कविहरूलाई क्तमिक रूपमा राख्ने प्रयास गरिएको छ ।

## ४.१ शशिधर स्वामी र उनका कविताकृतिको विश्लेषण

यिनको जन्म वि.सं.१८०४ मा अर्घाखाँची (तत्कालीन गुल्मी) जिल्लाको अर्घा भन्ने ठाउँमा भएको थियो । नेपाल र भारतको विभिन्न ठाउँको भ्रमण गरेका शशिधरले नेपाली, संस्कृत र सधुक्कडी भाषामा गद्य र पद्य कृतिको रचना गरेका छन् । योग विद्याका धुरन्धर र वेदान्तका  पण्डित शशिधरले थुप्रै रचनाहरू लेखेका छन् । ती रचनामा साहित्य मूल्य नपाइए तापनि मिथ्या परम्पराको आलोचना पाइन्छ । उनले कविता रचना गर्नुको उद्देश्य भाषा र साहित्यको सेवा होइन, आफ्नै मतको प्रचार हो । एक ठाउँमा शशिधर मूर्तिपूजाको विरोध यसरी गर्छन् :

*जो कोही भक्त पत्थरु पुजे वेणु घण्ट बजाई*
*एक दिन पत्थर टुठे तुह देवता कहाँ समाई*

शशिधरलाई समाज सुधारकको रूपमा पनि उभ्याउन सकिन्छ ।  वि.सं.१९०८ मा उनी त्यहीं नै आफ्नो लीला समाप्त गरे । उनको स्मृतिमा बनाइएको मन्दिर हालसम्म पनि यथावत छ । उनका फुटकर लेख रचनाका साथै पद्यमा सिर्जित पुस्तककार कृतिहरू संकलित एवं प्रकाशित भइ सकेका छन् । उनका लेख रचना साथै प्राप्त सामग्रीहरूलाई निम्नानुसार देखाइन्छ ।

१.सच्चिदानन्द लहरी (सधुक्कडी र नेपाली भाषामा)

२.पैराग्याम्बर(योगाभ्यासको नियम शुद्ध नेपाली भाषामा

३.पाखण्ड खण्ड अखण्ड शब्द(सधुक्कडी नेपाली भाषामा)

४.गुरु पञ्जा(जोसमनी मतको नियम सधुक्कडी भाषामा)

५.भजन सङ्ग्रह(सधुक्कडी नेपाली भाषामा

६.वाणोपनिषद्(नेपाली र केही मात्रामा संस्कृत मिश्रित)

यी कृतिका आधारमा उनी एक प्रतिष्ठित विद्वान तथा कवि र गद्यकारका रूपमा देखा पर्छन् । सन्तकाव्यमा कविता लेखनको थालनी शशिधरबाट र पूर्णविकास ज्ञानदिलदासबाट भएको देखिन्छ । यसर्थ उनी नेपाली कविताको सन्तकाव्य परम्पराका आदि स्रोत बन्न पुगेका छन् । खिदिमका पण्डित दधिराम मरासिनीको भनाइ अनुसार,"शशिधर मथुरा गएका थिए, बालगोपाल(अदृश्य) कृष्णबाटै उनले ब्रहमज्ञान पाएका थिए । त्यस्तै रेसुङ्गामा देवर्षि नारद आएर शशिधरलाई तत्व ज्ञानोपदेश दिएका थिए । अरू अनेकौं सिद्धहरू आएर शशिधर स्वामीलाई भेटेका थिए ।" यसबाट शशिधर अलौकिक शक्ति सम्पन्न तपोमूर्ति थिए । यही विषयमा टीकाराम धनञ्जय वर्णन गर्दछन् :

हुनू भयो अघि धनञ्जय वर्णन गोत्रमहाँ
योगी शशिधर अलौकिक लोकमाहाँ ॥

यसरी शशिधर स्वामी प्राथमिक कालीन कवि प्रतिभा हुन् । उनीले गद्य र पद्य दुवै शैलीमा कलम चलाएका छन् । शशिधरले प्राथमिककालीन प्रारम्भिक प्रतिभाका रूपमा देखा परेका विशेषः संस्कृत सधुक्कडी र नेपाली भाषामा कलम चलाएको देखिन्छन् । यिनलाई निर्गुण भक्तिधाराका जोसमनी सन्त सम्प्रदायका प्रर्वतकका रूपमा चिन्न सकिन्छ ।

## ४.२ महाप्रभु लक्ष्मीनारायण र उनका कविताकृतिको विश्लेषण

शशिधर स्वामीको ब्रह्मी भवनपछि उनका पुत्र लक्ष्मी नारायणले रेसुङ्गामा तप गरेका थिए । उनको जन्ममिति कसैलाई थाहा नभए पनि वि.सं.१९१० देखि रेसुङ्गामा बसी वि.सं.१९३९मा उनी ब्रह्मीभूत भए भन्ने कुरा प्रसिद्ध छ । जङ्ग बहादुरका छोरा ललितजङ्ग अर्घाखाँचीको ठाडामा जर्नेल पदमा नियुक्त भई त्यहाँ गएका बेला लक्ष्मी नारायणलाई महाप्रभु भन्ने पदवी दिएका थिए । एक पटक ललितजङ्गले यज्ञका निम्ति रू.९००-दिई ढोग गर्दा लक्ष्मी नारायणले दुनियाको भलाइमा खर्च गर्न भनी फर्काइ दिएका थिए । प्रधानमन्त्री जङ्ग बहादुर डोटीसम्म पुगेर आउँदा रेसुङ्गा पसी लक्ष्मी नारायणलाई १०८ असर्फी चढाएर ढोगिदिँदा पनि दुनियाँ कै भलाईमा खर्च गर्न भनी फर्काइ दिएका थिए । लक्ष्मी नारायणका 'शास्त्रकुसुमामृतम्' कृति र अन्य तीन कवितात्मक प्रबन्ध'गुर्वीस्तुती', 'मिश्रितपदोपनिषद्' र 'सांख्यविबृतिशास्त्रम्' (वि.सं.१९३७) लेखिएका छन् ।[३२] 'शास्त्रकुसुमामृतम्'मा ६७ श्लोक छन् । यस कृतिलाई हेर्दा उनले दार्शनिक ग्रन्थहरूको

[३२] पन्थी, टीकाराम. २०६०. 'श्री लक्ष्मीनारायण स्वामी र उनको शास्त्रकुसुमामृतम्'. तम्घास गुल्मी : रेसुङ्गाका आध्यात्मिक कृति किरण पुस्तकालय ।

यथेष्ट अध्ययन गरेको बुझिन्छ । प्रस्तुत प्रबन्धको लगभग आधा भाग ११औं श्लोकदेखि २७औं श्लोकसम्म प्रश्नोत्तरको रूपमा छ । बाँकी भागमा योग मार्गीय कुरा छन् । 'गुर्वीस्तुती' र 'मिश्रितपदोपनिषद्'का लेखक अर्घा निवासी निलाम्बर भुसाल हुन् भने 'सांख्याविवृतिशास्त्रम्'का लेखक योगकुमार थिए । यी दुवै लक्ष्मी नारायणका सहपाठी थिए । यी कृतिमा पनि उनको प्रभाव परेको छ । यी तीनै कृति संस्कृत भाषाका कृति हुन् । यी तीनै जनाको काव्य प्रबन्धको सङ्ग्रह 'रेसुङ्गा आध्यात्मिक कृति' भन्ने नाममा किरण पुस्तकालयले प्रकाशित गरेको छ । लक्ष्मी नारायण स्वामी ज्ञानयोगी हुनुका साथै कर्मयोगी लोकोपकारी समाजसेवी थिए । वास्तवमा महाप्रभु ज्ञानयोगी हुनुका साथै लोक सङ्ग्रही कर्मयोगी, समाजसेवी थिए । यसरी प्राथमिककालीन संस्कृत भाषाका कविता लेखनका अग्रणी लक्ष्मी नारायण शशिधर स्वामीका पुत्र भएको जानकारी पाइन्छ । उनी नेपाली भाषाभन्दा त्यस समयावधिमा प्रचलित संस्कृत भाषाका ज्ञाता थिए । उनका लेख रचना पनि संस्कृत भाषामा नै लेखिएको पाइन्छ ।

## ४.३ यज्ञ शर्मा सूरि र उनका कविताकृतिको विश्लेषण

यिनको जन्म वि.सं.१८००तिर भएको हो । कृष्णगण्डकी रिडी रूरूक्षेत्रमा बसी काव्य साधना गर्ने कवि यज्ञ शर्मा सूरि श्री ५ रण बहादुर शाह (१८३४-१८५५)का समकालीन मानिन्छन् । यी कविले 'श्रीचन्द्रसम्भव' महाकाव्य रचना गरेको पाइन्छ । यो संस्कृत भाषामा रचिएको छ । यो महाकाव्य १३ सर्ग, ५८२ श्लोक र ६४ पृष्ठमा विशेष समीक्षण सहित वि.सं.२०५८ मा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित भएको छ । प्राथमिककालीन कवि यज्ञ शर्मा सूरि संस्कृत भाषामा महाकाव्य समेत लेख्न अग्रसर देखिन्छन् । खास गरी प्राथमिक कालमा नेपाली भाषा भन्दा संस्कृत भाषा नै विशेष प्रयोग गरिएको पाइन्छ । गुल्मी जिल्लामा कविता परम्परा संस्कृत भाषा नै महत्वपूर्ण देखिन्छ ।

## ४.४ दधिराम मरासिनी र उनका कविताकृतिको विश्लेषण

वि.सं.१९३९ मा हालको अर्घाखाँची (तत्कालीन गुल्मी) मा जन्मिएका मरासिनीको मृत्यु वि.सं.२०२० मा भएको देखिन्छ । उनमा संस्कृत भाषाको प्रभाव आफ्नै परिवारबाट परेको पाइन्छ । उनमा मोतीराम भट्टको शृङ्गारिक कविताको प्रभाव परेको देखिन्छ । उनी बनारसमा पढ्दा नै 'कविता कल्पद्रुम'(१९६१/६२) कविता लेखीमा प्रकाशित गराएका थिए । यसबाट उनी शृङ्गारिक हुन् भन्ने कुराको पुष्टि पनि हुन्छ । उनको यस पत्रिकामा 'मदनोद्दीपिनी' र अर्को शीर्षक नभएको कविता समेत दुई शृङ्गारिक कविता नै प्रथम

प्रकाशित कविता हुन् ।[३३]वि.सं.१९६३ पछि कवि मरासिनी नेपाली साहित्यका प्राथमिककालीन प्रवृत्तिसँग गाँसिन पुगेका देखिन्छन् । खास गरेर भानुभक्तीय 'रामायण'को सरलभाव र उदात्त प्रस्तुतिकरणले गर्दा ग्रामीण समाजमा परेको प्रभाव उनका कवितामा पाइन्छ । उनका वि.सं.१९५८-वि.सं.१९८० बीचमा रचित १२ कविताहरू 'नेपाली भाषा श्लोक सङ्ग्रह' (२०२१) नामक पुस्तकमा सङ्कलित छन् ।[३४] मरासिनीका फुटकर कविता स्तोत्र, खण्डकाव्य र अन्य लेख रचनाहरू प्रकाशित छन् । उनका पुस्तकाकार कृतिहरूमा निम्न तीन खण्डकाव्यलाई लिन सकिन्छ :

१.श्री कृष्णद्मृतचरित्रम् -खण्डकाव्य,१९६५/२०२१

२. भक्तिविलास -खण्डकाव्य,२०२१

३. सदूपदेश -खण्डकाव्य,२०२१

उनका कविताका विषयहरू भगवद्भक्ति, उपदेश र स्तुति नै हुन् । उनी आस्तिक विचार र शास्त्र मर्यादालाई आधुनिक भनाउँदा पिँढीले नमानी जथाभावी गरेको कुराबाट असन्तुष्ट देखिन्छ ।[३५]साक्ष्य पङ्क्ति :

*लसुन प्याज, मदिरा, कुखुरा, खस*
*कसरी भन्नु अभक्ष्य यी हुन्भनी*
*दुध, दही, फलफुल, सरवत् खसी*
*सरह ठोक्नु इ कुरसी बसी*

## ४.४.१ श्री कृष्णद्मृतचरित्रम्

यो खण्डकाव्य वि.सं.१९६५मा लेखिए पनि वि.सं.२०२१ मा प्रकाशित भएको हो । यस खण्डकाव्यका निम्ति अपेक्षित जीवनको एक खण्डको चित्रण, कविताको मझौला रूप र आख्यानात्मक जस्ता खण्डकाव्यका तत्वहरू रहेकाले यसलाई खण्डकाव्य भन्न सकिन्छ । यस खण्डकाव्यमा पाँच सर्ग छन् । कवि दधिरामको यस खण्डकाव्यमा कृष्णभक्तिको सन्दर्भ छ । उनको कवितामा शृङ्गारिक धाराको प्रवृत्ति पाइन्छ ।[३६]साक्ष्य पङ्क्ति :

*कमल फुल्न तयार भइ कोपिलो*

---

[३३] ज्ञवाली, विष्णुहरि. २०५१. 'नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान'. अप्रकाशित स्नातकोत्तर शोधपत्र कीर्तिपुर : ने.के.वि.त्रि.वि. ।

[३४] लुइटेंल, खगेन्द्र प्रसाद.२०६० 'कविता सिद्धान्त र नेपाली कविताको इतिहास'. काठमाडमौं : ने.रा.प्र.प्रति. पृ.१९८

[३५] पन्थी, दीन. २०३९. 'लुम्बिनी अञ्चलका कवि र कविताबारे टिपटाप कुरा'.तम्घास गुल्मी : हाम्रो पुरुषार्थ ।

[३६] भट्टराई, धर्मेन्द्रनाथ. २०३९. 'दधिराम मरासिनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र . कीर्तिपुर :ने.के.वि.त्रि.वि ।

*भइगयो जब बेस्करिन ठूलो ।*
*युवतीको कुव भनै हुन पाउँदा*
*फुलि गएछ म ठान्दछु हस्कदा ॥*

### ४.४.२ भक्तिविलास

भक्तिविलास वि.सं.१९८०मा लेखिएको भए पनि 'नेपाली भाषा श्लोक सङ्ग्रह'(२०२१) मा  छापिएको रचना हो । यसमा केही आख्यान भए पनि त्यो त्यति सुसङ्गठित र शृङ्खलित हुन सकेको छैन । दधिरामले योगसिद्धि वा ब्रह्म साक्षात्कारलाई नै जीवनको लक्ष्य मानेकाले यो रचना सार्थक कोटिको नभएर साध्य कोटिको देखा पर्छ । यस खण्डकाव्यलाई 'कालिविलास', 'वैराग्यविलास','श्रीकृष्ण श्रीविग्रह वर्णन विलास' र श्रीकृष्ण लीला वर्णन विलास' समेत गरेर चार विलासमा विभाजन गरिएको छ । यी मध्ये पहिलो विलास र दोस्रो विलासमा कविले अनुभूतिको आख्यानीकरण गरेका छैनन् । तेस्रो र चौथो विलासमा भने पौराणिक विषयलाई लिएर संवादात्मक रूपमा अनुभूति प्रस्तुत गरिएकाले यहाँ चरित्र आदिको पनि अस्तित्व देखिन्छ ।

### ४.४.३ सदूपयोग

वि.सं.१९८०मै लेखिएको प्रस्तुत खण्डकाव्यमा पनि चार उपदेशहरू छन् । दधिरामको आयुवृद्धिका साथै उनका सोचाइमा आएका परिवर्तन अनुरूप भक्तिको चरम लक्ष्य अद्वैत ब्रह्मज्ञान र योगमार्गको महत्व यस खण्डकाव्यमा प्रकट भएको छ । यसरी कवि दधिराम मरासिनीले नेपाली साहित्यको आधुनिक कालको सूत्रपात भइसक्दा पनि माध्यमिक कालको नेटो नकाट्नु केही कारणहरू छन् । प्रथमतः कविले धार्मिक विचार ज्यादै पुरानो खालको छ र उनी त्यसैमा कट्टर विश्वास गर्छन् । यसैले उनले भाषा र शैलीको समसामयिक परिष्कारमा समेत चासो राखेका छैनन् । कवि मरासिनी गुल्मी जिल्लाका माध्यमिककालीन सशक्त प्रतिभा मानिन्छन् ।

### ४.५ रुक्माङ्गत पन्थी र उनका कविताकृतिको विश्लेषण

रुक्माङ्गत पन्थी तम्घासमा जन्मिएका दधिराम मरासिनीका समकालीन कवि हुन् । हालसम्म उपलब्ध प्रमाणका आधारमा **श्री रेसुङ्गा महात्म्य** (१९८४)  तम्घासबाट छापेर प्रकाशित गरिएको सबैभन्दा पहिलो साहित्यिक कृति देखिन्छ । यसमा रेसुङ्गाको महत्व, त्यहाँका प्राकृतिक छटा र त्यस समयमा रेसुङ्गामा यज्ञयज्ञादि गरी बस्ने ब्रह्मचारी यदुकान्तको चरित्र वर्णन छ । हाल यो कृति अप्राप्य छ ।

साक्ष्य पङ्क्ति :

*बाघ भालु वनियोल थार मृगको बथाल्छ भारी त्यहाँ*
*घुम्छन् भ्रमरा भूभूँकन गरी फुल्हेरूका झाडीमा ।*
*सुन्तोला कटहर अनार वडर अँबा वदम् कागती*
*चाक्सि दारिम दाष आम्र  पनि धोर्केरा जिमिर्नस्पति ॥*[३७]

कवि पन्थीको भाषामा स्थानीयताको प्रभाव छ । अशुद्ध नेपाली भाषाको प्रयोग र त्यस भित्र संस्कृत भाषाको पनि प्रभाव पाइन्छ । उनका कवितामा सनातन धर्मप्रति अन्धआस्था देखिन्छ । समय सापेक्ष दृष्टिबाट अध्ययन गर्दा साहित्यिक मूल्यता नपाइए तापनि समय, समाज र परिस्थितिको तत्कालीन झल्को दिने यस कविको ऐतिहासिक महत्व छ । माध्यमिक कालीन पन्थीमा पनि नेपाली भाषाभन्दा संस्कृत भाषाको बढी बाहुल्यता पाइन्छ । उनमा नेपाली भाषाको गद्यात्मक शैलीको प्रभाव पाइन्छ ।

## ४.६ शोभाकर ब्राह्मण ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

यिनी वि.सं.१९४४ मा गुल्मी जिल्लाको ओखलढुङ्गा भन्ने ठाउँमा जन्मी वि.सं.१९९९ मा मृत्यु भएका माध्यमिककालीन प्रतिभा हुन् । उनको प्रकाशित कृति 'ऐरावती भक्तिमाला '(१९८०), अप्रकाशित कृति 'गण्डकी महात्म्य' र अन्य फुटकर कविताहरू रहेका छन् । विद्वत कूलमा जन्मेका शोभाकर संस्कृत भाषा, साहित्य र दर्शनको गहन अध्ययन गरेका थिए । यिनी अर्थोपार्जनका लागि वर्मा पनि पुगेका थिए । मातृभूमि छाडेर प्रवास पुगेका कविमा मातृभूमि र मातृभाषाप्रति अटुट आस्था रहेको देखिन्छ । वर्मामै बस्दा यिनले वि.स.१९८० मा 'ऐरावती भक्तिमाला' काव्य कृति रचना गरेका थिए ।[३८] साक्ष्य पङ्क्ति:[३९]

*आश्चर्यको भय विनिर्मित सो सभामा*
*भिमसेनले हिसि गरी रिस परदामा ।*
*लिये सुयो धनजितले तहिबाट सेखी*
*पैदा नगर्नु झगडा कहि आफुदेखि ।*
*पाई कुमारीकन बेची कमारी पान*
*व्यापार धिक् हरिहरि नपढी बिगार्ने ।*
*धेरै विवाह गरिने धनीले विथाह*
*अन्याय भो गरीबको नहुने विवाह ॥*

---

[३७] पन्थी , दीन. २०३९. 'लुम्बिनी अञ्चलका कवि र कविताबारे टिपटाप कुरा'. हाम्रो पुरुषार्थ . तम्घास गुल्मी : किरण  पुस्तकालय ।

[३८] पन्थी, दीन.२०६२.'विस्मुत हुन थालेका शोभाकर शर्मा'.हाम्रो पुरुषार्थ. तम्घास गुल्मी : किरण पुस्तकालय पृ ६० ।

[३९] शास्त्री , गोकर्णराज. २०३९.'गुल्मेली चार प्रतिभा बारे चार कुरा'. लुम्बिनी अञ्चलका साहित्य र साहित्यकार . हाम्रो पुरुषार्थ. पृ.११९ ।

यो श्लोकले नै कवि ब्राह्मणमा भएको विलक्षण कवित्व प्रतिभाको परिचय दिन्छ । उनी दासप्रथा, बहुविवाह जस्ता सामाजिक विकृतिहरूका कट्टर विरोधी थिए । कवि शोभाकरले 'गण्डकी महात्म्य' पनि लेखेका थिए । यसमा रेसुङ्गा, शृङ्गा, रिडीका गुफा र गण्डकीको महत्व दर्साइएको छ तर यो कृति प्रकाशन हुन् सकेको छैन । समय र परिस्थितिले साथ दिएको भए उनको 'ऐरावती भक्तिमाला' र 'गण्डकी महात्म्य' कृति गुल्मी जिल्लामा मात्र नभई नेपाली साहित्यमा विचरण योग्य बन्न सक्ने देखिन्छ ।

कवि शोभाकर ज्ञवालीको 'ऐरावती भक्तिमाला' काव्यकृति वार्णिक छन्दमा लेखिएको भक्तिकाव्य हो । यसमा अनुष्टुप, वसन्ततिलका, शिखरिणी, द्रूतविलम्वित र शार्दूलविक्रीडित आदि छन्दको प्रयोग गरिएको छ । यसमा जम्मा ३३२ श्लोकहरू रहेका छन् । उनका काव्यको मूल कुरा धार्मिक रहे पनि यसमा पर्याप्त सामाजिक भावना र युगबोध देखिन्छ । यस काव्यमा नेपाली समाजको दुरावस्था, अभाव, दारिद्रय, अशिक्षा, बालविवाह र बहुविवाह जस्ता कुरीतिमाथि व्यङ्ग्य र आलोचना छ । यस काव्यले नारी शिक्षामा जोड दिँदै महिलाहरू गहनाका दासी बन्न नहुने उपदेश दिइएको छ ।

साक्ष्य पङ्क्ति :

*हारेर शील-गुणरत्न सतीत्व आदि*
*चिन्ता छ नारिकन आज सुवर्ण चाँदी ।*
*चम्काउनु छ गहनाधरी चोर-दृष्ट*
*विद्याविना छ अरू भूषण पैह्रि कष्ट ॥*

यिनले कविताको माध्यमबाट देशप्रेम, देशोन्नति, सामाजिक सुधार र मर्यादापूर्ण जीवनको लागि सुमधुर उपदेश दिएका छन् । उनी सामाजिक कुरीति र विकृतिहरूका कट्टर विरोधी थिए । उनले बालविवाह बहुविवाह र दासप्रथाजस्ता कुरीतिहरूको खुलेर विरोधी गरेका छन् । उनी उद्योग र इलमतिर लाग्नुपर्छ भन्छन् । सियो र सलाई जस्ता साना समानहरू पनि विदेशबाट ल्याउनुपर्ने नेपालको दयनीय अवस्थाप्रति चिन्तित देखिन्छन् । यस्ता स्वावलम्बी र समृद्ध नेपालका स्वप्नद्रष्टा कवि एकताका पक्षपाती मानिन्छन् । साक्ष्य पङ्क्ति :[४०]

*सियो परन्तु सुजिले शिरमा धरेको*
*कैंची छ पादत्तलले किन हो कुचेको ?*
*हो जोड्ने सहज उच्च बनी रहेको*
*जो फोड्ने छ बुझ नीच भनी कहेको ।*

---

[४०] पन्थी, दीन. २०६२. ऐजन ।

माथिको कवितामा उच्च र निच बीचको भिन्नता स्पष्ट पारिएको छ । सियो जुन दुई वस्तुलाई जोड्ने काम गर्दछ भने कैंची जुन दुई वस्तुलाई छुट्याउने काम गर्दछ भनेर स्पष्ट पारेका छन् । ज्ञवालीको साहित्यिक योगदान गुल्मी बासीका लागि मात्र नभएर देशकै लागि स्मरणीय मानिन्छ । माध्यमिक कालीन कवि पद्यात्मक शैलीका कविता लेखनमा सक्रिय देखिन्छन् । उनले कवितामा प्रतीक र बिम्बको सटिक प्रयोग गरेको पाइन्छ । गुल्मेली कविका रूपमा उनी अतुलनीय प्रतिभा बन्न पुगेका छन् ।

## ४.७ टेकराज उपाध्याय ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

टेकराज उपाध्याय ज्ञवालीको जन्म वि.सं.१९६०मा गुल्मी जिल्लाको मानकोटमा भएको हो । उनी अंग्रेजी र संस्कृत भाषाका ज्ञाता थिए । वि.सं.१९७५मा उनका गुरु जीवनाथ परलोक हुँदा रचना गरेको 'विरहावली' कविता भजन पुस्तिकामा समावेश छ । वि.सं. २००५ मा मानकोटमा विद्यालय स्थापना गरी पठनपाठनको व्यवस्थाका साथै सामाजिक कार्यमा उनको सहयोग अविस्मरणीय छ । उनले वि.सं.२०३६ मा 'प्रार्थना' भन्ने भजन पुस्तिका प्रकाशित गराएका थिए । यसमा दश कविताहरू छन् । उनको निधन वि.सं.२०४४मा काशीमा भएको हो । व्यवहारिक जञ्जालले मान्छेलाई कसरी बाँधेको छ भन्ने कुरा उनका यस कवितांशबाट बुझ्न सकिन्छ ।[४१]

साक्ष्य पङ्क्ति :

*यो नागपाश बलियो छ कसी रहेछ ।*
*जञ्जालले पनि भुलाई बसी रहेछ ॥*
*यस्मा विचार गरि बक्सनु पर्छ आज ।*
*भन्दै रुँदै शरण पर्दछ टेकराज ॥*

मानवले आफ्नो व्यस्तताको कारण सबै कुरा भुली रहेको कुरा उनी माथिको पङ्क्तिबाट बताउन पुग्छन् । मानिसले आफू भोलि संसारबाट विदा हुने कुराको सम्झना गर्दैन भनी कविले आफू ईश्वरको शरणमा पर्दै आफ्ना भुल र विवशतालाई क्षमा माग्न विवश देखिन्छन् । माध्यमिककालीन कवि प्रतिभा ज्ञवालीको भजन र कविता प्रकाशित छन् ।

## ४.८ उमानाथ पन्थी र उनका कविताकृतिको विश्लेषण

वि.सं.१९६४ मा पिता ढुण्डिराज र माता गौरीदेवीका काखबाट गुल्मी जिल्लाको धुरकोटमा जन्मिएका उमानाथ पन्थी संस्कृत र नेपाली भाषाका ज्ञाता थिए । उनले

[४१] पन्थी, शशि. २०६२. 'गुल्मीका केही साहित्यिक प्रतिभाहरू'. काठमाडौं : गुल्मी परिचय. गुल्मेली समाजपृ.५८ ।

वि.सं.१९८५ देखि वि.सं.२००२ सम्म रिडी संस्कृत पाठशालाका प्रधानाध्यापक भएर सेवा गरेका थिए । उनको 'गण्डकी गौरवम्', 'हृषी केशाष्टकम्' र 'रामनामभवम्' तीन संस्कृत काव्य एउटै पुस्तकमा सङ्ग्रहित छ । यिनले नेपाली भाषामा फुटकर कविता लेखेका छन् ।

## ४.९ भीमकान्त पन्थी र उनका कविताकृतिको विश्लेषण

भीमकान्त पन्थीको जन्म पिता पं. देवी प्रसाद पन्थी र माता नन्दन कुमारी देवीबाट वि.सं.१९७८ मा गुल्मी जिल्लाको धुरकोट बडाचौरमा भएको हो । प्राथमिक शिक्षा पिताबाट घरमै पाएका पन्थी वि.सं.१९९६ मा रानीपोखरी संस्कृत प्रधान पाठशालाबाट लिइएको प्रथम परीक्षामा सर्वप्रथम भएका थिए । बनारसबाट वि.सं.२०११ मा शास्त्री परीक्षा उत्तीर्ण गरेका पन्थीले संस्कृत साहित्यमा महत्वपूर्ण योगदान पुऱ्याएका छन् । उनको वि.सं.२०५८ मा निधन भएको थियो । उनका १.जगदम्बिका वैभवम्-महाकाव्य२०५५, २.जगदीश्वर वैभवम-महाकाव्य,२०५५, ३.विविधपद्यावलि- कविता सङ्ग्रह, २०५७ प्रकाशित छन् ।[४२]

उनका एउटा कथा, केही समालोचना र फुटकर लेख रचनाहरू विभिन्न पत्रपत्रिकामा रहेका छन् । पिताको संस्कृत प्रभाव र गुरु कालीदास पराजुलीको प्रेरणाका कारण उनी कविता सृजनामा अग्रसर भएका देखिन्छन् । माथिका तीन कृतिमध्ये दुई कृति संस्कृत भाषामा र 'विविधपद्यावली' कवितासङ्ग्रहमा संस्कृत भाषाका साथै अन्तिममा केही कविता नेपालीमा सङ्गृहीत छन् । नेपालीमा लेखिएको उनको 'आयो साउन' शीर्षकको कविताको एउटा साक्ष्य कवितांश :[४३]

*आयो साउन जल बर्साउन*
*पृथ्वी रसाउन, नदी सर्साउन*
*दुःखी तर्साउन, सुखी हर्षाउन*
*धान फर्साउन, मकै भर्साउन ॥*

यसमा साउन महिनामा कृषकहरूले भोग्ने दुःख र सुखको वर्णन छ । उनले साउनलाई धान र मकै जस्ता बालीहरू पाक्ने बेलाका रूपमा प्रस्तुत गरेका छन् । उनको 'विविधपद्यावलि' कवितासङ्ग्रहमा पन्ध्रवटा नेपाली भाषाका कविता सङ्गृहीत छन् । त्यी हुन् :-शिक्षाको महत्व, हाम्रो देश, शान्तिक्षेत्र, युवाविचार, मेरो खेत, मेरो फेसन, क्षेत्रपाल पूजा, पुत्रीको विलाप, अमरभूमिप्रति, नाबालक योगीकाप्रति, मानवत्व, वेदान्त तत्व, विचित्र गुफा, समागम र फुटकर कविता । यी कविताहरूमा पन्थीले आफ्ना भाव र विचारहरू प्रस्तुत गर्दा

---

[४२] पन्थी ,डा. लक्ष्मीकान्त .२०६८. रामहिटी काठमाडौं : प्राप्त अर्न्तर्वाताबाट ।

[४३] रिजाल, सीता. २०६५. 'भीमकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन'. अप्रकाशित स्नातकोत्तर शोधपत्र . कीर्तिपुर : ने.के.वि.त्रि.वि. ।

आफ्ना कवितामा कविकथन र कविनिबद्ध वक्तृकथनको माध्यम अँगालेका छन् । 'मेरो खेत', 'मेरो फेसन' र 'युवाविचार' कवितामा कविकथनको प्रयोग गरिएको छ । साक्ष्य पङ्क्ति :

*निद्राले म रुँदा आमा मुखमा क्यै किलाउँथिन*
*भोकले कहिले रुन्थें सुताई थम्थमाउँथिन् ।*

(युवाविचार, श्लोक-४)

यसमा एक श्लोकदेखि बढीमा अठार श्लोकसम्मका कविता सङ्गृहीत छन् । यी कविता शास्त्रीय छन्दमै लेखिएका छन् । उनका कवितामा वसन्ततिलका, शालिनी, अनुष्टुप, शार्दूलविक्तीडित, मालिनी, दूतविलम्बित, स्रग्धरा, वियोगिनी र स्वागता जस्ता छन्दको प्रयोग गरिएको छ ।

साक्ष्य पङ्क्ति :-

*हिमाल चुलीको काखभित्र मेची र कालीको*
*बीचमा यो छ नेपाल पूर्व पश्चिम फैलियो (शान्तिक्षेत्र-१) ।*

यसरी भीमकान्त पन्थी आधुनिक कालका सशक्त प्रतिभा मानिन्छन् । विशेषत कवि पन्थी संस्कृत भाषाका लेखनमा अग्रसर देखिएता पनि नेपाली भाषामा पनि कविता लेखि गुल्मी जिल्लाको कविता विकासमा सफल प्रतिभा कहलाउँछन् । पद्य शैलीमा कविता लेख्ने कविले छन्द र प्रतीकको समेत विशेष ध्यान दिएको पाइन्छ । उनी गुल्मी जिल्लाको प्राकृतिक छटाबाट प्रभावित भएर कविता लेखेको पाइन्छ ।

## ४.१० नीलाम्बर पन्थी र उनका कविताकृतिको विश्लेषण

नीलाम्बर पन्थीको जन्म पिता पं. देवी प्रसाद पन्थी र माता नन्द कुमारी पन्थीका पाँचौ पुत्रका रूपमा गुल्मी धुरकोट बडाचौरमा वि.सं.१९८४ मा भएको हो । पाँच बर्षसम्म आफ्नै पिताबाटै शिक्षारम्भ गरेका पन्थीले वि.सं.२०१९ देखि साहित्य लेखानारम्भ गरेको देखिन्छ । कविता विधाबाट साहित्य यात्रामा यात्रारत पन्थीले कथाकहानी, निबन्ध, संस्मरणात्मक लेखहरू, उपन्यास र खण्डकाव्य विधामा समेत कलम चलाएका छन् । उनका हालसम्म१.जीवनको आशा-उपन्यास,२०५८, २.विवेक-उपन्यास, २०५८, ३.पन्नगा परिकथा-खण्डकाव्य,२०६०, ४.माया महिमा-पद्यसङ्ग्रह,२०६४ प्रकाशित छन् ।

कवि पन्थीले महाकवि कालिदासको 'कुमार सम्भव' महाकाव्य र प्रसिद्ध नीतिशास्त्री भर्तृहरिको 'शृङ्गार सतक', 'नीतिसतक' र 'वैराग्य सतक'लाई संस्कृत भाषाबाट नेपाली भाषामा अनुवादे गरी 'भर्तृहरि सुभाषित सङ्ग्रह' (२०६४)का रूपमा प्रकाशित गरेका छन् ।

यी बाहेक उनका अन्य काव्यकृति तथा लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

## ४.१०.१ पन्नगा परिकथा

प्रस्तुत **पन्नगा परिकथा** (२०६०) कृतिमा कवि पन्थीले 'जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी' अर्थात जन्मभूमि र जननी (माता) स्वर्गभन्दा प्यारा हुन्छन् भन्ने कुरा व्यक्त गरेका छन् । यसमा अतीतको स्मरण गरिएको छ अनि दुई प्रेमिका  गगन र मञ्जुको दिर्घायुको कामना गरिएको छ । यो खण्डकाव्य वि.सं.२०१९ तिर लेखिएको भए पनि पात्र र चरित्र चित्रण हेर्दा वि.सं.२००७ भन्दा अगाडिको देखिन्छ । यसमा उपस्थित नायक गगन बनारस पढ्न जानु र मञ्जु नायिकाको वेशभूषालाई हेर्दा राणाकालीन समय तिरको कथा हो भन्न सकिन्छ ।

प्रस्तुत खण्डकाव्यलाई पाँच खण्डमा लेखिएको छ । यसमा गगन र मञ्जुको भेटघाट पन्नगा नदीको तिरमा रहेको जङ्गलमा भएको, उनीहरू बीच प्रेमालाप बढ्दै गएको तर यसै बीचमा गगन बनारस गएको अनि बनारसबाट पुनः फिर्ता भएपछि प्रेमालाप प्रकट भएको विषयवस्तु छ । उनीहरू दुई बिच विवाह भए नभएको कुरा कविले उल्लेख गरेका छैनन् । प्रेमलाई अमर बनोस् भन्दै कवि भन्दछन् । साक्ष्य पङ्क्ति :

*गगन मञ्जुको प्यारको दियो*
*अमर भै बलोस् कामना थियो ॥* (पन्नगा परिकथा,५-१७)

यसमा २३२ वटा पद्य छन् । यी सबै पद्यहरू संस्कृत  शास्त्रीय नियममा आबद्ध छन् । प्रस्तुत काव्यमा शिखरिणी, मालिनी, द्रूतविलम्बित, स्वागता र वसन्ततिलका छन्दको प्रयोग भएको पाइन्छ । यो काव्य पाँच खण्डमा संरचित छ । कवि पन्थीले यस खण्डकाव्यमा उपमा, रुपक र यमक जस्ता अलङ्कारको प्रयोग गरेका छन् । साक्ष्य पङ्क्ति :

*हँसिला खुसीला दुवैका मुहार*
*जुटेका लुटेका दुवैका विचार ।*
*मसीना मसीना कणाले निधार*
*भरी मोतिका विन्दु टल्के निहार ॥* (पन्नगा परिकथा,५-१९)

कविले यस खण्डकाव्यमा आफू जन्मेको स्थान नजिक रहेको 'पन्नगा' नदीको वरिपरिको प्रकृतिको चित्रण गरेका छन् । यसमा कविले क्षेत्रिय परिवेशको चित्रण गरेका छन् । यस खण्डकाव्यलाई संरचनात्मक रूपले हेर्दा यस कृतिलाई पाँच खण्डमा बाँडिएको  छ ।

यसमा  २३२ वटा श्रुतिमधुर कविता संरचित छन् । कविले यस खण्डकाव्यमा आफ्नो जन्मभूमिप्रतिको माया व्यक्त गरेका छन् ।

## ४.१०.२ माया महिमा

प्रस्तुत **माया महिमा** सङ्ग्रहमा पन्थीका विभिन्न शीर्षकका कविताहरू सङ्गृहीत छन् । माया, नैतिक, अर्ती, सप्ताह यज्ञ, कस्तो वेदना, नौलो माया, कलि, चिठी, उदय, उषा, निशा र सीता, यौवन र सुमन, बस्तीवन सीमा पन्नगा आदि शीर्षकका कविता यसमा सङ्गृहीत छन् । यसमा रहेका बाह्र कवितामा  प्रणय विषय र प्राकृतिक सौन्दर्यको वर्णन छ । यी कविताको उद्देश्य कवितामा दर्शन, चिन्तन र परिवर्तनका दिशातर्फ उन्मुख गराउनु रहेको छ । कवि पन्थी समाजको यथार्थ चित्रण गर्दै यस सङ्ग्रह मार्फत समाजलाई गतिशील बनाउन माया र प्रेमको आवश्यकता औँल्याउन पुग्छन् ।

यसरी कवि पन्थी कविता विधाको खण्डकाव्य प्रकाशन गर्ने आधुनिक स्रष्टा हुन् । प्राकृतिक सौन्दर्यबाट आकर्षित कवि पन्थीले यस कृतिमा प्रणय प्रेम तथा प्रकृति प्रेमलाई आफ्नो कविताको मुख्य विषयवस्तु बनाएका छन् । उनी कविताको माध्यमबाट समाज परिवर्तनको लागि  सन्देश दिन्छन् । पद्यात्मक शैलीमा कविता लेख्ने कवि पन्थीले विभिन्न छन्दको प्रयोग गरेका छन् । कवि पन्थीको वि.सं.२०६४मा निधन भएको थियो । कवि पन्थी संस्कृत भाषाका पारखी हुन् । उनले संस्कृत भाषा मात्र नभई नेपाली भाषामा समेत काव्य लेखेका छन् । उनी लेखनाथ, लक्ष्मी प्रसाद र माधव घिमिरे जस्ता कविहरूका शैलीबाट प्रभावित छन् । कविले संस्कृत तत्सम शब्दको अत्यधिक प्रयोग गरेका छन् तापनि नेपाली तद्भव शब्दहरूको प्रयोग गर्न पनि उनी पछि परेका छैनन् ।

## ४.११ टीकाराम पन्थी र उनका काव्यकृति

टीकाराम पन्थीको जन्म वि.सं.१९९३ मा अर्खले-८, भाडगाउँ गुल्मीमा भएको हो । यिनले वि.सं.२०२४ मा विद्यावारिधिको उपाधि प्राप्त गरेका हुन् । यिनले बनारस, गुल्मी, वाग्लुङ, पाल्पाका महाविद्यालय क्याम्पस आदिमा प्राध्यापन कार्य गरी महेन्द्र संस्कृत विश्वविद्यालयमा वि.सं.२०४८ देखि वि.सं.२०५२ सम्म शिक्षाध्यक्ष भएर शैक्षिक क्षेत्रमा दीर्घकालसम्म सेवा गरेका छन् । वि.सं.२०४७ मा त्रिभुवन विश्वविद्यालयको सहप्रध्यापक भई हाल शैक्षिक क्षेत्रबाट अवकाश लिएका डा. टीकाराम पन्थी वि.सं.२०५६ देखि वि.सं.२०६१ सम्म नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको सदस्य बने । वि.सं.२०६६ मा साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउँदा पुऱ्याउँदै कवि पन्थीको निधन भएको थियो उनले

१.केही जनश्रुति -निबन्धसङ्ग्रह, २०४१, २.घिड्किलो-कथासङ्ग्रह, २०५८ र ३.भाषिक चिन्तन -लेखसङ्ग्रह, २०६० जस्ता कृतिहरू नेपाली भाषामा तथा १.रूरूवृत्तम-२०२१, २.नेनेपाल-२०३९, ३.अश्रृपहार-२०३९, ४.सुधर्मा-२०४०, ५.बुद्धस्मरणम्-२०५३, र ६.मङ्गल ग्रह -२०५७ आदि संस्कृत भाषामा प्रकाशित छन् । [४४]

पन्थी नेपाली र संस्कृत दुवै भाषामा कलम चलाउने प्रतिभा हुन् । उनको कविता विधा भने संस्कृत भाषामा खण्डकाव्य स्तरसम्म पुगेको र नेपाली कविताकृतिहरू देखिएका छैनन् । विभिन्न ग्रन्थकारका नेपाली ग्रन्थमा उनले समीक्षात्मक भूमिका लेखेका छन् । अनुसन्धान, भाषा, व्याकरण, समालोचना, कथा र कविता सबै क्षेत्रमा उनको कलम चलेको देखिन्छ । आधुनिक कालका संस्कृत काव्य सृजनाका अग्रज विद्वानका रूपमा टीकाराम पन्थी गुल्मी जिल्लामा मात्र नभई नेपाली साहित्य जगत्मा नै सुपरिचित स्रष्टा मानिन्छन् ।

## ४.१२ लक्ष्मीकान्त पन्थी र उनका कविताकृतिको विश्लेषण

लक्ष्मीकान्त पन्थीको जन्म वि.सं.२००८ मा धुरकोट गुल्मीमा भएको हो । यिनले वेदान्त दर्शन र धर्मशास्त्रमा आचार्य तथा संस्कृत र नेपाली साहित्यमा एम.ए गरी विद्यावारिधिको उपाधि समेत लिएका छन् । हाल उनी काठमाडौं चावहिलमा स्थायी रूपले बसोबास गर्दै आएका छन् । उनी साहित्य लेखनका साथै प्राध्यापन कार्यमा संलग्न छन् । उनका १.प्राकृत पोखरा -वणनात्मक काव्यम्,२०६२ (अनूदित), २. हठयोग प्रदीपिका- योग दर्शन, २०६७ (अनूदित) र ३.ऋतुविचार - खण्डकाव्य,२०६२ (अनूदित) प्रकाशित छन् ।[४५]

प्राकृत पोखरा' कवि मुकुन्द शर्मा उपाध्यायको नेपाली कविताबाट संस्कृत भाषामा अनूदित कृति हो । 'हठयोग प्रदीपिका' योगदर्शन सम्बन्धी संस्कृत भाषाबाट नेपाली भाषामा अनुवाद गरिएको कृति हो । संस्कृत भाषाका विद्वान पन्थीले कवि शिरोमणि लेखनाथ पौड्यालको 'ऋतुविचार' खण्डकाव्यको समेत संस्कृत छन्दमा अनूदित गरी वि.सं.२०६२मा प्रकाशित गरेका छन् । हाम्रो नेपाली भाषाको उद्गम नै संस्कृत भाषाबाट भएको कारण पौड्यालको खण्डकाव्यलाई संस्कृतमा अनूदित गर्नु उनको महत्वपूर्ण कार्य बन्न पुगेको छ । उनको १.जीवन दर्शनम्-जीवन दर्शन, २.लक्ष्मी वैभवम् -खण्डकाव्य, ३.सारस्वतवैभवम्-खण्डकाव्य , ४.वंशदर्शनम्-खण्डकाव्य, ५.जननी वैभवम्-संस्कृतकाव्य, ६.कृष्णजीवन दर्शन-पद्यकाव्य, ७. नेपालमा संस्कृत साहित्यको इतिहास -खोज अनुसन्धानात्मक कृतिहरू

[४४] पन्थी, शशि. २०६२. 'गुल्मीका केही साहित्यिक प्रतिभा'. गुल्मी परिचय. काठमाडौं गुल्मेली समाज.पृ.५६/५७

[४५] शोधनायक कै अन्तर्वाताबाट ।

प्रकाशोन्मुख अवस्थामा रहेका छन् । उनी समय र समस्यालाई पार लगाउँदै यी कृति छिट्टै प्रकाशन गर्ने कुरा बताउँछन् । यसरी वि.सं.२०२५ बाट साहित्य यात्रा प्रारम्भ गरेका आधुनिक कवि पन्थीका अधिकांश कृतिहरू नेपालबाट संस्कृतमा अनूदित भएपछि उनमा आफ्नै मौलिकता पाउन सकिन्छ । आफ्ना पिताको संस्कृत भाषाको प्रभाव उनमा पनि परेको छ । विभिन्न पत्रपत्रिकाहरूमा लेख रचना प्रकाशित गर्नुले पन्थी साहित्य क्षेत्रमा अनुरागी बनेका देखिन्छन् ।

## ४.१३ रविलाल शर्मा कँडेल र उनका काव्यकृति

गुल्मी जिल्लाको अमर अर्वाथोकमा जन्मिएका रविलाल शर्माको 'रविकृत रामायण (२०१२ अघि) कृति बनारसमा लगेर छापेको देखिन्छ । यसको दोस्रो संस्करण  वि.सं.२०५३ मा प्रकाशित भएको छ । रामायणबाट प्रभावित भई राम र सीताको चरित्रलाई लोकलयमा गाउँ-गाउँमा प्रचार गर्ने काम रविलालले गरेका हुन् । यो गुल्मी जिल्लाको पहिलो गीतिकाव्य हो ।[४६] कवि रविलालका भजन सरस छन् । उनका कृतिले सहृदयी पाठकलाई धुरुक्क रुवाएर छाड्छ । आधुनिक कविताको विकृतिले कवितालाई अठ्याँएको बेला कविता जनताका लागि आकासको फल बन्न पुग्यो । यसरी कविता सर्वसाधारणले छोइ नसक्नु भएको बेला रविलालका भजनले मानव हृदयमा गर्मीमा वर्षाको काम गरेको छ । वनमा गाईं चराउने गोठालाहरूले ऐँसुले खाँदै रनवन गुञ्जाउँदै उनका भजन यसरी गाउँछन् । साक्ष्य पङ्क्ति :

*बाटामाकी ऐँसेलीले सीता देखे थेउ*
*लग्य दृष्ट राउन्नेले सुनसरी जिउ ।*
*चाँदी वर्ण फुलिगयो सुनै वर्ण पाक*
*आउने जानेलाई खान दिये, तिम्रो निमेक राखे ॥*[४७]

यसरी चेतन, अचेतन र जडको समेत वास्तै नराखी सीताको खोजीमा पागल भएका रामको प्रेम विव्हलताले यस कृतिमा मौलिकता थपेको छ । यसरी भजन क्षेत्रमा अग्रसर कँडेल गुल्मी जिल्लाका साहित्यिक व्यक्तित्व हुन् ।

## ४.१४ युवराज शर्मा र उनका कविताकृतिको विश्लेषण

युवराज शर्मा गौतमको जन्म पिता जीवनाथ उपाध्याय र माता कान्तिमतीका जेठो सन्तानका रूपमा वि.सं.१९९६ मा म्यान्मारमा भएको हो। पिताको जागिरको सिलसिलामा

---

[४६] पन्थी, शशि. २०६२. ऐजन.पृ.७२ ।

[४७] पन्थी, दीन. २०३९.'लुम्बिनी अञ्चलका साहित्य साहित्यकार विशेषाङ्क.' तम्घास गुल्मी : हाम्रो पुरुषार्थ ।

उनी विदेशमा जन्मिए पनि उनले आफ्नो बाल्यकाल र शिक्षादीक्षा गुल्मीबाटै आरम्भ गरेका हुन् । उनका पिता संस्कृतिका विद्वान भएको कारण पिताबाटै शिक्षा आरम्भ गरेको देखिन्छ । यिनले वि.सं.२०२१ मा सम्पूर्णानन्द विश्व विद्यालय बनारसबाट आचार्य तह उत्तीर्ण गरे । उनी वि.सं.२०२१ मा शाखा अधिकृतमा नाम निकाली जागिरे जीवनमा प्रवेश गरे ।[४८]

गौतमको पैतृक लुम्बिनी अञ्चलको गुल्मी जिल्लाको गा.वि.स.-२ भए पनि उनी हाल काठमाडौँ महानगरपालिका बहरमहल, थापाथलीमा घर बनाइ बसोबास गर्दै छन् । वि.सं.२०२४ देखि जागिरमा प्रवेश गरेका गौतम सचिव जस्तो विशिष्ट श्रेणीमा पुग्न सफल भए । यिनले वि.सं. २०५८ देखि जागिरे जीवनबाट अवकाश लिएका छन् ।[४९] गोपिकृष्ण शर्माको प्रेरणा प्राप्त गरेका युवराज शर्मा गौतम बनारसमै छँदा वि.सं.२०१६/१८ मा **बिहानी पख**भन्ने पत्रिकामा प्रकाशित **महात्मा गान्धीप्रति** कविता औपचारिक रूपमा प्रकाशित पहिलो रचना हो । उनी लेखनाथ र माधव घिमिरेको सामिप्यका कारण साहित्यिक प्रेरणा जागृत भएको उनी बताउँछन् । उनका १) नेपालमा चियाखेतीको विकास एक विश्लेषण-अनुसन्धनात्मक,२०४५, २) अत्रिवंश शतक-खण्डकाव्य,२०५९, ३) तीर्थपर्यटन-निबन्ध,२०६१,४)कालीगण्डकी-खण्डकाव्य,२०६२ र ५) ऋतुदर्शन-खण्डकाव्य,२०६३ जस्ता कृतिहरू प्रकाशित छन् ।

यसरी गौतमका पाँच पुस्तककार कृति र अन्य विभिन्न पत्रपत्रिकामा दुई दर्जनभन्दा बढी फुटकर रचनाहरू प्रकाशित भइसकेका छन् । साहित्य अनुरागी गौतम लेखनमा शास्त्रीयतावादी कवि हुन् तर पनि यिनको लेखनमा स्वच्छन्दतावादको प्रभाव देखिन्छ ।

---

[४८] शर्मा गौतम, युवराज २०६८. बगरमहलमा भएको अर्न्तवार्ता अनुसार ।

[४९] ऐजन ।

### ४.१४.१ अत्रिवंश शतक खण्डकाव्यको विश्लेषण

युवराज शर्मा गौतमका **अत्रिवंश शतक**(**२०५९**) पहिलो खण्डकाव्य हो । अत्रिवंशका मूलपुरुष अत्रि र उनकी पत्नी अनुसूयाको आदर्श रूप एवं आफ्नो वंशको उत्थान गर्नुपर्छ भन्ने विचार र प्रभाव नै यस कृति रचनाको मुख्य प्रेरणा स्रोत हो । अत्रिवंशका आदिदेखि आत्रेय, अर्चनास हुँदै अत्रृभद्रदेखि हाल सम्मका ५० पुस्ताको संक्षिप्त वर्णन **अत्रिवंश शतक**मा गरिएको छ । **अत्रिवंश शतक** खण्डकाव्यमा सात उपशीर्षकलाई सर्गको रूपमा राखिएको छ । जम्मा १०८ श्लोक सङ्ख्या भएको ,२९ पृष्ठमा बाँधिएको यो पूर्ण खण्डकाव्य हो । यस खण्डकाव्यमा अत्रिवंशमा हुने अन्य थर र गौतम थरको चर्चा गरिएको छ र अन्त्य भागमा सज्जन र विज्ञहरूसँग यो खण्डकाव्यमा कुनै कमीकमजोरी भए सुझाव दिन आग्रह गरिएको छ । साक्ष्य पङ्क्ति :

*राख्दो छु, विज्ञ जनमा पढि हेर्नुहोस्*
*हेर्दा, सुझाव तलमाथि भए दिनोस*
*पाएपछि, थप- घटै गरूँला पछाडी*
*यो 'अत्रिवंश शतकै' छ यहाँ अगाडि ॥* (उपसंहार,श्लोक-१०८,पृ.२९)

**अत्रिवंश शतक** खण्डकाव्यमा अनुष्टुप र वसन्ततिलका छन्द प्रयोग गरिएको छ । यसको सुरु १०६ श्लोक अनुष्टुप छन्द र अन्त्यका दुई श्लोक वसन्ततिलका छन्द छ । छन्द प्रयोगमा शास्त्रीय नियम, गति, यति र लयको पालना गरी सहज र स्वस्फूर्त रूपमा काव्यमा सिर्जना गरिएको छ । साक्ष्य पङ्क्ति :

अनुष्टुप छन्द-

*को हुन् ? पूर्वज हाम्रा ती पैले बस्थे कहाँ-कहाँ ?*

*आए पुर्खा कहाँबाट ? पैले बास गरे कहाँ ?(अत्रिवंश शतक, श्लोक-१,पृष्ठ-१)*

वसन्ततिलका छन्द-

*हो वंश वर्णन कथाहरूले भरेको*
*ती मान्य कार्यहरू पुर्वजले गरेको ।*
*पुर्खा उदात्त गुणले परिपूर्ण भारी*
*खोजी, गवेषण गरेर तयार पारी ॥(उपसंहार, श्लोक-१०७, पृष्ठ-२९)*

**अत्रिवंश शतक** खण्डकाव्यमा गौतम नै उपस्थित भएका छन् । उनकै प्रौढोक्तिका रूपमा यो खण्डकाव्य आएको छ । यस खण्डकाव्यमा अलङ्कारको आयोजित प्रयोग भेटिदैन

ठाउँ-ठाउँमा स्वस्फूर्त रूपमा अलङ्कारको प्रयोग गरेका छन् । यसले भनाइलाई ओजस्वी तुल्याएको छ ।[५०]

### ४.१४.२ कालीगण्डकी खण्डकाव्यको विश्लेषण

गौतमको **कालीगण्डकी**(२०६२) दोस्रो खण्डकाव्य हो । आफ्नै जन्मभूमि रूरूक्षेत्रमा बग्दै आएको कालीगण्डकी नदीको पौराणिक, ऐतिहासिक र धार्मिक प्रसङ्गलाई काव्यिक विषयवस्तु बनाएर प्रकृतिलाई मानवीकरण गरेर यो महाकाव्य रचना गरिएको छ । दैवज्ञराज न्यौपानेका अनुसार, कालीगण्डकीका अनेक मिथकहरूमध्ये कुनै दुई प्रसिद्ध मिथकहरूलाई लिएर **तीर्थपर्यटन** ग्रन्थका उत्साही लेखक तथा प्रसिद्ध अन्वेषक युवराज शर्मा गौतमले यो तीर्थकाव्य **कालीगण्डकी** (खण्डकाव्य) लेख्नु भएको रहेछ ।"[५१]

यस खण्डकाव्यमा कालीगण्डकीको उत्पत्तिदेखि गौतमले गरेका विभिन्न तीर्थस्थलहरूको यात्रा, शालिग्राम निर्माण आदिको वर्णन गर्नुका साथै वि.सं.२०१८ मा वर्षातको विशाल भेलले रूरूक्षेत्र अन्तर्गत नदी किनारका बजार, मन्दिर, पाटी, पौवा र संस्कृत पाठशाला समेत बगाएर लगेको कारुणिक अवस्थाको निम्नानुसार गरेका छन् । साक्ष्य पङ्क्ति :

*संवत[१०] साल अठार, भाद्रपदमा गङ्गे ! तिमी उर्लियौ*
*पारी ध्वंह रिडी बजार सहसा ठाकी सबै हर्दियौ ।*
*झौता मन्दिर ती बजार भरिका पाटी र पौवा*
*भक्तेनीजन बस्ति हाय ! बुकुरा सारा बढारी दियौ ॥*

(चतुर्थ सर्ग, श्लोक-२४,पृष्ठ-४३)

यस खण्डकाव्यमा कालीगण्डकी र त्रिशुलीको सङ्गमस्थल देवघाटको र त्यहाँका तपस्थलीहरूको वर्णन छ । त्यसपछि वाल्मीकि आश्रमका साथै गण्डकी, नारायणी भएर बगेकी त्रिवेणीको वर्णन र त्रिवेणीबाट नारायणी भारततर्फ पसेको प्रसङ्ग उल्लेख गरिएको छ ।[५२] जम्मा चार छन्द, पाँच सर्ग र १५७ श्लोकमा लेखिएको यो काव्यको मूल कथ्य कालीगण्डकीको परिचय दिई त्यसका तटीय क्षेत्रमा रहेका पवित्र तीर्थहरूको परिचय दिनुमा केन्द्रित छ । छन्द रचनाका दृष्टिले यो काव्यमा उपजाति छन्दमा तीन श्लोक, इन्द्रवज्रा

---

[५०] शर्मा,गोपिकृष्ण२०५९. अत्रिवंश शतक बारे भूमिका
६६ न्यौपाने, दैवज्ञराज. २०६२. सम्मतिका केही शब्दहरु भूमिका. कालीगण्डकी

५२ न्यौपाने, दैवज्ञराज,पूर्ववत ग

छन्दमा दुई श्लोक, स्रग्धरा छन्दमा पाँच श्लोक र शार्दूलविडित छन्दमा १४७ श्लोकहरू रहेका छन् । साक्ष्य पङ्क्ति : [५३]

*काली समुद्भुत भएर आईन्*
*हिमालका काखमहाँ रसाइन् ।*
*यी विष्णु-गण्डस्थलकी निशानी*
*पीयुष गङ्गाजल तुल्य खानी ॥*
(प्रथम सर्ग,श्लोक-१,पृष्ठ-१)

*गङ्गे ! तिम्रो छ खेलैसरी भव-रचना स्रोत तिम्रा अनेक*
*धारा तिम्रा हजारौ सब जनहितमा राख माया विवेक ।*
*काली ! आखिर पुग्छ्यौ सतत गति लिई सागरैसम्म खेल्दै*
*गङ्गा ! भागिरथिका सँग मिलन भई अन्य धारा समेट्दै ॥*
(पञ्चम सर्ग,श्लोक-२९, पृष्ठ-५६)

कविशिरोमणि लेखनाथको **ऋतुविचार** खण्डकाव्यले वर्षचर्कमा आउने छ ऋतुलाई काव्य नायक बनाए जस्तै यहाँ पनि कालीगण्डकी नदी मानवीकृत प्रकृति नायिका हुन् र उनको अर्थदेखि नारायणी सम्मको यात्रालाई जीवन कथाका रूपमा प्रस्तुत गरिएको छ । एउटी नायिका जन्मसगैं हिमाल, तराई र पहाडमा यात्रा गरेकी छन् र पुण्यसलिल गतिले सलिल विहार गर्दै साक्षात् ग्रावण मूर्ति शालिग्राम प्रदान गरेर धर्मप्राण भक्तहरूलाई कृतकृत्य तुल्याएकी छन् । यसरी व्यञ्जना अर्थमा एउटी नायिकाको उपकारमुखी जीवन लीला यहाँ प्रस्तुत गरिएको छ । भक्तिरसको अभिव्यक्ति त छँदैछ; मूलतः शान्तरसलाई अङ्गी रसका रूपमा यस काव्यले प्रस्तुत गरेको छ । कवि प्रौढौक्तिका साथै कतिपय ठाउँमा कविनिबद्ध वक्तृप्रौढोक्ति समेत पाइन्छ । काव्यको आदिदेखि अन्तसम्म कविको भक्तिभावपूर्ण ‘म’ तŒव अनुस्यत भएर कथाका साथ तादात्म्य प्राप्त गरेको प्रतीत हुन्छ ।[५४]

## ४.१४.३ ऋतुदर्शन खण्डकाव्यको विश्लेषण

युवराज शर्मा गौतमद्वारा लेखिएको **ऋतुदर्शन** (२०६३) प्रकाशित अन्तिम खण्डकाव्य हो । यस खण्डकाव्य लेखनका लागि प्रेरणा र प्रभाव कालीदासको **ऋतुसंहार** र लेखनाथको **ऋतुविचार**बाट प्राप्त भएको हो । एकवर्षमा आउने छ वटै ऋतुहरूको विषयवस्तुलाई नेपाली जनजीवनको रूपमा यस काव्यमा प्रस्तुत छ । **ऋतुदर्शन** खण्डकाव्यमा मानवीकृत ऋतु काव्य नायक हो । पूरै एक वर्षको यात्रामा उसले विभिन्न रूप धारण गरेर अलग-अलग कार्य सम्पन्न गरेको छ । कहिले वर्षाऋतुको रूप लिएर पानी बर्साउने, रूखबिरुवालाई

---

[५३] पूर्ववत,पृ.घ

[५४] शर्मा, गोपीकृष्ण.२०६२.‘कालीगण्डकी खण्डकाव्य’.परिशिष्ट.पृ.६६/६७

हराभरा तुल्याउने र खेतीकिसानी जस्ता काम गरेको छ भने कहिले शरद् ऋतुको रूप लिएर चारैतिर सफा-स्वच्छ वातावरण बनाएको हुन्छ । यसरी सिङ्गो ऋतुले वर्षभर वसन्त, ग्रीष्म, वर्षा, शरद्, हेमन्त र शिशिर गरी छ वटा रूप लिएर सोही अनुकूल अलग-अलग कार्य गरेको छ ।[५५]संरचनात्मक हिसाबले हेर्दा छ सर्ग र१८७ श्लोकमा सङ्गठित खण्डकाव्य हो । प्रकृतिको संरक्षण गर्नु पर्छ भन्ने उद्देश्यले ऋतुचक्रको वर्णन गर्दै समाजका विभिन्न धार्मिक, सांस्कृतिक चाडपर्व र नेपाली परम्पराको जर्गेर्ना र सम्बद्धर्न तर्फ लाग्नु पर्ने मूल सन्देश खण्डकाव्य प्रस्तुत पाइन्छ । यस काव्यमा प्रत्येक ऋतु वा सर्गको थालनी उपजाति छन्दबाट भएको छ भने मन्दाक्रान्ता छन्दबाट विषय विस्तार भएर शिखरिणी छन्दमा टुङ्गिएको छ । यसले गर्दा काव्यको संरचना सुन्दर बनेको छ ।[५६] साक्ष्य पङ्क्ति :

*गर्जेर वर्षा-ऋतु घन्न, आयो*
*मयूर नाचेर मनै रमायो*
*हे मेघ ! तिम्रो अनमोल*
*सञ्चेर यो भूमि हरा गराउ ॥*
(तृतिय सर्ग,श्लोक-१,पृ.३९)

*कठै ! कस्ता चीस विकल कति काला दिवस ती*
*बिदा भै जाँदै छन्, शिशिर ऋतुका रात्रि पनि ती ।*
*गरी केही चर्चा प्रकृति-महिमा,आँधि र हुरी*
*बिसाई राखुँ, यो कलम, अहिले बन्ध नगरी ॥* (षष्ठी सर्ग, श्लोक-३१,पृ.७०)

भाषिक वर्ण योजनाका तहमा ध्वनि वर्णसाम्य कायम गरी आन्तरिक अनुप्रास एवम् अन्त्यानुप्रासका नियमित प्रयोगले प्रकृतिको रमणीयसाङ्गीतिक माधुर्यलाई तीब्र तुल्याउनका साथै भाषिक शैलीगत प्रवृतिलाई पनि ओजपूर्ण बनाएको छ । काव्यका कतिपय स्थलमा उपमा, उत्प्रेक्षा, रुपक, दृष्टान्त आदि अर्थालङ्कार समेत स्वतःस्फूर्त रूपमा संयोजित छन् । भाव गाम्भीर्य र शब्द सङ्गीतले उनका कविता आस्वाद्य बनेका छन् । प्रायःतृतीय पुरुष दृष्टिविन्दुमा कविता संरचित छन् र सर्गान्तमा 'म' तत्व पनि समाहित भएको देखिन्छ ।[५७]**'ऋतुदर्शन'** खण्डकाव्यमा प्रकृतिको सुन्दरतालाई मात्र वर्णन विषय नबनाई धर्म-संस्कृतिको पनि चर्चा गरिएको छ । साथै यसले प्रकृति संरक्षणमा विशेष जोड दिएको देखिन्छ । त्यसैगरी कालिदास र लेखनाथको जस्तो उत्कृष्ट ऋतुवर्णन सम्बन्धी परम्परा ऋतुविचार पछिको झण्डै १०० वर्षपछि यो आएको देखिन्छ । यसरी **ऋतुदर्शन** जस्तो

---

५५ शर्मा ,गोपीकृष्ण.२०६३. 'युवराज शर्मा गौतम र ऋतुदर्शन खण्डकाव्य'. भूमिका राजेन्द्र गौतम. काठमाडौं : बबरमहल पृ.त ।

५६ घिमिरे, माधव प्रसाद.२०६३.भूमिका.'शुभकामना ऋतुदर्शन खण्डकाव्य.पृ.ङ ।

५७ शर्मा, गोपीकृष्ण.२०६३.पूर्ववत.पृ.त/थ ।

उत्कृष्ट काव्य रचना गर्ने सर्जक गौतम नेपाली काव्यिक परम्पराका एक कुशल कवि बनेका छन् ।[५८]यसरी वि.सं.२०१७/१८ बाट साहित्यिक यात्रा शुरू गरेका गौतमका पाँच प्रकाशित कृति र फुटकर लेख रचना अन्य पत्रपत्रिका छापिएका छन् । कविता क्षेत्रमा ज्ञवाली एक विशिष्ट प्रतिभाका रूपमा सुपरिचित छन् । उमेरका हिसाबले सात दशकबाट माथि लाग्नु भएका गौतम अद्यावधि काव्य साधनामा तल्लीन छन् । सहयोग र सदाचारको भावनामा समर्पित गौतम जिज्ञासु पाठकसामु आफू खुसीसाथ प्रस्तुत हुन पुग्छन् । उनी गद्यभन्दा पद्यशैलीमा कविता लेख्ने कवि व्यक्तित्व हुन् ।

## ४.१५. सूर्य बहादुर सेन र उनका कविताकृतिको विश्लेषण

सूर्य बहादुर सेन सूब सेनका नामले परिचित छन् । वि.सं.१९९६ मा आमा टीकादेवी र बाबा घन बहादुर सेनबाट गुल्मी जिल्लाको पुरकोट बाँजकटेरीमा उनको जन्म भएको हो । सेनले कानुन विषयमा स्नातक र राजनीति शास्त्रमा स्नातकोत्तर उत्तीर्ण गरेका छन् । सेन स्वदेश र विदेश भ्रमण गर्ने सशक्त साहित्यिक अनुरागी हुन् । सूब सेनले नेपाल सरकारको सेवामा रहेर प्रमुख जिल्ला अधिकारी, उच्च व्यवस्थापक तथा अञ्चलाधीश जस्ता विशिष्ट पदमा पुगी विभिन्न अञ्चल र जिल्लाबाट प्रशासनिक अनुभव बटुलेका छन् । यिनको भाषा ज्यादै सरस छ । घुम्दा डुल्दाका सम्पूर्ण कुरा यिनले आफ्ना कृतिमा उतार्ने प्रयास गरेका छन् । गुल्मी जिल्लाका साहित्यकारहरूमा धेरै पुस्तक प्रकाशित गर्नमा सेन अगाडि देखा पर्दछन् । यिनका कृतिमा राष्ट्रवादी चिन्तन पाइन्छ ।[५९] उनका १.झोपडीतिर-कवितासङ्ग्रह,२०४५ २.मेरी मुमा- स्मृतिकाव्य,२०४६ र ३.इला-प्रबन्धकाव्य,२०४६ प्रकाशित छन् । यसरी सूब सेन वि.सं.२०३३ देखि यात्रासंस्मरणबाट साहित्यमा कलम चलाएका उनका हालसम्म दुई दर्जनभन्दा बढी पुस्तककार कृति प्रकाशित छन् ।

### ४.१५.१ 'झोपडीतिर' कविता सङ्ग्रहको विश्लेषण

प्रदेशको निर्जन खोल्साको किनारामा एउटा झोपडी छ । उक्त झोपडीमा घाम झुल्किएर पनि लाग्दैन (अर्थात त्यो झोपडीमा बस्ने व्यक्तिहरूले गरीबीले गर्दा कहिल्यै रमाउन पाएका छैनन् ।) त्यो झोपडीमा संधैं ओझेल परिरहन्छ (अर्थात त्यहाँ सधैं दुःखको

[५८] ज्ञवाली, सुरेन्द्रराज.२०६५'युवराज शर्मा गौतमको जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययन',अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि. वि. कीर्तिपुर)

[५९] पन्थी, शीश.२०६२.'गुल्मीका केही साहित्यिक प्रतिभ'गुल्मी परिचय , गुल्मेली समाज काठमाडौ

विजय हुन्छ) ।[६०] कुनै पहाडी खोल्साको तीरमा विवशता भोगेर झोक्काइरहेको झोपडीमा कहिल्यै उज्यालो पर्दैन भन्दै गरीबी ,अशिक्षा र अभावको जीवन आरोहण गरिरहेका नेपालीहरूको अस्तव्यस्त एवम् कहाली लाग्दो नेपाली जनजीवनको चित्रण गर्नुले प्रस्तुत कविताको केन्द्रीय कथ्य नेपाली समाज र नेपाली जीवन हो भन्ने पुष्टि हुन्छ । उनका कविता सामाजिक यथार्थ चिन्तनबाट अभिप्रेरित देखिन्छन् ।[६१] साक्ष्य पङ्क्ति :

*छानो-गिद्धले मासु लुछेका करङ्ग जस्तो*
*पाखाका दांती-मुर्दाका जुंगा जस्तो*
*त्यो भित्तो-कंकालको डिच्चःपरेका दांत जस्तो*
*धुरीबाट निस्केको धुवाँ-घाटबाट निस्केको मूस्लो जस्तो*

(झोपडीतिर,पृ.१)

यिनका कवितामा नेपाली जनताको विवशता र गरीबीको चित्रण पाइन्छ । उनका कविताहरूमा हामी नेपालीले देखेको नेपाल र प्रकृतिको सुन्दर वर्णन छ । यस कविता सङ्ग्रहमा उही रोग, भोक, दरिद्रता, शोषण, अत्याचारमा पिल्सिएका नेपालीको गाँस, बास, कपास, रोग र असुरक्षाको झोपडी एवम् पाटीमा बसेर भोकले रोइरहेका नेपालीहरूको जीवन्त चित्रण गरिएको छ । 'निर्धो अस्तित्व' र 'ऊ' शीर्षकका कविताहरूमा सरकारी सेवामा प्रवेश गरेका आफ्नो इमानदारीभित्र रहेका कर्मचारीको चित्रण छ । उनको 'सुदिनको आशा' कवितामा अन्यायमा परेका जनताको एक दिन आउनेछ अनि गरीबी, निमुखा जनतालाई धम्काउनेहरूको अन्त्य हुनेछ भन्ने भाव व्यक्त छ । कवि स्वयम्ले भोगेका र अनुभूत गरेका विषयवस्तु यसमा प्रस्तुत भएकाले काल्पनिक अभिव्यञ्जना र कृत्रिमताबाट कविता मुक्त छ । अधिकांश कविता गद्य शैलीमा रहेका छन् भने केही लोकलयमा लेखिएका छन् । 'दिल खोली हाँस' र 'परदेशी गीत'कविता गीतिशैलीमा लेखिएको छ । 'रोपाइँ टुक्का' र 'रोपाइँ गीत' शीर्षक कवितामा किसान हिलाम्य जीवनको चित्रण गरिएको छ । यसमा परिश्रम गर भनी कृषि कार्यमा उन्मुख गराइएको छ । यसरी 'झोपडीतिर' बाट आरम्भ भएर 'जिन्दगी'को अन्त्यसँगै समापन भएको कविता सङ्ग्रहले समग्रमा झोपडीकै जिन्दगीको प्रस्तुत गरेको छ । यस कविता सङ्ग्रहका सबै कवितामा देशभक्ति र राष्ट्रिय भावना अभिव्यक्त छ । जे जति दुःख आइपरे पनि इमान्दार बन्नु पर्छ । देशभक्ति बन्नु नै हामी सबै

---

[६०] पोखरेल, बालकृष्ण.२०४४. भूमिका. 'केही बेर झोपडीतिर अलमलिदा'.झोपडीतिर.सुश्री सुधा सेन. राजविराज. सप्तरी पृ.ङ/च ।

[६१] भट्टराई, यादव.२०६७'.झापडीतिर. एक अवलोकन'.सुब सेनका प्रवृति. काठमाडौँ : दाहित्य वाङ्मय प्रतिष्ठान ।

नेपालीको कर्तव्य हो भन्ने सन्देश दिनुका साथै नेपाल आमाको शान्तिको कामना पनि यस कविता सङ्ग्रहका कविताबाट व्यक्त भएको छ ।

## ४.१५.२ मेरी मुमा स्मृतिकाव्य, २०४६

**मेरी मुमा** स्मृतिकाव्य वि.सं.२०४६ मा प्रकाशित कविता विधाको दोस्रो कृति हो । यस काव्यमा सेनले नितान्त वैयक्तिक भोगाइलाई व्यक्त गरेका छन् । वि.सं.२०४३ मा सेनकी आमाको स्वर्गारोहण पश्चात् यो कृति प्रकाशित हुन पुगेको हो । यस काव्यमा ४० उपशीर्षकहरू रहेका छन् । मातृवियोग प्रत्येक व्यक्तिले एकदिन भोग्नु पर्ने पीडा हो । यहीँ पिडा यो काव्यमा व्यक्त भएको छ ।

सेनकी आमा टीकादेवी यस काव्यको मूलपात्र हो । यस काव्यमा अभिव्यक्त मातृवियोग तत्कालका लागि कविको वैयक्तिक पीडा भए पनि वर्णन कौशल र घटनाको साधारणीकरणले गर्दा काव्य समस्त मातृवियोग भोगिसकेकाहरूका लागि जीवन्त र सजीव बनेको छ । यस काव्यकी केन्द्रीय चरित्रका रूपमा रहेकी टीकादेवीको मृत्यु प्रसङ्ग र त्यसबाट कवि हतास हुँदै माताको खोजी गरेको प्रसङ्गलाई सुरूमा राखिएको छ अनि बीचमा उनी जीवित छँदाका प्रसङ्  प्रस्तुत छ । अन्त्यमा उनी यस धर्तीमा नरहेको कुरा स्मरण गरिएको छ । **मुमाको खोजी** उपशीर्षकबाट प्रारम्भ  भएको यस स्मृति काव्यमा आमाको मृत्युपछि घर पुगेका काव्यकारले आफ्नो पितासँग रुँदै अङ्गालो हालेर आमा बिनाको राजपुरको बासमा पुगेको प्रसङ्ग कोट्याएका छन् । बहिनी प्रभासँगको भेटघाटलाई ‘बहिनीको दशा’ शीर्षकमा औंल्याइएको छ । आमाले अन्तिम अवस्थामा बोलेका कुरा र गरेको घटनालाई सम्झिँदै दाजुबहिनी वियोग विलाप यसमा व्यक्त छ । ‘क्तियामा समावेश’ शीर्षकमा आमा सिकिस्त भएको खबर सुनेर अञ्चलाधीश सम्मेलनबाट काठमाडौँ आई पुनःबुटवल हुँदै राजपुर पुगेको प्रसङ्ग एवं चारवटा पिण्डदान गरेको प्रसङ्ग कोट्याइएका छन् । यसैगरी ‘काजक्तिया’, ‘गरुणपुराण’, ‘ढिकुरो’, ‘पँधेरो परिवर्तन’, ‘सपिण्डी कार्यक्तम’, ‘सुद्धाई ’शीर्षकहरूमा हिन्दू संस्कार र प्रचलन अनुसार आमाको काजक्तिया गरेका प्रसङ्गहरू स्मरण गरिएको छ । पाहुनाहरू बिदा भएपछि ‘निन्याउरो रात’ अत्यन्त वियोगान्त बनेको छ । ‘बालक वीरचक्त मुमा’ शीर्षकमा बालपात्र वीरचक्तले पनि वियोगको पीडा महसुस गरेको प्रसङ्ग छ । यसपछि पूर्वस्मृति शैली अपनाइएको छ । ‘बहादुर शाहकी प्रथमपुत्री’मा टीकादेवीको जन्म प्रसङ्ग देखाइएको छ । ‘दनम्पत्य जीवन’मा टीकादेवीकी सासुले असल बुहारी पाएको र छोरा बुहारीको दिनचर्या प्रममय वातावरणमा बितेको प्रसङ्ग

छ । यसरी विभिन्न उपशीर्षकमा विभाजित सो काव्यको मुख्य केन्द्र विन्दु उनकी आमाको दुःखद मृत्युमा विह्वल बनेको आत्मालाई क्षणिक रूपमा शान्त पार्ने भावनात्मक माध्यम हो ।

**मेरी मुमा** स्मृतिकाव्य करुणरस परिपाक भएको शोककाव्य हो । आमाको मृत्युको खबरले घर पुगेका छोरा र बाबु बीचको कारुणिक अवस्थाका साथै बहिनीसँगको रुवाबासीले यो काव्य करुण रस प्रधान काव्य बन्न पुगेको देखिन्छ । यो काव्य स्मृतिकाव्य भएका कारण माता टीकादेवीको जन्मदेखि मृत्युसम्मको अवस्थाको वर्णन यसमा उल्लेख छ । आमाले उनको जीवनकालमा गरेको कार्यको वर्णन मृत्युपछि गरिएको कारण यस कवितालाई स्मृतिकाव्य भन्न उपयुक्त हुन्छ ।  भाषाशैलीका आधारमा हेर्दा यसमा सेन वंशीय भाषाको प्रयोग छ । पश्चिमेली ग्रामीण समाजको भाषाको प्रयोग यस काव्यमा बढी छ । यस काव्यमा टीकादेवीको आदर्श र यथार्थ पक्ष देखाइएको छ । हरेक आमाको स्वभाव उनको जस्तो रहोस् भन्ने अभिव्यक्ति पनि यसमा छ । जागिरको सिलसिलामा बाहिरिएका छोरा बुहारी घरमा आउँदा हामीले हजुरलाई केही गर्न सकेनौ नि भन्दा आमा भन्छिन् ,“हामीलाई केही गर्नु पर्दैन अझै पाखुरा चल्दैछन्....सच्चा देशभक्त भएर देशसेवा, राजसेवा र जनसेवाप्रतिको कर्तव्य पालना गर्नु ।”यस किसिमको देशभक्तिको पाठ तमाम नेपाली छोरालाई उनले आफ्ना छोरा मार्फत सिकाएकी छन् ।

### ४.१५.३ इला प्रबन्धकाव्य,२०४६

**इला** काव्यकै नायिका ‘इला’ को नामबाट नामकरण भएको र उसैको सेवा, समर्पण र जीवन दर्शन प्रतिविम्बित गर्ने उद्देश्यले वि.सं. २०४५ चैते दसैका तीन दिन अर्थात सप्तमी, अष्टमी र नवमी तीन दिन भित्र सृजित एउटा गद्यशैलीमा लेखिएको काव्य हो । यसमा १५ अध्याय रहेका छन् । काव्य १९३ पृष्ठको आयाममा विस्तारित छ । यसमा सबल आख्यान रहेको छ । त्यसैले कविले यसलाई प्रबन्ध काव्यको नामले चिनाएका छन् ।

प्रस्तुत **इला** काव्यमा काव्यकार सूब सेनको राष्ट्र र राष्ट्रियता प्रति अमर भक्तिभाव र सर्मपण व्यक्त भएको छ । **इला** काव्यकै समग्रतालाई सङ्केत गर्दै काव्यकार काव्य भित्रै लेखकीय सन्दर्भको ‘केही कुरा’शीर्षकमा भन्छन्- ‘इला’ ईश्वरीयलीला, इलमको जाँगर, प्रेरक शक्ति-नारायणी तर केही भरि-भराऊ, कहीँ परिपरि,कहीँ मरीमरी यस्तै विचित्र चित्रको

सङ्गालो वा समाजको प्रतिउत्तर रहेको छ-'इला'[62] यसैगरी फेरि लेखक भन्छन्-"सधैँझैँ पैँतालिस को चैते दसैँमा पनि तिन दिन बिदा भयो । व्यस्त रहने बानी लागेको मान्छेलाई बिदा कष्टप्रद हुन्छ । अष्टमीका दिन बिहानको झुल्के घाममा जतातत‌ै ईश्वरीय लाली चढेको दृश्यसँगै काव्य लेख्न सुरु गरेँ । परीक्षार्थीले जाँचमा निबन्ध लेखे झैँ लेखेँ । बिदाका तिन दिनमै **इला** तयार भयो ।[63]

**इला** काव्य फेवातालको रमणीय दृश्यबाट सुरु भएको छ । इलम गर्ने नेपालीहरू र नेपालको विभिन्न भूभाग भ्रमण गरी हेर्दा जसले आफ्नो जीवनलाई इलम र उधममा लगाएर बसेका छन् । उनै गरीब, दुःखी जनताको जीवनमा कहिल्यै खुसी नआउने अझ सामन्तीवादी संस्कृतिको थिचोमिचो पर्न गएको मार्मिक प्रसङगलाई गद्यात्मक कविताका रूपमा सेन प्रस्तुत गर्न सफल छन् । यस काव्यमा प्रत्येक शब्दशब्दमा नेपाली माया झल्किएको छ । इलमले आफ्नो इलमलाई जुनसुकै परिवेशमा पनि प्रयोग गरेको छ भने नेपालीपनलाई उसले इलाको संकेत दिएको छ । कवि सेनले नेपाल भ्रमण गर्ने सिलसिलामा आएका संस्मरणात्मक उक्तिको संयोजन यसमा गरिएको छ । यसमा तृतीय पुरुष शैलीको दृष्टिविन्दु प्रयोग गरिएको छ । यस कृतिको परिवेश स्थानीयता बढी झल्किएको छ । यसबाट प्रस्तुत काव्यमा नारीचरित्रलाई महत्व प्रदान गरिएको छ । यो काव्य विस्तृत नेपाल र नेपाली परिवेशमा आधारित एउटा नौलो प्रकृतिको शैली र शिलाको दृष्टिले सरल छ । विषयवस्तुको दृष्टिले कर्मवीर र परिश्रमी नेपालीको जीवनगाथा र विवशताको अभिव्यक्ति दिइएको छ । चरित्र प्रधान, इलम अर्थात् व्यवसाय र विवशताको कर्मलाई पवित्र पूजा र प्राथना मान्ने एक वियोगान्त काव्यका रूपमा रचिएको पाइन्छ । यो काव्यमा मुख्य रूपमा सामाजिक विषयवस्तुमा प्रतीकात्मक ढाँचामा रचिएको नेपाली जनताको सुख र दुःख, व्यथा र पीडा, जीवन र मृत्यु एक आँसु र हाँसोलाई एकसाथ समेटिएको एउटा सुन्दर,मार्मिक र पठनीय काव्यका रूपमा समेत रहेको देखिन्छ ।[64]

वि.सं.२०१९ को 'बली' शीर्षक मार्फत कविता विधामा कलम चलाएका सेनको अन्य विधाभन्दा कविता रचना पाइदैन । गद्य कविता विधाको आयाम धान्न सफल तीन प्रकाशित कृतिले गुणात्मक रूपमा उत्कृष्टता प्राप्त गरेका छन् । सेनका सम्पूर्ण कविताहरू हेर्दा उनी

---

[62] सेन, सूब.२०४६. भूमिका. केही कुरा.इला.पृ.ग ।

[63] ऐजन, पृ.घ ।

[64] वाशिष्ट, प्रयागराज.२०६७.'काव्यकार सूब सेन र उनको इलाकाव्य :एक संक्षिप्त अध्ययन'.सूब सेनका प्रवृत्ति.दायित्व वाङ्मय प्रतिष्ठान.काठमाडौं ।

सामाजिक यथार्थवादी कविका रूपमा देखा पर्दछन् । उनी कवितामा नेपालीहरूको रोग, भोग, दरिद्रता, शोषण, अन्याय, अशिक्षा, अत्याचारको विरुद्ध उभिएका छन् । हाल पनि साहित्यिक विधातिर अग्रसर रहेका सेनका साहित्यमा कुनै वादको समिश्रण नभए पनि कविताको आशय, कविताको भावना हेर्दा सामाजिक, यथार्थवादी र प्रगतिशील कवि हुन् भन्न सकिन्छ ।

## ४.१६.लेखनाथ ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

वि.सं.२००० मा गुल्मी जिल्लाको दिगाम गा.वि.सको वोहा भन्ने ठाउँमा पिता ऋषिराम ज्ञवाली र माता कुन्ता ज्ञवालीको जेठो पुत्रका रूपमा लेखनाथ ज्ञवालीको जन्म भएको थियो । उनीले आफ्ना हजुरबाबाट अक्षरारम्भ सुरु गरेका थिए । ज्ञवालीले आफ्नो औपचारिक अध्ययन दाङ र बनारसमा गई गरेका थिए ।[६५] बनारसबाट प्रकाशित हुने 'बिहानी पख' पत्रिकाको अङ्क-२ मा 'बिहानी पख' कविताबाटै साहित्यिक यात्रा आरम्भ गरेका लेखनाथ ज्ञवालीले कविता मात्र नलेखि कथा, उपन्यास, नाटक, गीत, भजन पनि लेखेका छन् । ज्ञवालीका कविता परिष्कृत छन् । शब्द, भाव र शैलीलाई नापेर, जोखेर र कसि लगाएर अभिव्यक्त गर्ने ज्ञवालीका कवितामा लक्ष्यमा पुग्ने हुटहुटी छ । श्रमप्रति आस्था र एकताको सन्देश छ । ज्ञवालीले वि.सं. २०१९तिरै पहिलो सम्पादन कार्य 'बिहानी पख' को प्रकाशनबाट आरम्भ गरेका हुन् । करिब ३० वर्ष जति पत्रकारितामा योगदान दिएका ज्ञवालीले लगभग १३ बर्ष जति आफ्नो जीवनलाई शिक्षण पेशामा सर्मपण गरेका थिए । वि.सं.२०५६मा रेडियो लुम्बिनीका कार्यक्तम संचालन गर्दै अगाडि बढेका ज्ञवाली वि.सं.२०६२ देखि अवकाश लिई गृहस्थी जीवन बिताएका छन् । ज्ञवाली सानै उमेरदेखि नै साहित्य क्षेत्रमा संलग्न रहे पनि विशेष गरी लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम र माधवप्रसाद घिमिरेका कृतिहरूको अध्ययन पछि उनको साहित्यिक क्षेत्र अगाडि बढेको पाइन्छ । उनका १) दसैंको आशिक- कविता सङ्ग्रह,२०४६, २) साथी स्मृतिकाव्य, २०५३, ३) खडेरी- लघुकाव्य, २०५८, ४) माटोका गीत-राष्ट्रिय गीत सङ्गालो,२०६३, ५) नानी- बालगीत तथा कविताहरू, २०६८ र ६)अक्षर-गद्य तथा पद्य कविता सङ्ग्रह,२०६८ आदि कृतिहरू प्रकाशित छन् ।

---

[६५] पौड्याल,डा. शिवप्रसोद. २०६७.'लेखनाथ ज्ञवालीको व्यक्तित्व र कृतित्व :एक समिक्षा'.जनघोष साहित्य मासिक.बर्ष-४,अङ्क-१,पृ.७,लेखनाथ ज्ञवाली स्मृति अङ्क ।

ज्ञवालीका यी बाहेक अन्य कृति प्रकाशोन्मुख अवस्थामा छन् र उनका विभिन्न पत्रपत्रिकामा पनि लेख रचनाहरू प्रकाशित भएको पाइन्छ । उनका रचनामा  देशभक्ति स्वर पाइनुका साथै आफ्नो संस्कृति रीतिस्थिति र परम्परालाई जोगाइ राख्नुपर्छ भन्ने सन्देश पनि पाइन्छ ।

## ४.१६.१ दसैँको आशिक कवितासङ्ग्रह, २०४६

**दसैँको आशिक** ज्ञवालीको वि.सं.२०४६ मा प्रकाशित पहिलो पुस्तकाकार कृति हो । सानो पुस्तिकाको रूपमा प्रकाशित यस सङ्ग्रहमा परम्परागत रूपमा दसैंमा दिइने आशिकभन्दा भिन्न रूपले आशिक दिइएको छ । कुन नातालाई कसरी आशिक दिने किटान गरेर श्लोकहरू तयार गरिएका  छन् । यस भित्र राष्ट्र, राष्ट्रियता, न्याय, सद्भाव, जस्ता कुरा व्यक्त छन् । विकृति र विसङ्गतिलाई मिल्काउन, तडकभडक नभित्र्याउन, आफ्नो औकातलाई नबिर्सन सुझावका साथै  पौरखी र कर्मशील बन्ने प्रेरणा दिइएको छ । आमाको एउटै लाम्टो चुसेर हुर्केका दाजुभाइ र दिदीबहिनीलाई नमात्न र नआत्तिन, सधैँ भरी आत्मीयता बढाइ राख्न र माया ममतालाई प्रगाढ बनाई राख्न सुझाव दिइएको छ । यसमा छोराछोरी, भाइभतिजा ,बुहारी, भान्जाभान्जी, ज्वाइँ-चेला ,नाता कुटुम्बसँग असल सम्बन्ध कसरी कायम हुन्छ भन्ने कुरा प्रकट गरिएको छ । संरचनात्मक रूपमा हेर्दा जम्मा २० पृष्ठमा रचित प्रस्तुत कविता कृतिमा दस शीर्षकहरू र चार पाउका ७२ श्लोक रहेका छन् । साक्ष्य पङ्क्ति :

*आफ्नो हुन्न नजिक पत्नि-पति झै अर्को कुनै आखिर*
*ठान्छन् त्यै पतिलाई हीन पर झै पत्नीहरू क्वै तर,*
*त्यो छोटो व्यभिचारको चरण हो सारै मसिनु गुन !*
*पत्नी झैँ बलवान् यो पृथिवीमा मान्छे छ अर्को कुन ?*

(पत्नीलाई,पृ.१)

यसरी कविले ‘पत्नीलाई’  कवितामा पति र पत्नी एकरथका दुई पाङ्ग्रा हुन् जुन एक अर्कामा सबैभन्दा नजिक हुने हुन्छन् र पत्नीभन्दा बलवान् अर्को केही नहुने कुरा बताएका छन् । ‘छोरीलाई’ भन्ने कवितामा लक्ष्मीका रूपमा जन्मिएकी छोरीले गर्दा घरमा उज्यालो भएको कुरा व्यक्त गरिएको छ । ‘छोरालाई’ भन्ने कवितामा दसैंमा टीका लगाइदिँदा छोराको आयु लामो होस्, सधैं मान प्रतिष्ठा रहिरहोस्, घमण्ड कहिल्यै नहोस्, कर्तव्य पथमा सदातत्पर भएर मन लागोस् भन्दै आशिक दिइएको छ । ‘बैनीलाई’ भन्ने कवितामा एउटै घरमा जन्मिएर पनि आफ्नो जन्मथलोलाई छोडी कर्मघरमा जान परे पनि चिन्ता नगर्नु,

दुःखमा नआतिनु र सुखमा नमातिनु भन्दै दसैंको आशिक कवितात्मक रूपमा प्रस्तुत गरिएको छ । 'भाइलाई' कवितामा एउटै आमाका सन्तान भएर जन्मिएको कारण बैरीभाव नलागोस्, भाइलाई कुनै प्रकारको रोग नलागोस् जीवन दिर्घायु होस् भन्ने आशिक दिइएको छ । 'भान्जाभान्जीलाई' कवितामा भान्जाभान्जीको मन सधैँ पढ्नमा लाओस् र उच्च इज्जत होस् भनी टीका लगाएर आशिक दिनुपर्ने कवितात्मक प्रस्तुती छ । 'ज्वाइँलाई' कवितामा ज्वाइँको समाजमा इज्जत रहोस् र उच्च नाम रहोस् भनी आशिकको रूपमा कविता रचना गरिएको छ । यसैगरी 'सबलाई' र 'सबै सबैलाई' भन्ने कवितामा आफू कहाँ आउने अन्य इष्टमित्र र बन्धुबान्धवहरूलाई दसैंको टीका लगाई दिँदाको शुभकामनाको भाव व्यक्त गरेका छन् ।'प्रण' नामक कवितामा कविले राष्ट्रवादी भावलाई जगाउने प्रयास गरेका छन् । साक्ष्य पङ्क्ति :

*नेपाली जात यौटा सबल हिजको शान इज्जत मान*
*लगेको हेर भोकै दिन कति भो दूर पर्देश जान ?*
*बिक्ने हो बीरले के अब पनि अरूकै आश ठूलो पुर*
*हाम्रो ए ! जान्छ क्या हो अझ पनि दिन यो खेर व्यर्थै कुरामा ?*

*(प्रण-पृ.१९)*

शादूलविक्त्रीडित छन्दमा रचिएको यो कविता सङ्ग्रहमा कविले विभिन्न शब्दालङ्कार र अर्थालङ्कारको कुशल प्रयोग गरेका छन् ।

## ४.१६.२ साथी स्मृति काव्य, २०५३

प्रस्तुत **साथी स्मृति काव्य** ज्ञवालीको दोस्रो लघुकाव्य हो । पत्रकारिता पेसामा संलग्न रहँदा वि.सं.२०४० मा रचना गरिएको प्रस्तुत कृति वि.सं.२०५३ मा नेपालगञ्जबाट प्रकाशित गरिएको देखिन्छ । पत्रकारिता पेसामा संलग्न रहेको बेलामा एक निर्दोष साथीलाई भारतको दुधवा नेसनल पार्कको जङ्गलमा हत्या गरिएको विषयलाई लिएर कविले कारुणिक रसमा यसको रचना गरेका छन् । भोलानाथ खनाल इमान्दार सज्जन, कर्तव्यनिष्ठ पत्रकारका रूपमा ज्ञवालीले चिनाउने प्रयास गरेका छन् । सधैँ देश र नेपाली जनताको पीडामा कलम चलाउने आफ्नो आत्मीय मित्रको बारेमा कवि चिन्ता व्यक्त गर्छन् । यस कृतिमा चार उपशीर्षक छन् । जम्मा २९ पृष्ठमा रचित यो सानो कृति भए पनि गुणात्मकताका दृष्टिले उच्चता प्राप्त गर्न सफल भएको लघुकाव्य हो । 'समर्पण', 'खोजी', 'साथीको संझना' र 'साथी' गरी चार उपशीर्षकमा आवद्ध रहेको यस कृतिमा आफ्नो आत्मीय मित्रको बारेमा शोक व्यक्त गरिएको छ ।

मानिसलाई एउटा  राष्ट्रप्रेमी, जनप्रेमी र कर्तव्यनिष्ठ चिन्तकको रूपमा खडा हुन् निकै कठिन भैइसकेको छ । आजको संसारमा शोषित पीडितहरूको आवाजलाई उचाइसम्म बोकेर हिँड्नेहरूको नियति आफ्ना करोडौं हितेच्छुकहरूको हृदयमा मात्र हैन त्यसभन्दा अझ पहिले दुनियाका शोषक, लुटेरा, प्रभुत्ववादी र अपराधी-वर्गको कालो पङ्क्तिमा अङ्कित भैइसकेको हुन्छ । त्यसैका परिणति हुन् दक्षिण अफ्रिकाका जननेता क्तिसहनी, हाम्रै मुलुकका उदीयमान नेता मदन भण्डारी र हाम्रै मुलुक र संसारका अन्य द्वीप उपमहाद्वीपसम्मका स्वाधीनता सेनानी एवम् जनपक्षीय चिन्तकहरूका निर्मम हत्या भएका छन् । धेरै राजनेताहरू, लेखक-कलाकारहरू र अझबढी पत्रकार र कार्यकर्ताहरूको संहार अपराध-पोषित कुतत्वहरूले गर्ने गरेका छन् । यस्तै एउटा गतिलाई रोक्ने कालो र षड्यन्त्रपूर्ण हत्या हाम्रा अत्यन्त इमान्दार र जनपछिय पत्रकार भोला खनालको वि.सं. २०४०  श्रावण १४ गते भारतको दूधवा जङ्गलमा भएको थियो ।[६६] उनको सम्झनामा ज्ञवाली  लेख्छन् । साक्ष्य पङ्क्ति :

*साथी झैं प्रिय हुन्न रे नि मनमा बाबू र आमा पनि*
*साथी झैं हुन्न रे प्रिय, दुःखी बन्दा सुदामा पनि*
*साथी झैं सजिलो हुँदैन अरू क्वै नाता र गोता अरे*
*साथी ईश्वर हो भनेर त्यही भै भन्दछन् महात्मा अरे !*

(खोजी-श्लोक-९,पृ. ७)

माथिको श्लोकमा ज्ञवालीले आमा, बुबा भन्दा पनि साथी प्रिय हुने, दुःख सुखमा साथ दिने नै साथी रहेको कुरा व्यक्त गरेका छन् । ज्ञवालीले आफ्नो आत्मीय साथी भोला नाथको हत्याले उनको आत्मामा नराम्रो चोट परेको कारण 'साथी' काव्य रचना गरेको पाइन्छ । यो कविता शार्दूलविक्तीडित छन्दमा रचिएको छ । उनका कवितामा छेकानुप्रास र लाटानुप्रासको वृत्यानुप्रास, अन्त्यानुप्रास आदि शब्दालङ्कार र अर्थापत्ति, मिलित, संसृष्टि, विषय, श्लेष, रूपक र उपमा विभावना, मालोप आदि अर्थालङ्कारको सुन्दर प्रयोग पाइन्छ । साक्ष्य पङ्क्ति :

*यस्लाई ननिभाउ,मर्न नदिऊ ! संझीरहू गाऊँ हो !*
*तिम्रै हो उ आवाज बोलि घरको ए गाउँका ठाऊँ हो !*
*उस्ले मर्न परेछ व्यर्थ किन ए ! सोचेर गाँठो कस !*
*यो पर्दैछ अवश्य भोलि अरूले तैयार होई बस !*

(साथी,श्लोक-८२,पृ.२९)

---

[६६] ज्ञवाली, लेखनाथ.२०५६.भूमिका.मेरो भन्नु. साथी. शंकरनगर-रूपन्देही ।

यसरी देशका जल्दाबल्दा समस्यालाई देखाई आफ्नो साथी गुमाउनु परेको वास्तविकतालाई कवितामार्फत गरेका छन् ।

## ४.१६.३. खडेरी लघुकाव्य,२०५८

प्रस्तुत **खडेरी** लघुकाव्य कवि ज्ञवालीको तेस्रो प्रकाशित पुस्तकाकार कृति हो । पत्रकारिता पेसामा संलग्न भएको समयमा जीवन प्रकाशन काठमाडौँबाट वि.सं.२०५८ मा यो कृति प्रकाशित भएको हो । यस काव्यमा कविले मानिसहरू आफ्नो स्वार्थपूर्तिमा लागेका छन् । यसले जताततै अशान्ति फैलिएको छ । प्रकृति उजाडिएको छ । यस्तो अवस्थामा मानिसको जीवन पनि शुष्क बनिरहेको र दिननानुदिन रोगहरू बढी रहेको कुराको उल्लेख गरिएको छ । आजका मानिसहरू स्वार्थी र अवसरवादी बनेका छन् । उनले यस कवितामा आजको धर्ती मसानघाट जस्तै बनेको कुराको चित्रण गरेका छन् ।

दुईवटा विश्वशक्तिलाई आगो र पानीको प्रतीक बनाएर मैले प्रकृतिमा दुईटा 'अति' को विनाशलाई देखाउन खोजेको हुँ, तर यो सानु हिडाइँले त्यो दृश्य उपस्थित गराउन सकिनँ । अलिकति झल्को मात्रै पनि हुन्छ कि हुँदैन त्यो म भन्न सक्दिन , तर यसलाई प्रकाशित गर्नुको मेरो उद्देश्य चाहिँ न्यायका पक्षधर कोही पनि कलाकार, चिन्तक र कलमजीवी नागरिकहरूको ध्यान त्यो महत्वपूर्ण दिशातिर तानियोस् भन्ने मात्रै हो ।[६७] प्रकृतिलाई विषयवस्तु बनाएर काव्य लेख्ने चलन पूर्वीय साहित्यमा पहिलेदेखि कै हो । संस्कृत साहित्यका महाकवि कालिदासले 'ऋतुसंहार'मा प्रकृतिलाई नै विषयवस्तु बनाएर लेखेका छन् । देवकोटाले प्रकृतिलाई उद्यानमा गई बस अनेक ज्ञान खुल्दछन् भनेर लेखेका छन् । लेखनाथले 'ऋतुविचार' खण्डकाव्य छ वटा ऋतुहरूको वर्णन गरेका छन् । माधव घिमिरे लगायत अन्य धेरै कविहरूले पनि प्रकृतिलाई मानवीकरण गर्दै प्रकृतिको सौन्दर्य प्रस्तुत गरेका छन् तर लेखनाथ ज्ञवालीले ग्रीष्म ऋतुमा खडेरी र बर्षा ऋतुमा हुने विनाशकारी भेललाई विषयका रूपमा लिएर जनता बर्षा बनेर ओइरिएपछि अत्याचारको गर्मीबाट मुलुकले मुक्ति प्राप्त गर्छ भन्न पुग्छन् । कविले अत्याचारी खडेरीबाट पीडित मलिन अनुहार, पसिनाले गन्हाउने भएको शरीर तथा पटपटी फुटेका हातखुट्टा भएकाहरूले नयाँ जीवन प्राप्त गर्नुपर्ने पक्षमा कवि रहेका छन् ।[६८]साक्ष्य पङ्क्ति :

---

[६७] ज्ञवाली,लेखनाथ.२०५८.भूमिका.'यो सानो रचनाबारे एक दुई कुरा'.खडेरी.लक्ष्मण.ज्ञवाली. नेसनल स्टेनरी वुटबल

[६८] पन्थी,मधुसुधन.२०६७.'खडेरी लघुकाव्यमा प्रस्तुत वैचारिक पक्ष' जनघोष. साहित्य मासिक .बर्ष-४,अङ्-१,पृ-७

*सुके हाँगा-बिगा सारा,सुके पात-पतिङ्ग*
*सुके मूल सबै साना जलका -श्रोत सुन्दर*
*ठूलो शोषणले साना रोजगार सुकेसरी*
*झारपात सुकेका छन् ताप भित्रे मरीमरी ॥*

(खडेरी.अंश-१,पृ.१)

छ अंशमा रचित ३९ पृष्ठको यस लघुकाव्यमा प्रकृतिलाई विश्वका रूपमा प्रस्तुत गर्दै मानवीकरण गरिएको छ । यो काव्य अनुष्टुप छन्दमा रचिएको छ । यस काव्यमा बिम्ब र प्रतीकको उत्कृष्ट प्रयोग छ । प्रस्तुत काव्यमा कविले विश्वका गरीब शान्तिप्रेमी एवं न्यायप्रेमी जनताले अनर्थमा भोग्नु परेको पीडा, कष्ट, शोषण, दमन, विस्थापन र निराशालाई आधार बनाएको देखिन्छ । वीर ,वीभत्स रसका साथै अन्त्यानुप्रास, उपमा, रूपक, अलङ्कारको सुन्दर प्रयोग गरिएको छ भने सहज र सरल  भाषाशैलीले प्रयोग गरेका छन् ।

## ४.१६.४ 'माटोका गीतहरू'  राष्ट्रिय गीत सँगालो,२०६३

यो लेखनाथ ज्ञवालीको चौथो प्रकाशित राष्ट्रिय गीतका सङ्गालो हो । यसमा ज्ञवालीले आफ्नो जीवनकालमा पटक पटक भोग्नु परेका दुःख, हण्डर र ठक्करहरूका बीच मुलुक र माटोप्रतिका मायाले सिर्जना भएका केही रचनाहरू  समेटिएको छ । साक्ष्य पङ्क्ति :

*नबिर्स नेपाली हो !...........खोला सुसाएको देश !*
*पराइ घरको फुलबारी भन्दा आफ्नै पखेरो बेस !*
*नबिर्स नेपाली हो !.......*

(खोला सुसाएको देश,पृ.५)

माथिको पङ्क्ति अनुसार यस काव्यमा राष्ट्रप्रति अगाध माया व्यक्त भएको छ । आफ्नो देश नेपालका खोलाहलाई बिर्सन हुँदैन अनि पराइको फूलबारीभन्दा आफ्नै पाखा पखेराहरूलाई राम्रो मान्नु पर्ने कुरा उल्लेख कवितामा छ । यसमा राष्ट्रिय गीत, प्रार्थना, बालगीत, सोरठी, राष्ट्रगान, भजन, इराक हत्याकाण्डले उद्वेलित नेपाली मानसिकता द्वन्द्वपीडा र युद्धपीडा आदिलाई गीतिलयमा प्रस्तुत गरिएको छ । साक्ष्य पङ्क्ति :

*यी भाग्यमाथि मृत्यु लेख्या छ कि कि खाली ?*
*भत्कीगए हजारौँ घरका विदीर्ण पाली !*
*पुछियो सिन्दुर, यौवन विधवा बने बिहानी !*
*यै हो कि लाग्न थाल्यो नेपालको कहानी ?*

(हाम्रो कहानी,पृ.९५)

यसमा इराकमा नेपालीहरूको निर्ममतापूर्ण हत्याको कहाली लाग्दो अवस्थाको वर्णन गरिएको छ । इराकमा त्यहाँका आत्याचारीहरूले नेपाली कामदार माथि गरेको क्रुर

व्यवहारको यथार्थ चित्रण छ । संरचनागत हिसाबले जम्मा १४९ पृष्ठमा आवद्ध यो सङ्गालोमा १२३ गीतहरू रहेका छन् । यसमा विविध छन्दको प्रयोग छ । यसमा बालकविता पनि रहेको छ । यस कवितामा द्वन्द्वपीडाले कविको मुटु छियाछिया भएको आवाज प्रस्तुत छ । साक्ष्य पङ्क्ति :

*दाजुले भाइलाई मार्दै छ कहीँ बाबुले छोरालाई*
*छोरीले आमा मार्दै छ कहीँ आमाले आमालाई*
*मशानै जस्तो भै सक्यो देश खै आँखा खोलेको ?*
*सुन्दैनौ किन कसैले हामी जनताले बोलेको ?*
(जन्ताले बोलेको-पृ.११३)

यस काव्यमा पुरुष नारी समानता, हिमाल, पहाड र तराईको एकता, बालबालिकाप्रतिको दायित्व, भ्रष्टाचारबाट देशको मुक्ति, विदेशीको थिचोमिचोबाट राष्ट्रको अमलेख रुढी, पाखण्डी र अन्धविश्वासको उच्छेद, जातीय भेदभाव र छुवाछुतको अन्त्य, श्रमको सम्मान, समृद्ध देश, सम्पन्न जनता, शान्ति र खुसीको बहाली, देशव्यापी शिक्षाको प्रचारप्रसार आदि जस्ता अनेक कुरातिर कविचेतना अभिव्यक्त भएको देखिन्छ ।

## ४.१६.५ 'नानी' बालगीत तथा कविताहरू,२०६८

प्रस्तुत **नानी** बालगीत ज्ञवालीको वि.सं.२०६८ मा प्रकाशित पाँचौं कृति हो । यसमा वि.सं.२०३४देखि २०६६सम्मका बालकविताहरू सङ्गृहीत छन् । यस सङ्ग्रहमा बालबालिकाहरूलाई सुसंस्कृत, ज्ञानी र भविष्यमुखी बनाउने विषयमा कविको सूक्ष्म मनोवैज्ञानिक चिन्तन र झुकाव देखा पर्छ । उनले बालबालिकाहरूलाई शिशु कक्षादेखि नै अक्षर स्वर ज्ञान, सामाजिक व्यवहार आदि विषयमा जागरुक चेतना र परिष्कृत संस्कारको विकास गरिदिनुपर्ने कुरामा जोड दिएका छन् । जीवनको थालनीमा अक्षर सिकाउने प्रयोग यस्तो छ । साक्ष्य पङ्क्ति :

*कलकल बगने कति हो पानी ?*
*खलखल पसिना किन हो नानी ?*
*गजमज नगरी पुस्तक राख ,*
*घरघर आई हलुवा चाख !*
(कखरा-पृ.१)

यस सङ्ग्रहमा बालगीत तथा कविताहरू गरी ५२ वटासङ्गृहीत छन् । जम्मा ५५ पृष्ठमा लेखिएको यस पुस्तकमा बालबालिकालाई अक्षराम्भदेखि शिक्षालाई गीतिशैलीमा सिकाउने कोसिश गरिएको छ । बालबालिकाको मनोविज्ञान अनुसार 'कखरा' देखि विभिन्न जनावर र पक्षीहरूलाई समेत सङ्केत गरी कविताहरू लेखिएका छन् । साक्ष्य पङ्क्ति :

*मानिसले धर्तीलाई माया गर्नु पर्छ*
*यै माटोमा जन्मी मान्छे यही माटोमा मर्छ*
*फुल जस्तै फक्रिएर बास्ना राम्रो छरौँ*
*साथी-भाइ बाँचुन्जेल राम्रो काम गरौँ ।*
(फुलबारी,पृ.५५)

यसरी कविले मानिसहरू यस धर्तीमा जन्मिएर यही माटोलाई माया गर्नु पर्छ । सो देशको बाँचुन्जेल सेवा गरी आफू राम्रो काममा लाग्नु पर्छ भन्ने राष्ट्रभक्तिको स्वर सुसेलेका छन् । हाम्रो पुरानो समाजलाई बाहिरबाट झट हेर्दा गाउँ र सहरमा सबै जातजातिका मानिस परस्पर मिलेर बसेको देखिन्छ तर त्यहाँ धनी र गरीब, ठूलो र सानो जात, पुरुष र महिला आदिको बीचमा निकै ठूलो भेदभाव छ । यस्ता कुराप्रति नानीहरूलाई प्रारम्भिक कक्षादेखि नै सचेत, सम्वेदनशील र सक्रिए पार्न सकिएमा भविष्यको समाज क्रमशः सुसंस्कृत, सभ्य, जागरुक र जाँगरिलो हुँदै सबैको साझा उन्नति र प्रगतिप्रति क्रियाशील हुँदै जानेछ भन्ने सन्देश कवितामा अभिव्यक्त छ ।

### ४.१६.६ 'अक्षर' गद्य तथा पद्य कविता सङ्ग्रह,२०६८

ज्ञवालीको यो कृति वि.सं.२०२४देखि वि.सं.२०५७ सम्मका कविताहरूको सङ्ग्रह वि.सं.२०६८ मा प्रकाशित छैठौं कृति हो । कविको बार्षिकी पुण्यतिथिका अवसरमा यो कृति प्रकाशित भएको हो । ज्ञवालीका कवितामा प्रत्येक अन्तरा पढ्दा पाठकले थाहा पाउँछ :- उनी आफ्नो युगका एउटा सशक्त हस्ताक्षर हुन् । भावमा यस्तो प्रखरता, शिल्पमा यति निखार, बिम्बमा यति विघ्न दखल र शैलीमा यति साह्रो श्रृतिमधुर र चिन्ताकर्षक देखिन्छ ।[६९] लेखनाथले यस्तो समयमा आफ्नो सिर्जना सुरु गरे, जतिबेला नेपाल आफ्नो इतिहासको क्रुरतम कालखण्डबाट गुज्रिदै थियो । सात सालका उपलब्धि सत्र सालमा खोसिएर सिङ्गै मुलुक विशाल कारागार बनेको बेला मौनता र आत्मसर्मपणको संस्कृतिले आवाजहरूलाई खोसेको बेला र उज्यालोका मसिना किरणहरू पनि थुनिएर समाज औंसीको निस्पट अँध्यारोमा निसास्सिइरहेको बेला उनले कलमबाट एक चिम्टी भए पनि उज्यालो छर्ने प्रयास थाले, जुनकिरी जस्तै बत्ती बाल्ने अभियान सुरु गरे ।[७०]कवि लेखनाथ माटोका कवि हुन् । उनी माटो र मुटुको संयोजनबाट राष्ट्र देख्छन् । राष्ट्रिय अस्मिता उनका निम्ति सर्वाधिक प्रिय छ । तलका पङ्क्तिमा राष्ट्रप्रतिको माया देखिन्छ । साक्ष्य पङ्क्ति :

[६९] ज्ञवाली,प्रदीप.२०६८.भूमिका.'माटोका कवि,मुटुका कवि' अक्षर. कवि लेखनाथ ज्ञवाली स्मृति प्रतिष्ठान.रूपन्देही पृ.ङ ।
[७०] ऐजन, पृ.च ।

*मेरो जन्म जहाँ भयो जुन थियो माटो र पानी उही*
*मैले पाउन के सकूँ र तिमी झै खोजेर अर्को कहीं ?*
*आफ्नो यही परिवेश रै छ र ठूलो भन्छन् विधाता मही ,*
*खोजी अन्त नपाइने रगतको सम्बन्ध नाता सही !*

(नाता,पृ.५५)

यस कवितामा ६५ कविताहरू सङ्गृहीत छन् । जम्मा ९८ पृष्ठमा संरचित यस सङ्ग्रहमा अधिकांश रूपमा शादूलविक्रिडित छन्दको प्रयोग गरिएको छ । फूललाई बिम्ब बनाएर कविले पोखेका यी भाव मर्मस्पर्शी छन् । साक्ष्य पङ्क्ति :

*मान्छे केवल खोज्दछ चुँड्न छिनमै सौन्दर्य उस्का लिन*
*बैलाए पछि फ्याँक्न च्यात्न,उसका अस्तित्व नै कुल्चिन,*
*यस्तो 'मानिस'को निमित्त उसको काँडा हुनू पर्दथ्यो,*
*यो मान्छे नहुने कुनै प्रकृतिमा टाढा हुनू पर्दथ्यो ।*

(आँखा कहाँ खुल्छर ? पृ.२९)

ज्ञवालीका कविता माझिएका छन् । शब्द, भाव र शैलीलाई नापेर, जोखेर र कसि लगाएर अभिव्यक्त गर्ने उनका कविता नयाँ युगप्रति सचेष्ट र मार्मिक छन् । श्रमप्रति आस्था र एकताको सन्देश छ । यसमा शैली  भाव दुवै पक्ष निकै खँदिला छन् । उनका कविता पद्यात्मक शैलीमा रचिएका छन् । राष्ट्र र राष्ट्रियताप्रतिको अगाध माया उनका कवितामा पाइन्छ ।

## ४.१७ मुकुन्दहरि ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

मुकुन्दहरि ज्ञवालीको जन्म गुल्मीको लिम्घामा वि.सं.२००५ मा भएको हो । नेपाल सरकारको अधिकृत स्तरको जागिर खान पुगेका ज्ञवालीले नेपाल लगायत हङकङ, बेलायत र अमेरिका भम्रण गरेका छन् । हाल उनी काठमाडौंको ज्ञानेश्वरमा बसोबास गर्छन् । शैक्षिक र सामाजिक संस्थाहरूसँग सम्बद्ध ज्ञवालीको 'पतिक्षा' उपन्यास वि.सं.२०४४ मा प्रकाशित छ ।[७१]

### ४.१७.१ 'मेरो देश नेपाल' कविता सङ्ग्रह,२०५४

प्रस्तुत **मेरो देश नेपाल** ज्ञवालीको पहिलो प्रकाशित कविता सङ्ग्रह हो । यस सङ्ग्रहमा वि.सं.२०४६ अघि र पछि लेखिएका गरी ४० कविताहरू सङ्गृहीत छन् । जम्मा ४७ पृष्ठमा आवद्ध यी कविताहरूमा सरल शैली, मार्मिक संवेदना र सन्तुलित जीवन दर्शन छ । यी कविता आफ्ना विद्यार्थी जीवनमा कुनै स्वदेशमा त कुनै विदेशमा रहँदा  लेखिएका

[७१] पन्थी, शशि. २०६२.'गुल्मीका केही साहित्यिक प्रतिभा' गुल्मी परिचय. काठमाडौं : गुल्मेली समाज ।

हुन् । यी कविताभित्र कतै समाजको यथार्थ चित्रण पाइन्छ भने कतै नेपालका राजा र प्रजा बीचको सुसम्बन्धको वर्णन पाइन्छ । उनी कवितामा स्वदेशको मायालाई यसरी प्रस्तुत गर्दछन् । साक्ष्य पङ्क्ति :

*मै मरिगएँ विदेशमा बस्दा स्वदेशको मायाले ।*
*दक्षिण फर्की बोलाउँछिन् आमा छोराको मायाले ॥*

(स्वदेशको माया, पृ.२३)

वि.सं.२०४३ मा श्री ५ महाराजधिराज सरकारबाट कविता महोत्सवका लागि दिइएको स्वदेशको माया शीर्षकको कविता फकल्याण्डबाट लेखिएको हो । कवि विदेशमा रहँदा आफ्नो देशप्रतिको अगाथ मायालाई यसमा अभिव्यक्त गरिएको छ । यस कृतिमा जम्मा ४० वटा कविता सङ्कलित छन् । वि.सं. २०२०/२०२२ को देशको स्थिति र विद्यार्थी भएर बनारसमा बस्दाको समयमा 'कोपिला'बाट यस कविता सङ्ग्रहको प्रथम प्रयास भएको छ । साक्ष्य पङ्क्ति :

*मलाई पनि तिम्रो सृष्टि सिगार्न देऊ*
*एकै पटक भए पनि फ्वाक्क फक्रिन देऊ* (कोपिला,पृ.२)

विद्यार्थी जीवनबाट प्रारम्भ भएको यात्रा कर्मभूमिका रूपमा नेपाल लगायत एसिया र युरोप समेतका विभिन्न देशमा सेवा गर्दै, अनुभव बटुल्दै, स्वदेश र विदेशको बसाइको भिन्न अनुभूति, वियोग-मिलन, पीडा-व्यथा, पारिवारिक समस्या आदिलाई कवितामा प्रकट गर्ने प्रयास गरिएको छ । यस कविता सङ्ग्रहमा रहेको **मेरो देश नेपाल** कविता झ्याउरे छन्दमा रचना गरिएको छ । यस कवितामा नेपालको प्राकृतिक स्वरूपको वर्णन छ । यसै कविताको शीर्षकबाट यस कविता सङ्गालोको नाम **मेरो देश नेपाल** राखिएको छ । कविताको क्षेत्रमा प्रस्तुत कृति कविको प्रथम प्रयास भएको र विद्यार्थी अवस्थादेखि वर्तमान समयसम्म करिब तीन दशकभित्रका कविताहरू छन्दोबद्ध हुन खोजेर पनि छन्दमा पूर्ण आवद्ध नभएको देखिन्छ । धेरै कविताहरू मुक्त छन्दमा लेखिएका छन् । केही कविताहरू नेपाली झ्याउरे लयमा पनि लेखिएका छन् ।[७२]

## ४.१८. भेष बहादुर कुँवर र उनका कविता कृतिको विश्लेषण

वि.सं. २००५ मा पिता प्रतिमान कुँवर र माता डम्बर कुमारीबाट गुल्मी जिल्लाको सदरमुकाम तम्घास-३ धाईथुममा भेष बहादुर कुँवरको जन्म भएको हो । उनी कवि तथा गायकका रुपमा स्थापित छन् । उनी हाल किरण पुस्तकाकालय गुल्मीबाट प्रकाशित 'हाम्रो

[७२]पन्थी, शशि.२०५४. भूमिका. प्रकाशकीय. मेरो देश नेपाल .किरण पुस्तकालय .तम्घास गुल्मी पृ.ख

पुरुषार्थ' साहित्यिक अर्थबार्षिक पत्रिकाका सहायक सम्पादक छन् । प्रमाणपत्र तहसम्मको अध्ययन पूरा गरी ३ दशकभन्दा लामो शिक्षण कार्यबाट हालै अवकाश लिएका भेष बहादुर कुँवरको उपनाम 'प्रयासी' हो । कुँवरका कविताहरू तम्घासबाट प्रकाशित विभिन्न पत्रपत्रिकामा पनि प्रकाशित छन् । उनको व्यक्तित्व कविता र गायन विधामा व्यक्तिएको छ । यिनी स्वच्छन्दतावादी प्रवृतिका कवि हुन् । उनका १. बादल -कवितासङ्ग्रह,२०३१, २. घुम्तिका आभास -कवितासङ्ग्रह,२०६७
प्रकाशित छन् ।

उनका अन्य प्रकाशोन्मुख कृतिहरूमा 'झरी र 'साँगुरो आकाश' कविता सङ्ग्रह, 'मेरा केही अनुभूतिहरू' प्रकाशन हुन् बाँकी छन् । उनका कवितामा देशभक्तिको अगाध मायाका साथै समाजका अन्याय र अत्याचारप्रति व्यङ्ग्य प्रहार गरेको पाइन्छ ।

### ४.१८.१ 'बादल' कविता सङ्ग्रहको विश्लेषण

**बादल** भेष बहादुर कुँवरको वि.सं.२०३१ मा प्रकाशित प्रथम कविता सङ्ग्रह हो । कविले यसमा निर्जीव वस्तुलाई सजीवको रूपमा गरेका छन् । उनले मानवलाई परिश्रमी बन्न आग्रह गरेका छन् । उनले गरीब निमुखाप्रति शोषकहरूले गरेको अन्यायको विरुद्धमा आवाज उठाएका छन् । राष्ट्रप्रतिको अगाथ मायालाई यसरी व्यक्त गरेका छन् :-

*ती हिमालका लहरा जस्ता*
*उज्याला भरिला दाँत खुलाई ॥*
(भोटे,पृ.९)

उनका कवितामा नेपाली युवाहरू विदेश लाग्दा देशमा शून्यता छाएको कुरा उल्लेख गरिएको छ । देशका कर्मण युवावर्ग विदेश जाँदा घरका बुढा भएका बुबा र आमाको नाजुक अवस्थाको चित्रण गर्दै स्वदेशलाई माया गर्नुपर्ने आफ्नो देशमा नै परिश्रम गर्नु पर्छ भन्ने सन्देश व्यक्त गरेका छन्:-

*लाग्छौ प्रदेश चाल नपाई*
*भन न देश यो कसले भर्छ*
*विचार गरिद्यौ बत्ती कसले*
*बाल्दछ झलमल पारेर*
(जब तन्देरी लाग्छन् परदेश,पृ.१७)

कवि कुँवरले आधुनिकताले मानिसमा पारेको प्रभावलाई यसरी वर्णन गर्छन्:-

*पुरुष हुन चाहे महिला पायन्ट लगाएर*
*केटी भने केटो रै'छ बसे लजाएर ॥*
(समयको गीत,पृ.२२)

यो कृति जम्मा २५ पृष्ठको आकारमा लेखिएको छ । १७ वटा कविता सङ्गृहीत यस काव्यमा देशभक्तिको भाव प्रवल छ । यसमा भाषा र भावका दृष्टिले मर्मस्पर्शी कविताहरू छन् ।

## ४.१८.२.'घुम्तिहरूका आभास' कविता सङ्ग्रहको विश्लेषण

**घुम्तिका आभास** वि.सं.२०६७ मा प्रकाशित कुँवरको दोस्रो प्रकाशित कृति हो । यसमा कविले राष्ट्रप्रतिको भक्तिभाव, देशको जल्दोबल्दो राजनीतिक अवस्थाको यथार्थ चित्रण र देशको नाजुक अवस्थाप्रतिको चिन्ता प्रकट गरेका छन् । उनी आफ्ना कविता मार्फत सहरी जीवनमा देखिएका आडम्बरी प्रवृतिको घोर निन्दा गर्नुका साथै स्वच्छ छवि भएका पत्रकारको वास्तविकता प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*हाई हाई पत्रकार*
*निर्धक्क लेखे फन्दाको डर*
*धकले लेखे धन्दाको डर*
*मुख्य छ सम्पत्ति आधार*
*हावामा दौडे निराधार*
(हाई हाई पत्रकार,पृ.१७)

यसरी पत्रकारले समाजको वास्तविकताको उद्घाटन गर्दा ज्यान खतरामा पर्ने अवस्थालाई कवितामा व्यक्त गरेका छन् । निष्पक्ष र स्वच्छ पत्रकार भएमा समाजले देखिनसहने उसको ज्यान माथि दावी गर्ने अवस्था उदाङ्गो पारिएको छ । उनी आर्थिक अवस्थाका कारण नेपालीहरू विदेशिनु परेको र इराकमा भएको नेपालीहरूको वीभत्स हत्यालाई मर्मस्पर्शी रूपमा प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*म एक दर्जन, मारिएँ यहाँ,*
*यस्तै छन् लाखन*
*सकिनस् कठै ! नेपाल आफ्ना*
*सन्तान पालन ।*
(इराक रेटिँदा, पृ.३४)

कवि कुँवरका कविता सरल र सहज छन् । यसमा २२ वटा कवितालाई जम्मा ३६ पृष्ठमा समेटिएको छ । शिक्षक भएर पनि लेखन कार्यलाई समेत अगाडि बढन सफल कुँवर गुल्मीका एक कवि प्रतिभा हुन् । उनी आफ्ना अगाडि रहेका यथार्थतालाई कवितामा लेख्न सफल छन् । कवि कुँवरको औपचारिक शिक्षा प्रमाणपत्र तहसम्म मात्र भए पनि अनौपचारिक रूपमा आफ्नो शिक्षालाई अगाडि बढाउन उनी सधैं अग्रसर छन् । उनी

सामान्य मानिसले बुझ्न सक्ने पद्य र गद्य विधामा कविता लेख्छन् । उनका कवितामा विभिन्न बिम्ब, प्रतीकहरूको प्रयोग गरी स्वच्छन्द रूपमा प्रकृति चित्रण गर्ने र देशलाई अगाध माया प्रस्तुत भएको पाइन्छ । उनका कवितामा कवि प्रतिभाको छनक पाईन्छ । उनको सिर्जनामा राष्ट्रियता, प्रकृतिप्रेमको छनक पाइन्छ । कवि प्रयासीको क्षेत्र संगीत पनि हो । यसैले उनका कविता बढी सरल, लयबद्ध एवं संगीतमय छन् ।

## ४.१९.राम प्रसाद पन्त र उनका कविताकृतिको विश्लेषण

राम प्रसाद पन्तको जन्म वि.सं.२०१० मा गुल्मी जिल्लाको बलेटक्सार-दासिङ्वासमा भएको हो । हाल उनी आफ्नो पैत्रिक सम्पत्ति आफ्नो दाजुलाई दिएर काठमाडौँको चावहिलमा घर बनाई स्थायी रूपमा बसोबास गर्दै आएका छन् । नेपाली साहित्यमा स्नातकोत्तरसम्मको शिक्षा हासिल गरेका पन्तले जापान, मलेशिया, सिङ्गापुर, थाइल्यान्ड, चीन र भारतको थुपै प्रान्तहरू भ्रमण गरेका छन् । नेपालको राजधानीमा बसेर वि.सं.२०४४ देखि निरन्तर 'दायित्व' द्वैमासिक साहित्यिक पत्रिका प्रकाशन गर्दै स्वार्णाङ्कसम्मको यात्रा पूरा गरिसकेका छन् । वि.सं.२०५७ मा प्रकाशन आरम्भ भएको दाहित्व वाङ्मय प्रतिष्ठानको संस्थापक अध्यक्षको पदभार ग्रहण गरेपछि संस्थापक रूपमा साहित्यको उत्थान र सम्बर्द्धनका निम्ति प्रतिष्ठानलाई गतिशील बनाउन तल्लीन भएर लागेका छन् ।"साहित्यिक पत्रकारिता राष्ट्रको गहना हो । साहित्य संस्कृति भनेका राष्ट्रका पहिचान हुन् । समय सन्दर्भलाई हेरी साहित्यमा प्रक्रियागत सुधार ल्याउनु पर्छ र नयाँ सोच र नयाँ मोडको आवश्यकता बोध गर्नु पर्छ" । भन्ने पन्त 'दाहित्य'लाई आफ्नो जीवनको पर्याय बनाएर अगाडि बढेका छन् ।[७३]हाल नेपाल सरकारको प्रशासन सेवाबाट अवकाश लिएका पन्त नेपाली साहित्यमा अग्र पङ्क्तिमा रहेर सक्रिय देखिन्छन् । पन्तका खास साहित्यिक क्षेत्र हेर्दा यात्रा संस्मरणात्मक बढी देखिन्छ भने कथा, उपन्यास, निबन्ध र कविता क्षेत्रमा पनि उनले कलम चलाएका छन् । उनका १.बिरानो बस्तीमा-उपन्यास,२०४४, २.वेदनाका लहरहरू-खण्डकाव्य,२०४७ ,३.तीनआमाका छोरा उपन्यास,२०५७, ४.जापान भ्रमणका केही सम्झना-नियात्रा सङ्ग्रह,२०५८, ५.रामचन्द शर्मा-स्मृतिग्रन्थ,२०५९ ६.यात्रा र अनुभूति-नियात्रा सङ्ग्रह,२०६०, ७. रुक्मीदिदी-कथा सङ्ग्रह,२०६१, ८.सन्झ्याल- कथासङ्ग्रह,२०६२, ९.पेट्रोनास टावरको सेरेबोफेरो-नियात्रासङ्ग्रह,२०६३,१०. तीतामीठा कुरा-नैतिक दृष्टान्त,सहलेखन,२०६३ ११. बाह्र सूर्य

---

[७३] पन्थी, शशि.२०६२. 'गुल्मीका सहित्यिक प्रतिभाहरू'. गुल्मी परिचय . काठमाडौं : गुल्मेली समाज ।

:सोह्रफन्को-नियात्रा सङ्ग्रह,२०६४,१२ उत्कृष्टसत्ताइस व्यक्तित्व-संस्मरण सङ्ग्रह,२०६५,१३. पर्यन्तदेश -नियात्रा सङ्ग्रह,२०६६, १४.सम्झनाका थुगा-संस्मरण सङ्ग्रह,२०६७, १५.स्मृतिगङ्गाको-नियात्रा सङ्ग्रह,२०६८ प्रकाशित छन् ।

यसरी राम प्रसाद पन्त हालसम्म १५वटा पुस्तककार कृति प्रकाशित छन् । उनले प्रत्येक वर्ष एक पुस्तकको प्रकाशन गर्ने जमर्को गरेका छन् । उनले उपन्यास विधाबाट साहित्य यात्रा थालनी गरे तापनि नियात्रा र संस्मरणात्मक कृतिमा सर्वोच्चता हासिल गर्न सफल छन् ।उनका सम्पादन पुस्तकहरू :

१.शङ्कर कोइराला : कृति अनुशीलन -समालोचनासङ्ग्रह,२०५८

२.शास्त्रका उपदेशहरू - अध्यात्मग्रन्थ,२०६०

३.सेवारत निजामती साहित्यकारहरू - विविधसङ्कलन,२०६१

४.गुल्मी परिचय-संयुक्त सम्पादन,२०६२

पन्तले प्राप्त गरेका पुरस्कार र सम्मानहरू : प्रेस काउन्सिल पुरस्कार -२०५५,जनमत सम्मान -२०६५,श्याम प्रसाद साहित्य पत्रकारिता पुरस्कार -२०६६, अक्षर ब्रहम सम्मान -२०६६, स्पन्दन सर्वोत्कृष्ट तथा पुरस्कार-इ.२०१० आदि छन् । कवि पन्तका नियात्रा सङ्ग्रह, कथा सङ्ग्रह, लघुकथा सङ्ग्रह, कविता सङ्ग्रह, एकाङ्की सङ्ग्रह, निबन्ध सङग्रह संस्मरण र आत्मसंस्मरण आदि पुस्तकहरू प्रकाशोन्मुख अवस्थामा छन् ।

## ४.१९.१ 'वेदनाका लहरहरू'खण्डकाव्य विश्लेषण

राम प्रसाद पन्तको **वेदनाका लहरहरू** प्रकाशित कृतिका रूपमा दोस्रो र खण्डकाव्य क्रममा पहिलो कृति हो । यस खण्डकाव्यमा पन्तका व्यक्तिगत बेदनाहरू अभिव्यक्त छ । **वेदनाका लहरहरू** आफ्नो सन्तानको मृत्यु पश्चात् पीडित आत्माको बिसौनीका रूपमा देखा पर्छ । काव्यमा पात्र काले जन्मेको तेस्रो दिनदेखि नै पहेले रोगले सताए पछि बाबु-आमा औषधोपचारमा लाग्दछन् । नेपालमा उपचार हुन नसक्ने भएपछि  एसियाको सबभन्दा ठूलो 'ए.आई.आई.एम.अस्पताल' दिल्ली उपचारार्थ पुग्दछन् । त्यहाँ अपरेसन भएर निको जस्तो भै घर फर्कने सुरसार गर्दा 'काले' दिवंगत हुन्छ ।[७४] यही काव्यले मानिसको मन रुवाएर मातृहृदयलाई असह्य गराएर सकिएको छ । साक्ष्य पङ्क्ति :

---

[७४] मन्थलीया, भरतराज .२०४७ भूमिका .'सानो मन्तव्य'.वेदनाका लहरहरू.विज्ञान पन्त. बलेटक्सार गुल्मी. पृ. घ ।

*शरीर सुम्सुम्याइन्*
*कालेको शरीर केही चिसो लाग्यो*
*उनी अली हडबडाईन्*
*श्वास-प्रश्वासको गति पनि भेटिएन् ।*
(वेदनाका लहरहरू,पृ.६१)

वि.सं.२०४७ मा प्रकाशित यस काव्यमा कालेको जीवनको एक पक्षको चित्रण गरिएको छ । कविले आफ्नो प्रथम पुत्रको मृत्युको अवस्थालाई स्मरण गर्दै यो शोक काव्य लेखेका छन् । अप्रेसन गर्दा 'डाक्टरले जिम्मेवारी लिदैन्' भनेर उसलाई ज्यानको प्रवाह नभएको बिरामी कहाँ आउने समयमा पनि 'कसैको बिदाईमा बाहिरसम्म निस्केको' भनेर व्यङ्ग्य गरेका छन् । उसैको लापरवाहीमा पनि 'तपाईले बुझ्नुभएन' भनेर बिरामीका अभिभावकलाई उल्टै दोष लगाएका छन् । अस्पतालको प्रवृति 'नेपालको अदालती तारिख जस्तो' रहेको छ । नर्सहरूका अनम्र व्यवहार भोगेका छन् । नेपाली राजनीतिक नेता र नेत्रीबाट हौसला प्राप्त भए पनि खास सहायता प्राप्त नभएको व्यङ्ग्य छ । खासै विषय छोराको मृत्यु भए पनि यसमा डाक्टरको लापरवाहीलाई व्यङ्ग्य रूपमा प्रस्तुत गरिएको छ । जसको उदारणको लागि निम्न कविता लिन सकिन्छ । साक्ष्य पङ्क्ति :

*पितृ-हृदय गलेर आयो*
*भड्कन लागे यता र उता*
*डाक्टरको खोजीमा*
*एक असिष्टेण्टबाट अवगत भयो*
*डाक्टर साहेबले भन्ने भएको छ*
*तपाइँले बुझ्नु भएन*
*मेसिन बनेको छैन*
*बच्चालाई दूध पिलाए हुन्छ ।*
(वेदनाका लहरहरू,पृ.१३)

संरचनात्मक रुपमा हेर्दा जम्मा ६७ पृष्ठमा आवद्ध भएको गद्यमा लेखिएको यो कृति हो । सात सर्गमा संरचित एउटा कालेको जीवन व्यथामा लेखिएको खण्डकाव्यात्मक यो कृति हो । यसमा भाषा सरल छ, चित्रण उत्कृष्ट छ अनि करुण रसको प्रयोग गरिएको छ ।

कवि पन्तले गद्यात्मक खण्डकाव्य प्रस्तुत गरेका छन् । **वेदनाका लहरहरू**मा कविका मानसिक द्वन्द्व प्रस्तुत गरेको पाइन्छ । यसमा देश र विदेशमा हुने अस्पतालका लापरवाहीलाई प्रष्टाउने कोशिश गरेका छन् । आधुनिक जगतमा देखिएका विकृति र विसङ्गतिमाथि तिखो व्यङ्ग्य प्रहार गरेका छन् । विदेशी अस्पतालप्रति देखिएको कम्जोरी

नेपाली सरकारी प्रवृति जस्तो देखाइएको छ । उनी गुल्मी जिल्लाका गद्यात्मक कविता लेखनमा उत्कृष्ट प्रतिभाका रूपमा चिनिन पुगेका छन् ।

## ४.२०.ठाकुर शर्मा भण्डारी र कविताकृतिका विश्लेषण

ठाकुर शर्मा भण्डारीको जन्म वि.सं.२०१० मा गुल्मी जिल्लाको जुहाङ्-६ मा पिता नवनिधि भण्डारी र माता धनकला भण्डारीको कोखबाट भएको हो । हाल शर्मा काठमाडौं महानगरपालिका–४ धुम्बाराहीमा बस्छन् । उनले संस्कृतमा साहित्याचार्य र नेपालीमा स्नातकोत्तर त्रि.विबाट गरेका छन् । नेपाल राष्ट्र बैङ्कमा वि.सं.२०३४ चैत्रदेखि २०६७ भाद्रसम्म सेवा गरी हाल अवकाश प्राप्त भएका शर्मा डिल्लीबजार कन्या बहुमुखी क्याम्पसमा अध्यापनरत छन् ।[७५] अन्य पेशाका साथै साहित्यिक क्षेत्रमा कलम दौडाउने शर्माका विशेष गरी कविता लेखनबाट साहित्य यात्राको थालनी गरेका छन् । उनी कथा, मुक्तक र चम्पुकाव्य लगायत समालोचना ग्रन्थ आदि माध्यमबाट साहित्यलाई परिचित गराउन पुगेका छन् । उनका १.अन्तर्ध्वनि -कविता सङ्ग्रह,२०५५, २.आस्थाका पाइला-कविता सङ्ग्रह,२०५९,३.उपासना-कविता सङ्ग्रह,२०६०,४.बसन्तानन्द-चम्पूकाव्य,२०६५ ,५.तीतामीठा कुरा-सहलेखन,२०६२, ६.अनिवार्य नेपाली २ -सहलेखन,२०६५, ७.विर्मशन -समालोचना,२०६६, ८.प्रकृतिमा मान्छे -मुक्तक सङ्ग्रह,२०६६ र ९.पञ्चामृत -निबन्ध सङ्ग्रह, २०६८ प्रकाशित छन् ।

ठाकुर शर्मा भण्डारी दायित्व वाङ्मय सम्मान वि.सं. २०६६ र महाकवि देवकोटा शताब्दी सम्मानले सम्मानित छन् । शर्माको हालसम्म ९/१० वटा पुस्तकाकार कृतिको प्रकाशन गरिसकेका र विभिन्न पत्रपत्रिकामा साहित्यिक लेख रचना प्रकाशित छन् । उनका कवितामा सूक्ष्मता, स्वायतत्ता र राष्ट्रियताको भाव प्रवल छ । ठाकुर शर्मा जीवनवादी कवि हुन् । कविता लेख्दा सजिला र मीठा शब्दको छनोट, गम्भीर भाव र आध्यात्मिक दर्शन प्रस्तुत गर्छन् ।

### ४.२०.१ 'अन्तर्ध्वनि' कविता सङ्ग्रको विश्लेषण

प्रस्तुत **अन्तर्ध्वनि** कृति शर्माको वि.सं.२०५५ मा प्रकाशित प्रथम कविता सङ्ग्रह हो । यसमा गद्य र पद्य गरी ३४ कविताहरू सङ्गृहीत छन् । कवि ठाकुर शर्मा जीवनवादी कवि हुन् । उनले जीवनलाई सम्पूर्णतामा हेरेका छन् । किनभने उनी आदर्श र आधुनिकता दुवै

[७५] भण्डारी, ठाकुर.२०६८. अर्न्तवार्ताबाट ।

मन पराउँछन् । उनी समग्र सृष्टिलाई मन पराउँछन् । त्यसको अस्तित्व र स्वयम् सिर्जित भइरहनुलाइ हेरेर उनी विस्मित र आनन्दित हुन्छन् । माधव घिमिरे भन्छन्:-सृष्टि भइरहन्छ-स्रष्टा हाँसिरहन्छ ।[७६] यस सङ्ग्रहमा १३ पद्य र २१ गद्य कविताहरू सङ्कलित छन् । १३ पद्य कवितामा 'प्राथना' देखि 'अनिचाल पाएँ' सम्मका कवितामा आमा र मातृभूमिप्रतिको सचेतताको आहवान गरिएको छ अनि नारी जातिको आस्था, सद्भावना र कर्तव्यबाट विचलित भएमा हुने पश्चातापको बारेमा कविता लेखेका छन् । उदाहरणको रूपमा केही पङ्क्तिहरू तल उद्धृत छन् :

*हे आमा ! सम्झना तिम्रो गरेर म त बाँच्दछु*
*अनेक कष्ट भोगेर बाँचेको गर्तमा म छु ॥*
(प्राथना, पृ.१)

*सत्य विनम्रता नारी नारी हो घरको धन ।*
*पुजारी शान्तिकी नारी कोमल उसको मन ॥*
(नारी, पृ.१२)

त्यसैगरी गद्य कविताहरूमा खराब बानीको त्याग गर्नुपर्ने, मिलेर बाँच्न सिक्नुपर्ने, जीवनसृष्टि र वातावरणप्रति समाजले भोग्नु परेको यथार्थता, जवानीको जोसको सदुपयोग हुनुपर्ने सन्देश प्रस्तुत छन् । यस सङ्ग्रहमा पद्य र गद्य गरी ३४ कविता सङ्कलित छन् । छन्द विधानका दृष्टिले पद्य कवितामा अनुष्टुप छन्दको प्रयोग पाइन्छ ।'कवि हो विधाता' र 'अनि चाल पाएँ' शीर्षकका दुई कविता उपजाति छन्दमा छन् र 'सौन्दर्य' शीर्षकको कवितामा शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । साक्ष्य पङ्क्ति :

*आएँ यो भवमा सधैं हृदयमा आघात ठूलो सहें*
*आत्मा त्यसको प्रभाव नलिने सोचेर गम्दै रहें ।*
*त्यस्तो तुच्छ कुरा सुनेर मनमा सारा भयो शून्यता*
*आँखाबाट झरे बलीन्द्र धारा म जाऊँ कता ॥*

(सौन्दर्य, पृ.१६)

यसरी वर्तमान युगका समसामयिक विषयलाई समेत छोएर लेखिएका यी कविताहरू युगीन बिम्बका रूपमा पनि देखिन्छन् । प्रकृतिप्रेम, राष्ट्रियता, देशभक्ति र नारी अस्मिता जस्ता विविध विषय छन् । उनका कवितामा सामाजिक विसङ्गति र विकृतिका विरूद्ध आक्तोशका स्वर प्रस्तुत भएका छन् । समाजका असहज परिस्थितिलाई पार गर्दै सहजतिर

---

[७६] घिमिरे , माधवप्रसाद.२०५५.भूमिका. 'सृष्टि भइरहन्छ-स्रष्टा मुस्कुराइरहन्छ' अन्तर्ध्वनि .पृ.ग ।

लाग्नु पर्ने सन्देश पाइन्छ । ठाकुर शर्मा धर्तीका कवि हुन् र नेपाली माटो अनि मुटुसँग उनको माया ममता छ ।[७७] यसरी शर्मा पद्य र गद्य कवितालाई एउटै कृतिमा प्रकाशित गरी प्रकृतिको चित्रण गर्न, राष्ट्रियताप्रति अगाध प्रेम पाख्न पुग्छन् यसमा अन्तरात्मका ध्वनिलाई प्रस्फुटन गरिएको कारण यस कृतिको नाम अन्तर्ध्वनि रहन गएको पाईन्छ ।

## ४.२०.२.'आस्थाका पाइला' कवितासङ्ग्रहको विश्लेषण

**आस्थाका पाइला** कवि शर्माको दोस्रो प्रकाशित कविता सङ्ग्रह हो । वि.सं.२०५९ मा प्रकाशित यस कृतिमा ३७ कविता सङ्कलित रहेका छन् । यी कविताहरूमा देशभक्ति भावना, प्रकृतिको सौन्दर्यप्रति आकर्षण, जीवनको आशामुखी स्पन्दन र हृदयको विश्वासपरक भावना अभिव्यक्त भएका छन् । यी कवितामा वाचक शब्द, वाच्य अर्थ दुवै व्यञ्जक बनेर आएका छन् । यसमा जीवनप्रतिको मूल्यचिन्तन, आध्यात्मिक चेतनाको विनयमुखी स्पुरण प्रस्तुत छ । यसमा जीवनमा केही गर्न सकूँ भन्ने अन्तर्भाव पाइन्छ अनि समाज, राष्ट्र र विश्वप्रति नै सन्देश दिने प्रेरणा रहेको पाइन्छ । कवि शर्मा देशभक्तिभाव यसरी व्यक्त गर्छन् :

*योगदान थियो धेरै*
*मूढतामा अटाउन ।*
*सकेन सब नष्टै भो*
*रोयो देश दुख्यो मन ॥*
(श्रद्धाञ्जली चढाउँछु-१,२/४१)

कवि शर्माको **आस्थाका पाइला** कृतिमा साढे तीन दर्जन कविता सङ्कलित छन् । पन्ध्रवटा कविताले भक्ति, वेदान्त, अध्यात्म र पूर्वीय दर्शनको प्रतिनिधित्व गर्दछन् भने बाँकीमा श्रद्धा, पुष्प, कृतज्ञता, अन्तर्भावना, समाज र सामाजिक चेतना आत्मिक ज्ञानानुभूति, प्राकृतिक र व्यवहारिक पक्ष, उदारणात्मक शिक्षा, जिज्ञासा र शुभकामनाको भावहरू समेटिएका छन् ।[७८] कवि शर्माले यस सङ्ग्रहमा शास्त्रीय छन्दमा पद्य रचना गर्ने रहरले कवितालाई बढी प्रभावित तुल्याएको झलक पाइन्छ । गुरुवन्दता, महाकवि देवकोटाप्रति श्रद्धासुमन, सोच्नु पर्ने भयो अब, मोतिरामप्रति श्रद्धान्जली, कवितामा हराउँछु, श्रद्धाञ्जली चढाउँछु, कृष्ण ! बजाऊ मुरलीधुन, प्रेम सुधा, अन्तर्भाव, सुधारौं मन यो अब आदि ३७ शीर्षक लिएर ब्रहमतत्व, आत्मतत्व, प्रकृति, जीव जगत र जीवनको सेरोफेरोमा पर्ने विविध

---

[७७] शर्मा, गोपीकृष्ण. २०५५.भूमिका. मन्तव्य. अन्तध्वनि.पृ. च/छ ।

[७८] अर्याल, प्रा.डा. मुकुन्दराज.२०५९.भूमिका.'समकालीन समाजको दर्पण नै कविता हो'.आस्थाका पाइला काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

विषय समेट्दै यी कविताले आफ्नो कर्तव्यप्रति आस्था र विश्वास जगाएर स्वधर्म, स्वराष्ट्र, स्वसंस्कृतिप्रति प्रेमभाव राख्ने सन्देश प्रस्तुत गरेको छ ।

## ४.२०.३ 'उपासना' कविता सङ्ग्रहको विश्लेषण

**उपासना** कवि शर्माको तेस्रो कृतिका रूपमा वि.सं.२०६० मा प्रकाशनमा आएको हो । २८ शीर्षकमा समाहित यस कविता सङ्ग्रहका कवितामा विशेषगरी मानवप्रेम, देशप्रेम र प्रकृतिप्रेम प्रस्तुत छ । कविताको सुरुमा कविले नेपाललाई दिव्य धामका रूपमा प्रस्तुत गर्दै शिवबाट नै सम्पूर्ण सृष्टि सञ्चालन भएको कुराको बोध गराउन पुगेका छन् । यस देशमा भएको पथभ्रष्टताले सबै जनतामा अशान्ति भएको कारण यसलाई हटाएर शान्तिको बिज छर्नु पर्ने सन्देश **उपासना** कविताबाट प्रस्तुत भएको छ । **उपासना** भित्र चेतना प्रवाह शैली सहजै आएको छ । द्वन्द्व, दार्शनिक सर्न्दभ र प्रकृति चित्रणमा बिम्बित द्वन्द्व पनि कवितामा देखिन्छ । कविले भाषा शैली, भाव आदि पक्षमा समेत विचार पुऱ्याउदै वर्तमान समाजको अस्तित्वहीन र मूल्यहीन मान्छे बन्दै गएको गुनासो गर्दै 'बचाऊँ अब जीवन' भन्ने भाव व्यक्त गर्न खोजे जस्तो लाग्छ । साक्ष्य पङ्क्ति :

*मृत्यु अन्तिम सत्य हो*
*जानेर पनि व्यर्थमा ।*
*कुमार्गमा गयो मान्छे*
*रहेन सत्य मार्गमा ॥*
(बचाऊँ अब जीवन ,पृ-७,श्लोक-२)

कवि शर्माका कवितामा आशावादी दृष्टिकोण र विनयी भाव व्यक्त छन् । यसप्रकार कविका कविता आशा र निराशावादीको द्वन्द्वमा लेखिएको छ । जुलुस गीत र निराशावादी विक्षिप्त गीतहरूको ढपक्क ढाकेको वर्तमान नेपाली बगैंचामा देवकोटाप्रति कविको व्यक्त कविताको नयाँ सन्देश के दिन सक्ला र ![७९]

*लक्ष्मीको दिव्यता छाआ*
*छाएको दिपले दिन*
*स्वच्छ सुन्दर पारेर*
*सजाऔं पूर्ण जीवन ॥*
(लक्ष्मीप्रसाद देवकोटाप्रति, पृ-३९)

---

[७९] दाहाल, रामप्रसाद.२०६०. भूमिका.'शब्दसुमन उपासना तिमीलाई' काठमाडौं : दायित्व वाङ्मय प्रतिष्ठान ।

धर्म र दर्शनको अध्ययन गरी आध्यात्मिक चिन्तनबाट कविले विभिन्न बिम्ब र प्रतीकहरूको साझा समायोजन गरेका छन् । समसामयिक विषयवस्तु भित्रका समस्यालाई समातेर कविता लेख्ने शर्माले छन्दोबद्ध  कविता लेखेका छन् । प्रेमदेखि प्रकृतिसम्मका विविध विषयमा कविता लेखेका छन् ।

## ४.२०.४ 'वसन्तानन्द' चम्पूकाव्यको विश्लेषण

**वसन्तानन्द** कवि शर्माको चम्पूकाव्य हो । कविता र समिक्षामा कलम चलाउने शर्माका गद्य र पद्य कविताहरू यस सङ्ग्रहमा पाइन्छन् । ऋतुराज वसन्तको आगमनसँगै लतावृक्षमा नयाँनयाँ पालुवा लाग्छन् । वसन्तफूल फुल्छन् र हरियाली विस्तारित हुन्छ । प्रफुलित हृदयमा आनन्दको अनुभूति हुन्छ । लताकुञ्जमा कोइलीका कुञ्जन र चराहरूको चिरबिराहटले गर्दा प्रकृतिले पनि खुसीयाली मनाएको भान हुन्छ । वसन्तको आनन्द भनेको यही हो । यसैलाई वसन्तानन्द भनिन्छ । **वसन्तानन्द** शीर्षकले वसन्तको आनन्द वा वसन्तद्वारा प्राप्त आनन्द भन्ने अर्थ दिन्छ । साथै प्रतीकात्मक अर्थमा मूर्धन्य साहित्यसेवी तथा कोशकार वसन्त कुमार शर्मा नेपालसँगको सहसम्पर्क, ओजस्वी प्रेरणा न्यानो सान्निध्यबाट प्राप्त हुने आनन्दलाई समेत सङ्केत गरेको छ । व्यञ्जनात्मक रूपमा यही दोस्रो अर्थ नै काव्यकार ठाकुर शर्माको पनि अभीष्ट रहेको प्रतीत हुन्छ  । गोपीकृष्ण शर्माका अनुसार, "वसन्त कुमार शर्मा नेपाल नेपालका विशिष्ट साहित्यकार तथा समाजसेवी व्यक्तित्व हुनुहुन्छ र उहाँको दर्जनौ दर्जन कृतिहरू कविताकाव्य, कथा र अनुवादक ग्रन्थ आदि प्रकाशित छन् । अहिलेसम्मको वृहत् आयामको नेपाली शब्दकोश 'नेपाली शब्दसागर'ले उहाँलाई विशिष्ट कोशकारका रूपमा भावुक हृदय भएका कवि ठाकुर शर्मालाई प्रभावित पार्छन् । **वसन्तानन्द** काव्यको प्रस्तुत हुन्छ ।" निरन्तर रूपमा लेखन कार्यमा रहने वसन्त कुमार शर्मालाई ठाकुर शर्माले नजिकबाट पाएको सम्पर्कको बारेमा वर्णन गर्छन् । साक्ष्य पङ्क्ति :

*मुहार हँसिलो गोरो चञ्चले मन सुग्घर*
*बाहिरी रूप जस्तो छ विचार अति सुन्दर*
*(वसन्तानन्द-२,श्लोक-७,पृ-२४)*
*नलेखी ,नपढी बस्न सकिन्न बुझ्न खोज्दछु*
*उपनिषत्प्रसङ्गैमा यथार्थ रूप भेट्दछु*
(वसन्तानन्द-२,श्लोक-९,पृ-२५)

३६ परिच्छेदमा विभाजन गरिएको प्रस्तुत काव्यमा 'वसन्त कुमार शर्मा'का विविध पक्षको बारेमा वर्णन गरिएको छ । खास गरेर अनुष्टुप छन्दमा सिर्जना गर्न मन पराउने

कवि शर्माले यसमा भने गद्यपद्य मिश्रित चम्पूकाव्यमा आफ्ना भाव विस्तार गरेका छन् । फलस्वरूप **वसन्तानन्द** काव्य रचना गरिएको छ । 'वसन्त' अर्थात प्रकृतिको सुन्दर स्वरूप, त्यही सुन्दरतामा पश्चिममा वर्डस्वर्थ, सेली, किट्स, वाइरन जस्ता कविहरूले रमाउँदै सुन्दरकाव्य सिर्जना गरेर संसारलाई नै चकित बनाए भने पूर्वको त कुरै नगरूँ व्यासको अट्ठार पुराणदेखि कालिदासको महाकाव्यहरू सबै नै वसन्तको सुन्दरतामा मोहित छन् ।[८०] कवि शर्मा वसन्त कुमार शर्माको जीवनीसँग आफूले भेटेको अवस्था र यसकाव्यको नाम **वसन्तानन्द** चयन गरिएको हो ।

## ४.२०.५.'प्रकृतिमा मान्छे' मुक्तकसङ्ग्रहको विश्लेषण

**प्रकृतिमा मान्छे** वि.सं.२०६६ मा प्रकाशित कविता कृति हो । यसमा कवि ठाकुर शर्माले प्रकृति र प्रेमलाई विषयवस्तुका रूपमा लेखेका छन् । यस सङ्ग्रहमा नेपाली समाजको यथार्थ चित्रण गरिएको छ । **प्रकृतिमा मान्छे**मा कविले मानिस प्रकृतिको नियम अनुसार नै चल्नु पर्ने कुरा उल्लेख गरेका छन् । साक्ष्य पङ्क्ति :

*जर्बजस्ती लगाएको माया पनि कतै टिक्छ*
*जर्बजस्ती पढाएको ज्ञान पनि कतै टिक्छ*
*गर्न पाएँ भन्दै यहाँ जे पनि के गर्न हुन्छ*
*प्रकृतिको नियममा बसेको नै कुरा टिक्छ ॥*
(प्रकृतिमा मान्छे,पृ-१७)

यसरी कवि शर्माले माथिको पङ्क्ति अनुसार कसैलाई पनि जर्बजस्ती माया लगाएर र पढाएर नहुने कुरा व्यक्त गरेका छन् । उनले प्रकृतिको नियम अनुसार चल्नु पर्ने कुरा व्यक्त गरेका छन् । यस सङ्ग्रहमा प्रकृति छ, जीवन छ, सौन्दर्य छ, पहरा छ, छहरा छ, नीति छ, नैतिकता छ, प्रेम छ र जीवनका रणनीति र कार्य कुशल छ । शर्मा मानिसहरू एकै रूपका हुँदैनन् । मौका पर्नासाथ आफ्नो रूप फेर्ने कुरा यसरी व्यक्त गर्छन् । साक्ष्य पङ्क्ति :

*कस्ता हुन्छन् मान्छेहरू धेरै रूप फेरी हिंड्छन्*
*रूपरङ उस्तैउस्तै अरूलाई धुरी हिंड्छन् ।*
*चौतराको शीतलता किन आज आगो जस्तो*
*जीवनलाई कष्ट बनाई यात्रीहरू किन हिंड्छन् ॥*
(प्रकृतिमा मान्छे, पृ-३७)

शर्मा यस मुक्तक सङ्ग्रहमा सङ्गृहीत १३६ श्लोक छन् । उनका मुक्तकहरू सूत्रमा बाधिएका छन् । ४६ पृष्ठको यस सङ्ग्रहमा मानवलाई प्रकृतिसँगै बाँच्न सिकाएका छन् ।

---

[८०] घिमिरे, माधवप्रसाद.२०६५.भूमिका. वसन्तानन्द.एक दृष्टि. काठमाडौं : शब्दार्थ प्रकाशन चाबेल ।

कवि शर्मा गुल्मीमा जन्मिएर काठमाडौंमा स्थायी बसोबास गर्दै आएका गुल्मीका कवि हुन् । जसमा सहयोग र सद्भाव हुन्छ उसले प्रगति गर्न सक्छ भन्ने भावना उनमा छ । पेशागत हिसाबले कलेजदेखि बैंकसम्म कार्यरत कवि शर्मामा अत्यन्त सहयोगी भावना रहेको छ । साहित्य लेखनमा  कवि शर्माको यात्रा कविता विधाबाट प्रारम्भ भएको छ । उनी गद्य र पद्य दुवै शैलीमा कविता लेखेका छन् । उनका कवितामा देशभक्ति र प्रकृति चित्रण  छ ।

## ४.२१.नारद गौतम र उनका कविता कृतिको विश्लेषण

वि.सं.२०११ मा जीवलाल गौतम र माता केशव गौतमबाट नारद गौतमको जन्म गुल्मी जिल्ला बलेटक्सार गा.वि.स.-३ चौतारा भन्ने ठाउँमा भएको हो । उनको शिक्षाको आरम्भ पिताबाट भएको हो । आफ्नी आमाले धार्मिक तथा सांस्कृतिक पर्वहरूमा गीत रचना गरी गाएको सुन्दा उनमा सङ्गीत तर्फको अभिरूचि र प्रेरणा प्राप्त भएको हो । नारद गौतमको साहित्यिक यात्राको प्रारम्भ संस्कृत प्रधान पाठशाला रिडीमा वि.सं.२०२७ मा आयोजित साहित्यिक कार्यक्तममा सर्वप्रथम 'गरिब' शीर्षकको कविता लेखेर वाचन गर्दा प्रथम स्थान प्राप्त गरी कविताबाटै सुरु भएको हो । [८१] उनी 'गरिब' कविताको स्वरूप यस्तो सुनाउँछन् । साक्ष्य पङ्क्ति :

*गरिब बिचरा सोझा धनीका वंशमा परी*
*न्याय नपाएर रुन्छन् कठैबरी ।*

वि.सं.२०२८ मा 'आमा' शीर्षकको कविता कालीगण्डकी पत्रिकामा प्रकाशित गरी साहित्यिक कदमहरू अगाडि बढाउँदै हालसम्म तीन दर्जन भन्दा बढी फुटकर कविता विभिन्न पत्रपत्रिकामा प्रकाशित रहेका छन् । उनका फुटकर कविताहरूमा शास्त्रीय शैलीशिल्पका साथै कला र भावको सङ्गीत छ । उनले संस्कृतमा शास्त्री गरेका छन् । वि.सं.२०३६/४० सम्म शिक्षा कार्यालयमा नायक सुब्बा भएर लमजुङ् र गुल्मीमा कार्य गरेका कवि गौतम हाल जनबोध उच्च मा.वि. रानीबास गुल्मीमा मा.वि. तहको नेपाली विषयको अस्थायी शिक्षकका रूपमा अध्यापनमा क्तियाशील छन् । उनको  वि.सं.२०५१ मा प्रकाशित **रमा** शोककाव्य गुल्मीमा मात्र नभई लुम्बिनी अञ्चलमा प्रथम स्थान प्राप्त गर्न सफल कृति मान्न सकिन्छ । आफ्नी ३३ महिनाकी छोरी रमाको वियोगमा यिनले यो काव्य लेखेका हुन् ।

[८१] गौतम , नारद .२०६८. अन्तर्वार्ताबाट ।

### ४.२१.१.'रमा' शोककाव्यको विश्लेषण

**रमा** नारद गौतमको वि.सं.२०५१ मा प्रकाशित शोककाव्य हो । पहिलो सन्तानका रूपमा जन्मिएकी रमाको वि.सं.२०३९ मा ३३ महिना कै नाबालक अवस्थामा मृत्यु भएको थियो । पहिलो सन्तानको मृत्युले कविमा शोक पर्न गई उनकै नामबाट यो शोककाव्य प्रकाशित भएको हो । साक्ष्य पङ्क्ति :-

*रमा यो मेरो घरमा अलच्छिन पस्यो हा दैव यो के भयो ।*
*छैनन् बाहिर भित्र प्राण कसले छोरी रमाको लियो ॥*
*यो कस्तो विपना थियो कि सपना घुसै अँध्यारो भयो ।*
*पत्याउ न पत्याउ आज अरूले संसार कालो छ यो ॥*

( श्लोक-३, पृ.-१)

यसरी गौतम माथिको पङ्क्तिमा आफ्नी छोरी रमाको प्राण कहाँ गयो वा कसले लग्यो । छोरी नभएको घरमा दिनमा नै रात परेको अनुभव गर्दै काल संसारमा भएको कुरा व्यक्त गर्दछन् । यस सङ्ग्रहबाट आफ्नो शोक विह्ल आत्मालाई विश्रान्ति दिन पुग्छन् । आन्तरिक संरचनाको दृष्टिले गहन भाव र पुनरावृति भएको कारण अत्यन्त मर्मस्पशी बन्न पुगेको छ । लयविधानका दृष्टिले हेर्दा मुक्तलयको स्थितिमा रहेको छ । यसमा मधुर लयात्मक भाषा रहेको छ । शादूलविक्रीडित छन्दमा लेखिएको उक्त शोककाव्यमा करुण रसको प्रचुरता पाइन्छ । कवि गौतम **रमा** काव्यमा रमाको बारेमा यसरी कविता प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*आँखाबाट परै सऱ्यौ र विधिले ओझल पाऱ्यो तर*
*सम्झन्छौं तिमी भित्र छौ अब 'बुबा' भन्छ्यौ कि झै भर्खर ॥*
*छैनौ भित्र छ पष्ट किन्तु मनले मान्दैन मान्दैन है ।*
*मैले  सक्दिन भन्न प्राण धुकुटी छोरी रमा छैन है ॥*

(रमा, श्लोक-३५,पृ-७)

यसरी माथिको पङ्क्तिमा मृत्यु भइसकेकी छोरी रमालाई जीवित अवस्थामा रहेको कल्पना कवि गौतमले गरेका छन् । यस काव्यमा भाषा ललित रहेको छ । सरल भाषा हुनाले स-साना बालक लगायत सबैले सहज बुझ्न सक्ने पढ्दा आत्मस्पर्शी भावहरू रहेको यस काव्यको भाषाशैली सुमधुर बन्न पुगेको छ । यसमा कविले आफ्नो अन्तर व्यथा प्रस्तुत गरिएकोले 'म' प्रथम पुरुषीय दृष्टिविन्दु ,रमालाई तिमीको संज्ञा दिएको कारण द्वितीय पुरुष दृष्टिविन्दु र रमा अनि उनीका साथीभाईको प्रयोग भएको कारण तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यस काव्यमा कविको आत्मालापीय कविकथनात्मक पद्धतिको प्रयोग गरिएका छन् । **रमा** शोककाव्य रमाको स्वभावको वर्णन गरिएको छ । एउटा नाबालकको

निधनबाट पितामा पर्न सक्ने चिन्तनलाई देखाएको कारण बालसुलभ स्वभावोक्ति बिम्बको प्रयोग गरिएको छ । साक्ष्य पङ्क्ति :

*आँखाको पुतली बनेर घरको शोभा दिएकी थियौ ।*
*खेल्थयौ आँगनमा वरिपरि सबै झल्को बनाई गयौ ॥*
*तिम्रा दौतरी आउँदा पनि अझै भोरिन्छ भित्री मन ।*
*छोड्ने कोशिश बिर्सने जति गरौं सम्झिन्छ त्यती किन ॥*

('रमा' ,श्लोक-७, पृ.-२)

वि.सं.२०२७ को 'गरिब' कविताबाट साहित्यिक यात्रा प्रारम्भ गरेका कवि नारद गौतममा अन्य विधाभन्दा कविता विधा बढी देखिन्छ । उनले जीवन र जगत्का समसामयिक विषयवस्तु टिपेर कविता लेख्छन् । मान्छेका सुख दु:ख, हाँसो-रोदन देखेर कविलाई कविता लेख्ने प्रेरणा पलाउँछ । यिनीले राष्ट्रियता, संस्कृति र कलाको सरंक्षणको पक्षमा कलम चलाएका छन् । छन्दमुक्त लयात्मक किसिमको काव्यले  सिर्जना गर्ने कवि **रमा** शोककाव्यमा आफ्नी ३३ महिना पुग्न थालेकी नाबालक रमाको मृत्युले शोकमा विह्ल छन् । रमाको मृत्युबाट विह्ल आत्मालाई यस काव्यमा प्रस्तुत गरेका छन् । ८५ पङ्क्ति रहेको यो काव्यले रमाको सम्झना मात्र नभई उनप्रति माया गर्ने छरछिमेकीको भावना ,दौतरीको भावना ,रमाको बालसुलभपनको मार्मिक व्याख्या गरिएको बालसुलभ शोक काव्य हो । माधव घिमिरेको **गौरी** शोककाव्यको प्रभाव पर्न सक्ने आक्षेप लगाईएको भएता पनि **गौरी** एउटा पत्नीप्रति लेखिएको पतिको आत्मलापिय कथन व्यक्त छ भने **रमा** एउटा बालकको मृत्युमा आमा, बुबाप्रतिको शोक व्यक्त गरिएको छ। यसले सन्तानप्रति माया गर्ने हरेक आमा ,बुबा वा जो कोहीको पनि यसले आत्म रसाएको छ । रमाको बालकपनको चञ्चल र चुलबुले स्वभावले गर्दा आँखाको नानी बन्न पुगेकी रमा जति बिर्सन खोजे पनि बिर्सन नसकिने अवस्थाको वर्णन सरल, सहज भाषामा प्रयोग गरिएको छ

## ४.२२. गणेश ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

गणेश ज्ञवालीको जन्म वि.सं.२०१४ मा गुल्मी जिल्लाको थोर्गा वसन्तपोखरीमा भएको हो । हाल उनी काठमाडौं मिनभवनमा स्थायी बसोबास गर्दै आएका छन् । यिनी कविता र निबन्ध विधाका साधनारत प्रतिभा हुन् । जनप्रशासनमा स्नातकोत्तर तहसम्मको शिक्षा पूरा गरी हाल उनी नेपाल सरकारको उपसचिव पदमा कार्यरत छन् । उनी विद्यार्थी अवस्थादेखि नै कविता लेखनमा सक्तिय थिए । यिनका रेडियो नेपालबाट कविताहरू प्रसारित छन् र उनका रचना विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । यिनी गीत रचनामा पनि संलग्न छन् ।

विभिन्न समसामयिक पत्रिकाको सम्पादन पनि यिनीबाट भएको छ । [८२]उनका १. यो पानी कस्तो बेमानी -निबन्ध,२०६०, २. माटोको माया - कवितासङ्ग्रह, २०६५प्रकाशित छन् ।

उनको सृजना कार्य वि.सं.२०३० को दशकबाट आरम्भ भएको हो । प्रकाशनका दृष्टिले वि.सं.२०३५ मा रेडियो नेपालबाट प्रसारित 'पहाडी भागतिर' शीर्षकको कविता सार्वजनिक भएपछि र 'हाम्रो पुरुषार्थ' पत्रिकामा 'बाला नै हुन् चमचम हुने देशका वीर तारा' शीर्षकको कविता मुद्रित भएपछि पाठकले चिनेका ज्ञवाली परम्परा र नवीनताका सङ्गम बिन्दुमा उदाएका व्यक्तित्व हुन् । ज्ञवालीको सृजनाको मुख्य क्षेत्र कविता हो र गौण क्षेत्र निबन्ध हो । ज्ञवालीको लेखन क्षेत्रमा प्रवेश भएको समय नेपाली साहित्यको इतिहासमा प्रयोगशील र उत्तरचरणको सङ्क्रमण विन्दुको समय हो । स्वच्छन्दताको अवशिष्टांश, प्रयोगशीलताको उत्तरवर्ती बिन्दु , अस्तित्व र विसङ्गतिको उत्कर्ष बिन्दु र उत्तरवर्ती साहित्य सिर्जनाको आरम्भ बिन्दुको क्षणमा उदाएका ज्ञवाली कविता र निबन्ध सिर्जनाले नेपालको प्रकृतिक सरल जीवन, आर्थिक राजनीतिक दृष्टिले संभ्फौतावादी जीवन, भौतिक वस्तुको उपयोगका दृष्टिले सीमित प्राप्ति मै रमाउने सन्तोषशील जीवन भोगलाई आधारशील बनाएर कलम चलाउन आरम्भ गरेका ज्ञवालीमा एकातिर परम्पराको निरन्तरता र अर्कातिर नवीनताको आरम्भको संयोजित भएको छ । [८३]

## ४.२२.१.'माटोको माया' कविता सङ्ग्रहको विश्लेषण

**माटोका गीत** गणेश ज्ञवालीको वि.सं.२०६५ मा प्रकाशित कविता सङ्ग्रह हो । जसमा वि.सं.२०३४ देखि हालसम्म फुटकर कविताहरू सङ्गृहीत छन् । यसमा देशप्रतिको मायालाई आधार बनाएर लेखिएको र प्रायःकवितामा यही भाव पाइएको कारण यस कृतिको शीर्षक **माटोको माया** सार्थक रहेको देखिन्छ । यसका सबै कविताहरू पढ्दा धर्ती, प्रकृति, देश, भेष, शान्ति, संस्कृति, जीवन जीविका जस्ता मुलुक र माटोसँग बढी सामिप्य राख्ने भावभूमिभित्र रचिएको छ । उनका कवितामा भाव पक्षभन्दा शैली पक्ष सुन्दर भएका छ । साक्ष्य पङ्क्ति :

*छ्यौता कुँदेर छोडेथे ढुङ्गामा शिल्पकारले ।*
*मूर्ति बनाई राखेथे सूनमा स्वर्णकारले ॥*
*बन्ने त आशा नै छैन त्यस्ता शिल्पी मरी सके ।*

---

[८२] पन्थी, शशि. २०६२.'गुल्मीका केही साहित्यिक प्रतिभाहरू' गुल्मी परिचय काठमाडौं. गुल्मेली समाज ।

[८३] सुवेदी, प्रा.राजेन्द्र.२०६५.'प्रकाशनपूर्व पठन नै त हो भूमिका '. माटोको माया..काठमाडौँ : श्रीमती इन्द्रा ज्ञवाली मीनभवन ।

*तिनै जतनले साँची पुज्न पाए हुने थियो ॥*

(हुने थियो,पृ-१३)

उक्त पङ्क्तिमा मानिस परिश्रमी बन्न छाडेको बरु पहिले कुदिएका मूर्ति हरूलाई नै नष्ट गर्ने सम्भावना भएका कारण ती मूर्तिलाई जोगाउनु पर्ने नयाँ शिल्पीकारको जन्म हुनु पर्ने भाव व्यक्त गरिएको छ । संरचनात्मक हिसाबले हेर्दा जम्मा ६५ पृष्ठमा आवद्ध, ४१ कविताहरूमध्ये ५ गीति, १३ गद्य र २४ पद्य कविताहरू सङ्गृहीत छन् । यसमा रहेका कविताहरू वि.सं. २०३४ देखि हालसम्मका छन् । सङ्ग्रहका सबै कवितामा वर्णमात्रिक, गीति र गद्य समेत तीनवटा लय प्रयोग गर्ने ज्ञवाली प्रयुक्त लयमा सन्दर्भमा सफल देखिएका छन् । छन्दात्मक हिसाबले शार्दूलविक्तीडित ,उपजाति, मन्दाक्तान्ता, इन्द्रवज्रा र अनुष्टुप छन्दको प्रयोग गरेका छन् । कलाकार अरनिको बिम्बमा उद्वोध हुने, सङ्गीत मधुरताको प्रादुभाव हुने, नयाँ शिल्पीको प्रस्तुति प्रदर्शन गर्ने सौर्य बिम्ब ज्ञवालीका कविताको मूल्य प्रस्तुतिका आधार बनेर प्रकट भएका हुन्छन् । प्राकृतिक सौन्दर्यको उचाई थप्न कुशल कवि ज्ञवालीको सृजनाले 'धरती' शीर्षकको कवितामा श्रमिकको श्रम प्रक्षेपण भइरहँदाको स्थितीलाई प्रस्तुत गरेका छन् । 'गैती अनि ज्यावलको प्रहार' प्रस्तुत गर्ने ज्ञवाली माधव घिमिरे जस्तै चेतना ध्वनित गर्ने कवि देखिन्छन् । साक्ष्य पङ्क्ति :

*दुर्गन्ध आफ्नै जिउमा लुकाई*
*सुगन्धका फूल झिकी फिजाई*
*खनेर खास्रेर छरौं त बीच*
*फलाई दिन्छौ त्यही धेर चीज*

(धर्ती,पृ-३७)

यसरी ज्ञवाली सरकारी पेशाको साथै साहित्यिक क्षेत्रमा पनि कलम चलाउन सफल छन् । वि.सं.२०३० देखि लेखन क्षेत्रमा लागेका ज्ञवालीको 'बालविधवा बिलौना' खण्डकाव्य लेखन कार्य अधुरो रहेको छ । वि.सं.२०६५ मा स्वदेशको अगाध माया ममता बोकेको मानवलाई सन्देशमूलक गीति, गद्य र पद्य कविता सङ्ग्रह 'माटोको माया' प्रकाशित भएको छ । उनी गुल्मी जिल्लाका एक प्रतिष्ठित कविका रूपमा परिचित छन् ।

## ४.२३. लक्ष्मीनाथ ज्ञवाली (सुमेरू) र उनका कविताकृतिको विश्लेषण

लक्ष्मीनाथ ज्ञवालीको जन्म वि.सं.२०१६ मा गुल्मी जिल्लाको थोर्गा धानपति-५मा भएको हो । ग्रामीण विकास तथा स्वावलम्बन केन्द्र भैरहवामा कार्यरत ज्ञवाली वि.सं.२०३९ देखि स्थायी रूपमा भैरहवामा बसोबास गर्दै आएका छन् । स्नातकात्तर तह (समाजशास्त्र)

सम्मको शिक्षा हासिल गर्न सफल ज्ञवाली साहित्यिक क्षेत्रमा पनि क्तियाशील छन् । साहित्यिक लेखनका क्षेत्रमा उनी सुमेरू नामले चिनिन्छन् । उनका १. समय आफै बोल्छ -कविता सङ्ग्रह,२०६०, २. अवसरबाट वञ्चित दलित समुदायको मूल प्रवाहमा समाहिकीकरणका लागि स्थानीय निकायको भूमिका एक अध्ययन, सहलेखन-२०६०, ३ लोकतन्त्रका कविता-१-कविता सङ्ग्रह, २०६०**,** ४ गणतन्त्रका लागि समकालीन लेखहरूको संगालो -लेखसङ्ग्रह,२०६३**,** ५. चील -कवितासङ्ग्रह,२०६५ प्रकाशित छन् ।

यी कृति बाहेक अन्य कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । उनी विभिन्न साहित्यिक क्षेत्रमा संलग्न छन् । यसरी गैरसरकारी संस्थामा विगत पन्ध्र बर्षदेखि संलग्न भई सामुदायिक विकासका कामहरू सम्पन्न गरेका ज्ञवालीले पत्रकारिता क्षेत्रमा सम्पादन, प्रकाशन र समाचार दाताको रूपमा पनि योगदान गरेका छन् ।

## ४.२३.१. 'समय आफैं बोल्छ' कवितासङ्ग्रहको विश्लेषण

ज्ञवालीको **समय आफैं बोल्छ** वि.सं.२०६० मा प्रकाशित कविता सङ्ग्रह हो । यसमा विषयगत विविधता छ । कवि ज्ञवालीले श्रमिक, प्रजातन्त्र, राष्ट्र-राष्ट्रियता, सहिद, अग्रज साहित्यस्रष्टा, चाडपर्व, शिक्षण पेशा, युद्धविभीषिका र प्रकृति आदिलाई आफ्ना विचारको मियो र विषयवस्तुको आधार बनाएका छन् । 'सुस्केरा', 'घाँसी', 'श्रमिक' कविता श्रम र श्रमिकका पक्षमा रहेका छन् भने 'जनता हुँ', जनताको बोली', 'प्रजातन्त्र' आदि कविता प्रजातन्त्र र प्रजातन्त्रका पक्षमा छन् । 'जन्मेको हुन्छ नेपाली भिजेर आफ्नै माटोमा', 'भारतीय मित्रसँग', शान्ति क्षेत्र नेपाल' आदि कविताहरूमा राष्ट्र र राष्ट्रियताका पक्षमा दरोसँग उभिएका छन् । 'सहिद'ले सहिदको धर्म-कर्म र मर्मलाई आत्मसाथ गरेको छ भने 'दसै', 'तिहार-२०४६', र 'नववर्ष' ले हाम्रा मुख्य चाडपर्वका सन्दर्भमा उही श्रमिक, कामदार, गरिब, निमुखा र अभावग्रस्त नेपालीका व्यथावेदनाहरूलाई मूत रूप प्रदान गरेका छन् । आफू स्वयम् साहित्यकार भएकाले आफूलाई त्यस क्षेत्रमा लाग्न प्रेरित गर्ने अग्रज साहित्यकार देवकोटा र घिमिरेलाई विषय बनाई 'घिमिरेप्रति' र 'देवकोटाप्रति' दुईवटा कविता लेखिएका छन् । [८४]उदारणका रूपमा निम्न पङ्क्ति लिन सकिन्छ । साक्ष्य पङ्क्ति :

---

[८४] लामिछाने, कपिल. २०६०.भूमिका.समय आफै बोल्छ. वुटवल : शारदा ज्ञवाली ।

*दसैंको रिन बोकेर तिर्न बाँकी नपाउँदै*
*आँखाका आँसु पोखेर पुछ्न सारा नपाउँदै*
*मुटुले सास फेरेर बोल्न बाँकी हुँदाहुँदै*
*देवकोटा कता लागे आमा आज रुँदारुँदै*
(देवकोटाप्रति,पृ-१४)

यस सङ्ग्रहमा विषयगत विविधता भए पनि लयगत एकरुपता देखिन्छ । कवि ज्ञवालीका कविता अनुष्टुप छन्दमा लेखिएका छन् । १९ वटा कविता यस कृतिमा भाषा सहज र सरल पाइन्छ । साक्ष्य पङ्क्ति :

*छन् रे खरबका खाता विदेशी बैंक बैंकमा*
*साच्चै त्यो पसिना पुगेछ हाम्रो कसरी त्यहाँ ।*
*ल्याऊ तुरुन्त आज नै बुझाउ जन सामुमा*
*यसरी खान पाइन्न श्रमको पसिना यहाँ ॥*
(जनताको बोली,पृ-२३)

उनका कवितामा प्रगतिशील जीवनदृष्टि मुखरित भएको पाइन्छ । गरिब, निमुखा र शोषित पीडित ठूला जनसमुदायका पक्षमा र शोषक सामन्तका विरुद्धमा उनको आवाज उठेको छ । माथिको पङ्क्तिमा नेपाली जनताको पसिनाबाट ठूलाबडाहरू आफ्नो मात्र स्वार्थ पूरा गर्ने भएका कारण त्यसप्रति विद्रोह र व्यङ्ग्य भाव प्रकट गरिएको छ ।

## ४.२३.२ 'चील' कविता सङ्ग्रहको विश्लेषण

**चील** कवि सुमेरूको वि.सं.२०६५ मा प्रकाशित पाँचौ कृति हो । **चील** कविताबाट गरिएको व्यङ्ग्यात्मक भावले यस कृतिको नाम **चील** रहन गएको हो । कवि ज्ञवाली सामाजिक कुरीति, असमानताप्रति व्यङ्ग्य प्रहार गर्दै कविता लेख्छन् । नेपालमा ठूलाले सानालाई र बलियोले निर्धालाई मिच्ने थिच्ने कार्य यथार्थ भएको कुरा कवि ज्ञवाली आफ्ना कविता मार्फत व्यक्त गर्छन् । साक्ष्य पङ्क्ति :

*कावा  खाएर हावामा उड्दैछन् नील व्योममा*
*दिन चर्या पुरा नै छ दृष्टि दिन्छ शिकारमा*
*चुच्चो तीखो पहेलो छ ठूँड फलाम झैं कडा*
*ठुँगेर ज्यान त्यो लिन्छ निर्दयी हुन्छ त्यो चरा ॥*
(चील,पृ-७)

कवि सुमेरूका यसमा ३० पद्य कविता छन् । 'नेपाल नौलो हुने' कविता शार्दूलविक्तीडित छन्दमा छ र अन्य अनुष्टुप छन्दमा छन् । यस सङ्ग्रहमा ९ गद्य कविता, ४ गीत र १ गजल समेत गरी ४४ रचना सङ्कलित छन् । **चील** कविता सङ्ग्रह पद्य र गद्य

अर्थात चम्पूकाव्य कृति हो । प्रतीक बिम्बको भाषामा जीवनको भाव व्यक्त गर्न खप्पीस कवि 'कागती' मा यसरी व्यक्त गर्छन् । साक्ष्य पङ्क्ति :

*टुक्रा टुक्रा बनाएर निचोरी भागभागमा*
*मजाले स्वाद चाखेर अनि फाल्दछन् रछ्यानमा*
(कागती , पृ-१)

सामाजिक सेवा र पत्रकार पेसा मन पराउने कवि ज्ञवालीका **समय आफै बोल्छ** र **चील** दुई कविता सङ्ग्रह प्रकाशित छन् । दुवै कृतिका माध्यमबाट राष्ट्रियता प्रतिको भाव, प्रकृतिप्रेम, श्रमिकको श्रमको अवहेलना, सामाजिक कुरीति र असमानताप्रति व्यङ्ग्य भाव व्यक्त गरेका छन् । ठूला माछाले साना माछालाई खाएँ जस्तै ठूलाबडाले निर्धालाई हेप्ने काम भएको पाइन्छ भन्दै कविले कविता आफ्ना भाव व्यक्त गर्छन् ।

## ४.२४. हिरण्यलाल ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

वि.सं.२०१६ मा गुल्मी जिल्लाको थानपति-६मा जन्मिएका हिरण्यलाल ज्ञवाली कविता विधाका सशक्त प्रतिभा हुन् । वुटबल बहुमुखी क्याम्पसमा प्राध्यापनरत ज्ञवाली विद्यार्थी अवस्थादेखि नै कविता लेखनमा निकै रुचि राख्दथे । सानैमा साथी भाइहरूका बीचमा कविता मै चिठीको आदन प्रदान गर्ने उनी विशेष गरी पद्य कविता लेखनमा रुचि राख्छन् । कविता मोह कै कारण एम. ए को शोधपत्र पनि सिर्जनात्मक लेखन अन्तर्गत कविता मै प्रस्तुत गरेका छन् । सामाजिक विकृति, विसङ्गतिका विरुद्ध सशक्त रूपमा कलम चलाउने कवि ज्ञवाली त्यत्ति कै प्रकृतिप्रेमी पनि छन् । प्राकृतिक सौन्दर्य भित्र हराउदै आनन्दमयी जीवनका सुखानुभूति गर्ने उनका कविता भित्र मानव जीवनका विविध पक्षहरू भेट्न सकिन्छ ।[८५] उनको **बिसौनी** कविता सङ्ग्रह वि.सं.२०५४ मा प्रकाशित कृति हो । यो कृति बाहेक विभिन्न पत्रपत्रिकामा एक सयभन्दा बढी लेखरचनाहरू प्रकाशित छन् । उनी राष्ट्रव्यापी कविता प्रतियोगितामा चारपटक पुरस्कृत भईसकेका छन् ।

## ४.२४.१. 'बिसौनी' कविता सङ्ग्रहको विश्लेषण

वि.सं.२०५४ मा प्रकाशित **बिसौनी** कवि ज्ञवालीको प्रथम प्रकाशित कविता सङ्ग्रह हो । उनले यस कविता सङ्ग्रहको विषयवस्तुका रूपमा देशप्रेमको भावना ल्याएका छन् । वासुदेव त्रिपाठीका अनुसार "देशप्रेम, देशविकास, सामाजिक जडता र विसङ्गतिप्रतिको संवेदनशीलता र सामाजिक आर्थिक पुनःरचनाको कामना, प्रीति र वात्सल्यका संवेदना एवं

[८५] पन्थी, शशि. २०६२.'गुल्मीका केही साहित्यिक प्रतिभाहरू'.गुल्मी परिचय. गुल्मेली समाज काठमाडौं

जीवनका रिक्तता-निस्सारका साथै उत्साह-संघर्षशीलताको युवा अभिवृत्तिको सेरोफेरोलाई यस सङ्ग्रहका पैतालीस वटा कविताले कवितात्मक बान्की दिन खोजेका छन् र आधारभूत रूपमा राष्ट्रिय प्रकृति र लोकयात्रा र मानवीय भावधाराका सुन्दर-सुकुमार संवेदनाहरू कै बाहुल्य यस सङ्ग्रहमा पाइन्छ अनि समाज र जीवनका बाध्यता-विवशता र रिक्तता-निस्सारताका तरेलीबीच पनि जीवन र सृष्टिप्रति अझ साहित्यिक सृजनशीलताप्रति कविको युवासुलभ प्रवल रागको साक्षी यो कविता सङ्ग्रह हुन आएको छ ।[८६] देशको माटोलाई आफ्नो जुनी भरको माया लाग्ने अनि माटो नै नरहेमा आफ्नो अस्तित्व नै हुन नसक्ने, नेपाली भन्न नै नपाइने अवस्थाबाट कहिल्यै बन्चित हुन नपरोस् भन्दै उनले देशप्रेमको भावना यसरी व्यक्त गरेका छन् । साक्ष्य पङ्क्ति :

*माटालाई उठाएर राख्छु आफैं निरन्तर*
*यो माटो नरहे मेरो के अस्तित्व हुनेछ र ?*
*मलाई यस माटा कै माया लाग्छ जुनी-जुनी*
*बनी अमर यो माया हाँस्नेछ म मरे पनि ॥*
(माटोको माया,पृ-३)

कवि ज्ञवालीको यस सङ्ग्रहमा तीनखण्ड छन् -पहिलो बिसौनी, दास्रो बिसौनी र श्रद्धाञ्जलिका पाँच पुष्प । पहिलो बिसौनीमा २२ कविता र दोस्रो बिसौनीमा १८ कविता तथा श्रद्धाञ्जलीका पाँच पुष्पमा ५ कविताहरू सङ्गृहीत रहेका छन् । उनले यस कृतिमा मुख्यत अनुष्टुप छन्दको प्रयोग गरेका छन् भने शार्दूलविक्तीडित र मन्दाक्तान्ता छन्द लय चेतनाको प्रयोग पनि कवि ज्ञवालीले यस सङ्ग्रहमा गरेका छन् । भाषाशैली र बिम्बविधानमा परम्परित बढी र निजत्वको अलि कमी रहेको यस सङ्ग्रहमा छन्द, कथ्य, विषयवस्तु तथा भावविचार एवं भाषाशैली बिम्बअलङ्कारका साथै सङ्कथन संरचनाका आधारमा मौलिकता देखिन्छ । उनी निमुखा, गरिब जनताकाबारे मार्मिक पङ्क्ति यसरी प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*कतै छ फूलको थुङ्गा कतै ढुङ्गा बिझाउँछ ।*
*गरीबीको यहाँ यौटा सजीव चित्र आउँछ ।*
*कोचेर घरमा अन्न कतै कोही रमाउने ।*
*यै धर्तीमा कतै मान्छे भोकले छट्पटाउने ॥*
(गरिब, पृ-९)

---

[८६] त्रिपाठी, प्रा. डा. वासुदेव. २०५४. भूमिका बिसौनी पृ-ख ।

कविले धनी र गरिबका बीचमा देखिएको विभेदको कुरा प्रस्तुत गरेका छन् । गरिबका पेटमा अन्न पर्न नसक्नु र धनीको घरमा धनपात कुहिने जस्ता विभेदकारी समस्यालाई कवितामा प्रस्तुत गरिएको छ ।

कवि ज्ञवालीको प्रकाशित कृति **बिसौनी** कविता सङ्ग्रह हो । यसमा कविले सामाजिक विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गरेका छन् । कवि ज्ञवाली गद्यभन्दा पद्य शैलीमा कविता लेख्छन् । अनुष्टुप छन्द योजनामा उनको विशेष रुचि देखिन्छ तर अन्य छन्दमा पनि कविता सृजना गरेको पाइन्छ ।

## ४.२५.कृष्ण प्रसाद भण्डारी (मुमुक्षु) र उनका कविताकृतिको विश्लेषण

कवि ज्ञवालीको जन्म वि.सं.२०१८ मा जोहाङ-४,गुल्मी भएको हो । नेपालीमा एम.ए. उत्तीर्ण गरेपछि उनी प्राध्यापन कार्यमा संलग्न हुदै आएका छन् । उनको प्रकाशित कृति **सृजनाका फूलहरू** कविता सङ्ग्रह (२०५६) हो । उनका फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् । माधव प्रसाद घिमिरेका अनुसार,“उनी सन्तुलित शैली र संयमित भावनाका कवि हुन् ।” उनले शास्त्रीय छन्दको लयलाई हृदयको धुकधुकीसँग मिलाएका छन् । उनका ‘आमाको आशीष’ र ‘गुरुङ जाति :एक अध्ययन’ भन्ने अनुसन्धात्मक कृति प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।[८७] उनी विभिन्न संस्थामा रही राष्ट्रहितमा अग्रसर छन् ।

### ४.२५.१.‘सृजनाका फूलहरू’ कविता सङ्ग्रहको विश्लेषण

कवि मुमुक्षुको **सृजनाका फूलहरू** वि.सं.२०५६ मा प्रकाशित कविता सङ्ग्रह हो । यसमा कविले बालकलाई प्रेरणास्रोतका रूपमा लिएका छन् । सृष्टिका फूल नै बालक हुन् । बालकहरूद्वारा नै धर्ती हाँस्छिन् भन्ने विषयवस्तुका लिएका छन् । वि.सं.२०१७ को नपालको प्रजातान्त्रिक अवस्थाको वर्णन, नारीका भावनालाई बुझ्ने कोशिश गर्नु, युवाले देशको लागि गर्नु पर्ने दाहित्वको वर्णन, राष्ट्रप्रेमी भावना आदि विषयहरू यस कवितामा प्रस्तुत छन् । जम्मा ५५ कविताहरू सङ्गृहीत यस सङ्ग्रहमा अनुष्टुप, शार्दूलविक्त्रीडित, चण्डी, मन्दाक्त्रान्ता र झ्याउरे, उपजाति र शिखरिणी छन्दको विशेष प्रयोग गरेको पाइन्छ भने ‘नारी सौन्दर्य’, ‘रोबोट’, ‘यौजन दीप’ शीर्षकका कवितामा छन्द मिश्रित छ । **सिर्जनाका**

[८७] पन्थी, शशि .ऐजन

**फूलहरू** कविता सङ्ग्रहलाई कवितात्मक रूपमा माधव वियोगीले चर्चा गरेका छन् । यसका लयलाई यसरी प्रस्तुत गरिएको छ ।[८८] साक्ष्य पङ्क्ति :

*मीठा ती कविता गीतिलय भनौं कि म ।*
*लय हो गीतिको अर्थ यति मात्र बुझौं कि म ॥*

(हाम्रो पुरुषार्थ,२०६२.पृ-४८)

देश बिग्रदै जान थालेको अवस्थाबाट बचाउन कवि मुमुक्षुले युवालाई देशको विकासमा लाग्न सन्देश दिएका छन् । यसमा केही व्यङ्ग्य र लाक्षणिक विचार छ । बुद्धको सत्यताको चर्चा पनि यसमा गरिएको छ । यस सङ्ग्रहका सङ्गृहीत कविता मध्ये 'सुकुम्बासी' कविता सबै भन्दा लामो र 'आँखाहरू' छोटो देखिन्छ । उनका कविता छन्द, रस, भाव, शब्द, भाषा र लय आदिको संयोजनले उत्कृष्ट बनेका छन् । माधव वियोगीले मुमुक्षुका बारेमा एउटा पङ्क्ति यसरी लेख्छन् । साक्ष्य पङ्क्ति :

*ए कवि ! कृष्ण भण्डारी 'मुमुक्षु' कर्म साधक ।*
*चम्कियोस् लेखनी तिम्रो शुभेच्छा छ नि हार्दिक ।*

माधव वियोगी कवि कृष्ण प्रसाद मुमुक्षुका बारेमा कवितात्मक भावना व्यक्त गर्दै उनको साहित्यिक लेखन कार्य अगाडि बढ्दै जानु पर्ने कुरा प्रस्तुत गरेका छन् । आधुनिक गुल्मीको कविता साहित्यलाई अग्रसरता दिने भण्डारीको साहित्यिक नाम 'मुमुक्षु' हो । कविता विधामा पद्य शैलीमा उनको बढी प्रखरता पाइन्छ । उनको प्रकाशित **सिर्जनाका फूलहरू**मा बालक, धर्ती र नारीलाई विषयवस्तुका रूपमा लिएका छन् । राष्ट्रप्रेम, प्राकृतिक सौन्दर्य, नारित्व, बालकपन, युवाको दायित्व आदिलाई विशेषताका रूपमा लिएका छन् ।

## ४.२६.प्रदीप ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

पिता नारायणदत्त ज्ञवली र माता पुण्यकला ज्ञवालीबाट वि.सं.२०१९ मा गुल्मी जिल्लाको बलेटक्सार गा.वि.स-२ चौतारामा प्रदीप ज्ञवालीको जन्म भएको हो । ज्ञवालीको शिक्षारम्भ गराउने श्रेय उनका दाजु हरिप्रसाद ज्ञवालीलाई जान्छ । जसले त्यो अबाध बालकलाई पढ्ने र लेखने प्रेरणा प्रदान गऱ्यो । उनले वि.सं.२०३२ मा चौध बर्षको उमेरमा रिडी मा. वी. गुल्मीबाट एस.एल.सी पास गरे । औपचारिक रूपमा उनको शिक्षा आर्जन यति नै रहे पनि अनौपचारिक अध्ययन वा स्वअध्ययनले गर्दा हाल उनी उच्च शिक्षित, साहित्यिक, बौद्धिक व्यक्तित्व मात्र नभई राजनेताका अग्रज प्रतिभाका रूपमा परिचित छन् ।

---

[८८] वियोगी, माधव.२०६२.'मुमुक्षु र सिर्जनाका फूलहरू'.संक्षिप्त चर्चा. हाम्रो पुरुषार्थ, बर्ष ३३, अङ्क-१,सम्पू.-५१

हाल ज्ञवाली आफ्नो परिवार सहित काठमाडौं नयाँ वानेश्वर स्थित संखमूलमा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । हाल उनी ने.क.पा.एमालेका केन्द्रीय सदस्यका रूपमा छन् ।

दाजु हरि प्रसाद ज्ञवाली साहित्यिक अनुरागी भएको कारण उनले सुनाउने कथा, कविता र गीतबाट प्रदीप ज्ञवाली प्रभावित भएका छन् । उनमा साहित्यकार भुपि शेरचन, लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, दौलत विक्तम विष्ट, विजय मल्ल र रमेश विकल आदि प्रतिभाका साहित्यिक कृतिको प्रभाव परेको र हिन्दी साहित्यकार प्रेमचन्द र रूसी साहित्यकार लिओ टाल्स्टोय, म्याक्सिम गोर्की, पुस्किन र चेखोब आदि जस्ता थुप्रै साहित्यकारहरूका कृतिहरूको प्रभाव परेको छ । उनका प्राकृतिक, सामाजिक, आर्थिक, राजनैतिक र सांस्कृतिक पक्ष प्रेरणाका स्रोत बनेका छन् । उनले वि.सं.२०२८ तिर 'देशभक्ति' र 'म अरिंगाल होइन' नामक दुई कविताहरू रचना गरेका थिए । उनी वि.सं.२०३१ मा रचना गरिएको 'किनभने' शीर्षको कविताबाट प्रथम पटक स्थानीय कविता प्रतियोगितामा प्रथम भएका थिएँ । यसले उनलाई साहित्यिक लेखनमा हौसला प्रदान गऱ्यो ।[८९] उनको साहित्यिक लेखन कार्य वि.सं.२०२८ बाट भए तापनि प्रकाशन कार्य भने वि.सं.२०४१ म 'आसुले के हुन्छ' शीर्षकको कविता रहेको छ । उनका १.सहयात्री-उपन्यास,२०४६, २.अब मसाल कता ? -वैचारिक निबन्ध,२०४७, ३.चिता जलिरहेछ-कविता सङ्ग्रह,२०५३, ४.मार्क्सवादको सिर्जनात्मक प्रयोग र नेपाली क्रान्ति-वैचारिक निबन्धसङ्ग्रह, २०५७, ५.प्रचण्डपथः विचारको केन्द्रिकरण कि भ्रष्टीकरण ?-वैचारिक निबन्ध सङ्ग्रह,२०५८, ६.आस्था ओ मेरी प्रिया -कविता सङ्ग्रह,२०५९ र ७. कुहिरो -कथासङ्ग्रह,२०६० प्रकाशित छन् ।

यी बाहेक ज्ञवालीका उपन्यास, खण्डकाव्य र दर्शनहरू प्रकाशोन्मुख अवस्थामा छन् । प्रदीप ज्ञवालीका विभिन्न पत्रपत्रिकाहरूमा शीतविन्दु ,स्मृति र शिशिर आदि नामले ५०० भन्दा बढी लेख रचनाहरू प्रकाशित भएका छन् । उनका कथा, कविता, उपन्यास र निबन्ध जस्ता रचना परिष्कृत छन् । यी विविध विधा मध्ये उनको साहित्यको थालनी कविताबाटै भएको हो । उनलाई कवि व्यक्तित्वका रूपमा चिनाउने प्रकाशित पुस्तकाकार **चिता जलिरहेछ** (**२०५३**) र **आस्था ओ मेरी प्रिया** (**२०५९**) कविता सङ्ग्रह रहेका छन् । 'अधुरो इतिहास' खण्डकाव्य अप्रकाशित रहेको छ । ज्ञवाली सामाजिक विकृति, विसङ्गति,

---

[८९] फुल्देल, चिन्तामणि. २०६१.'प्रदीप ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन' अप्रकाशित स्नातकोत्तर शोधपत्र. कीर्तिपुर : ने.के.वि.त्रि.वि. ।

अन्याय र अत्याचार, शोषण र दमनको विरुद्धका जनवर्गीय स्वरूपलाई आफ्ना कविताहरूको मुख्य विषयवस्तु बनाएका छन् । कवि ज्ञवाली प्रगतिवादी कवि हुन् । उनी साहित्य शीतविन्दुका नामले परिचित छन् ।

## ४.२६.१ 'चिता जलिरहेछ' कविता सङ्ग्रहको विश्लेषण

**चिता जलिरहेछ** कविता सङ्ग्रह शीतविन्दुको प्रथम प्रकाशित कृति हो । यो कृति वि.सं.२०५३ मा नवयुग प्रिन्टर्स परासीबाट प्रकाशित भएको हो । यसमा वि.सं.२०३९ दखि वि.सं.२०५३ सम्मका कविताहरू सङ्कलन गरिएको छ । जसमा जीवनका विभिन्न अवस्था प्रकट हुन सक्ने आँसु, हाँसो, राग, अनुराग, विवेक, जाँगर, विश्वास र सङ्कल्पलाई कविले काव्यगत अभिव्यक्तिका साथै अत्यन्त सूक्ष्मता र गम्भीरताका साथ प्रस्तुत गरेका छन् ।

यस कविता सङ्ग्रहका अधिकांश रचनाहरूमा आफ्नो मुलुकमा काम नपाएका नेपालीहरूको व्यथा, देशभक्ति नागरिकहरूको निर्मम हत्या र त्यसबाट उजाडिएका हजारौं घर परिवारको दयनीय अवस्था, आफ्नो मातृभूमिलाई निरंकुश सामन्ती अत्याचारबाट मुक्त पार्नका लागि मुलुकका विभिन्न भेगहरूमा जुधि रहेका वीरयोद्धाहरूको आत्मीय संझना, युद्धमा मारिएका आफ्ना प्रिय कमरेडहरूलाई क्रान्तिकारी अभिवादन र उनले अपूर्ण छाडेको विजयी अभियानलाई लक्ष्यसम्म पुऱ्याई छाड्ने फलामे संकल्पबद्धता, देशविदेशी प्रतिक्रियावादीहरूको कुत्सित सड्यन्त्रमा परेर दिवंगत हुन पुगेका आदरणीय एवं प्रियनेताहरूको असामयिक मृत्युमा स्वभावतः अतिशय शोक विहवल हुन पुगेको अन्तरात्मको रोदन-क्रन्दन र पछि त्यस शोकलाई शक्तिमा परिणत गरि दिएर अझै जोश-जाँगर साथ अघि लम्कने अदम्य क्रान्तिकारी प्रतिबद्धता बडो सहज तर मार्मिकता साथ व्यक्त भएका छन् ।[९०] कवि ज्ञवालीले सहिदको सम्झनामा आफ्नो भाव यसरी प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*न मुछ्नु आमा दसैंमा टीका नरोप्नु जमरा*
*देशको लागि शहीद भो छोरा आउदैन फर्केर*

(शहीदको सन्देश,पृ-३०)

लामाछोटा गरी २६ कविताहरू समेटिएको यस सङ्ग्रहका कविताहरू गद्य कवितात्मक मुक्त लयमा लेखिएका छन् । यसमा 'सिस्नेको तिरैमा' र 'सहिदको सन्देश' दुईवटा गीति

---

[९०] भट्ट, गोविन्द.२०५३. भूमिका. चिता जलिरहेछ. परासी : नवयुग प्रिन्टर्स. ।

कविता छन् भने बाँकी कविताहरू गद्यमा छन् । कतिपय कवितामा अत्यानुप्रासको संयोजन पनि गरिएको छ । यस सङ्ग्रहका कवितामा आँखा, भोकोपेट, ओठ, दुःशासन, कुरूक्षेत्र जस्ता बिम्बको प्रयोग गरिएको छ । यी कवितामा रुपक, उपमा, विरोधाभाष जस्ता अर्थालङ्कारको प्रयोग गरिएको छ । सरल, सहज भाषा शैलीमा लेखिएका कविताहरूमा कविले अक्षता, ओंठ, टीका,जस्ता तत्सम स्रोतका शब्द अरे, कुत्ते, नमक, हराम, गन्धे, जस्ता हिन्दी स्रोतका शब्द तथा बुक, ककटेल पार्टी, जस्ता अङ्ग्रजी शब्दहरूको प्रयोग गरेका छन् ।

## ४.२६.२. 'आस्था ओ मेरी प्रिया' कविता सङ्ग्रहको विश्लेषणप्रगतिवादी

कवि प्रदीप ज्ञवालीको **आस्था ओ मेरी प्रिया** कविता सङ्ग्रह वि.सं.२०५९ मा प्रकाशित भएको हो । यसमा शीर्षकले कविताको मूल प्रतिपाद्य विषयलाई समेटेको छ । यसको शीर्षक अभिधात्मक रहेको छ । यसमा गद्यात्मक शैलीका कविता प्रस्तुत छन् । ज्ञवाली आफ्ना कवितामा जीवनका सेरोफेरोलाई समेटेर विषयवस्तु चयन गर्ने हुनाले यस सङ्ग्रहमा विषयवस्तुको विविधता पाइन्छ । उनका कवितामा निरङ्कुशताको उद्घाटन, गरिबका पीडा र मर्काको चित्रण, स्वतन्त्रता र समानतालाई दबाएर राख्ने सामन्तवादप्रति तिखो व्यङ्ग्य, युगीन यथार्थको प्रस्तुति, राष्ट्रयता र क्रान्तिकारिता आदि विषयवस्तु समेटिएका छन् । यस सङ्ग्रहको केन्द्रिय भाव मानवता, राष्ट्रियता र निरङ्कुशताको उद्घाटन गर्नु हो । साक्ष्य पङ्क्ति :

*जनतालाई भोरमा पार्ने*
*औसरवाद जस्तै छ कुहिरा*
*देख्दा नरम, सेतो र सफा*
*तर विछट्टै विश्वातघाती*

(मलाई कुहिरो मन पर्दैन, पृ.-११)

**आस्था ओ मेरी प्रिया** कविता सङ्ग्रहमा रहेका कविता गद्य लयमा रचिएका छन् । मुक्त लयमा संरचित उनका कवितामा सहज रूपमा लय, भावर भाषाका बीचमा तादाम्यता छ । यसमा अन्तर-अनुप्रासीयता र अन्य विविध अनुप्रासको प्रयोग भएको छ । कवि ज्ञवालीका दुई कविता सङ्ग्रहमा भाव र सारवस्तु मात्र नभई धेरै जस्तो कविताहरू पनि शीर्षकका साथमा मेल खान आएको देखिन्छ ।

कवि ज्ञवालीका कवितामा भाषा सरल, सरस र सुबोध्य देखिन्छ । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग, अनुप्रासियता, आलङ्कारिक भाषाको प्रयोग र स्पष्ट अभिव्यक्तिका कारणले उनको भाषा सम्प्रेषणीय बन्न पुगेको छ । ज्ञवालीका कविता बिम्बात्मक,

प्रतीकात्मकता र व्यङ्ग्यात्मकताका दृष्टिले विशिष्ट रहेको पाइन्छ । **आस्था ओ मेरी प्रिया** कवितामा ज्ञवालीले राजनीतिक, सामाजिक, आर्थिक, पौराणिक आदि क्षेत्रबाट विविध बिम्ब टिपेका छन् । साक्ष्य पङ्क्ति :

*एक झोक्का चिसो सिरेटो हुत्तिदैंआउँछ*
*झुपडीको ढोका चर्मराउँदै उदाङ्गिन्छ ।*
*अँध्यारो रातसँग पिल्पिलाई रहेको टुकी*
*भ्याप्प निभ्छ मृत्यु जस्तो छाँयाले मझेरी छोपिन्छ ॥*
(बिहानीको प्रतिक्षामा,पृ.-१)

प्रगतिवादी कविता लेखनमा सक्तिय कवि ज्ञवाली गुल्मी जिल्लामा जन्मिएर हाल काठमाडौं स्थायी बसोबास गरिरहेका एक सशक्त देशप्रेमी, राष्ट्रसेवक, ठूला र सानामा समान व्यवहार गर्ने कवि प्रतिभा हुन् । उनका कविता पद्यभन्दा गद्यशैलीमा लेखिएका छन् । उनका **चिता जलिरहेछ** र **आस्था ओ मेरी प्रिया** दुई कविता सङ्ग्रह प्रकाशित भएको देखिन्छ । उनका कवितामा प्रगतिशीलता पाइन्छ । उनका कवितामा सामन्तवर्गप्रति तीव्र विरोध पाइन्छ । उनका कविताले सामन्तवादी शोषकीय प्रथालाई ध्वस्त पार्नु पर्ने आकांक्षा अभिव्यक्त गरिएको छ । मानवीय मूल्यहरण, विसङ्गति, जनसंवेदनाको प्रस्तुतिकरण, आशावादीताको झलक उनका कवितामा छ । उनका कविताले समाजलाई क्तान्तिकारी तिखो व्यङ्ग्य प्रहार गरेको छ । कवि ज्ञवाली **आस्था ओ मेरी प्रिया**मा आफ्नो भनाई प्रस्तुत गर्छन- "यो नितान्त नयाँ कवितासङ्ग्रह बन्न सकेन । पहिलो सङ्ग्रहका कविताहरूलाई यसमा दोहाऱ्याएको छु ।"

## ४.२७. रुद्र ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

रुद्र ज्ञवाली जन्म वि.सं.२०२० मा पिता रूक्माङ्गत ज्ञवाली र माता टीकादेवी ज्ञवालीबाट गुल्मी जिल्लाको ग्वादी-६,मा भएको हो । हाल ज्ञवाली सिद्धार्थनगर-८,वि.पिपथ रूपन्देहीमा स्थायी रूपमा बसोबास गर्दै आएका छन् । पेशागत रूपले निजामति सेवामा आवद्ध छन् । साहित्यिक रूपमा कथा, गीत, गजल र मुक्तक लगायत अन्य विधामा समेत लेखन कार्य गरेका छन् । विभिन्न पत्रपत्रिकामा लेखरचनाहरू लेख्नुका साथै उनका १.निर्वासन- कथा सङ्ग्रह,२०५५, २.समीक्षा -संयुक्त गीति एलबम,२०५९, ३. सपना फुल्ने रातहरू- गजल सङ्ग्रह,२०६१, ४.विवरुका कथाहरू -कथा सङ्ग्रह,२०६६, ५.उन्मुक्त आकाश मुक्तक सङग्रह,२०६६ प्रकाशित छन् ।

रुद्र ज्ञवालीका कविता विधा अन्तर्गत गजल र मुक्तक बढी लेखेका छन् । उनले आफ्ना गजल र मुक्तकको माध्यमबाट सामाजिक, आर्थिक र राजनैतिक विसङ्गति चिरफार गरेका छन् । उनी एक साहित्यिक प्रतिभाका रूपमा परिचित छन् ।

### ४.२७.१. 'सपना फुल्ने रातहरू' गजल सङ्ग्रहको विश्लेषण

वि.सं.२०६१ मा प्रकाशित **सपना फुल्ने रातहरू** कृतिमा सामाजिक परिवेश छ । यस सङ्ग्रहमा ज्ञवालीले सामाजिक, आर्थिक र राजनैतिक विसङ्गतिको चिरफार गरेका छन् । यस सङ्ग्रह भित्रको विषयवस्तुलाई समग्रमा निरूपण गर्दा सामाजिक यथार्थवादी स्वर, राष्ट्रियता, शृङ्गारिता, सामाजिक विकृतिप्रति व्यङ्ग्य, भ्रष्ट र भ्रष्टाचारीप्रति आक्रोश र विद्रोहको स्वर प्रकट भएको छ । साक्ष्य पङ्क्ति :

*राष्ट्र र राष्ट्रियता कति हुन्छ अनमोल*
*सहिदका रगतको टाटोलाई सोध ।*

(सपना फुल्ने रातहरू,पृ.-१)

माथिको पङ्क्तिमा राष्ट्रिय भाव छ । सहिदले देशका निम्ति दिएको बलिदानीको व्याख्या छ । उनी यस सङ्ग्रहमा शृङ्गारिक भाव यसरी प्रस्तुत गर्छन् :

*याद कसैको आयो र गजल लेखेँ ।*
*चिसो रातले जगायो र गजल लेखेँ ॥*

(सफना फुल्ने रातहरू,पृ.-३७)

सामाजिक विकृति, विसङ्गतिप्रतिको भाव उनका गजलमा पाइन्छ । एकै परिवारभित्र बाबु र छोरा बीचको विपरीत अवस्थालाई यसरी लेख्छन् । साक्ष्य पङ्क्ति :

*पूजा गर्छन् बाबु-आमा जप्दै गोपी गोपी हजुर*
*छोरो दादागिरी गर्छ चक्कु छुरा घोपी हजुर*

(सफना फुल्ने रातहरू,पृ.-९)

७४ पृष्ठमा लेखिएको यस सङ्ग्रहमा भाषाशैली सरल र सहज किसिमको छ । गद्य र पद्य दुवै शैलीमा कविता लेखे पनि मूलतः गद्यशैलीमा कविता लेख्नु ज्ञवालीको विशेषता हो ।

### ४.२७.२. 'उन्मुक्त आकाश' मुक्तक सङ्ग्रहको विश्लेषण

कवि ज्ञवालीको **उन्मुक्त आकाश** वि.सं.२०६६ मा प्रकाशित मुक्तक सङ्ग्रह हो । यसमा छोटा छरिता किसिमका मुक्तकहरू सङ्कलित छन् । ज्ञवालीले विषयवस्तुका रूपमा नेपाली समकालीन समाजको विभिन्न समय र सन्दर्भ, सामाजिक विकृति-विसङ्गति, दुराचार, भ्रष्टाचार, राजनीतिक महत्वाकाङ्क्षा र भ्रष्टता मानव मनका तनाव इच्छा आकाङ्क्षालाई लिएका छन् । उनी यथार्थतालाई यसरी प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*परिवन्दमा परेपछि मान्छेले जहर पनि खा नुपर्छ*
*लान्न भनेर जिद्धी नगर्नु निषृधित वस्तु लानुपर्छ ।*
*रीत प्रकृतिको यस्तै छ अजम्बरी यहाँ कोही छैन्*
*काम गर्दा सोची राख्नू एकदिन अवश्य जानुपर्छ ॥*
(यथार्थता,पृ.-११)

उनी सामाजिक विकृति र विसङ्गतिको विरोध गर्छन् । देशमा ठूला भनाउँदातिर कुनै कानुन नहुने उनी पछि लाग्न सके आफ्नो प्रगति हुन सक्ने कुरा दखाउँदै मानिस मार्दा समेत कानुनले नछुने कुराको पृष्टि गर्दै भन्छन् । साक्ष्य पङ्क्ति :

*हिजो पञ्चहरूलाई पनि खोला सङ्कटको तारेकै हुँ*
*तित्रा र ढुकुर होइन पर्दा सरकार झारेकै हुँ ।*
*दावी ठूलो गर्दै भन्यो नवक्रान्तिकारीले*
*दिएर सुपारी मान्छेहरू त मैले पनि मारेको हुँ ॥*
(योग्यता, पृ.-१४)

मानवलाई देशको नाममा केही गर्न आग्रह गर्दै उनी भन्छन् । साक्ष्य पङ्क्ति :

*आऊ एउटा सफत खाऊँ देशको नाममा*
*आऊ जीर्ण छानो छाऊँ देशको नाममा ।*
*नगर्नु भन्दा त केही गर्नु धेरै मनासिव*
*आऊ एउटा गीत गाऊँ देशका नाममा ॥*
(देशको नाममा, पृ.-५५)

यसमा जम्मा ५५ पृष्ठमा २२० वटा मुक्तकहरूमा देशप्रति चिन्ता व्यक्त गरिएको छ भने कतै विद्रोह, कतै मानव सेवामा समर्पण र कतै मान्छेको स्वार्थीपनबाट विकर्षण, कतै साहित्यकार, कतै व्यापारी कतै नेता, कतै सरकारी निकायप्रति ज्ञवालीले तिखो दृष्टि पुऱ्याएका छन् ।

रुद्र ज्ञवाली गुल्मीमा जन्मिएर हाल रूपन्देहीमा स्थायी बसोबास गर्दै आएका साहित्यिक प्रतिभा हुन् । उनले कथा, गीत, गजल, मुक्तकमा लेखन कार्य गरेता पनि विशेषत उनी गजलकार र मुक्तककारका रूपमा परिचित छन् । उनको लेखन कार्य पद्यभन्दा गद्य शैलीमा बढी छ । आधुनिक कालमा रहेका देश र समाजका विसङ्गति माथि तीखो वाण हान्ने काम उनका गजल र मुक्तकमा छ ।

## ४.२८. लक्ष्मण रिजाल र उनका कविताकृतिको विश्लेषण

कवि लक्ष्मण रिजाल वि.सं.२०२३ मा गुल्मी जिल्लाको वडागाउँमा आमा हरिकला र बाबा थानेश्वर रिजालबाट जन्मेका हुन् । वि.सं.२०३८ मा उनलाई आफ्नै दाजु राम प्रसाद रिजालले भारतको दिल्ली लगी भारतीय ऋषिकुल संस्कृत महाविद्यालयमा भर्ना गरिदिएका

थिए । उनी भारतमा मध्यमा र उत्तर मध्यमा अध्ययन गरी नेपाल फर्किए । त्रि.विबाट स्नाकोत्तर तह द्वितीय श्रेणीमा अनि त्रि.विबाटै एक बर्षे बी. एड.द्वितीय श्रेणीमै उत्तीर्ण गरेका छन् ।[९१] हाल उनी रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास गुल्मीमा उप-प्राध्यापक भई अध्यापन गराउँदै आईरहेका छन् । वि.सं.२०६० देखि गुल्मी तम्घासबाट प्रकाशित भएको साप्ताहिक पत्रिका 'गुल्मी टाइम्स'को एकबर्ष जति स्तम्भकार भएर उनले विभिन्न लेख रचना प्रकाशन गरेका छन् । उनका लेख रचनाहरू गुल्मीबाट प्रकाशित हुने विद्या, हाम्रो पुरुषार्थ, शैल सन्देश, लेकाली, स्मारिका, दीपज्योति आदि पत्रपत्रिहरूमा प्रकाशित छन् । कवि रिजालले साहित्य सिर्जनाको प्रेरणा भारतको हरिद्वारमा अध्ययन गर्दाबाट पाएका हुन् । सन् १९८६ ऋषि संस्कृत महाविद्यालय खड्खडी हरिद्वारबाट प्रकाशित हुने पत्रिकामा प्रकाशित 'गरिब' शीपर्षकको कविता नै उनका पहिलो कविता हो । प्रस्तुत कविताको एउटा साक्ष्य पङ्क्ति :

*भोको छ पेट दुःखीको व्याथा यस्तै छ जीवन*
*कसले सुन्छ गरीबको कथा विवश जीवन*

साथी गणेश पाण्डेले शास्त्रीय कविताहरू लेखेको देखिपछि लेखनमा प्रेरणा मिलेको उनी बताउँछन् । कवि रिजाल संस्कृत पढाउने गुरुहरू थानेश्वर गौतम, तीर्थराज सुवेदी, दामोदर शर्मा आदिको लयात्मक कविता वाचन गर्दा छन्दोवद्ध कविता रचना तर्फ अग्रसर भएका छन् । उनमा नेपाली साहित्यका वशिष्ठ साहित्यकार लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, माधव प्रसाद घिमिरे आदिका कृतिको अध्ययनल गर्दा पनि छिटफुट प्रभाव पर्न गएको छ ।

लक्ष्मण प्रसाद रिजालको प्रकाशित कृति **रेसुङ्गा** (महाकाव्य,२०६१) हो । यसमा रेसुङ्गा गिरिलाई अचल नायक बनाई पूर्वीय आध्यात्मिक पृष्ठभूमि रही शास्त्रीय छन्दहरूको प्रयोग गरी यो काव्य रचना गरेका छन् । उनको प्रकाशोन्मुख कृति 'विवेकानन्द' हो । जसमा स्वमी विवेकानन्दको जीवनीबाट प्रेरित भएर वर्तमान विशृङ्खल र पथभ्रष्ट व्यक्तिहरूलाई समेत मार्ग निर्देश गर्ने र आफ्नो संस्कृति अनि धर्मको संरक्षणमा सहिदले झैं बलिदान दिनुपर्छ भन्ने आदर्श प्रेरणाबाट प्रेरित भई यो दोस्रो कृति रचना गरेका र सो कृति प्रकाशोन्मुख अवस्थामा देखिन्छ । अन्य फुटकर कविताहरूबाट कविता सङ्ग्रह ल्याउने विचार उनी बताउँछन् । हालसम्म उनका विभिन्न पत्रपत्रिकामा ५०/६० वटा फुटकर कविताहरू प्रकाशित भएको देखिन्छ ।

---

[९१] शोधनायकसँग गरिएको अन्तवार्ताबाट

### ४.२८.१. 'रेसुङ्गा' महाकाव्यको विश्लेषण

**रेसुङ्गा** महाकाव्य वि.सं.२०६१ मा प्रकाशित कविको पहिलो काव्य हो । यो महाकाव्य पूर्वीय शास्त्रीय ढाँचामा रचिएको छ । रेसुङ्गा गुल्मी जिल्लाको दोस्रो अग्लो पर्वत हो । यस पर्वतको ऐतिहासिक महत्व रहेको छ ।  ऋषिशृङ्गी आएर पौराणिक कालमा यस पर्वतमा तपस्या गरी ज्ञान प्राप्त गरेका थिए भन्ने किंवदन्ती पाइन्छ । ती ऋषिले पूर्वीय वेदान्त दर्शन, साख्य दर्शन र गीताको निष्काम कर्म योगको सारलाई जनसमक्ष पुऱ्याई धार्मिक चेतना प्रवाह गरेको पौराणिक इतिहास छ । पछि यही गिरिमा तपस्यीहरू शशिधर, लक्ष्मी नारायण र यदुकानन्दले तपस्या गरी यसको महिमा फैलाएका थिए । यो पर्वत प्राकृतिक सौन्दर्यले भरिपूर्ण छ । यिनै विषय वस्तुलाई समेटेर सर्ग-सर्ग विभाजन गरी यो महाकाव्य रचना गरिएको हो । सामाजिक विकृति केन्द्रित रही लाक्षणिक भाव भन्दा वाच्यार्थमा जोड दिने रिजालमा भौतिक विलासिता, दमन, शोषण र हेपाहा प्रवृतिको जोडदार विरोध पाइन्छ । शासकीय दम्भ र निम्नस्तरका सहकर्मीको दमन गर्न रुचाउने नेपाली शासक वर्गको चापमा रुग्ण मानसिकता बोक्ने समुदायको प्रतिनिधिमूलक प्रस्तुती कवि रिजालमा भेटिन्छ । **रेसुङ्गा** युग धर्म बोकेको कविताको ललित काव्यात्मक कृति हो ।  साक्ष्य पङ्क्ति :

*ढाँटेर सारा जनलाई सत्य लुकाइ बस्छन् सबवस्तु*
*विदेशमा द्रव्य लगेर राखी ऋणै थुपार्छन् यस देश माथि*

(सातौँ सर्ग,४६-६१)

कवि रिजाल 'ब्रहम नै सृष्टि कर्ता हुन्' र आफु ब्रहम भक्त भएकोले कृपा गरिद्यौ भनी देवीसँग आर्शिवाद मागर काव्य लेख्न थाल्दछन् । काव्य नमस्कारम् बाट सुरु भएको छ । ईश्वरीय शक्ति, आत्मको अमरता, गीताको निष्काम कर्मयोग, भौतिक वस्तुहरूको प्राप्तिमा आशक्ति राख्नु दुःख हो भन्ने सार, वेदान्त दर्शन, साख्य दर्शन र शास्वत जीवनको रहस्यलाई प्रस्ट पारिएको छ । रेसुङ्गा नाम रहनुको कारण पनि व्याख्या गरिएको छ । साक्ष्य पङ्क्ति :

*सर्गाद्य सृष्टि लय देवि रुपा ज्योतिर्मयब्रहम उनै स्वरूप*
*अज्ञान सारा गर अन्त्य मात यो भक्तलाई गरिद्यौ कृतार्थ ॥*

(प्रथम सर्ग,१/१)

यस महाकाव्यको संरचनात्मक पक्ष हेर्दा १३३ पृष्ठमा लेखिएको ,१४ सर्गमा विभाजित शास्त्रीय छन्दमा रचित ११६५ पद्यहरू छन् । अधिकतम मात्रामा उपजाति, अनुष्टुप र शार्दूलविक्तीडित छन्दको प्रयोग भएता पनि प्रस्तुत कृतिमा वसन्ततिलका, मन्दाक्तान्ता,

शिखरिणी र मालिनी छन्दको प्रयोग यत्रतत्र पाइन्छ । सर्गान्तमा छन्द परिवर्तन गर्ने नियम पनि पछ्याइएको पाईन्छ । साक्ष्य पङ्क्ति :

*क्रीडा स्थलै रम्य अपूर्व रूप शृङ्गीऋषि धाम तपस्वरूप*
*आभा-उज्यालो सुरलोक झैं छ ज्वाजल्य ज्योती मणि द्वीप झैं छ ।*
(द्वादश सर्ग,१/१११)

*हजारौ संघ सँस्थाको रेसुङ्गा नाम जोडियो*
*त्रेतादेखि कलिसम्म पवित्र नाम यैं भयो*
(चतुर्दश सर्ग,३४/१२९)

यसमा 'संसार मृग तृष्णा हो, सत्य त ब्रहम नै हो' भन्ने दृष्टिकोणले भोकको राँकोमा दन्किरहेको वर्तमान समाजलाई शान्त पार्ने प्रयास गरिएको छ । साक्ष्य पङ्क्ति :

*हुँदैन साथी कहिल्यै कसैले नठन्नु सत्यै छल बन्चना हो ।*
*कैल्यै पनी सम्पति साथ जान्न घारो र कात्रो पनि पार लान्न*
(प्रथम सर्ग,२७/३)

यस काव्यको नायक रेसुङ्गा गिरिलाई बनाइएको देखिन्छ । यस काव्यमा शब्दालङ्कार र उपमा अर्थालङ्कारहरूको प्रयोग पाइन्छ । सरसता, सरलता, माधुर्यता र शान्तरस प्रवाहबाट काव्य स्तरीय बनेको छ । छन्दको संयोजनका लागि तत्सम, तद्भव र अन्य विविध शब्दहरूको प्रयोग गरिएको पाइन्छ । गुल्मीमा जन्मिएर कवि लक्ष्मण रिजाल बनारसको अध्ययनबाट संस्कृतमा उत्कृष्टता प्राप्त गरि नेपाली भाषा साहित्यमा कवि व्यक्तित्वले परिचित छन् । उनी कविता क्षेत्रको गद्यभन्दा पद्य शैलीमा कविता लेख्न सक्ने एक साहित्यिक प्रतिभा हुन् । फुटकर कविता लेखनबाट साहित्यिक यात्रा थालेका रिजालको **रेसुङ्गा** महाकाव्य प्रकाशित भईसकेको छ भने अर्को 'विवेकानन्द' महाकाव्य प्रकाशोन्मुख अवस्थामा देखिन्छ । यसरी हेर्दा रिजाल कवि नभई महाकाव्यकारका रूपमा साहित्यिक फाँटमा उदाएका छन् । **रेसुङ्गा** महाकाव्यमा रेसुङ्गा पर्वतको आध्यात्मिक, पौराणिक र ऐतिहासिक तथा प्राकृतिक महत्वलाई भावात्मक रूपमा प्रस्तुत गरिएको छ ।

## ४.२९. रामप्रसाद ज्ञवाली र उनका कविताकृतिको विश्लेषण

माता कुन्तीदेवी ज्ञवाली र पिता दुर्गाप्रसाद ज्ञवालीको कोखबाट वि.सं. २०२४ मा गुल्मी जिल्लाको थानपति गा.वि.स-३ फेक्लदी भन्ने ठाउँमा भएको हो । हाल उनी परिवार सहित कपन काठमाडौंमा बसोबास गर्दै आएका छन् । उनको शिक्षारम्भ ६ बर्षको उमेरदेखि भएको पाइन्छ । उनले वि.सं.२०४९ मा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट सर्वप्रथम भई

प्रथम श्रेणीमा एम.ए.(नेपाली) उत्तीर्ण गरेका छन् ।[९२]रामप्रसाद ज्ञवाली बहुआयामिक व्यक्तित्व हुन् । उनले शिक्षा, साहित्य र सामाजिक सेवा लगायतका अनेक क्षेत्रमा योगदान दिएका छन् । शिक्षाका शिक्षक, प्राध्यापक, पाठ्यपुस्तकका लेखक, स्कुल-क्याम्पसका संस्थापकका रूपमा उनले आफ्नो व्यक्तित्व प्रस्तुत गरेको देखिन्छ । साहित्यमा कवि, उपन्यासकार, नाटककार, निबन्धकार, समालोचक, कथाकार, गीतकार आदिका रूपमा उनले व्यक्तित्व चिनाएका छन् । व्यङ्ग्यकार लक्ष्मण गाम्नागेले ज्ञवालीको व्यक्तित्व, स्वभाव र विशेषताका सम्बन्धमा भन्छन्-"घाँटीमा एउटा टाई नभुन्ड्याईकन हिँड्छ, जहिले तहिले हाँसिरहन्छ र जोसँग पनि हात मिलाउँछ, भलाकुसारी गदर्छ, न जाँडपान गर्दछ, न भाङ् खानै पाइएन भनेर रुन्छ । भुस्स दाह्री पालेर थोत्रो भोला भिरेर आफ्ना कृतिहरू बाँड्दै हिँड्ने परम्परावादी साहित्यकार जस्तो पनि देखिदैन ।"

कवि ज्ञवाली वि.सं. २०५० देखि काभ्रे बहुमुखी क्याम्पसबाट प्राध्यापक कार्य सुरु गरी वि.सं.२०५४ मा त्रिभुवन विश्वविद्यालयको उप-प्राध्यापकमा स्थायी नियुक्ति पाएका ज्ञवाली हाल पदम कन्या बागबजार, रत्नराज्य लक्ष्मी क्याम्पस प्रदर्शनी मार्ग लगायत काठमाडौंका अन्य क्याम्पसमा अध्यापन कार्यमा संलग्न छन् । वि.सं.२०४० मा हरिद्वारमा रहँदा 'सगरमाथा' पत्रिकामा प्रकाशित 'हाम्रो कर्तव्य' शीर्षकबाट नै साहित्य यात्रा सुरु गरेका ज्ञवालीले त्यसपछि लगातार रूपमा फुटकर कविताहरूको रचना गरेका छन् ।[९३] त्यसपछि उनका दजनौं फुटकर कविताहरू विभिन्न पत्रपत्रिका प्रकाशित छन् । उनका १. विवशता आँसु-नाटक,२०४४, २.परिवर्तनको मोडमा-उपन्यास,२०५०, ३.जीवनका घुम्तीहरू-उपन्यास,२०५३, ४.औंसीका फूलहरू-महाकाव्य,२०५३, ५.आख्यानकार पारिजात-समीक्षाग्रन्थ, सहलेखन,२०५८, ६. पुतली र भुसिल्किरा-कविता सङ्ग्रह, २०४९, ७.एकादेशमा-खण्डकाव्य, २०६१,८.सानी परेबी र बाज-सचित्र बालकथा,२०६१, ९. असुरग्यास !- कविता सङ्ग्रह,२०६२, १०. सम्पति -एकाङ्की सङ्ग्रह,२०६३, ११.पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या - समालोचनाग्रन्थ,२०६३, १२.भूमिका सिद्धान्त र ज्ञवालीका भूमिकाहरू-भूमिका सङ्ग्रह,२०६३, १३. फुटकर कविताका केही बान्कीहरू - समालोचना सङ्ग्रह,२०६४, १४. छन्द कविताको मधुर तरङ्ग -सी.डी. र क्यासेट,२०६४। १५.आहा ! कति मीठो खीर !-सचित्र बालकथा,२०६५, १६. काला जादुको कथा-

---

[९२] शोधनायकैं अन्तर्वार्ताबाट ।

[९३] सापकोटा, प्रभात .२०५७.भूमिका. 'तातो महाकाव्य औसींका फूलहरू'. द्वैमासिक २१:४ पृ. ७०-८८ ।

सचित्रबालकथा,२०६५,१७. शब्दार्थ-सौन्दर्य -कविता सङ्ग्रह,२०६८, १८. साहित्यकार रमेश विकल -२०६६, १९. खुरखुरे छेपारो र सुलुलु माछो - २०६८ प्रकाशित छन् ।

यस बाहेक ज्ञवालीले दजनौं सङ्ख्यामा स्कुल तथा क्याम्पस स्तरीय पुस्तकहरू लेखेका छन् । भाषा साहित्यमा उल्लेखनीय योगदान दिए बापत उनले दर्जनौं राष्ट्रिय पुरस्कार, सम्मान-पत्र तथा अभिनन्दन पत्रहरू प्राप्त गरेका छन् । यी पुस्तकाकार कृति बाहेक गरिमा, समकालीन, जनमत, उन्नयन, वेदना, नागार्जुन, शब्दसंयोजन, मिर्मिरे, साहित्यिक अभियान जस्ता अन्य दर्जनौं पत्रपत्रिकाहरूमा केही फुटकर कविताहरू, समालोचना, पाँचवटा एकाङ्की, एक दर्जन जति निबन्धहरू र अनेक गीतहरू प्रकाशित रहेका छन् ।

## ४.२९.१. 'औँसीका फूलहरू' महाकाव्यको विश्लेषण

रामप्रसाद ज्ञवालीको महाकाव्य **औँसीका फूलहरू** वि.सं.२०५३ मा प्रकाशित छ । **औँसीका फूलहरू** महाकाव्य आफ्ना हकका लागि परम्परागत हैकमवादी र पुरातन मान्यताका विरुद्ध लडेको युद्धको प्रतिफल हो । ज्ञाननिष्ठ ज्ञवालीका विचारमा ,"नेपाली महाकाव्यको सृजनाको स्वर्ण जयन्तीको अवसर पारेर विमोचित महाकाव्य **औँसीका फूलहरू** मार्क्सवादी कलासौन्दर्यका अनुयायी प्रगतिवादी सौन्दर्यका व्याख्याता ज्ञवालीको प्रगतिवादी काव्य हो ।" **औँसीका फूलहरू** महाकाव्यको भूमिकामा स्वयं महाकाव्यकार ज्ञवाली आफ्नो भनाइलाई यसरी प्रस्तुत गरेका छन्-"वि.सं.२०४९ मा त्रि.विको नेपाली केन्द्रीय शिक्षण विभाग, कीर्तिपुरमा मैले एउटा युद्ध लडेको थिएँ त्यो युद्ध भावनाको थियो, त्यो युद्ध कल्पनाको, त्यो युद्ध चेतनाको थियो र त्यो युद्ध सपनाको थियो । त्यै युद्धको परिणति हो **औँसीका फूलहरू** ।"

आधुनिक नेपाली महाकाव्यको परम्परामा वि.सं.२०४६ पछि प्रकाशित महाकाव्यको रूपमा नवीनतम विषय र नयाँ धारणा लिई प्रस्तुत भएको **औँसीका फूलहरू** महाकाव्य समाजका गरिबी,दुःख-पीडा, दरिद्रता, अन्याय, अत्याचार, थिचोमिचो, भ्रष्टाचार, रुढि र अन्धता विरुद्धको क्तान्तिको आवाज भरिएको छ । साक्ष्य पङ्क्तिः-

*लगाएर भुत्रे मलिन कपडा मात्र तनमा*
*डढेलो खप्थे ती मनभरि बलेको अनलमा*
*गरीबी छाँया उदर कसरी भर्नु ? जपना*
*गरी ज्यालादारी कठिनसित बस्थे दिनदिन*

(पहिलो फूल,८/१३)

पहिलो फूलमा सुशील र शिक्षकबीचको प्रेम प्रसङ्गबाट यस काव्यको सुरुवात भएको छ । उनीहरू बीच अवैध सम्बन्धका कारण सुशीलाबाट छोरा जन्मिन्छ । छोरोलाई जन्म दिई सुशीला नदीमा हाम फालेर मर्छे । छोरा कमल अनाथालयमा हुर्किन्छ । ऊ राजनीतिमा लाग्छ । कमल र पुतलीका बीचमा प्रेम प्रसङ्ग देखा पर्छ । पुतलीलाई राजनीतिमा लागेको कारण थुनामा पर्छे अनि कमलले उसलाई पाउन पुलिसमा भर्ती हुन्छ तर उसले पुतलीलाई पाउन सक्दैन । देशद्रोही भएर निस्कन्छ । ऊ सहित बन्न पुग्छ । प्रजातान्त्रिक आन्दोलनमा कमल जस्तै सयौँ योद्धा सहिद बन्न पुग्छन् । यसरी प्रजातान्त्रिक परिवेशलाई समेट्ने गरी **आँसीका फूलहरू** लेखिएको हो ।

यसको संरचना हेर्दा २५९ पृष्ठमा छ । यसमा सोह्रौं फूलहरू र एकप्रस्थान खण्डसहित १७ सर्गहरू (फूलहरू) छन् । यसमा भाव, विचार र कलाको संयोजनद्वारा आख्यानलाई दुर्घटित हुनबाट जोगाई कथ्यलाई निश्चित ठाउँमा विश्राम दिँदै तयार पारिएको छ । यसमा गद्य र पद्य दुवैको मिश्रण भएको छ । आठौं र एघारौं फूल गद्यमा लेखिएको छ । पद्य लयमा छन्दविधानका रूपमा अनुष्टुप, शिखरिणी, शार्दूलविक्त्रीडित, भुजङ्गप्रयात, मालिनी, उपजाति, द्रूतविलम्बित आदि शास्त्रीय छन्दहरूद्वारा कवितालाई लयबद्ध पारिएको छ । यस महाकाव्यमा रुपक, उपमा, श्लेष र उत्प्रेक्षा अलङ्कारको प्रयोग गरिएको छ । यसमा सामाजिक, राजनीतिक र प्राकृतिक बिम्ब प्रतीकको प्रयोग छ । परिवेशका आधारमा हुँगादेखि कथा सुरु भएर नेपालका विभिन्न भागका साथै भारत सम्मको भूभागको वर्णन छ ।

## ४.२९.२. 'पुतली र भ्रुसिल्किरा' कवितासङ्ग्रहको विश्लेषण

कवि रामप्रसाद ज्ञवालीको वि.सं.२०५९ मा प्रकाशित **पुतली र भ्रुसिल्किरा** राजनीतिक, सामाजिक र आर्थिक विषयलाई अन्तरवस्तु बनाएर लेखिएको कविताहरूको सङ्ग्रह हो । यो आधुनिक नेपाली कविता अन्तर्गत प्रगतिवादी धाराको विशिष्ट प्राप्ति हो । यो कृति देशमा देखिएका विकृति, विसङ्गति, हत्या, हिंसा, चोरी, शोषण, दमन जस्ता विषयलाई मूल आधार मानी रचना गरिएको छ । वि.सं.२०४६ को प्रजान्त्रले पनि जनतालाई कुनै परिवर्तन गराउन नसकको भन्दै कवि ज्ञवालीले यथार्थको प्रतिबिम्बन 'घर', 'छाप्रा' र 'डोजर' शीर्षक कवितामा गरेका छन् । यसरी गरिब माथि ठूलो शोषण, दमन, थिचोमिचो भएको र महलले भ्रुपडीमाथि गरेको दमन देखेर कविले आक्त्रोशित हुँदै समाजका ठूला

माछाले साना माछा खाने प्रवृति नहटेकमा चिन्ता व्यक्त गर्दै भन्छन । साक्ष्य पङ्क्ति :

*आगोले जिन्दगी दिन्छ*
*आगोले लिन सक्दछ ।*
*खाना पकाउने आगा*
*डढेलो हुन सक्दछ ॥*

(घर, छाप्रा र डोजर ,१४)

यहाँ आगो प्रतीक रूपमा आएको छ । **पुतली र भ्रुसिल्किरा** लघु आकारको कविता सङ्ग्रह हो । यस कविता सङ्ग्रहमा दुई खण्ड रहेका छन् । पहिलोमा सात र दोस्रोमा चौधवटा गरी जम्मा एकाइस कविता सङ्कलित छन् । कवि ज्ञवालीले शास्त्रीय छन्दका विविध लयहरूको सहज, सरल र प्ररिष्कृत शैली प्रयोग गर्दै भावात्मक रागमा अभिव्यक्त गरेका छन् । यस सङ्ग्रहमा रहेका सम्पूर्ण कविता काव्यहरू शास्त्रीय अनुष्टुप छन्दमा लयबद्ध भएका छन् । तत्सम शब्द, तद्भव शब्द र नेपाली मौलिक शब्दको प्रयोग, अनुकरणात्मक शब्दहरूको प्रयोग र निपातहरूको प्रयोग गरिएको छ । सामाजिक र राजनीतिक बिम्बप्रतीकहरूको प्रयोगका साथै रुपक उत्प्रेक्षा, विरोधजस्ता अलङ्कारहरूको प्रयोग यथायोग्य भएको पाइन्छ ।

## ४.२९.३. 'एकादेशमा' खण्डकाव्यको विश्लेषण

**एकादेशमा** वि.सं.२०६१ मा प्रकाशित खण्डकाव्य हो । यो खण्डकाव्य वर्तमान नेपालको राजनीतिक स्वरूप, यथार्थ इतिहास र व्यञ्जनमा केन्द्रित भएर गणतान्त्रिक विचार अभिव्यञ्जित गर्ने तथा समकालीन युगको प्रतिनिधित्व गर्ने काव्य कृति हो । राजा ज्ञार्नेन्द्रले शासन पद्धति आफ्नो हातमा लिए पछि जनता आफ्नो अधिकारबाट बन्चित भए । यस किसिमको शासन पद्धतिदेखि आक्तोशित भएका कवि ज्ञवालीले सामन्ती निरङ्कुश राजतन्त्रको अन्त्य गर्नेअठोटका साथ यस खण्डकाव्यको रचना गरेका हुन् । साक्ष्य पङ्क्ति :

*उस्तै फेरि उठे नि लाख जनता, उस्तै छ आन्दोलन*
*उस्तै छ अगुवा नि दिग्भ्रमित भ्रैं, उस्तै छ त्यो चिन्तन ।*
*उस्तै फेरि लडाइ भो नि, जनता उस्तै गरी मारिए*
*धोका फेरि भयो नि, जनता अन्यायमा पारिए ॥*

(दिग्भ्रम-१/४)

प्रजातन्त्र आएको देशमा राजाको दमनले गर्दा जनताहरू आन्दोलनमा उत्रिएको लडाइमा जनताको मृत्यु भएको अनि जनताले कहिलै न्याय नपाएको आक्तोश कवि ज्ञवाली **एकादेशमा** खण्डकाव्य मार्फत व्यक्त गरेका छन् ।

यस खण्डकाव्यमा हजुरबा र नाति (म पात्र) का बीचको कविकल्पना प्रस्तुत छ । म पात्रले देशको नाजुक अवस्थाका बारेमा सोचेको बेला हजुरबाले परम्परागत बाँदर राजाको कथा सुनाउछन् । जुन कथामा बाँदर राजाले सबै बाँदरहरूको पर्खाल बनाइ आफू शिरमा बस्न मिल्ने बनाउन आग्रह गरिसके पछि सबैभन्दा तल रहेका बाँदरलाई थिचोमिचो पर्न गई आधारबाट नै हटी बाँदर वृक्ष ढले पछि बाँदर राजा चट्टानमा पजारिन पुग्छ र टुक्काटुक्का बन्न पुग्छ । साक्ष्य पङ्क्ति :

*चट्टान झैँ बाँदराजको तन*
*पछारियो सोर मचाउँदै वन*
*बज्रयो ठूलो पत्थरमाथि त्यो जब*
*उड्यो महाप्राण मर्‍यो, बन्यो शव ॥*
*(बाँदरराजको अवसान, ९३/४६)*

यसरी अन्याय र अत्याचारीको एकदिन अवश्य पनि अन्त्य हुन पुग्छ भन्दै हजुरबाले नातिलाई चिन्तित नहुन भनी सबै देशबासीलाई अन्यायका विद्रोहमा लाग्नु पर्ने आग्रह गरिएको छ । संरचनात्मक हिसाबले हेर्दा ५३ पृष्ठमा पूर्ण बनेको यस खण्डकाव्यमा पाँच शीर्षक रहेका छन् । यो कृति ‘दिग्भ्रम, दिग्भ्रमबाट मुक्ति, बाँदरराजको स्थापना, अचम्मको रहर, बाँदरको अवसान’ गरी पाँच खण्डमासंरचित छ । छन्द लयका दृष्टिले हेर्दा शार्दूलविक्रीडित, अनुष्टुप र उपजाति जस्ता वर्णमात्रिक शास्त्रीय छन्दहरूको प्रयोग पाइन्छ । प्राकृतिक, सामाजिक, राजनैतिक र काल्पनिक बिम्ब प्रतीकहरूको मौलिक चयन यस खण्डकाव्यमा भएको छ । यस काव्यमा उपमा, दृष्टान्त, विरोध र उत्प्रक्षा जस्ता अलङ्कारको संयोजन छ ।

## ४.२९.४.‘असुरग्याँस !’ कविता सङ्ग्रहको विश्लेषण

वि.सं.२०६२ मा प्रकाशित **असुरग्याँस !** कविता सङ्ग्रह कवि ज्ञवालीको चौथो कृति हो । यस सङ्ग्रहमा वि.सं.२०५९ पछिका सामाजिक, राजनीतिक, आर्थिक तथा सांस्कृतिक अवस्थालाई विषयवस्तु बनाएर लेखिएका कविता सङ्कलित छन् । यस सङ्ग्रहका बारेमा देवी नेपालको विचारमा, “यो कृति कला र विचारको उत्कृष्ट संयोजन हो भने विचार, व्यवहार, अभिव्यक्ति कला, भाव, बिम्ब-प्रतीक, लय, छन्द र अलङ्कार आदि तŒवहरूले विशिष्ट बनेका कविताहरूको संगालो पनि हो ।” यस सङ्ग्रहमा अन्याय, अत्याचार, हत्या, हिंसा, दमन, शोषण, उत्पीडन, निराशा, शून्यता र पलायन जस्ता कुराको विरुद्धमा विद्रोही स्वर प्रबल छ । आजको समाजमा विकृति, विसङ्गति व्यप्त छ । सुन्नका लागि समाज

स्वतन्त्र छ , जनता स्वतन्त्र छन् तर पिँजरामा थुनेको पक्षी झैं जनता भएको अवस्थालाई 'आजको नपाल' कवितामा यसरी प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*भन्दा छैन अधिनमा गहिरिँदा सोझै पराधिन छ*
*अर्का कै भरमा छ तैपनि सधैं हल्ला छ स्वाधीन छ ।*
*यस्तो लाग्छ कि क्यै दलालहरूले बेची-फँसेकी चरी*
*आफ्नैबाट भई बलात्कृत सधैं मर्दै बसेकी परी ॥*
(आजको नेपाल,१)

२९ कविता सङ्कलित **असुरग्यास !** कविता सङ्ग्रहमा चारवटा खण्डहरू रहेका छन् । यस सङ्ग्रहमा सङ्कलित सबै कविता शास्त्रीय छन्दमा लयबद्ध छन् । शार्दूलविक्रीडित, मन्दाक्रान्ता, अनुष्टुप, उपजाति छन्दहरूमा प्रस्तुत गरिएका यी कविताहरूमा अनुष्टुप छन्दको आधिक्य छ । यसका कविता सरल, सहज र सम्प्रेषणीय रहेका छन् । यस काव्यमा भावमा गम्भीर, विचारमा प्रगतिशील र अभिव्यक्तिमा निर्भिक प्रवृति पाइन्छ । सामाजिक, प्राकृतिक र राजनीतिक बिम्ब प्रतीकको प्रयोगले कलात्मक बनेका कविताहरूमा उपमा, रुपक, उत्प्रेक्षा, दृष्टान्त, विरोध, अतिशयोक्ति र स्वाभावोक्ति आदि अनेक अलङ्कारको प्रयोगले शब्द र अर्थको सौन्दर्य उच्च बनेको छ ।

### ४.२९.५.'शब्दार्थ-सौन्दर्य' कवितासङ्ग्रहको विश्लेषण

**शब्दार्थ-सौन्दर्य** कविता सङ्ग्रहको विमोचन वि.सं.२०६८ चैत्र ४ गते काठमाडौं मलमा भएको हो । यसमा कविले  लामो युद्ध र जटिल सङ्घर्षबाट देशमा गणतन्त्रको घाम झुल्किन लागे पनि कतै त्यो घाम हराउने हो कि भन्ने चिन्ता प्रकट गरेका छन् । यस सङ्ग्रहमा सामन्तवादका विरुद्ध तीब्र विरोध छ । मानवीय उत्पीडन र दासताबाट मुक्ति चाहनु पनि यस सङ्ग्रहका कविताको भाव हो । यसमा भाव, अनुभूति र विचारको सूक्ष्म र सुन्दर प्रस्तुति पाइन्छ । यस सङ्ग्रहका अन्तरवस्तु र कथ्यका रूपमा राष्ट्रप्रेमी चेतनाको अभिव्यक्ति, स्वाधिनता, मान्छेको तुच्छर मनोवृतिप्रतिको व्यङ्ग्य, वीरभावको अभिव्यक्ति, प्रगतिशील परिवर्तनप्रतिको तीव्र चाहना, लोकतान्त्रिक तथा गणतान्त्रिक चेतना, मान्छेभित्रका सुन्दर पक्षको चित्रण, गरिबी, अभाव र विपन्नताको चित्रण, जागृतिको अभिव्यक्ति, प्रकृतिचेतना, शान्तिगामी चेतना आदि पाइन्छ । [९४] **राष्ट्रप्रतिको** चिन्ता, चासो र देश दुख्दा कवि चेतना पनि दुखेको अनुभूतिमा बिम्बहरू कवि ज्ञवालीका यस सङ्ग्रहका कवितामा पाइन्छ । राष्ट्रिय प्रकृति, संस्कृति, भूगोल, वीरता र राष्ट्रिय गौरवको महिमागान,

---

[९४] गौतम, लक्ष्मणप्रसाद.२०६८.भूमिका. 'शब्दार्थ-सौन्दर्य' भित्रको काव्यिक सौन्दर्य. ऐरावती प्रकाशन पृ. ध ।

राष्ट्रिय स्वतन्त्रता र स्वाधीनताको अभिव्यक्ति, देशलाई जीवन्त राख्ने चाहना उनका कविताको केन्द्रीय कथ्य बन्न पुगेको छ । साक्ष्य पङ्क्ति :

*तँलाई देशमा मेरो मन्परी चर्न दिन्नँ म*
*ईर्ष्या विद्वेषका बीउ देशमा छर्न दिन्नँ म*
*नेपाली भूमिमा  राज्यलाई गर्न दिन्नँ म*
*मर्नु परे म नै मर्छु देश यो मर्न दिन्नँ म  !*
(देश यो मर्न दिन्नँ म, ४८)

यस पङ्क्तिमा कविले छिमेकी मुलुकले सीमा अतिक्तमण गरेको सुन्दा भावमा आएको अभिव्यक्ति हो । देश आफ्नो रहेमा मात्र आफ्नो पहिचान हुने कुराको पुष्टि गर्दै उनी राष्ट्रप्रतिको अगाध माया गर्नु पर्ने सन्देश दिन पुग्छन् । छन्दप्रतिको चर्चा परिचर्चा चलिरहेको वर्तमान अवस्थामा 'छन्दमोहिनी' शीर्षकमा छन्दको बारेमा  आफ्ना भावना यसरी लेख्छन् । साक्ष्य पङ्क्ति :

*बेछन्दे कविता नि मुक्त लयमा स्वच्छन्दको छन्द हो*
*जल्ले 'छन्दविना छ' भन्छ कविता 'बेछन्दको छन्द' हो*
*अण्ड-स्वेदज वा जरायुज सबै हुन् छन्द कै जीवनी*
*बढ्दै छन् रस छन्दमा कविहरू लाग्दा मिठो मोहनी*
(छन्द मोहनी, पृ-४०)

**शब्दार्थ-सौन्दर्य** कविता सङ्ग्रहमा २५ कविता, १८० पङ्क्तिगुच्छमा ९२ पृष्ठमा आवद्ध छन् । यसका कविताले प्रकृति, जीवन-जगत्, कला, सास्कृतिक परिशोधन आदि विविध पक्ष बोकेका कवि ज्ञवालीका कविता भाव विचार र कलाका दृष्टिले सशक्त रहेका छन् । यस कृतिमा अनुष्टुप छन्दको अधिक्तम प्रयोग गरिनुको साथै अन्य छन्दको पनि प्रयोग छ । नीरो, बूढो, कुकुर, परेवा, बाज आदि धेरै बिम्ब तथा प्रतीकले यस सङ्ग्रहका कविता कलात्मक र सम्प्रेषणीय बनेका छन् ।

वि.सं.२०४० मा भारतको हरिद्वारबाट प्रकाशित हुने 'सगरमाथा' पत्रिकामा 'हाम्रो कर्तव्य' शीर्षकको कविता प्रकाशन गरी साहित्य यात्रा प्रारम्भ गरेका कवि ज्ञवाली वि.सं.२०४६ देखि यस क्षेत्रमा सक्तिय रूपमा लाग्न थालेका हुन् । उनले समाज देखेका अन्याय, अत्याचार र शोषण दमनका विरुद्ध आफ्ना आवाज उठाएका छन् । समाजका अन्धविश्वास र रुढिवादी परम्पराका विरुद्ध पनि उनले विद्रोह भाव व्यक्त गरेका छन् । कवि ज्ञवाली गद्यभन्दा पद्यशैलीमा कविता रचना गर्ने छन्द कविका रूपमा परिचित छन् । आधुनिक कविता परम्परामा प्रगतीवादी कविता धाराका सशक्त हस्ताक्षर ज्ञवाली गुल्मी जिल्लामा मात्र नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा समेत परिचित बन्न पुगेका छन् ।

उनका कवितामा सामाजिक उत्पीडनबाट मुक्ति र मानवतावादी मूल्यको स्थापनाका निम्ति क्रान्तिचेतना केन्द्रीय भावको रूपमा प्रस्तुत भएको छ । राष्ट्रिय भावना, सामाजिक न्याय, मानवीय मूल्य चेतनालाई अन्र्तवस्तुका रूपमा ग्रहण गरी तिनलाई उच्च कलात्मकता साथ अभिव्यञ्जित गर्नु ज्ञवालीका कविताको मौलिक विशेषता र उपलब्धि बन्न पुगेको देखिन्छ । गुल्मी जिल्लामा जन्मिएर हाल कवि काठमाडौंमा बसोबास गरी साहित्यिक क्षेत्रलाई प्रमुख बनाएका छन् ।

## ४.३०. लालमणि भुसाल र उनका कविताकृतिको विश्लेषण

पुर्कोट बाझकटेरी-३, खालापोखरा, गुल्मीमा जन्मिएका लालमणि भुसालले बी.ए. पढ्दा पढ्दै दुईवटा कृति प्रकाशित गरेका छन् । उनको पहिलो कृति ‘गाउँले सुसेली’ क्रान्तिकारी रक्तिम सँगालो नामबाट प्रकाशित छ भने दोस्रो कृति **घाँसिनी** कविता सङ्ग्रह प्रकाशित छ । उनले गीति क्यासेट पनि तयार गरेका छन् । अंग्रेजीमा पनि कविता सङ्ग्रह प्रकाशित गर्ने रहर उनले बोकेका छन् ।

### ४.३०.१. ‘घाँसिनी’ कवितासङ्ग्रहको विश्लेषण

**घाँसिनी** कवि भुसालको पहिलो प्रकाशित कविता सङ्ग्रह हो । यसमा मानिसलाई नराम्रो काममा नलाग्न, समय अनुसार काम गर्नु पर्ने नत्र पछि पछुताउनु पर्ने सन्देश दिएका छन् । कवि भुसालले परिश्रमी बन्नु पर्ने अनि स्वार्थ त्यागेर परोपकारमा लाग्नु नै सच्चा मानवीय गुण मानेका छन् । कवि लालमणि मानवलाई दिव्योपदेश यसरी दिन्छन् । साक्ष्य पङ्क्ति :

*नदेख्नु भाग ठूलो अरूको भलै त्यो ठूलो भए पनि*
*एक एक थोपा मिल्यो भने त्यो हिन्दछ नदी बनी ।*

*सानो ठूलो र धनी गरिबलाई न्याय छ एउटै तहाँ*
*आउँछ एक दिन लान्छ चुँडेर मिल्दैन माफी जहाँ ॥*
(दिव्योपदेश, पृ.-१२)

कवि लालमणि भुसालले यस सङ्ग्रहमा राष्ट्रवादी स्वर, मातृभूमिप्रतिको माया, राष्ट्रियताको गौरवगाथा, विदेसिनु पर्दाको दुःखदायी अवस्था, देशको गरिबी अवस्थाले विदेसिनु परेको यथार्थ चित्रण, देशमा देखिएका विकृति र विसङ्गतिको चित्रण गरेका छन् ।

भने आपसमा दाजु-भाइबीचको झै-झगडा नगरी मिल्नु पर्ने सन्देश यसरी प्रस्तुत गर्छन् साक्ष्य पङ्क्ति :                 ।

*एकता कस्तो माहुरीलाई हेर ! हुँदैन सानो कदा ।*
*डसेर वैरी मर्दछ घरी इज्जत यसकै सदा ॥*
*सम्झनु हुन्न कमिला निर्धो जीवमै सानो छ र ।*
*नगरे होस विशाल हात्ती ढाल्दछ क्षण भर ॥*

(युद्ध भूमिबाट एक सन्देश,पृ.-३०)

यस कृतिमा गीतिलय र अनुष्टुप छन्दमा रचिएका कवितामा सरल, सहज भाषाशैलीको प्रयोग भएको छ । **घाँसिनी** जम्मा २२ कविता रहेको  सङ्ग्रह ४८ पृष्ठमा संरचित छ । यस कृतिमा मुख्य रूपमा राष्ट्रवादी स्वर अभिव्यक्त भएको पाइनुका साथ समाज र राष्ट्रका यथार्थताको चित्रण पनि पाइन्छ । लालमणि भुसालले गद्यभन्दा पद्यशैलीमा कविता लेखन गरेका छन् । आधुनिक कविता धारामा विशेष योगदान पुऱ्याउन सफल कवि **घाँसिनी** कविता सङ्ग्रह मार्फत राष्ट्रवादी स्वरका साथै, प्रकृति चित्रण, विदेसिएका युवाको अवस्था, गरिबी र पीडाका दुःखदायी अवस्थाको चित्रण गरिएको छ ।

## ४.३१. काशीनाथ ज्ञवाली 'मिश्रित' र उनका कविताकृतिको विश्लेषण

पिता शिवहरि ज्ञवाली र माता हिमकुमारी ज्ञवालीबाट वि.स.२०३० माघ ४ गते गुल्मी जिल्लाको बम्घा-८,सुनडाँडामा काशीनाथ ज्ञवाली 'मिश्रित' को जन्म  भएको हो । उनी स्नातकोत्तर तहमा अध्ययनरत छन् । उनले "चन्द्रकुमार भट्टराई नेत्रहीन प्रतिभा पुरस्कार"(२०५८) प्राप्त गरेका छन् । उनका प्रकाशित कृतिहरूमा **रक्सी** खण्डकाव्य (२०५१), **दुर्भाग्य** महाकाव्य (२०६४) र केही अभिव्यक्ति केही परिभाषा, सम्पादन-विश्वराज पौड्याल 'भोकमरी'सँग अनि विभिन्न पत्रपत्रिकामा फुटकर लेख रचनाहरू प्रकाशित छन् । हाल उनी गुल्मी जिल्लाको रानीबास जनबोध उच्च मा.वि.मा अध्यापक कार्य गर्दै आइरहेका छन् ।

### ४.३१.१. 'रक्सी' खण्डकाव्यक विश्लेषण

कवि मिश्रितको **रक्सी**  वि.सं.२०५१ मा प्रकाशित खण्डकाव्य हो । यसमा मानिसले रक्सी सेवन गर्दा हुने हानि नोक्सानी र समाजमा इज्जत समेत घट्ने कुरालाई केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ । लागू पदार्थ सेवन गर्दा मानिसको अकालमा मृत्यु हुनका साथै परिवारको पनि विचल्ली हुने कुराको पुष्टि गरिएको छ । साक्ष्य पङ्क्ति :

*हात्मा थियो टर्च यौटा तथापी*
*बल्वै जब्दा धप्प भो अन्धकारी*
*राती औँसी चन्द्रमा छैन काँही*
*धङ्धङ् गर्दै पल्टियो त्यो त त्याँही*

(रक्सी,५९/१०)

यसमा आफ्नो गरिबीका कारण विदेसिन पुगेको लाहुरे जब आफ्नो पारिवारिक समस्या भुल्न पुग्छ र रक्सि सेवन गरेर राति एक्लै हिँडदा लड्न पुगी मृत्यु हुन्छ अनि श्रीमती र छोराको विचल्ली हुन पुग्छ । यसै कथावस्तुमा आधारित भएर यो खण्डकाव्य नेपाली समाजमा भए गरेका यथार्थतालाई निर्मूल पार्न केही सहयोग पुग्न सकोस् भनी लेखिएको हो । यसमा ३४ पृष्ठ रहेको १८१ श्लोकको संरचनात्मक आयाम छ । यो कृति शालिनी छन्दमा रचिएको छ । यसले रक्सीको दुर्व्यसनीलाई रोकथाम गर्दै जानुपर्ने संकेत एकातिर छ भने अर्को तिर देशका कर्णधार बालबालिकाहरूलाई अनुशासन र सदाचारको पाठ पढाउँदै र शिक्षारूपी किरण छर्दै जानुपर्ने शिक्षकहरू पनि यसैको कारण तल झन नहुने संकेत दिइएको छ । साक्ष्य पङ्क्ति :

*मास्टर जीले रक्सी खाने गरेको*
*थाहा लाग्यो सत्य हो सत्य नै हो*
*यस्तो राम्रो काम हो वा नराम्रो ?*
*सोच्ने शक्ति छैन हो कि र आफ्नो ?*

(रक्सी, १५८/२७)

## ४.३१.२. 'दुर्भाग्य' महाकाव्यको विश्लेषण

काशीनाथ ज्ञवालीले वि.सं.२०६४ मा प्रकाशित **दुर्भाग्य** महाकाव्यको सुरुमा 'मङ्गलाचरण' शीर्षक राखेर परम्पराभन्दा भिन्न किसिमले थालनी गरेका छन् । यसमा मानवले अपाङ्ग भई सकेपछि सबलाङ्गबाट पाउने हेयभावकोल प्रकट पाइन्छ । काव्यको कथावस्तुमा मधुसुदनकी छोरी कलाको आठबर्से उमेरमा बालविवाह उनी विधुवा भएर माइतीमा बास, धेरै छोरी पछिको शिवहरि केही रोगी आँखाका कम्जोर र उनका छोराहरू पनि रतन्धा भएको अवस्था शिवहरि आँखाको कमजोरी भएर पनि घरायसी कामकाज गर्ने, विधवा दिदी कला र श्रीमती भूमिको झगडाको चित्रण गरिएको छ । साक्ष्य पङ्क्ति :

*जगत व्याप्त भो अन्धकारले*
*फगत यातना दिन्छ ईश्वर !*
*शिवहरि परे घोर कष्टमा*
*अब कसो गरुन विघ्न भो त्याहाँ !*

(आठौँ सर्ग,६६/१०४)

यस महाकाव्यमा कविले आफ्नो छरछिमेकीबाट बाबुको मृत्युमा पाएको असहयोगको वर्णन गरेका छन् । बाबुको मृत्युमा मलामी जान समेत दुःखमानि रहेका समाजका बुद्धिजीविप्रति उनले व्यङ्ग्य गरेका छन् । यसमा प्रकृतिको सुन्दर चित्रण छ । हिमाल, रेसुङ्गा र कालीगण्डकी नजिक रहेर प्रकृति चित्रण गरेका छन् । साक्ष्य पङ्क्ति :

*फुल्छन् फूल सुवास मग्मग छरी यै भूमिमा सुन्दर*
*झुल्छन् स्वागत गर्न दिव्य धरणी मुस्काउदै सुन्दर !*
*मौरी भ्रमर घुम्दछन् लहडिँदै घुम्छन् ति आनन्दले*
*हेर्दै मख्ख परिन्छ दुःख जति छन् बिर्सिन्छ यौ दृश्यले*

(चौथो सर्ग, १/४०)

दृष्टिविहिन ज्ञवाली **दुर्भाग्य** महाकाव्यमा दृष्टिविहिन व्यक्तिको दुःखपूर्ण जीवन कथालाई नै मूल विषयवस्तु बनाइएका छन् । काव्यको प्रमुख पात्र दृष्टिविहिन छ र नेपाली समाजमा अपाङ्गता भएका मानिसहरूले भोग्ने गरेका अपहेलना, घृणा र अपमानबाट प्रमुख पात्र प्रताडित बनेको छ । समाजले एउटा अपहेलित आँखा नदेख्ने व्यक्तिलाई महाकाव्यको पात्रका रूपमा प्रस्तुत गर्नु एक आँखा देख्ने सबलाङ्गहरू प्रतिको व्यङ्ग्य हो । शार्दूलविक्तीडित, मन्दाक्तान्ता, शिखरिणी, श्रग्धरा, उपजाति, तोटक, मालिनी र अनुष्टुप जस्ता वार्णिक र अन्य केही मात्रिक छन्दको प्रयोग गरिएको यस महाकाव्यमा विषयवस्तुको आरम्भ, विकास र अन्त्यको सुगठितक्तम रहेको छ । कथानक, विषयवस्तु, चरित्रचित्रण, अलङ्कार र रसविधान आदिको दृष्टिले पनि **दुर्भाग्य**ले महाकाव्यको मूल्यतालाई कमजोर बन्न दिएको छैन ।

दृष्टिविहिन ज्ञवाली आफ्नो कविता क्षेत्रलाई महाकाव्यसम्म प्रकाशन गरी दृष्टि रहेका मानवलाई समेत केही गर्नु पर्छ भन्ने सन्देश दिन पुगेका छन् । बाहिरी आँखाले देखेर मात्र नभई मानवले भित्री आँखाले देख्नुपर्छ भन्ने उक्ति उनका काव्य कृतिबाट प्राप्त हुन्छ । **रक्सी** खण्डकाव्यमा रक्सीले मानिसको मृत्यु हुनका साथै इज्जत सम्मानमा धब्बा लाग्ने र पारिवारिक समस्या बदल्ने समस्यालाई औल्याइएको छ । **दुर्भाग्य** महाकाव्यमा कविले आफ्नो बाबाको मृत्युमा पाएको कष्टको अवस्था प्रस्तुत गरेका छन् । यसमा समाजले अपाङ्गप्रति गर्ने निर्दयी व्यवहारको विद्रोह गरेका छन् । उनी पद्यात्मक कविता लेख्ने आधुनिक उत्कृष्ट गुल्मेली कवि हुन् ।

## ४.३२. जीवित खड्का मगर र उनका कविताकृतिको विश्लेषण

गुल्मी जिल्लाको बलिथुम-८मा पिता श्री थम्मन बहादुर खड्का र माता श्रीमती राधिका खड्काबाट वि.सं.२०३५ मा जीवित खड्का मगरको जन्म भएको हो । उनी साहित्य क्षेत्रमा सामूहिक पुस्तक प्रकाशनमा लागेका छन् । उनका सोह्रवटा पुस्तकहरू सामूहिक रूपमा प्रकाशित भएका छन् । अन्य पुस्तक प्रकाशन गर्ने तयारीमा छन् । उनले निबन्ध, कविता, गजल, उपन्यास, शब्दकोश, गीतसङ्ग्रह आदि विविध विधामा कलम चलाएको छन् । उनको साहित्य साधनाको प्रमुख विधा कविता नै हो । उनको प्रकाशित कृति **अनुभूतिका चर्चाहरू** कविता सङ्ग्रह हो ।

### ४.३२.१.'अनुभूतिका चर्चाहरू' कवितासङ्ग्रहको विश्लेषण

**अनुभूतिका चर्चाहरू** वि.सं.२०६० मा प्रकाशित कविता सङ्ग्रह हो । नेपालको वर्तमान प्रजातान्त्रिक र गणतान्त्रिक अवस्थाले जनतामा कुनै परिवर्तन नआएको, गरिबी र निमुखा जनतालाई कहिल्यै उज्यालो नआएको, सामन्त र शासक वर्गको बोलबाला रहेको अवस्थाप्रति यस कृतिमा व्यङ्ग्य भाव प्रकट गरिएको छ । उनी नेताहरूलाई सन्देश दिदै सच्चा नेता बन्न आग्रह गर्छन् । उनले यस सङ्ग्रहमा आफ्नो स्वार्थ भन्दा समाज र राष्ट्रको निम्ति हित गर्नु पर्ने कुरा प्रस्तुत गरेका छन् । देशका भ्रष्टाचारी र तस्करीप्रति तिखो वाण हानेका छन् । मान्छे भएर गिद्धको जस्तो व्यवहार गर्ने कुराप्रति उनी यसरी प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*जब मासु-मासुको अस्थिपञ्जर !*
*तर बाँको रहन्न हड्डीहरू मात्र*
*सिद्धिसकेपछि मासुका चोक्टाहरू*
*वितृष्णा हुन्छ उक्त आकृतिप्रति*

(गिद्ध र मान्छे,३१)

यस सङ्ग्रहमा कवि खड्काले रेसुङ्गाको चित्रण, मानवहरू बीच हुने जातीय भेदभावप्रति विरोध, अतीतलाई भुल्नु पर्ने सन्देश, युवा अवस्थामा जागृत प्रेमको वर्णन गरेका छन् । यस सङ्ग्रहमा २५ गद्यात्मक कविता सङ्कलित छन् । यस कृतिमा ५६ पृष्ठमा संरचित लघु आयमिक संरचनाका राष्ट्रप्रेमी, प्रकृतिप्रेमी वर्णन छ ।

कवि जीवित खड्का आधुनिक नेपाली समाज र राष्ट्रमा घटित हुने विकृतिको प्रस्तुत गर्छन् । उनी सामूहिक रूपमा पुस्तक प्रकाशनमा लागि साहित्य क्षेत्रलाई उठाउन सफल एक साहित्य अनुरागी हुन पुगेका छन् । पद्यभन्दा गद्यशैलीमा आफ्ना कविता प्रस्तुत गरी राष्ट्रलाई धोका दिने शासकप्रति तीखो व्यङ्ग्य गर्छन् ।

## ४.३३. बलदेव पन्थी र उनका कविताकृतिको विश्लेषण

बलदेव पन्थी (लालमणि पन्थी)को जन्म वि.सं.२०३९ मा भनभने-६, गुल्मीमा भएको हो । उनी भर्खर मात्र कविता क्षेत्रमा कलम चलाएका प्रतिभा हुन् । कविता लेखनका साथै सन्दर्भ पाठयपुस्तक सहलेखनमा पनि उनी सक्रिय देखिन्छन् । उनले 'गौरी' खण्डकाव्यमा भाषिक चयन एम. एड. शोधपत्र(२०६५) तयार गरी अनुसन्धान गरेको देखिन्छ । हाल उनी अध्यापन कार्य गर्दै आइरहेका छन् । उनी 'नव कोपिला' साहित्यिक द्वैमासिक पत्रिकाका सम्पादक रहेको देखिन्छ । उनको एउटा मात्र प्रकाशित कृति 'संवेदना हराएको सहर' ( कवितासङ्ग्रह,२०६७) हो । यी बाहेक उनका अन्य पाठयपुस्तकहरू सहलेखनका रूपमा प्रकाशित छन् अनि उनका फुटकर लेखरचना विभिन्न पत्रपत्रिकामा प्रकाशित रहेका छन् ।

### ४.३३.१. 'संवेदना हराएको सहर' कविता सङ्ग्रहको विश्लेषण

कवि बलदेव पन्थीको **संवेदना हराएको सहर** वि.सं.२०६७ मा प्रकाशित कविता सङ्ग्रह हो । यसमा कवि पन्थीले देशमा व्याप्त अशान्ति, हत्या हिंसाप्रति व्यङ्ग्य गरेका छन् । उनी शहरमा रहेको कोलाहलपूर्ण वातावरण र नेताले दिने भाषणप्रति पनि असन्तुष्ट छन् । उनी मानवमा देखिएको स्वार्थीपूर्ण व्यवहारलाई यसरी प्रस्तुत गर्छन् । साक्ष्य पङ्क्ति :

*न मान्छेमा संवेदना पाइन्छ*
*न मान्छेमा विश्वास पाइन्छ*
*न त पाइन्छ मानवता*
*न मान्छेमा विश्वासको आस्था पाइन्छ*
*केवल स्वार्थ र शक्तिको उन्मादमा*
*हुर्किएको यो मान्छे*
*औकात र जीजिविषाको रवाफमा*
*हरेक मान्छेका कलिला संवेदना विनाश गर्न तल्लिन छ ।*

(संवेदना हराएको सहर, पृ.-६)

उनका बारेमा कवि आर.एम.डङ्गोल भन्छन्,"सोझै मान्छेको संवेदनालाई सम्बन्धित गरिएका यस सङ्ग्रहका कविताको प्रस्थान विन्दुबारे स्पष्ट हुनु छ । समयलाई त्रासद बिम्ब दिएर मात्र नपुग्ने भएको छ । पीडा र विसङ्गतिको बासी चिन्तनको मोहबाट मुक्त हुनु छ अब तर सकिँदो रहेनछ बलदेव पन्थी सामान्य मान्छे भएर पनि कवि बन्न सकेका हुन् । यो उनको काव्यकृतिमा उसको जीवन भोगाईले अनुभूति स्तरमा प्राथमिकता पाउनु स्वभाविक

हो । कल्पना शब्दले बोक्ने कविता तत्व नै हो । स्वाभाविक कल्पनाको प्रतिसंसार खडा छ यी कविता कृतिहरूमा पनि ।"[९५]

गद्य कविता लेखेर नवीन शैलीको प्रारम्भ गर्ने पन्थीका ३६ कविताहरू यस सङ्ग्रहमा समेटिएका छन् । उनका कविताको शैली सरल छ । विचारका दृष्टिले प्रगतिवादतर्फ ढल्केको छ । उनका कवितामा गरिब, निमुखा, अशक्तहरूले भोग्नु परेका पीडा, दुःख र कष्टप्रति विद्रोहको सङ्केत पाइन्छ । कवि रामप्रसाद ज्ञवालीका अनुसार,"कतै चर्चामा नरहेका र प्रसिद्धिसमेत नकमाएका कवि पन्थीको प्रस्तुत कविता सङ्ग्रह उत्कृष्ट छ । यस कविता सङ्ग्रहमा सङ्गृहीत कविका कुनै पनि कवितालाई प्रारम्भिक कविता हुन् भनेर भन्नै गाह्रो छ । उनका सबै कविताहरू परिष्कृत छन् । भाव, शैली र विचारका दृष्टिले माझिएका, खारिएका मात्र नभएर परिपक्क कविको लामो जीवनको साधनाबाट प्रस्फुटित भएका जस्ता देखिन्छन् ।"[९६]कवि पन्थीका कविता राष्ट्रप्रति समर्पित छन् । उनका कवितामा राष्ट्रवादी स्वर पाइन्छ । साक्ष्य पङ्क्ति :

*कैयौँ रात बिते, कैयौँ दिन बिते*
*कैयौँ शिशिर बिते र कैयौँ वसन्त*
*तर मैले अझैसम्म एउटा यौद्धा भेट्न सकिनँ ।*

(योद्धाको खोजीमा, पृ.-९)

गद्य कवितामा कलम चलाउन सफल बलदेव पन्थी गुल्मेली प्रमुख गद्यात्मक कवि हुन् । उनले पछिल्लो चरणमा कविता सङ्ग्रह प्रकाशित गरेर कवितालाई भाषा, शैली र भावका दृष्टिले परिष्कृत गरेको पाइन्छ । उनका कवितामा प्रगतिशील मानवतावादी र देशभक्तिपूर्ण भावनाको अभिव्यक्ति छ । पन्थीले समाजका तत्कालीन युगबोधको वर्णन गरेका छन् ।

## ४.३४.दुर्गा घिमिरे 'घायल ' विश्वकर्मा र उनका कविताकृतिको विश्लेषण

दुर्गा घिमिरे 'घायल' विश्वकर्माको जन्म गुल्मी जिल्लाको बलेटक्सार-५,बलेचौरमा वि.सं.२०४२ मा माता सुन्दरी घिमिरे विश्वकर्मा र पिता रामसिंह घिमिरे विश्वकर्माबाट भएको हो । उनी गुल्मी जिल्लाका हालसम्मका कान्छा कविका रूपमा परिचित छन् । उनका प्रकाशित कृतिहरू **विवशतामा कोरिएका शब्दहरू** कवितासङ्ग्रह (२०६१), **नारी हृदयका**

---

[९५] डङ्गोल, आर.एम. २०६७.भूमिका. संवेदना हराएको सहर. काठमाडौ. : प्रज्ञा प्रकाशन ताहाचल ।

[९६] ज्ञवाली, रामप्रसाद. २०६७.भूमिका. संवेदना हराएको सहर. काठमाडौं : प्रज्ञा प्रकाशन ।

**चोटहरू** तीज गीतिसङ्ग्रह (२०६१) र अन्य विभिन्न पत्रपत्रिकामा फुटकर लेख रचना प्रकाशित छन् । उनका प्रकाशोन्मुख कृतिहरूमा 'बादल बर्षा' कविता सङ्ग्रह, 'आँसु दियौ मलाई' गजल सङ्ग्रह आदि छन् । हाल उनी गुल्मी जिल्लाको जुभुङ्ग-४, हटिया बजारमा बसोबास गर्छन् ।

## ४.३४.१.'विवशतामा कोरिएका शब्दहरू' कविता सङ्ग्रहको विश्लेषण

कवि घिमिरेले **विवशतामा कोरिएका शब्दहरू** सङ्ग्रहमा समाजमा मानिसहरू बीच गरिने छुवाछुतको बारेमा प्रष्ट्याउन खोजेको देखिन्छ । उनी जातजाति बिच गरिने भेदभावको बारेमा वर्णन गर्छन् । कविले यो हाम्रो गौतमबुद्ध जन्मेको देशमा जनताहरू अशान्तिको भोमरीमा परी शान्तिको प्रतिक्षा गरिरहेको अवस्थाको प्रस्तुती व्यक्त गर्छन् । उनका कवितामा हाम्रो देशमा दलितलाई कुकुरलाई भन्दा निच व्यवहार गरिएको तर उनीहरूको सीप र श्रम बिना कुनै कार्य नचलेको अवस्थाको वर्णन छ ।

साक्ष्य पङ्क्ति :-

*निच्चाएर मलाई किन*
*अछुत भनी जोख्यौँ ?*
*आखिर कुकुर छिऱ्यो तिम्रो भित्र*
*मलाई किन रोक्यौँ ?*

(परिभाषा, ७)

उनका यस सङ्ग्रहमा प्राकृतिक दृष्टिले गुल्मीको रमणियता, आफू जन्मिएको बलेटक्सारको सचित्र वर्णन, गरीबले भोग्नु परेका पीडाको अवस्था, सत्य र स्वतन्त्रताको अवलम्बन गर्नुपर्ने सन्देश मातृभूमिप्रति माया आदि कविताको विषयवस्तु बनेर प्रस्तुत छन् । विधुवाको वेदनालाई गीत मार्फत यसरी लेख्छन् । साक्ष्य पङ्क्ति :

*बर्ष दिन नहुँदै जिउने आधार खोसियो*
*विहे भा, को छ महिनामा सिन्दुर पुछियो ।*
*बुद्धको देश नेपालमा अशान्ति कुराले*
*रहर मेट्न पाइन बरै रातो चुराले ॥*
*(विधुवाको वेदना, ४६)*

कवि दुर्गा घिमिरे 'घायल' विश्वकर्माले यसमा गद्य कविता र गीत गरी जम्मा ३१ वटा कविता सङ्ग्रह रहेका छन् । वर्तमान समाजका जल्दाबल्दा समस्यालाई उनले आफ्नो भावनामा पोख्छन् । दलितलाई गैर दलितले गरेको अमानवीय व्यवहारको यथार्थ चित्रण यस सङ्ग्रहमा पाइन्छ । उनी गुल्मेली कविहरूमा सानै उमेरमा कविता सङ्ग्रह प्रकाशित गर्ने आधुनिक कान्छा कवि हुन् ।

उल्लेखित प्रतिभा बाहेक गुल्मीमा अन्य कवि प्रतिभाहरू काव्य साधनारत छन् । अन्य प्रतिभाहरूमा अग्निधर चन्द बोहरा, एस. बी. विवेक, कृष्ण प्रसाद ज्ञवाली, डा. रविन्द्र समिर, विष्णु बस्नेत, होमनाथ सापकोटा, वेदप्रसाद शर्मा, गोपाल के.सी., कुसुम ज्ञवाली, खड्क सेन ओली, टेकराज उपाध्याय ज्ञवाली, दल बहादुर काउछा, नारायण पन्थी, नारायण प्रसाद सापकोटा, नित्यानन्द पाण्डे, दधिराम सापकोटा, हरिप्रसाद ज्ञवाली र लक्ष्मण कँडेल आदि कविहरूसँग सम्पर्क गर्न नसकिएको कारण नाम मात्र उल्लेख गरिएको छ । यसै गरी गुल्मी जिल्लाका फुटकर कविता रचना गर्नेमा ज्ञानेश्वर ज्ञवाली (सरस्वती), कृष्ण ज्ञवाली, शशि पन्थी, दीन पन्थी, ज्ञाननिष्ठ ज्ञवाली, दुर्गा प्रसाद अर्याल, पारसमणि भण्डारी, राधा ज्ञवाली, राम प्रसाद गौतम आदि गुल्मीका प्रायः जसो शिक्षित वर्ग फुटकर कविता लेखनमा सक्तिय देखिन्छन् ।

## ४.३ निष्कर्ष

समग्र आधुनिक नेपाली कविता विकासलाई आधार मानेर गुल्मी जिल्लाको कविता विकास हेर्ने कोशिश गरिएको छ । यस अन्तर्गत गुल्मी जिल्लाको कविता विधा प्राथमिककालीन निगुर्ण धाराका कवि सन्त **शशिधर**बाट थालनी भएको छ । ब्रहामण समाजमा गरिने पुरेत्याईको प्रभाव स्वरूप गुल्मी जिल्लाका अधिकांश ब्रहामणमा परेको छ । संस्कृत भाषाबाट कविताको प्रारम्भ भई हाल नेपाली भाषामा महाकाव्य समेत लेखेका छन् । समग्रमा कविहरूले आफ्ना कृतिमा देशका जल्दाबल्दा समस्याको विषय वस्तु बनाएको देखिन्छ । यी कवितामा देशका विकृति र विसङ्गतिप्रति तिखो व्यङ्ग्य गरेको पाइन्छ ।

## पाँचौ परिच्छेद

# उपसंहार र शोध निष्कर्ष

यस शोधपत्रलाई पाँच परिच्छेदमा बाँडिएको छ । आवश्यकता अनुसार अन्य उपशीर्षक पनि राखिएको छ । पहिलो परिच्छेदमा शोध परिचय रहेको छ । जसमा शोध सम्बन्धी आवश्यक बिषयवस्तुको बारेमा टिपोट गरिएको छ । दोस्रो परिच्छेदमा गुल्मी जिल्लाको कवि र कविताको परम्परालाई समग्र नेपाली कविता विकासमा राखेर हेरिएको छ । तेस्रो परिच्छेदमा क्षेत्रीय अध्ययन अन्तर्गत गुल्मी जिल्लाको सामान्य परिचय दिइएको छ । चौथो परिच्छेदमा गुल्मी जिल्लाका समग्र कविको छोटो चिनारी सहित कविताकृतिको सङ्क्षिप्त विश्लेषण गरिएको छ । विशेषत : गुल्मी जिल्लामा प्राथमिक र माध्यमिक कालमा संस्कृत भाषामा कविता लेखेका छन् । आधुनिक कालमा नेपाली भाषामा कविता लेखेका छन् । प्राथमिक कालमा गुल्मेली कविले वीरता, राष्ट्रप्रेम, भक्तिभाव, देवताको सगुण र निर्गुण पक्षतर्फ उन्मुख भएर कविता लेखेको पाइन्छ । माध्यमिककालीन शृङ्गारिक प्रवृत्तिको प्रभाव गुल्मेली कविमा छिटफुट मात्रामा परेको देखिन्छ । आधुनिककालीन गुल्मेली सम्पूर्ण बुद्धिजीवी शिक्षितहरूले कविता लेखेका छन् । यस शोधपत्रमा गुल्मेली कविहरूमध्ये कविताकृति प्रकाशित गर्ने कविहरूको मात्र उल्लेख छ । आधुनिक कालका कवितालाई समष्टिमा हेर्दा देशभक्ति, राष्ट्रप्रेम, प्रकृतिप्रेम, देशको शासन व्यवस्थाप्रति आक्तोश व्यक्त, कुरीति र कुसंस्कारको विरोध, गरिब-निमुखाप्रतिको आवाज, प्रगतिवादी चिन्तन आदिलाई विषयवस्तुको केन्द्र बनाइएको पाइन्छ ।

पश्चिमाञ्चल विकासक्षेत्रमा पर्ने लुम्बिनी अञ्चलका छ जिल्लामध्ये गुल्मी शैक्षिक, राजनीतिक र साहित्यिक क्षेत्रमा महत्वपूर्ण जिल्ला हो । यसको पूर्व, पश्चिम, उत्तर, दक्षिणमा क्तमश : स्याङजा र पर्वत, प्युठान, वाग्लुङ, पाल्पा र अर्घाखाँची जिल्लाहरू पर्दछन् । यस जिल्लाको क्षेत्रफल ११४९ वर्ग कि. मी. छ । यस जिल्लामा ७९ गा.वि.स. रहेका छन् । गुल्मी जिल्लाको कविता परम्परालाई नेपाली साहित्यको कवितासँग गाँसेर हेरिएको छ । कविताको विकासक्तमलाई हेर्दा प्राथमिक काल (१८२६-१९४०) को सुवानन्द दासद्वारा रचित **पृथ्वीनारायण शाह** (१८३०/३१) कविता नै हालसम्मको प्रथम कविता मानिएको छ । यसैको आधारमा अन्य कविता सृजना भएको पाइछ । प्राथमिक काललाई वीरधारा र भक्तिधारा गरी दुई धारामा विभाजन गरी हेर्न सकिन्छ । भक्तिधारा अन्तर्गत सगुण र निर्गुण दुई उपधारा देखिन्छन् । यी उपधारा अन्तर्गत निर्गुण भक्तिधाराका **शशिधर**

**स्वामी (१८०४)** ले गुल्मीको रेसुङ्गामा आश्रम बनाई साहित्य लेखनको थालनी र प्रचारप्रसार गरेको पाइन्छ । उनी जोसमनी सन्त परम्पराका प्रवर्तक थिए । उनको सच्चिदानन्द लहरी र अन्य भजन उपदेश पाइन्छन् । यद्यपि भाषा र साहित्यका दृष्टिमा ती निम्न कोटिका देखिए तापनि सन्त साहित्य परम्परामा महत्वपूर्ण मानिन्छन् । प्राथमिककालीन गुल्मीका अन्य कविहरूमा महाप्रभू लक्ष्मी नारायण, योग कुमार, लीलाम्बर भुसाल र यज्ञ शर्मा सूरि आदिका संस्कृत भाषामा लेखेका र छिटफुट नेपाली फुटकर कविता पनि प्रकाशित भएको पाइन्छ । यसै समयमा यज्ञ शर्मा सूरिको **श्रीचन्द्र सम्भव** (२०५८) महाकाव्यले गुल्मीको काव्य परम्परामा महत्वपूर्ण टेवा पुऱ्याएको पाइन्छ । कविताको माध्यमिक काल (१९४१-१९४७) मोतीराम भट्टद्वारा शृङ्गारिक प्रवृत्ति लिएर सुरु भएको मानिन्छ । उनलाई माध्यमिककालीन केन्द्रीय प्रतिभाका रूपमा लिइन्छ । यस कालमा गुल्मी जिल्लाका **दधिराम मरासिनी** देखा पर्छन् । उनका **श्रीकृष्णद्मृतचरित्रम् (१९६५), भक्तिविलास (२०२१), सदुपयोग (२०२१)** तीन खण्डकाव्य प्रकाशित छन् । माध्यमिककालीन अन्य कविहरूमा रुक्माङ्गत पन्थी, शोभाकर ज्ञवाली, टेकराज ज्ञवाली, गोविन्द मरासिनी आदि देखा पर्छन् । यस समयमा ब्राहमण समाजमा हुने पण्डित्याइँका कारण संस्कृत भाषामा आफ्ना पुर्खाको बिँडो थाम्न सफल रहेको पाइन्छ तर यस समयको  खासै उल्लेखनीय कृति हालसम्म फेला परेको देखिँदैन् ।

आधुनिक काल (१९७५) नेपाली कविता विधाको सुरुवात लेखनाथ पौड्यालको परिष्कृत परिमार्जित शैलीबाट भएको छ । माध्यमिककालीन शृङ्गारिक धारालाई छाडी नयाँ शैलीको प्रादुर्भाका कारण आधुनिक कालको सुरुवात भएको पाइन्छ । यसै धारालाई अगाडि बढाउने अन्य कविहरूमा लक्ष्मी प्रसाद देवकोटा, सोमनाथ सिग्द्याल, बालकृष्ण सम, गोपालप्रसाद रिमाल, मोहन काइराला आदि देखिन्छन् ।

यसै समयमा गुल्मीमा देखा पर्ने कविहरूमध्ये आधुनिक कालको प्रारम्भ कर्ताका रूपमा उमानाथ पन्थी, भीमकान्त पन्थी, नीलाम्बर पन्थी, टीकाराम पन्थी, लक्ष्मीकान्त पन्थी आदिका विशेषत संस्कृत भाषामा र नेपाली भाषामा छिटफुट मात्रामा कविता लेखेको पाइन्छ । विशेष गरी नेपाली कविता विधामा कविता लेख्ने गुल्मेली कविहरूमा युवराज शर्मा, सूर्य बहादुर सेन, लेखनाथ ज्ञवाली, मुकुन्दहरि ज्ञवाली, भेष बहादुर कुँवर, रामप्रसाद पन्थ, ठाकुर शर्मा, नारद गौतम, गणेश ज्ञवाली, लक्ष्मीनाथ ज्ञवाली , हिरण्यलाल ज्ञवाली, कृष्ण प्रसाद भण्डारी, प्रदीप ज्ञवाली, रुद्र ज्ञवाली, लक्ष्मण रिजाल, राम प्रसाद ज्ञवाली,

लालमणि भुसाल, काशीनाथ ज्ञवाली, बलदेव पन्थी, जीवित खड्का मगर र दुर्गा विश्वकर्मा आदि कविहरूका कविताकृतिको अध्ययन, अनुन्धान र विश्लेषण यस शोधपत्रमा गरिएको छ ।

आधुनिक कविहरूमध्ये गद्य र पद्य शैलीमा कविता लेखेको पाइन्छ । विशेष गरी पद्यमा बढी कविता देखिए पनि गद्या शैलीलाई ऊर्जा दिने कविहरूको पनि कमी छैन । सूर्य बहादुर सेन, भेष बहादुर कुँवर, नारद गौतम, गणेश ज्ञवाली, लक्ष्मीनाथ ज्ञवाली, हिरण्यलाल ज्ञवाली, लक्ष्मण रिजाल, रुद्र ज्ञवाली, राम प्रसाद ज्ञवाली, काशीनाथ मिश्रित आदिका साथै पद्यात्मक र गद्यात्मक शैलीमा कविता रचना गर्ने कवि ठाकुर शर्मा प्रमुख देखिन्छन् ।

गुल्मी जिल्लाका हालसम्म सबैभन्दा बढी काव्यकृति प्रकाशित गर्नेहरूमा ठाकुर शर्मा, राम प्रसाद ज्ञवाली, लेखनाथ ज्ञवाली, युवराज शर्मा गौतम, सूर्य बहादुर सेन प्रमुख देखिन्छन् । महाकाव्य प्रकाशन गर्ने राम प्रसाद ज्ञवाली, लक्ष्मण रिजाल र काशीनाथ मिश्रित देखा पर्छन् । गुल्मेली कविहरूका कवितालाई समग्रमा हेर्दा समाजका विकृति र विसª्गतिप्रति तिखो व्यª्ग्य विरोधका साथै सामाजिक, राजनैतिक, आर्थिक र सांस्कृतिक विषयवस्तुलाई समेटिएको पाइन्छ । राष्ट्रप्रति अगाध माया, श्रद्धा, भक्ति र विश्वास आदिले कवितामा केन्दीयता लिएको देखिन्छ । देशका विविध पक्षमा व्यª्ग्य गरिनुका साथै समाजमा भए गरेका सामन्तहरूको कुर व्यवहारप्रति कविहरूले तीव्र विरोध गरेको पाइन्छ । क्रान्तिचेतना यस समयका कविताको मूल विशेषता भएको पाइन्छ । यस समयका कवितामा समाजले गरिब र दुःखी वर्गप्रति गर्ने कुर व्यवहारको पनि चित्रण पाइन्छ । गद्य शैलीका कविताहरूमा लयात्मकता बढी पाइन्छ । पद्य शैलीका कवितामा विविध अनुष्टुप, शिखरिणी, शार्दूलविक्रीडित, मन्दाक्रान्ता, उपजाति आदि छन्दको प्रयोग गरिएको पाइन्छ । प्रतीक र बिम्बका रूपमा सामाजिक, राजनैतिक, सांस्कृतिक प्रसङ्गलाई लिइएको छ ।

यसरी गुल्मी जिल्लामा संस्कृत भाषाबाट कविता लेखन प्रारम्भ भएर फुटकरदेखि महाकाव्यसम्मका काव्यकृतिहरू प्रकाशित भएको पाइन्छ । यी काव्यकृतिहरू देशको वर्तमान परिस्थितिप्रति ज्वलन्त उदाहरण बनेका पाइन्छ । अझ पनि गुल्मीका साहित्यिक स्रष्टाहरू कविता क्षेत्रलाई विकशित गराउन अग्रसर देखिन्छ ।

**सम्भावित शोधशीर्षकहरू**

१ .गुल्मी जिल्लाका महाकाव्यकार र तिनका महाकाव्यको विश्लेषण

२. गुल्मी जिल्लाका खण्डकाव्यकार र तिनका खण्डकाव्यको विश्लेषण

३. गुल्मी जिल्लाका गद्य कवि र तिनका कविताको विश्लेषण

४. गुल्मी जिल्लाका पद्य कवि र तिनको कविताको विश्लेषण

# सन्दर्भसामग्री सूची

## १. पुस्तक पुस्तिका


खनाल, मोहन. २०६४. **नेपाली भाषामा एक हजार बर्ष**. काठमाडौं : राइनो प्रकाशन ।

गुप्त, सुरेन्द्रचन्द्र. १९६०. **आधुनिक हिन्दी कवियो के काव्य सिद्धान्त**. दिल्ली : हिन्दी साहित्य संसार ।

गौतम, लक्ष्मणप्रसाद. २०६६. **समकालीन नेपाली कविताका प्रवृति** . काठमाडौं : पैरवी प्रकाशन ।

नेपाल, देवी. २०६२. **छन्द- पराग.** काठमाडौं : भूँडी पुराण प्रकाशन ।

नगेन्द्र, २०३३. **भारतीय काव्यशास्त्रको परम्परा.** दिल्ली : नेशनल पब्लिशिंश हाउस नई सडक ।

न्यौपाने, टंकप्रसाद. २०३८. **साहित्यको रूपरेखा**. काठमाडौं :साझा प्रकाशन ।

पन्थ, रामप्रसाद. सम्पा. २०६२. **गुल्मी परिचय**. काठमाडौं : गुल्मेली समाज ।

पन्थी, डा. टीकाराम. २०३६. **रेसुङगाका आध्यात्मिक कृति**. तम्घास गुल्मी : किरण पुस्तकालय ।

लुइटेल, खगेन्द्रप्रसाद. २०५४. **नेपाली कविता** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लुइटेल, खगेन्द्रप्रसाद. २०६०. **कविता सिद्धान्त र नेपाली कविताको परम्परा** . काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

दायित्व वाङ्मय प्रतिष्ठान. सम्पा. २०६७. **सूब सेनका प्रवृति** . चावहिल काठमाडौं ।

शर्मा , मोहन राज र खगेन्द्रप्रसाद. लुइटेल .२०५२. **शोधविधि.**काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ , दयाराम र मोहनराज शर्मा,२०३४. **नेपाली साहित्यको संक्षिप्त इतिहास**. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पादन). २०४०. **नेपाली बृह्त शब्दकोश**. काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव र अन्य. २०४६. **नेपाली कविता भाग-४.** काठमाडौं : साझा प्रकाशन ।


## २. पत्रपत्रिका


**गुल्मी शैक्षिक ज्योति**. २०६७. तम्घास गुल्मी : जिल्ला शिक्षा कार्यालय ।

**जनघोष**. 'साहित्यिक मासिक पत्रिका, २०६७'. **लेखनाथ ज्ञवालीको स्मृति,** अङ्क वर्ष-४, अङ्क-१, बुटवल : रुपन्देही ।

**रूपरेखा पत्रिका**, २०३९. वर्ष ४. अङ्क ८: पूर्णाङ्क २६०

हाम्रो **पुरुषार्थ,** २०३९. लुम्बिनी अञ्चलका साहित्य र साहित्यकार विशेषाङ्क .वर्ष९.अङ्क२. तम्घास गुल्मी : किरण पुस्तकालय ।

**हाम्रो पुरुषार्थ,** २०६२. वर्ष-३३. अङ्क- १. तम्घास गुल्मी : किरण पुस्तकालय ।

## ३. शोधपत्र

पन्थी, गोपाल. २०५८. “हाम्रो पुरुषार्थ, अर्थबार्षिक पत्रिकाका प्रकाशित फुटकर कविताको अध्ययन” . अप्रकाशित शोधपत्र स्नातकोत्तर तह त्रि. वि. ।

पन्थी, दधिराम. २०६०. “गुल्मेली लोककथाको अध्ययन” नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौं : त्रि. वि. ।

फुल्देल, चिन्तामणि. २०६१. “प्रदीप ज्ञवालीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र. काठमाडौं : त्रि.वि. ।

भट्टराई, धर्मेन्द्रनाथ. २०३९. “दधिराम मरासिनीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन”.नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र.काठमाडौं : त्रि.वि. कीर्तिपुर ।

रिजाल, सीता. २०६५. “भीमकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्पको अध्ययन”.नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशितस्नातकोत्तर शोधपत्र.काठमाडौं : त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, विष्णुहरि . २०५१. “नेपाली साहित्यमा गुल्मी जिल्लाको योगदान”.नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशित स्नातकोत्तर शोधपत्र काठमाडौं : त्रि.वि. कीर्तिपुर ।

ज्ञवाली, सुरेन्द्रराज. २०६५. “युवराज गौतमको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन” नेपाली केन्द्रीय विभागमा प्रस्तुत अप्रकाशितस्नातकोत्तर शोधपत्र.काठमाडौं : त्रि. वि. कीर्तिपुर